
www.rtf-usa.com



# वेस्टमिन्स्टर स्ट्यान्डर्ड्स्

## वेस्टमिन्स्टर विश्वासको स्वीकार
## वेस्टमिन्स्टर लामा प्रश्नोत्तरमाला
## वेस्टमिन्स्टर छोटा प्रश्नोत्तरमाला

# THE WESTMINSTER STANDARDS:

## THE WESTMINSTER CONFESSION
## THE WESTMINSTER LARGER CATECHISM
## THE WESTMINSTER SHORTER CATECHISM

RTF-USA WESTMINSTER STANDARDS SERIES

# वेस्टमिन्स्टर स्ट्यान्डर्डस्

## वेस्टमिन्स्टर विश्वासको स्वीकार
## वेस्टमिन्स्टर लामा प्रश्नोत्तरमाला
## वेस्टमिन्स्टर छोटा प्रश्नोत्तरमाला

# The Westminster Standards

## The Westminster Confession of Faith
## The Westminster Larger Catechism
## The Westminster Shorter Catechism

**Originally published 1647–9 as the *Westminster Confession of Faith* by the Westminster Assembly and the General Assembly of the Church of Scotland.**

Published in London and Edinburgh.

Nepali Edition © 2023 by:

**Reformation Translation Fellowship (RTF-USA)**
3026 6th Ave.
Beaver Falls, PA 15010
www.rtf-usa.com

Contact Information: rtfdirector@gmail.com

FOR FREE DISTRIBUTION ONLY – NOT FOR SALE

# विषय सूची

**वेस्टमिन्स्टर विश्वासको स्वीकार**................................................................1
**वेस्टमिन्स्टर लामा प्रश्नोत्तरमाला**................................................................77
**वेस्टमिन्स्टर छोटा प्रश्नोत्तरमाला**................................................................157

# विश्वासको स्वीकार

## THE WESTMINSTER CONFESSION OF FAITH

**वेस्टमिनिस्टर ईश्वरीय परिषद्द्वारा सहमति जनाइ**

**स्कटल्याण्डको मण्डली प्रशासनहरूको सहयोगमा**

**स्कटल्याण्ड, इङ्गल्याण्ड र आयरल्याण्डको राज्यहरूमा मण्डलीहरू ओ पि ख्रीष्ट (प्रचारकहरूको आदेश) बिचको धर्ममा सम्झौता गरिएको एकरूपताको अंश**

**१६४७ को साधारण सभाद्वारा अनुमोदित र मण्डली परिषद् १६४९ र १६९० को अधिनियमद्वारा अनुमोदित र स्थापित गरि सार्वजनिक रूपमा स्वीकार गरिएको**

**धर्मशास्त्रबाट प्रमाणहरूसहीत स्कटल्याण्ड मण्डलीको स्वीकार**

# विषय सूची

अध्याय १: पवित्र धर्मशास्त्र (Of the Holy Scripture)
अध्याय २: परमेश्वर र उहाँको पवित्र त्रिएकत्व (Of God, and of the Holy Trinity)
अध्याय ३: परमेश्वरको अनन्त आदेश (Of God's Eternal Decree)
अध्याय ४: सृष्टि (Of Creation)
अध्याय ५: पूर्वप्रबन्ध (Of Providence)
अध्याय ६: मानिसको पाप, पतन र यसको परिणाम (Of the Fall of Man, of sin and of the Punishment thereof)
अध्याय ७: मानिससँग परमेश्वरको करार (Of God's Covenant with Man)
अध्याय ८: ख्रीष्ट एक मध्यस्थकर्ता (Of Christ the Mediator)
अध्याय ९: स्वतन्त्र इच्छा (Of Free Will)
अध्याय १०: प्रभावकारी बोलावट (Of Effectual Calling)
अध्याय ११: धर्मीकरण (Of Justification)
अध्याय १२: धर्मसन्तानग्रहण (Of Adoption)
अध्याय १३: शुद्धीकरण / पवित्रीकरण (Of Sanctification)
अध्याय १४: उद्धार दिने विश्वास (Of Saving Faith)
अध्याय १५: जीवनको लागि पश्चात्ताप (Of Repentance unto Life)
अध्याय १६: असल कामहरू (Of Good Works)
अध्याय १७: सन्तहरूको निश्चयता वा दृढता (Of Perseverance of the Saints)
अध्याय १८: अनुग्रह र मुक्तिको निश्चयता (Of Assurance of Grace and Salvation)
अध्याय १९: परमेश्वरको व्यवस्था (Of the Law of God)
अध्याय २०: ख्रीष्टियन स्वतन्त्रता र विवेकको स्वतन्त्रता (Of Christian Liberty, and Liberty of Conscience)

अध्याय २१: धार्मिक उपासना र सबाथ-दिन (Of Religious Worship and the Sabbath Day)
अध्याय २२: वैधानिक शपथ र प्रतिज्ञाहरू (Of Lawful Oaths and Vows)
अध्याय २३: नागरिक न्यायीक अधिकारीहरू (Of the Civil Magistrate)
अध्याय २४: विवाह र सम्बन्ध विच्छेद (Of Marriage and Divorce)
अध्याय २५: मण्डली (Of the Church)
अध्याय २६: सन्तहरूको सहभागिता (Of the Communion of Saints)
अध्याय २७: पवित्र विधिहरू (Of the Sacraments)
अध्याय २८: पवित्र बप्तिस्मा (Of Baptism)
अध्याय २९: प्रभुभोज (Of the Lord's Supper)
अध्याय ३०: मण्डली सभा र मण्डली परिषद्हरू (Of Synods and Councils)
अध्याय ३१: मृत्युपछि मानिसको अवस्था र मृतकको पुनरुत्थान (Of the State of Man after Death and of the Resurrection of the Dead)
अध्याय ३२: अन्तिम दिनको न्याय (Of the Last Judgement)

# विश्वासको स्वीकार

वेस्टमिन्स्टर ईश्वरीय परिषद्द्वारा सहमति, स्कटल्याण्ड मण्डलीको साधारण सभाद्वारा अनुमोदित र एनो १६४६ बाट जाँच गरि मण्डली परिषद्को अधिनियम १६४९ र १६९० द्वारा अनुमोदन गरिएको विश्वासको स्वीकार ।

# विश्वासको स्वीकारोक्ति

## अध्याय एक
## पवित्र धर्मशास्त्रबारे

**खण्ड-१**

प्रकृतिको प्रकाश, सृष्टिको काम र ईश्वरीय प्रबन्धले परमेश्वरको भलाइ, बुद्धि र शक्ति यति धेरै मात्रामा प्रकट गरेका छन् कि मानिसहरूसँग क्षमा पाउनको लागि कुनै बहाना छैन । तथापि तिनीहरू मुक्तिको लागि आवश्यक परमेश्वर र उहाँको इच्छाको ज्ञान पर्याप्त छैनन् । यसकारण प्रभुले विभिन्न समयमा र विभिन्न तरिकाले आफूलाई प्रकट गर्नुभयो र आफ्नो चर्चलाई उहाँको इच्छा घोषणा गर्नुभयो । पछिबाट सत्यताको अझै उत्तम संरक्षण र प्रचारको लागि अनि पापस्वभावको भ्रष्टतता र शैतानको घृणाको विरूद्ध चर्चको सान्त्वना र दृढताको निम्ति त्यसलाई पूर्ण रूपमा लिपिबद्ध गराउनुभयो जसले पवित्र धर्मशास्त्रलाई अति आवश्यक बनाउँछ किनकि आफ्ना मानिसहरूलाई परमेश्वरको इच्छा प्रकट गर्ने पहिलेका तरिकाहरू अब बन्द भएका छन् ।

रोमी २:१४–१५, रोमी १:१९–२०, भ.सं. १९:१–४, रोमी १:३२–२:१, यहुन्ना १७:३, १ कोर. १:२१, १ कोर. २:१३–१४, हिब्रू १:१–२, लुका १:३–४, रोमी १५:४, मत्ती ४:४, ७, १०, यशैया ८:२०, २ तिमोथी ३:१५, २ पत्रुस १:१९, युहन्ना २०:३१, १ कोर.१४:३७, १ युहन्ना ५:१३, १ कोर. १०:११, हिब्रू १:१–२, हिब्रू २:२–४

**खण्ड -२**

पवित्र धर्मशास्त्रको वा परमेश्वरको लिखित वचनको नाम अन्तर्गत अब पुरानो र नयाँ करारका सबै पुस्तकहरू समावेश छन् जुन यी हुन्:-

## पुरानो करारका

| | | | |
|---|---|---|---|
| उत्पत्ति | १ राजाहरू | उपदेशक | आमोस |
| प्रस्थान | २ राजाहरू | श्रेष्ठगीत | ओबदिया |
| लेवी | १ इतिहास | यशैया | योना |
| गन्ती | २ इतिहास | यर्मिया | मीका |
| व्यवस्था | एज्रा | विलाप | नहूम |
| यहोशू | नहेम्याह | इजिकएल | हबकूक |
| न्यायकर्ताहरू | एस्तर | दानिएल | सपन्याह |
| रूथ | अय्यूब | होशे | हाग्गै |
| १ शमूएल | भजनसंग्रह | योएल | जकरिया |
| २ शमूएल | हितोपदेश | | मलाकी |

## नयाँ करारका

| | | | |
|---|---|---|---|
| मत्ती | २ कोरिन्थी | १ तिमोथी | १ पत्रुस |
| मर्कूस | गलाती | २ तिमोथी | २ पत्रुस |
| लूका | एफिसी | तितस | १ यूहन्ना |
| यूहन्ना | फिलिप्पी | फिलेमोन | २ यूहन्ना |
| प्रेरितहरूका कामहरू | कलस्सी | हिब्रूहरूलाई पत्र | ३ यूहन्ना |
| रोमीहरूलाई पत्र | १ थेसलोनिकी | याकूबको पत्र | यहूदा |
| १ कोरिन्थी | २ थेसलोनिकी | | प्रकाश |

जुन सबै परमेश्वरको प्रेरणाद्वारा विश्वास र जीवनका नियम हुन दिइएका छन् ।

लुका १६:२९, ३१, लुका २४:२७,४४, २ तिमोथी ३:१५–१६, युहन्ना ५:४६–४७

## खण्ड -३

सामान्यतया एपोक्रिफा भनिने पुस्तकहरू ईश्वरीय प्रेरणाद्वारा नभएको कारण धर्मशास्त्रको मापदण्ड (क्यानन) का भाग होइनन्, त्यसकारण हो परमेश्वरको चर्चमा तिनीहरूको कुनै अख्तियार छैन, अनि तिनीहरूलाई मानव लेखोटहरू भन्दा अन्य कुनै रूपमा मान्यता दिइनु वा प्रयोग गरिनुहुँदैन ।

प्रकाश २२:१८–१९, रोमी ३:२, २ पत्रुस १:२१

## खण्ड -४

पवित्र धर्मशास्त्रको अधिकार जसको लागि यसलाई विश्वास गरिनुपर्छ र आज्ञापालन गरिनुपर्छ, यसको अधिकार कुनै पनि मानिस वा चर्चको गवाही निर्भर छैन तर पूर्ण रूपमा परमेश्वरमा (जो आफै सत्यता हुनुहुन्छ) जो यसका लेखक हुनुहुन्छ, यसकारण यसलाई ग्रहण गरिनुपर्छ, किनभने यो परमेश्वरको वचन हो ।

२ पत्रुस १:१९–२०, २ तिमोथी ३:१६, १ युहन्ना ५:९, १ थेस. २:१३, प्रकाश १:१–२

## खण्ड-५

हामी चर्चको गवाहीद्वारा पवित्र धर्मशास्त्रप्रति उच्च  आदरको लागि प्रेरित हुन सक्छ, अनि यसको ईश्वरीयपनाप्रति, यसको धर्मशिक्षाको प्रभावकारिता, यसको शैलीको भव्यता, यसका सबै भागको संगति, यसको समग्र चासोको क्षेत्र (जुनचाहिँ परमेश्वरलाई सारा महिमा दिनु हो), मानिसको उद्धारको एक मात्र बाटोको पूर्ण खोज, अन्य धेरै अतुलनीय उत्कृष्ठताहरू र तिनको सम्पूर्ण सिद्धता यस्ता तर्कहरू हुन् जसद्वारा यसले आफूलाई परमेश्वरको वचन भएको प्रशस्त प्रमाण दिन्छ । तापनि, यसको अचूक सत्यता र यसको ईश्वरीय अख्तियारबारे हाम्रो विश्वास र निश्चयताचाहिँ पवित्र आत्माको भित्री कामबाट हो जसले वचनसँग र वचनद्वारा हाम्रो हृदयमा गवाही दिनुहुन्छ ।

२ पत्रुस १:१९, २१; २ तिमोथी ३:१५; १ यूहन्ना ५:९; १ थेसलोनिकी २:१३; १ यूहन्ना २:२०, २७; यूहन्ना १६:१३, १४; १; कोरिन्थी २:१०-१२; यशैया ५९:२१।

## खण्ड -६

उहाँको आफ्नै महिमा, मानिसको उद्धार, विश्वास र जीवनका लागि आवश्यक

सबै थोकको बारेमा परमेश्वरको सम्पूर्ण अभिप्राय या त धर्मशास्त्रमा स्पष्ट रूपमा उल्लेख गरिएको छ या त उचित र आवश्यक परिणामसाथ धर्मशास्त्रबाट निष्कर्ष निकाल्न सकिन्छ: जसमा कुनै पनि समयमा केही पनि थपिने छैन, चाहे त्यो आत्माको नयाँ प्रकाशद्वारा होस् वा मानिसहरूका परम्पराहरूद्वारा होस् । तापनि, परमेश्वरको वचनमा प्रकट गरिएका कुराहरूको उद्धारक समझका लागि हामी परमेश्वरका आत्माको भित्री प्रकाश स्वीकार गर्छौं । अनि परमेश्वरको आराधनाबारे र चर्चको प्रशासनबारे सबै मानवीय कार्य र समाजहरूमा कतिपय परिस्थितिहरू छन् जसलाई सधैं पालन गरिनुपर्ने परमेश्वरको वचनका आम नियमहरूअनुसार प्रकृतिको प्रकाश र ख्रीष्टियन विवेकद्वारा व्यवस्थित गरिनुपर्छ ।

२ तिमोथी ३:१५-१७; गलाती १:८, ९; २ थेसलोनिकी ११:२  यूहन्ना ६:४५; १ कोरिन्थी; २:९-१२; १ कोरिन्थी ११:१३, १४; १ कोरिन्थी १४:२६, ४० ।

## खण्ड -७

सबै कुरामा धर्मशास्त्र समान रूपमा सरल छैन, न त सबैका लागि समान रूपमा स्पष्ट छ; तापनि उद्धारका लागि जुन कुराहरू जान्नु, विश्वास गर्नु र अवलोकन गर्नु आवश्यक छ, ती सबै कुराहरू धर्मशास्त्रको कुनै न कुनै खण्डमा यसरी स्पष्ट रूपमा व्याख्या गरिएका र खोलिएका छन् कि विद्वान मानिसहरूले मात्रै होइन तर अशिक्षितहरूले पनि साधारणा माध्यमहरूको उचित प्रयोगद्वारा तिनको पर्याप्त बुझाइ प्राप्त गर्न सक्छन् ।

२ पत्रुस ३:१६ । भजन ११९:१०५, १३० ।

## खण्ड- ८

पुरानो करार हिब्रू भाषामा (जुन पुरानो परमेश्वरका मानिसहरूको मूल भाषा थियो) र नयाँ करार ग्रीक भाषामा (जुन नयाँ करार लेखिएको समयमा राष्ट्रहरूमा सबैभन्दा प्रचलित भाषा थियो) परमेश्वरद्वारा सिधै प्रेरित र उहाँको विशेष् संरक्षण र प्रबन्धमा सबै युगहरूमा शुद्ध राखिएका छन् । त्यसकारण नयाँ र पुरानो करार दुवै प्रामाणिक छन् अनि धर्मबारेका सबै विवादहरूमा चर्चले अन्त्यमा तिनकहाँ

अपिल गर्नुपर्छ ।

तर परमेश्वरका सबै मानिसहरूले यी मौलिक भाषाहरू नबुझ्ने भएकाले धर्मशास्त्रमाथि अधिकार र चासो भएका अनि परमेश्वरको भयमा त्यसलाई पढ्न र खोजी गर्न आज्ञा दिइएका हुनाले तिनीहरू प्रत्येक राष्ट्रका साधारणा मानिसहरूले बोल्ने भाषाहरूमा अनुवाद गरिनुपर्छ  'ता कि परमेश्वरको वचन तिनीहरू सबैमा प्रशस्त मात्रामा बास गरोस्, तिनीहरूले ग्रहणयोग्य रूपमा उहाँको आराधना गर्न सकून्, अनि धर्मशास्त्रको धैर्य र सान्त्वनाद्वारा तिनीहरूले आशा प्राप्त गर्न सकून् ।

मत्ती ५:१८ । १ कोरिन्थी १४:६, ९, ११, १२, २४, २७, २८ । यशैया ८:२०; प्रेरित १५:१५ ; यूहन्ना ५:३९, ४६ ।  २ कलस्सी३:१६ । रोमी १४:४ । मत्ती ५:१८, भ.सं. ११९:८९, यशैया ८:२०, मत्ती १५:३, ६, प्रेरित १५:१५, लुका १६:३१, युहन्ना ५:३९, प्रेरित १७:११, प्रकाश १:३, २ तिमोथी ३:१४–१५, मत्ती २८:१९–२०, १ को. १४:६; मर्कुस १५:३४, कल्लसी. ३:१६, प्रस्थान. २०:४–६; मत्ती १५:७–९, रोमी १५:४

## खण्ड-९

धर्मशास्त्रको व्याख्या गर्ने अचूक नियम धर्मशास्त्र आफै हो । यसकारण जब त्यहाँ धर्मशास्त्रको साँचो र पूर्ण अर्थ (जुन धेरै वटा होइन तर एउटै हुन्छ) बारे कुनै प्रश्न उब्जन्छ, तब त्यसलाई अन्य त्यस्ता ठाउँमा खोजिनुपर्छ र बुझिनुपर्छ जसले अझै स्पष्टतासाथ बताउँछन् ।

प्रेरित १५:१५, युहन्ना ५:४६, २ पत्रुस १:२०–२१

## खण्ड- १०

जसद्वारा धर्मका सबै विवादहरूको निर्णय गरिनुपर्छ अनि परिषद्का सबै आदेशहरू, प्राचीन लेखकहरूका विचारहरू, मानिसहरूका शिक्षाहरू र व्यक्तिगत आत्माहरू जाँच गरिनुपर्छ, अनि जसको निर्णयमा हामी अडिनुपर्छ त्यो सर्वोच्च न्यायाधीश धर्मशास्त्रमा बोल्नुहुने पवित्र आत्मा मात्रै हुन सक्नुहुन्छ ।

२ पत्रुस१:२०, २१; प्रेरित ४:१५, १६ । मत्ती २२:२९, २१; एफिसी २:२०; प्रेरित २८:२५ ।

# अध्याय दुइ
# परमेश्वर र पवित्र त्रिएकत्वबारे

## खण्ड-१

त्यहाँ एक मात्रै जीवित र सत्य परमेश्वर हुनुहुन्छ जो अस्तित्व र सिद्धतामा असीमित हुनुहुन्छ, अत्यन्त शुद्ध आत्मा, अदृश्य, शरीर, अंगप्रत्यंग वा मानवीय भावनाबिनाका स्वतन्त्र आत्मा, अपरिवर्तनीय, अपार, र अनन्त, अगम्य, सर्वशक्तिमान, अति बुद्धिमान्, अति पवित्र, अति स्वतन्त्र, अति पूर्ण, आफ्नो महिमाको लागि आफ्नै अपरिवर्तनीय र अति धर्मी इच्छाको अभिप्रायअनुसार काम गर्नुहुने; अति प्रेमिलो, कृपालु, दयालु, धीर, भलाइ र सत्यतामा प्रचूर, अधर्म, अपराध र पाप क्षमा गर्नुहुने; यत्नपूर्वक उहाँलाई खोज्नेहरूलाई इनाम दिनुहुने; अनि आफ्नो न्यायमा अति धर्मी र भयानक; सबै पापलाई घृणा गर्नुहुने, र दोषीलाई कुनै पनि हालतमा निर्दोष नठहराउनुहुने ।

व्यवस्था ५:१; १ कोरिन्थी ८:४, ६ । १ थेसलोनिकी १:९; यर्मिया १०:१० । अय्यूब ११:७-९; २६:१४ । यूहन्ना ४:२४ ।१ तिमोथी १:१७ । व्यवस्था ४:१५, १६ ; यूहन्ना ४:२४; लूका २४:३९ । प्रेरित १४:११, १६ । याकूब १:१७; मलाकी ३:६ । १ राजा ८:२७; यर्मिया २३:२३, २४ । भजन ९०:२; १ । तिमोथी १:१७ । भजन ११४:३ ।उत्पत्ति १६:१; प्रकाश ४:८ । रोमी १६:२७ ।यशैया ६:३ ; प्रकाश ४:३ । भजन ११५:३ । प्रस्थान ३:१४ । हितोपदेश १६:१; रोमी ११:३६ । एफिसी १:११ । १ यूहन्ना ४:८, १६ । प्रस्थान ३४:६, ७ । हिब्रू ११:६ ।नहेम्याह ९:३२, ३३ ।भजन ५:५, ६ । नहेम्याह १:२, ३; प्रस्थान ३४:७ ।

## खण्ड- २

परमेश्वरसँग आफैमा सम्पूर्ण जीवन, महिमा, भलोपन, आनन्द छ; अनि उहाँ मात्रै आफैमा र आफ्नै निम्ति पूर्ण हुनुहुन्छ, उहाँले बनाउनुभएको कुनै पनि थोकको खाँचो छैन, त्यसैले उहाँलाई तिनीहरूबाट कुनै महिमाको खाँचो छैन तर तिनीहरूमा, तिनीहरूद्वारा, तिनीहरूलाई र तिनीहरूमा आफ्नो प्रकट महिमा प्रकट गर्नुहुन्छ: उहाँ मात्रै सबै थोकको मूल हुनुहुन्छ, जसबाट, जसद्वारा र जसको निम्ति  सबै थोक छन्; अनि तिनीहरूमाथि उहाँको सार्वभौम प्रभुत्व छ, तिनीहरूद्वारा, तिनीहरूको निम्ति, वा तिनीहरूमाथि उहाँलाई जसो गर्न इच्छा लाग्छ त्यसै गर्न । उहाँको दृष्टिमा सबै थोक खुल्ला र प्रकट छन्; उहाँको ज्ञान असीम छ, अचूक र सृष्टिबाट स्वतन्त्र, त्यसकारण कुनै पनि कुरा उहाँको लागि

आकस्मिक वा अनिश्चित छैन, उहाँ आफ्ना सबै अभिप्रायमा, आफ्ना सबै काममा र आफ्ना सबै आज्ञाहरूमा अति पवित्र हुनुहुन्छ । उहाँ नै स्वर्गदूतहरू, मानिसहरू र हरेक अन्य प्राणीबाट सबै आराधना, सेवा वा आज्ञाकारिता ग्रहण गर्न योग्य हुनुहुन्छ ।

यूहन्ना ५:२६ । प्रेरित ७:२ । भजन ११९:६८ । १ तिमोथी ६:१५; रोमी ९:५ । प्रेरित १७:२४, २५ । अय्यूब २२:२, ३ । रोमी ११:३६ । प्रकाश ४:११; १ तिमोथी ६:१५; दानिएल ४:२५,३५ । हिब्रू ४:१३ । रोमी ११:३३, ३४: भजन १४७:५ । प्रेरित १५:१८ ; इजकिएल ११:५ । भजन ११४:१७; रोमी ७:१२ । प्रकाश ५:१२-१४ ।

**खण्ड**-३

ईश्वरत्वको एकतामा तीन व्यक्ति हुनुहुन्छ जो सारतत्व, शक्ति, र अनन्ततामा एकै हुनुहुन्छ; परमेश्वर पिता, परमेश्वर पुत्र, र परमेश्वर पवित्र आत्मा । पिता कसैबाट हुनुहुन्न, न त जन्मइनुभएको, न त निस्किआउनुभएको; पुत्र अनन्तामा पिताबाट जन्माइनुभएको हो; पवित्र आत्मा अनन्ततामा पिता र पुत्रबाट निस्किआउनुभएको हो ।

१ यूहन्ना पद ७; मत्ती ३:१६, १७; २८:१९; २ कोरिन्थी १३:१४ । यूहन्ना १:१४, १८ । यूहन्ना १५:२६; गलाती ४:६ ।

# अध्याय तिन
# परमेश्वरको अनन्त अभिप्रायबारे

**खण्ड-१**

परमेश्वरले अनन्ततादेखि आफ्नै स्वतन्त्र इच्छाको अत्यन्त बुद्धिमान र पवित्र अभिप्रायद्वारा हुनआउने कुराहरू स्वतन्त्र र अपरिवर्तनीय रूपमा ठहराउनुभएको छ । तथापि त्यसद्वारा न त परमेश्वर पापका कर्ता हुनुहुन्छ न त सृष्टिका प्राणीहरूहरूको इच्छामाथि बलजफ्ती गरिन्छ, न त दोस्रा कारणहरूको स्वतन्त्रता वा आकस्मिकता हटाइन्छ, बरु स्थापित गरिन्छ ।

भ.सं. ३३:११, एफे. १:११, हिब्रू ६:१७, भ.सं. ५:४, याकु. १:१३–१४, १ यहु. १:५, हिब्रू १:१३, प्रे. २:२३, मत्ती १७:१२, प्रे. ४:२७–२८, युह. १९:११, हितो. १६:३३

## खण्ड -२

परमेश्वरले सबै सम्भाव्य अवस्थामा हुन सक्ने वा घट्न सम्भव सबै थोक जान्नुहुन्छ; तथापि उहाँले पहिल्यै भविष्यको रूपमा देख्नुभएको कारण, त्यस अवस्थामा घट्ने कुनै कुरा त्यसरी नै होस् भनी निर्धारण गर्नुभएको छैन ।

एफिसी १:११; रोमी ११:३३; हिब्रू ६:१७: रोमी ९:१५, १८ । याकूब १:१३, १७; १ यूहन्ना १:५ । प्रेरित ११:२३; मत्ती १७:१२ ; प्रेरित ४:२७, २८; यूहन्ना १९:११; हितोपदेश १६:३३ । प्रेरित १५:१८; १ शमूएल २३:११, १२; मत्ती ११:२१, २३ । रोमी ९:११, १३, १६, १८ ।

## खण्ड- ३

परमेश्वरको अभिप्रायद्वारा, उहाँको महिमा प्रकटनको लागि, कतिपय मानिस र स्वर्गदूतहरू अनन्त जीवनका लागि पूर्वनियुक्त छन्, अनि अरू कतिपयचाहिँ अनन्त मृत्युको लागि पूर्वनियुक्त छन् ।

१ तिमो. ५:२१, यहु. ६, मत्ती २५:३१, ४१, एफे. १:५–६, रोमी ९:२२–२३, हितो. १६:४

## खण्ड-४

यसरी पूर्वनिर्धारित र पूर्वनियुक्त स्वर्गदूतहरू र मानिसहरू विशेष गरी र अपरिवर्तनीय रूपमा तोकिएका छन्, र तिनीहरूको संख्या यति निश्चित र सटिक छ कि यो बढाइन वा घटाइन सकिँदैन ।

यहु. १३:१८, २ तिमो. २:१९, यहु १०:१४–१६, २७–२८; १७:२, ६, ९–१२

## खण्ड -५

जीवनका लागि पूर्वनियुक्त मानव जातिका सदस्यहरूलाई परमेश्वरले संसारको जग राखिनुअगि नै उहाँको अनन्त र अपरिवर्तनीय उद्देश्यअनुसार अनि उहाँको अगम्य अभिप्राय र इच्छाअनुसार अनन्तसम्म महिमाको लागि ख्रीष्टमा चुन्नुभएको छ । उहाँको स्वतन्त्र अनुग्रह र प्रेमद्वारा, पहिल्यै उनीहरूको विश्वास वा असल काम नदेखी नै, यीमध्ये कुनैमा तिनीहरूको लगनशीलता वा सृष्टिका कुरामा कुनै पनि अन्य कुरालाई शर्त वा कारणहरूले उहाँलाई त्यसो गर्न प्रेरित नगर्दै, र उहाँको महिमित अनुग्रहको प्रशंसाको लागि उहाँले तिनीहरूलाई चुन्नुभयो ।

एफे. १:४, ९, ११, रोमी ८:२८–३०, २ तिमो. १:९, १ थेस. ५:९, रोमी ९:११, १३, १५–१६, एफे. २:८–९, एफे. १:५ ९, ११, एफे. १:६, १२

## खण्ड-६

जसरी परमेश्वरले चुनिएकाहरूलाई महिमाको निम्ति नियुक्त गर्नुभयो, त्यसैगरी उहाँलेआफ्नो इच्छाको उद्देश्यअनुसार त्यसका सबै माध्यमहरू पनिपूर्वनिर्धारित गर्नुभएको छ । त्यसकारण तिनीहरू जो चुनिएका छन्, आदममा पतन भए तापनि ख्रीष्टद्वारा उद्धार गरिएका छन्; अनि उचित समयमा काम गर्नुहुने उहाँका आत्माद्वारा ख्रीष्टमा विश्वास गर्नको लागि प्रभावकारी रूपमा बोलाइएका छन् । तिनीहरू धर्मी ठहराइएका, सन्तानका रूपमा ग्रहण गरिएका, पवित्र तुल्याइएका, अनि विश्वासद्वारा उहाँको शक्तिमार्फत उद्धारको निम्ति सुरक्षित राखिएका छन् । चुनिएकाहरू बाहेक अरू कोही पनि ख्रीष्टद्वारा छुटइएका, प्रभावकारी रूपमा बोलाईएका, धर्मी ठहराइएका, सन्तानका रूपमा ग्रहण गरिएका, पवित्र तुल्याइएका र बचाइएका छैनन् ।

१ पत्रुस १:२; एफिसी १:४, ५; २:१०; २ थेसलोनिकी २:१३ ।१ थेसलोनिकी ५:९ तितस २:१४; रोमी ८:३०; एफिसी १:५; २ थेसलोनिकी २:१३ । १ पत्रुस १:५ । यूहन्ना १७:९; रोमी ८:२८; यूहन्ना ६:६४, ६५ । १०:२६, ८:४७; १ यूहन्ना २:१९ ।

## खण्ड-७

उहाँको सृष्टिमाथि उहाँको सार्वभौम शक्तिको महिमाको लागि, उहाँको आफ्नै इच्छाको अगम्य अभिप्रायअनुसार जसद्वारा उहाँले जसलाई चाहनुहुन्छ उसलाई दया देखाउनुहुन्छ वा देखाउनुहुन्न, परमेश्वरले बाँकी मानवजातिलाई यत्तिकै छोडिदिनुभयो अनि उहाँको महिमित न्यायको प्रशंसाको लागि तिनीहरूको पापको खातिर तिनीहरूलाई सरम र क्रोधको लागि नियुक्त गरिदिनुभयो ।

मत्ती ११:२५, २६; रोमी ९:१७, १८, २१, २२; २ तिमोथी २:१९, २०; यहूदा ४; १ पत्रुस २:८ ।

## खण्ड-८

नियुक्ति (पूर्वनियति) को यो महान् रहस्यको सिद्धान्त विशेष बुद्धिमानी र होसियारीसाथ चलाउनुपर्छ किनकि उहाँको वचनमा प्रकट गरिएको परमेश्वरको इच्छा बुझ्नाले त्यसप्रति आज्ञाकारिता जनाउनले मानिसहरूले उनीहरूको

प्रभावकारी बोलावटको निश्चयताबाट उनीहरूको अनन्त चुनाउको बारेमा निश्चित हुन सक्छन् । यसरी यो सिद्धान्तले । ईमानदारीपूर्वक सुसमाचार पालन गर्ने सबैलाई परमेश्वरको प्रशंसा, आदर र स्तुतिको लागि अनि नम्रता, लगनशीलता र प्रचुर सान्त्वनाको लागि विषयवस्तु उपलब्ध गराउन सक्छ ।

रोमी ९:२०; ११:३३; व्यवस्था २९:२९ । २ पत्रुस १:१०;  एफिसी १:६; रोमी ११:३३; । रोमी ११:५, ६, २०; पत्रुस १:१० । रोमी ८:३३; लूका १०:२० ।

# अध्याय चार
# सृष्टिबारे

**खण्ड – १**

उहाँको अनन्त शक्ति, बुद्धि र भलाइको महिमा प्रकट गर्नको लागि,  आदिमा शून्यबाट संसार र त्यसमा भएका सबै थोक, चाहे दृश्य वा अदृश्य, छ दिनको अवधीमा सृष्टि गर्न वा बनाउन परमेश्वर पिता, पुत्र र पवित्र आत्मालाई असल लाग्यो अनि उहाँले सृष्टि गर्नुभएको सबै थोक सुन्दर थियो ।

हिब्रू १:२; यूह १:२, ३; उत्प. १:२; अयु.. २६:१३; अयु.. ३३:४, रोमी १:२०; यर. १०:१२; भ.सं. १०४:२४; भ.सं. ३३:५,६, उत्प. १ अध्याय; हिब्रू ११:३; कल. १:१६; प्रेरि. १७:२४

**खण्ड – २**

परमेश्वरले अरू सबै प्राणीहरू सृष्टि गर्नुभएपछि, मानिसलाई पुरुष र स्त्री  गरी ज्ञान, धार्मिकता, र साँचो पवित्रतासहित तिनीहरूको हृदयमा परमेश्वरको व्यवस्था लेखिएको  र त्यो व्यवस्था पालन गर्ने शक्तिसहित  विवेकशील र अमर आत्मासाथ उहाँको आफ्नै स्वरूपमा  सृष्टि गर्नुभयो । तापनि, तिनीहरूको परिवर्तनशील इच्छाको स्वतन्त्रतामा छोडिँदा तिनीहरूमा उहाँको व्यवस्था उल्लङ्घन गर्ने सम्भावना पनि थियो । तिनीहरूको हृदयमा लेखिएको त्यो व्यवस्थाबाहेक, तिनीहरूले असल र खराबको ज्ञान दिने रूखको फल नखाने आज्ञा पनि पाएका थिए;  जसलाई पालन गरून्जेल तिनीहरू परमेश्वरसँगको सम्बन्धमा खुशी थिए र अरू प्राणीहरूमाथि प्रभुत्व राख्दथे ।

उत्प. १:२७, उत्प. २:७, उत्प. १२:७ र लुका २३:४३, मत्ती १०:२८, उत्प. १:२६; कल. ३:१०; एफे. ४:२४, रोमी २:१४, १५, उत्प. ७:२९, उत्प. ३:६; उत्प. ७:२९, उत्प. २:१७; उत्प. ३:८, ९, १०, ११, २३, उत्प. १:२६, २८

# अभ्याय पाँच
# ईश्वरीय प्रबन्धबारे

## खण्ड -१

सबै थोकका महान् सृष्टिकर्ता परमेश्वरले ठूलादेखि साना सबै सृष्टि, कार्य र थोकहरूलाई सम्भाल्नुहुन्छ, निर्देशन गर्नुहुन्छ, परिपालन गर्नुहुन्छ र शासन गर्नुहुन्छ । उहाँको सबैभन्दा बुद्धिमान र पवित्र प्रवन्धद्वारा, उहाँको अचूक पूर्वज्ञान अनि उहाँको आफ्नै इच्छाको स्वतन्त्र र अपरिवर्तनीय अभिप्रायअनुसार उहाँको बुद्धि, शक्ति, न्याय, भलाइ, र कृपाको महिमाको प्रशंसाको लागि उहाँले त्यसो गर्नुहुन्छ ।

हिब्रू १:३, दानि. ४:३४, ३५; भ.सं. १३५:६; प्ररित १७:२५, २६, २८; अयु.. ३८-४१ अध्यायहरू, मत्ती १०:२९, ३०, ३१, हितो. १५:३; भ.सं. १०४:२४; भ.सं. १४५:१७, प्रेरित १५:१८; भ.सं. ९४:८, ९, १०, ११, एफे. १:११; भ.सं. ३३:१०, ११, यशै. ६३:१४; एफे. ३:१०; रोमी ९:१७; उत्प. ४५:७; भ.सं. १४५:७

## खण्ड -२

पहिलो कारणका रूपमा परमेश्वरको पूर्वज्ञान र अभिप्रायको सम्बन्धमा सबै थोक अपरिवर्तनीय र अचूक रूपमा हुन आउँछन्; तापनि, उही प्रबन्धद्वारा उहाँले तिनीहरूलाई या त अनिवार्य रूपमा , स्वतन्त्र रूपमा, वा आकस्मिक रूपमा दोस्रो कारणहरूको स्वभावअनुसार हुनआउने आदेश दिनुहुन्छ ।

(प्रे. २:२३; उत्प. ८:२२; यर. ३१:३५; प्रस. २१:१३; व्यव. १९:५; राजा २२:२८, ३४; यशै. १०:६, ७

## खण्ड -३

परमेश्वरले आफ्नो सामान्य प्रबन्धमा माध्यहरू प्रयोग गर्नुहुन्छ, तर उहाँको इच्छामा तिनीहरूबिना, तिनीहरूमाथि, र तिनीहरूको विरुद्धमा समेत काम गर्न स्वतन्त्र हुनुहुन्छ ।

प्रे. २७:३१, ४४; यशै. ५५:१०, ११; होशे २:२१, २२, होशे. १:७; मत्ती. ४:४; अयू ३४:२०, रोमी ४:१९, २०, २१, ॥ राजा ६:६; दानि. ३:२७

## खण्ड -४

सर्वशक्तिमान शक्ति, अगम्य बुद्धि, र परमेश्वरको असीम भलोपन उहाँको प्रबन्धमा यसरी प्रकट हुन्छन् कि तिनले मानिसको पहिलो पतन अनि स्वर्गदूतहरू र मानिसहरूका अन्य सबै पापहरूलाई समेत समेट्छन्, त्यो पनि अनुमतिद्वारा मात्रै होइन । तर यो अति बुद्धिमान र शक्तिशाली संयोजनद्वारा, अनि तिनीहरूलाई व्यवस्थित र शासन गर्ने काममा विभिन्न प्रबन्धमा, उहाँका आफ्नै पवित्र उद्देश्यहरूका लागि; तापनि यसरी कि पापीपन सृष्टिबाट मात्र निसृत हुन्छ, परमेश्वरबाट होइन, जो अति पवित्र र धर्मी हुनुभएकाले न त पापका कर्ता न त अनुमोदनकर्ता हुन सक्नुहुन्छ ।

रोमी ११:३२, ३३, ३४; २ शमु. २४:१, १ इति. २१:१; १ राजा २२:२२, २३; १ इति. १०:४, १३, १४; २ शमु. १६:१०; प्रे. २:२३; प्रे. ४:२७, २८, प्रे. १४:१६. भ.सं. ७६:१०; २ राजा १९:२८, उत्प. ५०:२०; यशै. १०:६, ७, १२, याकु. १:१३, १४, १७; १ यहु.२:१६; भ.सं. ५०:२१

## खण्ड -५

अति बुद्धिमान्, धर्मी र अनुग्रही परमेश्वरले प्रायः आफ्ना छोराछोरीहरूलाई विभिन्न परीक्षाहरू र तिनीहरूका आफ्नै हृदयको भ्रष्टता छोडिदिनुहुन्छ, तिनीहरूलाई तिनीहरूका पुराना पापहरूको लागि दण्ड दिन, वा तिनीहरूसामु भ्रष्टताको लुकेको शक्ति र तिनीहरूको हृदयको छल प्रकट गरिदिनका लागि, ताकि तिनीहरू विनम्र हुन सकून् । अनि तिनीहरूलाई उहाँमाथिको अझै घनिष्ठ र निरन्तर निर्भरतामा उचाल्नको लागि र तिनीहरूलाई भविष्यमा हुने पापका सबै अवस्थाहरू विरुद्ध अझ सतर्क बनाउनका लागि र धेरै अन्य उचित र पवित्र उद्देश्यका लागि समेत उहाँले त्यसो गर्नुहुन्छ ।

२ इति. ३२:२५, २६, ३१; २ शमु. २४:१. २ इति. १२:७, ८, ९; भ.सं. ७३, भ.सं. ७७:१-१२; मर्क. १४:६६, यहु.२१:१५, १६, १७

## खण्ड -६

ती दुष्ट र अधर्मी मानिसहरूका सम्बन्धमा जसलाई परमेश्वरले एक धर्मी

न्यायकर्ताका रूपमा पहिलेका पापहरूको कारण दृष्टिबिहीन (बेसमझ) र कठोर बनाइदिनुहुन्छ, तिनीहरूबाट उहाँको अनुग्रहलाई रोकेर मात्रै होइन, नत्रता तिनीहरूले आफ्नो समझमा बुद्धिमान बन्न सक्थे र तिनीहरूको हृदयमा काम गर्न सक्थे; तर कहिलेकहीँ तिनीहरूसँग भएका वरादनहरू पनि फिर्ता लिनुहुन्छ, र तिनीहरूलाई त्यस्ता कुराको सम्पर्कमा ल्याइदिनुहुन्छ जहाँ तिनीहरूको भ्रष्टताले पापको अवसर पाउँछ । अनि उहाँले तिनीहरूलाई तिनीहरूको आफ्नै अभिलाषा, संसारको परीक्षा र शैतानको शक्तिमा सुम्पिदिनुहुन्छ, जसद्वारा तिनीहरूले त्यस्ता साधनहरूअन्तर्गत समेत आफैलाई कठोर बनाउँछन् जसलाई परमेश्वरले अरूलाई विनम्र बनाउन प्रयोग गर्नुहुन्छ ।

रोमी १:२४, २६, २८; रोमी ११:७, ८. व्यव. २९:४. मत्ती १३:१२; मत्ती २५:२९. व्यव. २:३०; राजा ८:१२, १३. भ.सं. ८१:११, १२; थेस. २:१०, ११, १२. प्रस. ७:३, प्रस. ८:१५, ३२; इति. २:१५, १६; यशै. ८:१४; पत्रु. २:७, ८; यशै. ६:९, १०, प्रे. २८:२६, २७

**खण्ड -७**

परमेश्वरको प्रबन्धले सामान्यतया सबै सृष्टिलाई समेटझैं, विशेष रूपमा यसले उहाँको चर्चको वास्ता गर्छ अनि त्यसको भलाइको निम्ति सबै थोक परिचालन गर्छ ।

१ तिमो. ४:१०; आमो. ९:८, ९; रोमी ८:२८; यशै. ४३:३, ४, ५, १४

# अध्याय छ
# मानिसको पतन, पाप, दण्डको विधि

**खण्ड – १**

हाम्रा पितापुर्खाले शैतानको परीक्षा र छलको कारण मनाही गरिएको फल खाएर पाप गरे । उनीहरूलाई त्यो पाप गर्न परमेश्वरले आफ्नो बुद्धि र पवित्र सल्लाहअनुसार स्वतन्त्र छाडिदिनुभयो । उहाँले आफ्नो महिमाको निम्ति एउटा थिति बसाल्नका लागि सो हुन दिनुभयो ।

(उत्प. ३:१३; २ इति. ११:३. रोमी ११:३२)

## खण्ड -२

आफूले गरेको पापद्वारा उनीहरू आफ्नो सुरुको धार्मिकता र परमेश्वरसँगको संसर्ग वा सङ्गतिबाट पतन भए र परिणामस्वरूप तिनीहरू पापमा मरे । तिनीहरू आफ्नो जीवनको प्राण र शरीरका सम्पूर्ण अङ्गप्रत्यङ्गहरूमा अशुद्ध भए ।

(उत्प. ३:६, ७, ८; उत्प. ७:२९; रोमी ३:२३. उत्प. २:१७; एफे. २:१. ति. १:१५; उत्प. ६:५; यर. १७:९; रोमी ३:१०-१९)

## खण्ड-३

सबै मानवजातिको मूल आदम नै भएको कारण त्यस पापको दोष उनीपछिका सबै पुस्तामा सर्दै आयो । त्यही पाप र भ्रष्टतामा आइलागेको मृत्यु तिनका सन्तान–दरसन्तानसम्म फैलियो — तिनीबाटै आएका सबै पुस्ताहरूमा त्यो पाप र मृत्यु सर्दैआयो।

(उत्प. १:२७, २८ & उत्प. २:१६, १७, प्रे. १७:२६, रोमी ५:१२, १५, १६, १७, १८, १९, १ को. १५:२१, २२, ४९. भ.सं. ५१:५; उत्प. ५:३; अयु.. १४:४, अयु.. १५:१४)

## खण्ड -४

सुरुको त्यही भ्रष्टताबाट हामी सबै पनि पापमै जाकिइँदै आयौँ । हामी त्यही पापमा आशक्त बन्यौँ । हामीले सकेसम्म सबै प्रयासबाट खराबी नै गर्यौँ । हामी सम्पूर्ण रीतिले खराबीतिर झुक्यौँ, हामीले सम्भव भए जति सबै किसिमका अपराधहरू गर्नसक्ने योग्यता नै आर्जन गर्‍यौँ ।

रोमी ५:६; रोमी ८:७, रोमी ७:१८; कल. १:२१. उत्प. ६:५; उत्प. ८:२१; रोमी ३:१०, ११, १२. याकु. १:१४, १५; एफे. २:२, ३; मत्ती १५:१९

## खण्ड- ५

स्वभावमै भ्रष्टता भएकोले जीवनमा जे कुरा रहन्छ, त्यसैमा मानिसहरूले नयाँगरी जन्मने भन्ने कुराको अर्थ बुझ्न सहज हुन्छ । तथापि यो कुरा ख्रीष्टको मृत्युद्वारा हासिल गरिएको क्षमादानबाट मात्रै आउनसक्छ । उहाँको बलिदानी मृत्यु र माफी दुवैद्वारा अनन्त उद्धारको उपाय सुरु हुन्छ, त्यसबाहेक हुने कुनै पनि प्रयास

आफैँमा अपूरो र अधुरो हुन्छ । किनभने मानिसले गर्नसक्ने कुनै पनि “असल” कार्यले आफैँलाई पापबाट मुक्त गर्न सक्दैन, त्यसकारण उसका सबै उपलब्धीहरू पनि वास्तवमै पापमा नै पाइएको हुन्छ ।

(१ युह. १:८, १०; रोमी ७:१४, १७, १८, २३; याकु. ३:२; हितो. २०:९; उत्प. ७:२०. रोमी ७:५, ५, ८, २५; गला. ५:१७)

### खण्ड- ६

जन्मनुअघिकै होस् वा हामी आफैँले गरेको वास्तविक पाप होस्, सबैखाले पाप कर्महरू परमेश्वरको धार्मिकताको विधिका विरुद्धमा हुन्छन् । तापनि तिनले आफ्नो स्वभावअनुसारको काम गर्छन् र पापलाई दोष्याउँछन्  होइन भने त मानिस परमेश्वरको क्रोधमा र व्यवस्थाको श्रापमा पर्ने निश्चित छ । यसरी ऊ मृत्युमा पुग्ने सुनिश्चित भैसकेको छ । यस्तो अवस्थामा ऊसँगै आत्मिक संकष्ट, अस्थायी भए पनि आत्मिक परित्याग भएको अनुभूति र अनन्तसम्मै दण्ड हुनुपर्ने बाध्यता, आदि ।

१ यहु.३:४. रोमी २:१५; रोमी ३:९, १९. एफे. २:३. गला. ३:१०. रोमी ६:२३. एफे. ४:१८. रोमी ८:२०; विला. ३:३९. मत्ती २५:४१, २ थेस. १:९

# अध्याय सात
# मानिससँग परमेश्वरको करार

### खण्ड – १

परमेश्वर र उहाँको सृष्टिको बिचको दूरी निकै फराकिलो छ । सृष्टिका प्राणीहरूले उहाँप्रतिको यथोचित आज्ञा पालन गरे तापनि अन्ततः ती कसैले पनि त्यो स्तरअनुसार उहाँको सामुन्ने आफ्ना कामले आफैँलाई योग्य वा धर्मी तुल्याउन सक्ने छैनन् । कैले पनि आफ्नो परिश्रमबाट उहाँको आशिष र इनाम बटुल्न उहाँलाई प्रभाव पार्न सक्ने छैनन् । बरू परमेश्वर आफैँलेसृष्टिसित आफ्नो करार स्थापित गर्दै केही सहानुभूति देखाउनु भएका उदाहरणहरू धर्मशास्त्रमा पाइन्छन् ।

यशै. ४०:१३, १४, १५, १६, १७; अयु.. ९:३२, ३३; १ शामु. २:२५; भ.सं. ११३:५, ६; भ.सं. १००:२, ३; अयु.. २२:२, ३; अयु.. ३५:७, ८; लुका १७:१०; प्रेरित १७:२४, २५

## खण्ड — २

परमेश्वरले मानिससित बाँध्नुभएको पहिलो करारलाई कामको करार भनिएको छ । त्यसमा आदमका लागि जीवनको प्रतिज्ञा गरिएको थियो र उसकैमा उसका सबै वंशका लागि पनि जीवनको प्रतिज्ञा विस्तार गरियो, तर त्यसका लागि सबैले व्यक्तिगतरूपमा सिद्ध आज्ञा पालन गरेको हुनुपर्ने सर्त पनि साथैमा राखिएको थियो ।

गला. ३:१२. रोमी १०:५, रोमी ५:१२-२०. उत्प. २:१७; गला. ३:१०

## खण्ड- ३

पतनको कारण मानिसले आफैलाई करारद्वारा सुनिश्चित गरिने जीवनका लागि असक्षम बनायो । त्यसकारण परमेश्वरले दोस्रो करार बनाउनुभयो, त्यो अनुग्रहको करार थियो, जसद्वारा उहाँ पापीलाई सित्तैमा जीवन प्रदान गर्नुहुन्छ, जुन जीवन येशूद्वारा प्रदान गरिएको उद्धारमा प्राप्त हुन्छ । यो जीवन पाउनका लागि पापीले उहाँमा विश्वास गर्नुपर्छ । अघिल्लो करारमा आज्ञा पालनको माग गरिएझैँ यसमा विश्वासको माग गरिएको छ । विश्वासद्वारा नै कुनै पनि पापीको उद्धार हुनसक्दछ । अर्थात् विश्वास गर्नेलाई अनन्त जीवन दिने प्रतिज्ञा गरिएको छ । जोजसलाई पवित्र आत्माले अघिबाटै रोज्नु र अभिषेक गर्नुभएको छ, ती सबैले उहाँको उद्धार पाउन सक्छन् । यहाँ पवित्र आत्माको कामचाहिँ पापीलाई येशूमा विश्वास गर्ने मन हालिदिएर उद्धारमा डोऱ्याउनु हो ।

गला. ३:२१; रोमी ८:३; रोमी ३:२०, २१; उत्प. ३:१५; यशै. ४२:६; मर्कु. १६:१५, १६; यहु. ३:१६; रोमी १०:६, ९; गला. ३:११; इज. ३६:२६, २७; यहु. ६:४४, ४५

## खण्ड -४

अनुग्रहको यो करार धर्मशास्त्रमा घरिघरि बताइएको करार हो । यसलाई नयाँ करार पनि भनिएको छ, जुनचाहिँ येशूको मृत्युद्वारा औपचारिकरूपमा स्थापित गरिएको छ । उहाँले यसलाई कहिल्यै नतोडिने अनन्त उद्धारको निम्ति प्रदान

गर्नुभयो । उहाँ आफै यसमा सामेल भैदिएर मुक्तिको लागि एउटा उपाय छाडिदिनुभयो ।

हिब्रू ९:१५, १६, १७; हिब्रू ७:२२; लुका २२:२०; १ को. ११:२५

**खण्ड- ५**

व्यवस्था कायम रहेको समयमा र सुसमाचारको समयमा यस करारको उपयोग फरक प्रकारले गरिएको थियो । व्यवस्थाको अधीनमा यसको उपयोग प्रतिज्ञा, अगमवाणी, बलिदान, खतना, निस्तारको थुमा तथा यहुदी मानिसहरूलाई छुटकारा दिलाउने प्रयासमा गरिएका अन्य धार्मिक विधिहरूको प्रयोगद्वारा गरिउको थियो । यी सबै क्रियाकलापहरू ख्रीष्ट (प्रभुको पहिलो) आगमनतिर लक्षित हुन्थे । त्यस समयका लागि यी प्रयत्नहरू आफैमा पर्याप्त र पूर्ण थिए । प्रतिज्ञा गरिएका मसिहामा चुनिएकाहरूलाई सिकाउन र आत्मिकरूपमा निर्माण गर्न पवित्र आत्माले गर्नुहुने कामद्वारा यी सम्पन्न हुन्थे । जसद्वारा तिनीहरूका सबै पापहरू क्षमा हुने थिए, उहाँमा नै तिनीहरूले अनन्त उद्धार पाउने थिए, जसलाई पुरानो करार भनिन्छ ।

२ कोर. ३:६, ७, ८, ९. हिब्रू ८, ९, १० अध्यायहरू; रोमी ४:११; कल. २:११, १२; १ कोर. ५:७. १ कोर. १०:१, २, ३, ४; हिब्रू ११:१३; यहु.८:५६. गला. ३:७, ८, ९, १४

**खण्ड- ६**

सुसमाचार अन्तरगत ख्रीष्ट नै सबै धार्मिक विधि तथा क्रियाकलापहरूका पुरक हुनुहुन्छ । उहाँलाई पुरानो करारका सबै धार्मिक पर्व र बलिदानहरूको परिपूर्तिका रूपमा प्रश्तुत गरिएको छ । उहाँमा सबै विधिहरू सम्पन्न गरिएका छन् । यस करारमा तोकिएका विधिहरू भने वचनको प्रचार, बप्तिस्मा र प्रभुभोज सम्पन्न गर्नु हुन् । यी विधिहरू झट्ट हेर्दा केही होइनन् भन्ने लाग्छ, यी ज्यादै सहज र सरल पनि छन् तर यिनको कार्यान्वयनको पक्ष भने आत्मिकरूपमा निकै अर्थपूर्ण, सिद्ध र गम्भीर हुन्छ । यी विधिहरू यहुदीहरू लगायत सबै जातिहरूका लागि दिइएका हुन् । त्यसैकारण यसलाई नयाँ करार भनिएको हो । यहाँ दुईओटा

फरक करारहरू अब बाँकी छैनन् । अनुग्रहको करार एउटै हो, तापनि विभिन्न विधिहरू अन्तरगत यो एकमात्र करार हो ।

कल. २:१७. मत्ती २८:१९, २०; १ को. ११:२३, २४, २५. हिब्रू १२:२२-२८; यर. ३१:३३, ३४. मत्ती २८:१९; एफे. २:१५, १६, १७, १८, १९. लुका २२:२०. गला. ३:१४, १६; रोमी ३:२१, २२, २३, ३०; भ.सं. ३२:१, रोमी ४:३, ६, १६, १७, २३, २४; हिब्रू १३:८; प्रे. १५:११

# अध्याय आठ
# ख्रीष्ट मध्यस्थकर्ता

## खण्ड – १

उहाँको अनन्त उद्देश्यका निम्ति प्रभु येशू ख्रीष्ट, उहाँका एकमात्र पुत्रलाई समस्त मानव जातिको उद्धारका लागि छनौट गरी त्यस कामको निम्ति अभिषेक गर्न परमेश्वरलाई खुशी लाग्यो । ख्रीष्टलाई परमेश्वर र मानिसको बीचमा मध्यस्थकता,१ अगमवक्ता,२ पूजाहारी,३ राजा४ र सम्पूर्ण मण्डलीका शिर बनाइयो । सर्वशक्तिमान एकमात्र महिमित परमेश्वरमा उहाँलाई सबैथोकका उत्तराधिकारी र संसारका न्यायकर्ता बनाइयो । उहँमा नै संसारका सबै मानिसहरूलाई उहाँका निज प्रजा बनाइयो र उहाँ नै तिनीहरूका निम्ति अनन्तका मूल बन्नुभयो । उहाँमा नै समयको उचित परिपूर्णतामा सम्पूर्ण सृष्टिले छुटकारा पायो, मुक्तिको लागि बोलावट पायो, धर्मी तुल्याइयो, पवित्र बनाइयो र महिमित पनि तुल्याइयो ।

यशै. ४२:१; १ पत्रु. १९, २०; यहु. ३:१६; १ तिमो. २:५. प्रे. ३:२२. हिब्रू ५:५, ६. भ.सं. २:६; लुका १:३३. एफे. ५:२३. हिब्रू १:२. प्रे. १७:३१. यहु. १७:६; भ.सं. २२:३०, यशै. ५३:१०. १ तिमो. २:६; यशै. ५५:४, ५; १ को. १:३०

## खण्ड -२

परमेश्वर पुत्र तथा त्रीएकत्वका दोस्रो नाम स्वयम् अनन्त परमेश्वर हुनुहुन्छ । उहाँ आफै परमेश्वर हुनुहुन्छ, जो हाम्रो सट्टामा बलिदान हुन आउनुभयो । जब समयको परिपूर्णता आयो, उहाँले मानिसको रूप स्वभाव धारण गर्नुभयो । सबै आवश्यक कुराहरूको सामना गर्दै उहाँले निस्पाप जीवन जिउनुभयो । पवित्र आत्माको शक्तिद्वारा उहाँ गर्भ कुमारी आमाको गर्भमा आउनुभयो र मानव रूपमा

जन्मनुभयो । यसरी उहाँमा प्रष्टतः मानिस र परमेश्वरको दुवै स्वभाव थियो । उहाँको एउटै व्यक्तिमा मानवता र इश्वरत्व छुट्ट्याउनै नसकिनेगरी जडिएको थियो । त्यो स्वभाव उहाँमा आस्थाको परिवर्तनद्वारा वा कुनै अर्को संरचनाद्वारा वा कुनै द्विविधाद्वारा आएको थिएन । उहाँ आफै स्वयम् परमेश्वर र मानव हुनुहुन्थ्यो, एउटै ख्रीष्ट, परमेश्वर र मानिसबीचमा खडा भैदिनुहुने एकमात्र मध्यस्थकर्ता उहाँ हुनुहुन्थ्यो ।

यहु. १:१, १४; १ यहु. ५:२०; फिलि. २:६; गला. ४:४; हिब्रू २:१४, १६, १७; हिब्रू ४:१५. लुका १:२७, ३१, ३५; गला. ४:४. लुका १:३५; कल. २:९; रोमी ९:५; १ पत्रु. ३:१८; १ तिमो. ३:१६; रोमी १:३, ४; १ तिमो. २:५

## खण्ड -३

प्रभु येशू आफ्नो मानव स्वभावमा यसरी उहाँको ईश्वरीय स्वभावमा एकीकृत हुनुभयो । उहाँ असीमितरूपमा मानव स्वभावमा शुद्ध गरिएको र पवित्र आत्मामा अभिषेक गरिएको ख्रीष्ट हुनुहुन्थ्यो । उहाँमा सम्पूर्ण बुद्धि र ज्ञान थियो; उहाँमा पिता प्रसन्न हुनुभयो र उहाँलाई परिपूर्णतामा जिउन दिनुभयो । अन्त्यैसम्म उहाँ पवित्र हुनुहुन्थ्यो, उहाँमा कुनै दोष र पापको दाग लागेन र उहाँ सत्य र अनुग्रहले भरिपूर्ण रहनुभयो । यसै कारण उहाँ मध्यस्त र सबैका लागि सुरक्षाको ग्यारेण्टी गर्नसक्ने ख्रीष्टको रूपमा तम्तयार रहनुभयो । त्यो जिम्मेवारी उहाँ आफैले लिनुभएको होइन, बरू त्यसका लागि उहाँका पिताले उहाँलाई बोलाउनु भएको थियो । पिताले नै उहाँको हातमा सबै अधिकार र न्याय गर्ने अख्तियारी दिएर ती सबै काम सम्पन्न गर्न आदेश दिनुभएको थियो ।

भ.सं. ४५:७; यहु. ३:३४. कल. २:३. कल. १:१९. हिब्रू. ७:२६; यहु. १:१४. प्रे. १०:३८; हिब्रू १२:२४; हिब्रू ७:२२. हिब्रू ५:४, ५. यहु. ५:२२, २७; मत्ती २८:१८; प्रे. २:३६

## खण्ड -४

प्रभु येशूले बडो राजीखुशीसाथ यो जिम्मेवारी पूरा गर्नुभयो । उहाँले जेजति गर्नुभयो, ती सबै व्यवस्थाको विरुद्धमा थिएनन्, बरू उहाँले व्यवस्थाले तोकेका सबै मागहरू सिद्धरूपमा पूरा गर्नुभयो । त्यस लगत्तै उहाँले आफ्नो प्राणमा अत्यन्तै दुःखकष्ट र सन्तापको सामना गर्दै सहन गर्नुभयो । उहाँले आफ्नो शरीरमा ज्यादै पीडा सहन गर्नुभयो । उहाँलाई क्रुसमा टाँगियो र उहाँले क्रुसमा नै आफ्नो

प्राण त्याग्नुभयो । उहाँको मृत शरीर चिहानमा गाडियो र उहाँ मृत्युको अधीनमा तोकिएको समयसम्म रहनुभयो, तापनि उहाँको शरीर सडेन, उहाँमा कुनै कुरा रद्धी भएन । त्यसको तेस्रो दिनमा उहाँ त्यही शरीरमा मृत्युबाट पुनरुत्थान हुनुभयो, जुन शरीरले कष्ट र मृत्युको सामना गरेको थियो । अनि त्यही शरीरमा उहाँ स्वर्गतिर उचालिएर जानुभयो र उहाँ स्वर्गमा पिताको दाहिने बाहुलीतर्फ बस्नुभएको छ । त्यहाँ बसेर उहाँले निरन्तर मध्यस्थबिन्ती गरिरहनुभएको छ । अनि संसारको अन्त्यमा उहाँ सबै मानव र स्वर्गदूतहरूको समेत न्याय गर्ने अधिकारसहित उहाँ फर्किआउनु हुनेछ ।

भ.सं. ४०:७, ८, हिब्रू १०:५-१०; यहु.१०:१८; फिलि. २:८. गला. ४:४. मत्ती ३:१५; मत्ती ५:१७. मत्ती २६:३७, ३८; लुका २२:४४; मत्ती २७:४६. मत्ती २६, २७ अध्याय. फिलि. २:८. प्रे. २:२३, २४, २७; प्रे. १३:३७; रोमी ६:९. १ को. १५:३, ४. यहु. २०:२५, २७. मर्कू. १६:१९. रोमी ८:३४; हिब्रू ९:२४; हिब्रू ७:२५. रोमी १४:९, १०; प्रे. १:११; प्रे. १०:४२; मत्ती १३:४०, ४१, ४२; यहुदा ६; २ पत्रु. २:४

## खण्ड- ५

प्रभु येशूले आफ्नो सिद्ध आज्ञाकारिता र आफैलाई बलिदान हुन दिनुभएको कामद्वारा पिताको न्यायलाई सही तुल्याउनुभयो । उहाँले अनन्त पवित्र आत्माको सहायताद्वारा आफूलाई पिताको महापवित्र स्थानसमक्ष बलिदान हुन दिनुभयो । त्यही बलिदानद्वारा उहाँले आफ्ना मानिसहरूलाई परमेश्वरसित मिलाप गराउने हैसियतमात्रै किन्नुभएको होइन, बरू तिनीहरू, जसजसलाई पिताले उहाँको हातमा सुम्पिनुभएको थियो, ती सबैलाई स्वर्ग राज्यका आधिकारिक भागीदार (उत्तराधिकारी) बनाउनुभयो ।

रोमी ५:१९; हिब्रू ९:१४, १६; हिब्रू १०:१४; एफे. ५:२; रोमी ३:२५, २६; दानि. ९:२४, २६; कल. १:१९, २०; एफे. १:११, १४; यहु. १७:२; हिब्रू ९:१२, १५

## खण्ड- ६

कार्य ख्रीष्टले मानव देह धारण गर्नुभए पछिमात्रै वास्तवमा छुटकारा दिलाउने सम्पन्न भएको हो । तापनि खासमा सबै युगका चुनिएकाहरूका लागि उद्धारमा डोऱ्याइने कुरा पहिलेदेखि नै बताइएको हो । संसारको आरम्भदेखि नै त्यसैमा सबैले अनुग्रहको लाभ प्राप्त गर्न सके । उद्धारको त्यही प्रतिज्ञाद्वारा सबै

किसिमका बलिदानहरूमा उहाँ प्रकट हुनुभयो र तिनैमा उहाँले आफूलाई स्त्रीको सन्तानका रूपमा महिमित तुल्याउनुभयो, जसले सर्पको शिर कुच्याउनुहुने थियो । यसरी संसारमा व्यवस्था दिइएको सुरुदेखि नै बलिदानमा चढाइएको थुमा शिजो आज र सदासर्वदै एकै हो ।

गला. ४:४, ५; उत्प. ३:१५; प्रका. १३:८; हिब्रू १३:८

## खण्ड -७

मध्यस्थकर्ताको काममा ख्रीष्टले मानव र परमेश्वर दुवै स्वभावद्वारा काम गर्नुभएको हो, उहाँले जुनचाहिँ स्वभाव त्यस कामको लागि महत्वपूर्ण थियो, त्यही स्वभावमा काम गर्नुभयो । उहाँमा सामेल भएका दुई फरक व्यक्तित्वको एकीकृत उपस्थिति र एकत्वद्वारा उहाँले आफ्नो काम सम्पन्न गर्नुभयो । कुनचाहिँ स्वभाव त्यस अवस्थाका लागि उपयुक्त हुन्थ्यो भन्ने कुराको निर्धारण पवित्र आत्माले गर्नुहुन्थ्यो । धर्मशास्त्रमा कुनचाहिँ स्वभावले तत्काल काम गर्ने भन्ने प्रश्नको जवाफ अर्को स्वभावले के गर्दैछ भन्ने बुझ्नमा पाइन्छ ।

हिब्रू ९:१४; १ पत्रु. ३:१८. प्रे. २०:२८; यहु. ३:१३; १ यहु. ३:१६

## खण्ड- ८

जोजसका लागि ख्रीष्टले उद्धार खरिद गरिदिनुभयो, उहाँले त्यही कुरा तिनीहरूलाई बताउनुहुन्छ र तिनीहरूका जीवनमा सोही कुरा लागु पनि गर्नुहुन्छ ।३९ त्यो काम उहाँले तिनीहरूकै पक्षमा अन्तरबिन्ती गरिदिएर, र तिनीहरूसमक्ष उद्धारको रहस्यका कुरा वचनमा वा वचनद्वारा प्रकट पनि गरिदिनुहुन्छ । उहाँले आफ्ना पवित्र आत्माद्वारा तिनीहरूलाई प्रभावकारी ढ·ले विश्वास गर्न र पालन गर्न तयार बनाउनुहुन्छ । उहाँले आफ्नो वचनद्वारा तिनीहरूका हृदयमाथि अधिकार गर्दै शासन गर्नुहुन्छ । उहाँले आफ्नो सर्वशक्तिशाली आत्मा र बुद्धिद्वारा तिनीहरूका शत्रुहरूमाथि विजय हासिल गरिदिनुहुन्छ । परमेश्वरले यी कामहरू उहाँको अचम्मको र असीम रहस्यमय लाग्ने ईश्वरीय अरनखटनद्वारा गरिदिनुहुन्छ ।

यहु.६:३७, ३९; यहु.१०:१५, १६; १ यहु.२:१, २; रोमी ८:३४. यहु. १५:१३, १५; एफे. १:७, ८, ९; यहु. १७:६.

यहु.१४:२६; हिब्रू १२:२; २ को. ४:१३; रोमी ८:९, १४; रोमी १५:१८, १९; यहु. १७:१७; भ.सं. ११०:१; १ को. १५:२५, २६; मला. ४:२, ३; कल. २:१५

# अध्याय नौ
# स्वतन्त्र इच्छा

## खण्ड – १

एक प्रकारले प्राकृतिक स्वतन्त्रताका आधारमा परमेश्वरले मानिसका स्वतन्त्र इच्छाहरू सहन गर्नुहुन्छ । हुन त मानिसका इच्छा निर्माण गर्नमा प्रकृतिको खासै भूमिका हुँदैन, त्यसले न ता जोडबल लगाउँछ न कुनै कुराले बाध्य बनाउँछ । के कुरा असल कि खराब छ भनेर छान्न मानिसलाई कुनै पनि कुराले बाध्य बनाउन सक्दैन, परमेश्वरले पनि उसलाई बाध्य बनाउनु हुँदैन ।

मत्ती १७:१२; याकु. १:१४; व्यव. ३०:१९

## खण्ड- २

मानिस उसको अज्ञानता वा निर्दोषपनको अवस्थामा असल काम गर्ने इच्छा गर्नसक्ने शक्ति र स्वतन्त्रता आफूमा राख्दथ्यो । यसरी ऊ परमेश्वरलाई मनपर्ने काम गर्न सक्दथ्यो । तर ऊ त्यस अवस्थाबाट चूपचाप चुक्नसक्ने संभावना थियो ।

उत्प. ७:२९; उत्प. १:२६. उत्प. २:१६, १७; उत्प. ३:६

## खण्ड - ३

त्यस पतनद्वारा मानिस पापी भएको अवस्थामा धकेलियो । त्यसै हुनाले ऊ आत्मिकरूपमा असल गर्ने सबै क्षमताहरूबाट स्खलित भयो र उद्धारको निम्ति हुनसक्ने कुनै पनि काम गर्न नसक्ने कमजोर बन्यो । त्यसकारण एउटा स्वाभाविक मानिसको ऊ सबै किसिमका असल कुराहरूबाट तर्केर जाने भयो । ऊ पापमा मर्‍यो । त्यसपछि, ऊ आफ्नो बुलबुँतामा आफूलाई सुधार्न, बदल्न

अथवा आफूलाई कुनै पनि असल र कल्याणकारी महत्वका काम गर्नको लागि तयार पार्नसमेत नसक्ने बन्यो ।

रोमी ५:६; रोमी ८:७; यहु. १५:५; रोमी ३:१०, १२; एफे. २:१, ५; कल. २:१३; यहु. ६:४४, ६५; एफे. २:२, ३, ४, ५; १ कोर. २:१४; तित. ३:३, ४, ५

**खण्ड -४**

जब परमेश्वरले एउटा पापीलाई बदल्नुहुन्छ र उसलाई अनुग्रह प्राप्त गर्ने पात्रको रूपमा पुऱ्याउनुहुन्छ, उहाँले उसलाई पापका सबै प्राकृतिक बन्धनहरूबाट मुक्त गराउनुहुन्छ । केवल उहाँको अनुग्रहद्वारा जे कुरो आत्मिकरूपमा असल छ, सो गर्न चाहने र गर्ने व्यक्ति ऊ बन्छ । त्यसो भए तापनि उसमा बाँकी रहेको भ्रष्ट स्वभावको कारण सिद्ध किसिमले ऊ बदलिँदैन, ऊ असल काम गर्ने व्यक्ति बन्न सक्दैन । उसको काम जहिले पनि खराबीतिर नै बहकिन जोज्दछ र सकेसम्म खराब काम गर्नमा ऊ खुशी देखिन्छ ।

कल १:१३; यहु ८:३४, ३६. फिल २:१३; रोमी ६:१८, २२. गला. ५:१७; रोमी ७:१५, १८, १९, २१, २३

**खण्ड -५**

मानिसको इच्छालाई सिद्ध र प्रबलरूपमा असलमात्रै गर्न सक्ने सामथ्र्यसहितको बनाइएको थियो र उसमा केवल महिमित अवस्था रहिरहन सक्दथ्यो ।

एफे ४:१३; हिब्रू १२:२३; १ यहु ३:२; यहुदा. २४

## अध्याय दस
## परिणाममुखी बोलावट

**खण्ड – १**

परमेश्वरले अघिबाटै जोजसका लागि अनन्त जीवन तोकिसक्नुभएको छ, ती सबैसँग मात्रै आफूले तय गरी स्वीकार गरेको समयका लागि उहाँ प्रसन्न हुनुहुन्छ । तिनीहरूलाई पाप र मृत्युको अवस्थाबाट उहाँ आफ्नो वचन र आत्माद्वारा

प्रभावकारी रूपमा बोलाउनुहुन्छ । त्यसअघि तिनीहरू सबै स्वाभाविक रूपमा नै पाप र मृत्युको बन्धनमा जकडिएका हुन्छन् र त्यसकारण तिनीहरूलाई येशू ख्रीष्टद्वारा उपलब्ध गराइने अनुग्रह र उद्धारको खाँचो पर्दछ । तिनीहरूका दिलोदिमागलाई आत्मिक तबरले प्रज्वलित गरेर उद्धारमा डोऱ्याउनु हुने भएको कारण तिनीहरूले परमेश्वरका कुराहरू बुझ्न सक्छन् । उहाँले नै तिनीहरूका ढुङ्गाको हृदयको साटोमा मासुको हृदय हालिदिनुहुन्छ । तिनीहरूका इच्छालाई नयाँ बनाइदिएर उहाँको सर्वशक्तिशालीद्वारा तिनीहरूलाई के कुरा ठिक वा असल हो भन्ने निर्णय गर्नसक्ने ज्ञान हालिदिएर उहाँले तिनीहरूलाई प्रभावकारीरूपमा येशूतिर खिच्नुहुन्छ । तापनि तिनीहरू स्वभाविक तवरले स्वतन्त्ररूपमा नै आउँछन् र अनुग्रहद्वारा उहाँको सेवा गर्ने मन कसैगरी तिनीहरूमा हालिएकोमात्रै हुन्छ र सो काममा तिनीहरू लागिरहन सक्छन् ।

रोमी ८:३०; रोमी ११:७; एफे १:१०, ११. २ थेस २:१३, १४; २ कोर ३:३, ६. रोमी ८:२; एफे २:१, २, ३, ४, ५; २ तिमो १:९, १०. प्रे २६:१८; १ को २:१०, १२; एफे १:१७, १८. इज ३६:२६. इज ११:१९; फिलि २:१३; व्यव ३०:६; इज ३६:२७. एफे १:१९; युह ६:४४, ४५. भसं ११०:३; युह ६:३७; रोमी ६:१६, १७, १८

## खण्ड – २

परमेश्वरले मानिसहरूलाई आफ्नो सेवामा बोलाउनु हुने यो बोलावट आफैमा उहाँको एउटा विशेष र सित्तैमा दिइएको अनुग्रह हो । त्यो मानिस आफैले पहिले देखिराखेको वा गर्छु भनेर योजना बनाएको विषय होइन । पवित्र आत्माले उसको हृदयलाई नयाँ तुल्याइदिएर उसमा जागरूक हुने चाहना नहालिदिएसम्म मानिस त बडो निस्क्रिय हुन्छ । मानिस उहाँको सेवा गर्ने उहाँको बोलावटअनुसार काम गर्न सबल बनाइन्छ । यसरी सो बोलावटसँगै दिइएको अनुग्रहलाई आत्मसात गर्न मानिस सक्षम हुन्छ ।

२ तिमो. १:९; तित. ३:४, ५; एफे. २:४, ५, ८, ९; रोमी ९:११. १ को. २:१४; रोमी ८:७; एफे. २:५. युह. ६:३७; इज. ३६:२७; युह. ५:२५

## खण्ड- ३

शिशू अवस्थामै मर्ने चुनिएका दुधे शिशूहरूलाई ख्रीष्टले आत्माद्वारा पुनर्जीवन तथा उद्धार गर्नुभएको हुन्छ, जसले आफ्नो खशीअनुसार जहाँ, जसरी वा जहिले

पनि यो काम गर्नुहुन्छ । त्यसैगरी चुनिएका अरू पनि व्यक्तिलाई उहाँले उद्धार दिनुहुन्छ, जो वचनको सेवाको लागि बाह्य उपायद्वारा बोलाइन असमर्थ हुन्छन् ।

लुका १८:१५, १६, प्रे. २:३८, ३९, युह. ३:३, ५, १ युह. ५:१२, रोमी ८:९, युह. ३:८. १ युह. ५:१२; प्रे. ४:१२)

**खण्ड- ४**

अरूहरूलाई वचनको सेवाद्वारा बोलाइएकै भए पनि ती सबै चुनिएका होइनन् । तिनमा केही हदसम्म आत्माको सामान्य काम हुनसक्छ । तापनि ती साँच्चिकै ख्रीष्टमा नआउन सक्छन् र त्यसकारण तिनीहरूले उद्धार पाउन सक्ने छैनन् । ख्रीष्टियन आस्थालाई स्वीकार नगर्ने अत्यन्त थोरै मानिसहरूको उद्धार हुनसक्ला, त्यसका लागि अर्को कुनै उपाय तिनीहरूका लागि दिइएला पनि । तिनीहरूले आफ्नो जीवनलाई कुनै रीतिले परमेश्वरको वचनको आज्ञा पालनमा समर्पित गर्नुभन्दा अघि वा पछि ख्रीष्ट येशूलाई आफ्नो मुक्तिदाता मानिलिएर उहाँलाई स्वीकार गरेको भने हुनुपर्छ र त्यसैअनुसारको जीवनशैली जिएको हुनुपर्छ । त्यसबाहेक जोसुकै किन नहोस्, त्यो पापी र दुष्ट काम गर्न उद्दत मानिस हो, जसका लागि उद्धार त्यति सहज कुरो हुन सक्दैन ।

मत्ती २२:१४. मत्ती ७:२२; मत्ती १३:२०, २१; हिब्रू ६:४, ५. युह. ६:६४, ६५, ६६; युह. ८:२४. प्रे. ४:१२; युह. १४:६; एफे. २:१२; युह. ४:२२; युह. १७:३. २ युह. ९, १०, ११; १ को. १६:२२; गला. १:६, ७, ८

# अध्याय एघार
# धर्मी तुल्याइनु

**खण्ड – १**

जोजसलाई परमेश्वरले परिणाममुखी प्रकारले बोलाउनुभएको छ, उहाँले तिनीहरूलाई सित्तैमा धर्मी पनि तुल्याउनुभएको छ । तिनीहरूका शरीरमा डाक्टरले रगत हालिदिएजस्तो धार्मिकता हालिदिएर होइन, बरू तिनीहरूका पाप क्षमा गरिदिएर र तिनीहरूका व्यक्तित्वलाई धर्मी भनी मान्यता दिएर उहाँले तिनीहरूलाई धर्मी तुल्याउनुभएको छ । तिनीहरूलाई जबरजस्ती बटारेर कि

दोब्ब्राएर होइन वा तिनीहरूले गर्न सक्ने विशेष कामबाट प्रभावित बनेर होइन, बरू केवल येशू ख्रीष्टको खातिर, उहाँकै नाउँमा परमेश्वरले सबैलाई धर्मी तुल्याउने काम गर्नुभएको छ । यसका लागि उहाँले तिनीहरूमा विश्वास रोपिदिएर होइन, तिनीहरूलाई विश्वास गर्न करमा पारेर पनि होइन वा अन्य कुनै किसिमको प्रत्युत्तर गराएर पनि होइन, परमेश्वरले ख्रीष्टमा विश्वास गर्ने सबैलाई सामान्य रीतिले धर्मी तुल्याउनुभएको छ । उहाँले तिनीहरूमा सुसमाचारमाथिको सामान्य विश्वास गरिएको होस् भन्ने चाहनुभयो, तिनीहरूले ख्रीष्टको मृत्यु नै आफ्नो लागि उद्धारको पर्याप्त आधार हो भनी स्वीकार गरे पुग्ने बनाउनुभयो । यत्ति भएमा तिनीहरूले विश्वासद्वारा उहाँमा निर्भर हुन र उहाँको धार्मिकता ग्रहण गर्न सक्दछन् । तथापि, त्यही विश्वास पनि तिनीहरूको आफ्नो नभएर परमेश्वरले दिनुभएको वरदान हो ।

रोमी ८:३०; रोमी ३:२४; रोमी ४:५, ६, ७, ८; २ को. ५:१९, २१; रोमी ३:२२, २४, २५, २७, २८; तितस ३:५, ७; एफे. १:७; यर २३:६; १ को. १:३०, ३१; रोमी ५:१७, १८, १९; प्रे. १०:४३; गला. २:१६; फिलि. ३:१९; प्रे. १३:३८, ३९; एफे २:७, ८

## खण्ड – २

त्यसकारण विश्वास गर्नु भनेको येशूलाई ग्रहण गरेर उहाँमाथि र उहाँको धार्मिकतामाथि नै निर्भर हुनु हो । विश्वास नै धर्मी ठहरिने एकमात्र साधन पनि हो । तापनि व्यक्ति यसैमा मात्रै धर्मी ठहरिँदैन, बरू विश्वास सदासर्वदै उद्धारको अनुग्रहसँगै जोडिएर आउँछ । त्यसकारण यो विश्वास मृत अवस्थाको हुँदैन किनभने यसले प्रेममा निरन्तर काम गरिरहन्छ ।

युह. १:१२; रोमी ३:२८; रोमी ५:१. याकु. २:१७, २२, २६; गला. ५:६

## खण्ड - ३

आफ्नो आज्ञाकारिता र मृत्युद्वारा ख्रीष्टले धर्मी तुल्याइएका सबैका पाप–अपराधहरूको मूल्य चुकाउनुभयो । उहाँले तिनहिरू पक्षमा पिताको न्यायको खातिर गर्नुपर्ने सबै विधि पूरा गरेर साँचो र वास्तविक धार्मिकता प्रदान गर्नुभयो । पिताले तिनीहरूलाई जेजति दिनुपथ्र्यो दिनुभयो । उहाँको आज्ञाकारिता र तिनीहरूको पक्षमा उहाँले पूरा गर्नुपर्ने सबै कामहरू स्वीकार गरियो । तिनीहरूबाट विश्वास बाहेक अरू केही कुराको दाबी नगरिकन तिनीहरूलाई

धर्मी तुल्याउने अनुग्रह सित्तैमा दिइयो । यसरी पापीलाई धर्मी तुल्याउने काममा परमेश्वरको अनुग्रहको प्रचुरता र पक्का गरिएको न्यायको कारण उहाँलाई नै महिमा भएको होस् ।

रोमी ५:८, ९, १०, १९; १ तिमो. २:५, ६; हिब्रू १०:१०, १४; दानि. ९:२४, २६; यशै. ५३:४, ५, ६, १०, ११, १२. रोमी ८:३२. २ को. ५:२१; मत्ती ३:१७; एफे. ५:२. रोमी ३:२४; एफे. १:७. रोमी ३:२६; एफे. २:७

## खण्ड -४

परमेश्वरले अनन्त कालदेखि नै सबै चुनिएकाहरूलाई धर्मी तुल्याइने छ भनी वचन दिनुभएको थियो । अनि समयको पूर्णतामा ख्रीष्टले सो काम पूरा गर्नुभयो । उहाँ तिनीहरूका पापको सट्टामा मर्नुभयो, र तिनीहरूकै धार्मिकताको निम्ति उहाँ मृत्युबाट पुनरुत्थान हुनुभयो । त्यसो भए तापनि पवित्र आत्माले सही समयमा तिनीहरूका जीवनमा ख्रीष्टले सम्पन्न गरिदिनुभएको कामको प्रयोग नगर्दासम्म तिनीहरू धर्मी ठहऱ्याइने छैनन् ।

गला. ३:८; १ पत्रु. १:२, १९, २०; रोमी ८:३०. गला. ४:४; १ तिमो. २:६; रोमी ४:२५; कल. १:२१, २२; गला. २:१६; तीत. ३:३, ४, ५, ६, ७

## खण्ड- ५

जोजतिलाई धर्मी तुल्याउने काम भयो, ती सबैका पापहरू परमेश्वरले निरन्तर क्षमा गरिरहनुभएको छ । तथापि तिनीहरू धर्मी ठहरिएको अवस्थाबाट गिर्ने छैनन्, तिनीहरूले गर्ने पापले पिता परमेश्वरको हृदयमा चोट पुऱ्याउने काम त भैरहन्छ । तिनीहरूले आफूलाई विनम्र तुल्याएर आफ्ना पाप स्वीकार गर्दै क्षमा याचना गर्ने र आफूलाई फेरि नयाँ तुल्याउने काम गर्नका लागि साँचो पश्चाताप नगरेसम्म तिनीहरूको जीवनको ज्योति र त्यसको प्रभाव पुनस्र्थापित हुने छैन ।

मत्ती ६:१२; १ युह. १:७, ९; १ युह. २:१, २; लुका २२:३२; युह. १०:२८; हिब्रू १०:१४. भ.सं. ८९:३१, ३२, ३३; भ.सं. ५१:७, ८, ९, १०, ११, १२; भ.सं. ३२:५; मत्ती २६:७५; १ को. ११:३०, ३२; लुका १:२०

## खण्ड -६

यस विषयमा जसरी नयाँ करारका विश्वासीहरूलाई धर्मी तुल्याउने काम हुन्छ, ठिक त्यसरी नै पुरानो करारको व्यवस्था अन्तरगत विश्वासीहरूलाई धर्मी

तुल्याउने काम हुने गर्दथ्यो ।

गला. ३:९, १३, १४; रोमी ४:२२, २३, २४; हिब्रू १३:८

# अध्याय बाह्र
# धर्मपुत्र ग्रहण

**खण्ड- १**

धर्मी तुल्याइएका मानिसहरू जोजति छन्, सबैलाई परमेश्वरले ख्रीष्टमा ग्रहण गरिसक्नुभएको छ । उहाँले आफ्ना एकमात्र पुत्र प्रभु येशू ख्रीष्टमा सबै काम सम्पन्न गराउनुभएको छ, उहाँले धर्मपुत्रको रूपमा ग्रहण गर्नुहुने प्रावधानमा तिनीहरूलाई सहभागी हुन दिइएको छ । यही प्रक्रियाद्वारा उहाँको राज्यमा तिनीहरूको गणना हुन्छ । यसरी तिनीहरूले उहाँका सन्तान भएकोमा सुबिधा र स्वतन्त्रतामा आनन्द गर्न पाउने छन् । उहाँ नाउँ तिनीहरूलाई दिइएको छ । ग्रहण गराउनु हुने आत्मालाई तिनीहरूले ग्रहण गरेका हुन्छन् । तिनीहरूले उहाँको सिंहासनसम्म साहससाथ प्रवेश गर्ने अधिकार पाएका हुन्छन् । तिनीहरूले परमेश्वरलाई अब्बा – पिता भनेर पुकार्न पाएका छन् । तिनीहरूले ज्यादै कृपा पाएका छन् । तिनीहरूको सुरक्षा निश्चित गरिएको छ । तिनीहरूका सबै खाँचो पूरा गरिएको छ । अनि तिनीहरूको उपस्थितिमा पिताले झैँ परमेश्वरले आनन्द लिनु भएको छ । तिनीहरूलाई मिल्काइएन । बरू उद्धारको दिनको निम्ति तिनीहरूलाई छाप लगाइएको छ । तिनीहरू उहाँको प्रतिज्ञाका भागीदार भएका छन् । तिनीहरू अनन्त उद्धारका हकदार ठहऱ्याइएका छन् ।

एफे. १:५. गला. ४:४, ५; रोमी ८:१७; युह. १:१२. यर. १४:९; २ को. ६:१८; प्रका. ३:१२. रोमी ८:१५. एफे. ३:१२; रोमी ५:२. गला. ४:६. भ.सं. १०३:१३. हितो. १४:२६. मत्ती ६:३०, ३२; १ पत्रु. ५:७. हिब्रू १२:६. विला. ३:३१. एफे. ४:३०. हिब्रू ६:१२. १ पत्रु. १:३, ४; हिब्रू १:१४)

# अध्याय तेह्र
# शुद्धीकरण

## खण्ड -१

प्रभावकारी रूपमा बोलाइएका र उहाँमा नयाँ जन्म पाएका मानिसहरूमा नयाँ हृदय सिर्जना गरिएको हुन्छ । तिनीहरूमा नयाँ आत्मा सृष्टि गरिएको हुन्छ । तिनीहरूलाई अझै शुद्ध–पवित्र तुल्याउने काम व्यक्तिगतरूपमा र वास्तवमा नै हुँदै जान्छ । तिनीहरूलाई शुद्ध तुल्याउने काम ख्रीष्टको मृत्यु र पुनरुत्थानको सत्यताद्वारा हुन्छ । उहाँको वचन र आत्मा तिनीहरूमा वास गर्ने भएकोले तिनीहरूका सम्पूर्ण शरीरमा पापले गर्ने अधिकार नष्ट भएर जान्छ । तिनीहरूमा हुने अनेक थरीका अभिलाषाहरू कमजोर तुल्याइन्छन् र तिनलाई मार्ने काम पनि हुन्छ । तिनीहरूलाई अझ बढ्ता उद्धारको अनुग्रहमा सचेत र सबल बनाइन्छ । साँचो पवित्रताको अभ्यासका लागि यी सबै कामहरू गरिने छ । सत्य कुरो, पवित्रता बिना कसैले पनि परमेश्वरलाई देख्न सक्दैन ।

१ को. ६:११; प्रे. २०:३२; फिलि. ३:१०; रोमी ६:५, ६. युह. १७:१७; एफे ५:२६; २ थेस. २:१३. रोमी ६:६, १४. गला. ५:२४; रोमी ८:१३. कल. १:११; एफे ३:१६, १७, १८, १९. २ को. ७:१; हिब्रू. १२:१४

## खण्ड -२

शुद्ध–पवित्र तुल्याउने काम मानिसको सम्पूर्ण जीवनमा हुन्छ,७ तथापि यो जीवनमा सिद्धता नआउन सक्छ । हाम्रो जीवनका हरेक पक्षमा कतै न कतै अझै पनि भ्रष्टताको तूस बाँकी रहेको हुन सक्छ । हामीभित्र त्यसैकारण लगातार सम्झौता गर्नै नसकिन युद्ध चलिरहेको हुन्छ । हो, हामीभित्र आत्माले शरीरको अभिलाषासित युद्ध गरिरहेको हुन्छ र शरीरले आत्माको पवित्रतासित ।

१ थेस. ५:२३. १ युह. १:१०; रोमी ७:१८, २३; फिलि. ३:१२. गला. ५:१७; १ प्रे. २:११

## खण्ड -३

आत्मा र शरीरको यही युद्धमा कुनैबेला हामीमा हुने भ्रष्टता ज्यादै ठूलो हुन्छ । तरै पनि हामीलाई शुद्ध गर्नुहुने ख्रीष्टका आत्माले त्यस भ्रष्ट स्वभावलाई जित्नका लागि

निरन्तर शक्ति प्रदान गर्नुहुन्छ र नयाँ तुल्याइएको पक्षले विजय हासिल गर्छ ।यसरी सन्तजनहरू अनुग्रहमा बढ्दै जान्छन् । परमेश्वरको भयमा रहेर उनीहरूले पवित्रताको एउटा सिद्ध अवस्था प्राप्त गर्नेछन् ।

रोमी ७:२३. रोमी ६:१४; १ युह. ५:४; एफे. ४:१५, १६. २ पत्रुस. ३:१८; २ को. ३:१८. २ को. ७:१)

# अध्याय चौध
# उद्धार दिलाउने विश्वास

## खण्ड -१

अनुग्रहको विश्वासमा चुनिएकाहरूलाई आफ्नो प्राण बचाउनका लागि सक्षम बनाइन्छ, जो वास्तवमै तिनीहरूका हृदयमा२ हुने ख्रीष्टका आत्माको काम हो — यो काम वचन३को सेवकाइ हुने क्रममा यो सामान्य प्रक्रिया हो । पवित्र विधि र प्रार्थनाद्वारा यो वृद्धि हुन्छ । यही बुझाइमा उद्धारमा डोऱ्याउने विश्वासलाई बलियो बनाइन्छ ।

हिब्रू १०:३९. २ को. ४:१३; एफे १:१७, १८, १९; एफे २:८. रोमी १०:१४, १७. १ प्रे. २:२; प्रे. २०:३२; रोमी ४:११; लुका १७:५; रोमी १:१६, १७

## खण्ड- २

यही विश्वासद्वारा नै एउटा ख्रीष्टियनले वचनमा प्रकट गरिएका सबै कुराको पत्यार गर्छ । किनभने परमेश्वरले आफ्नो अख्तियारीमा वचन बोल्नुभएको हो । धर्मशास्त्रको हरेक खण्डमा जे बोलिएको छ, त्यसैमा रहेर प्रत्येकले काम गर्दछ । हरेकले परमेश्वरका आज्ञाहरू पालन गर्ने समर्पणता देखाउँछन्२ । वचनमा सचेत गराइएका कुराहरू उलङ्घन गर्नमा डराउँछ । यो जीवन र यसपछि अनन्तसम्मैका लागि दिइएका परमेश्वरका प्रतिज्ञाहरू अँगाल्दछ । तर उद्धारमा डोऱ्याउने विश्वासले गर्ने मुख्य कामहरूचाहिँ अनुग्रहको करार५मार्फत धर्मी तुल्याइन, पवित्र बनाइन र अनन्त जीवन दिलाउने कार्यहरूलाई स्वीकार गर्न, ग्रहण गर्न र केवल ख्रीष्टमाथि निर्भर गर्न डोऱ्याउनु हो ।

यूहन्ना ४:४२; १ थेस्स. २:१३; १ यूहन्ना ५:१०; प्रेरित २४:१४. रोमी १६:२६, यशै. ६६:२, हिब्रू ११:१३; १ तिमो. ४:८, यूहन्ना १:१२; प्रेरित १६:३१; गला. २:२०; प्रेरित १५:११

## खण्ड- ३

कमजोर वा बलियो हुने आधारमा विश्वासको मात्रा फरक पर्छ । अर्थात् सबै मानिसले एकै मात्रा वा स्तरको विश्वास गर्न सक्दैनन् । विश्वास विभिन्न कारणले बलियो वा कमजोर बन्न सक्छ । तर उद्धारको सन्दर्भमा मानिसले गरेको विश्वास जतिसुकै बलियो होस् कि फितलो नै किन नहोस्, त्यो विश्वास विजयी हुन्छ । हरेक मानिसमा भएको विश्वास ख्रीष्ट येशूको पूणर्ता१२ प्राप्त नगरून्जेल बढ्दै जान्छ । यहाँ मानिसको हृदयमा विश्वास शुरू र पूणर् गराउने१३ ख्रीष्ट येशू नै हुनुहुन्छ भनेर बुझ्नु असल हुनेछ ।

हिब्रू ५:१३, १४; रोमी ४:१९, २०; मत्ती ६:३०; मत्ती ८:१०, लुका २२:३१, ३२; एफे ६:१६; १ युह ५:४, ५, हिब्रू ६:११, १२; हिब्रू १०:२२; कल. २:२. हिब्रू १२:२

# अध्याय पन्ध्र
# जीवनका लागि पश्चाताप

## खण्ड- १

जीवनका लागि गरिने पश्चाताप सुसमाचारको निम्ति आवश्यक मानिएको अनुग्रह१ हो । यसका लागि स्थापित सिद्धान्त चाहिँ सुसमाचारका हरेक सेवकहरूले यस पश्चातापको प्रचार गर्नुपर्छ भन्ने हो । त्यसका साथसाथै यो ख्रीष्टमा गरिने विश्वासको आधार पनि हो ।

जक. १२:१०; प्रेरित ११:१८. लूका २४:४७; मर्कूस १:१५; प्रेरित २०:२१

## खण्ड- २

यही पश्चातापद्वारा एउटा पापीले आफ्ना आँखाले देखेको वा दिमागले सोचेकोभन्दा पर, पापले ल्याउने जोखिममात्रै होइन बरू अशुद्ध र खराबीहरू समेतबाट अलग्गिएर परमेश्वरको कृपा पाएर आफूलाई बचाउन सक्छ । उसले

परमेश्वरको व्यवस्थाको पवित्र र धर्मी स्वभाव धारण गर्दै र ख्रीष्ट येशूको कृपा प्राप्त गर्दै आṭना सबै खराबीबाट पछूतो गर्दै फर्किने उपाय पश्चातापद्वारा पाउँछ । यसरी उसले आफ्ना पापको निम्ति शोकित बनेर र त्यसलाई अबउसो घृणा गरेर परमेश्वरतिर फर्किन निणर्य लिन्छ । त्यसपछि ख्रीष्टलाई पछ्याउने र उहाँका सबै आज्ञाहरू पालन गर्ने उद्धेश्यमा ऊ अघि बढ्छ ।

इज. १८:३०, ३१; इज. ३६:३१; यशै. ३०:२२; भ.सं. ५१:४; यर. ३१:१८, १९; योएल २:१२, १३; आमो ५:१५; भजन ११९:१२८; २ को ७:११, भजन ११९:६, ५९, १०६; लुका १:६; २ राजा २३:२५

**खण्ड-३**

तथापि पापको पूणर् सन्तुष्टिको रूपमा पश्चाताप गरिनुहुँदैन । कुनै खास पापको क्षमा प्राप्त गर्नेमात्रै अभिप्रायले पनि पश्चाताप हुँदैन । त्यो त ख्रीष्ट येशूमा परमेश्वरले दिनुहुने सित्तैको अनुग्रहको काम हो । तापनि यो सबै पापीहरूका लागि अपरिहार्य छ । कसैले पनि पश्चाताप बेगर पापको क्षमादान पाउन सक्दैन ।

इज. ३६:३१, ३२; इज. १६:६१, ६२, ६३, होशे १४:२, ४; रोमी ३:२४; एफे. १:७, लुका १३:३, ५; प्रेरित १७:३०, ३१

**खण्ड- ४**

पाप सानो भन्ने हुँदैन, तापनि पापले सर्वनाश निम्त्याउँछ । त्यसैगरी पाप अत्यन्त ठूलो भन्ने पनि हुँदैन, तापनि साँचो मनले पश्चाताप गर्नेहरूमाथि पनि दण्ड आइलाग्ने होइन ।

रोमी ६:२३; रोमी ५:१२; मत्ती १२:३६, यशै. ५५:७; रोमी ८:१; यशै. १:१६, १८

**खण्ड-५**

सामान्य पश्चाताप गरिसकेपछि कसैले पनि त्यत्तिमै सन्तुष्ट भएर बस्नुहुँदैन । तर खास पापको निम्ति खास रीतिले पश्चाताप गर्नु उसको कर्तव्य हो ।

भ.सं. १९:१३; लूका १९:८; १ तिमो. १:१३, १५

**खण्ड-६**

हरेक मानिसले आफ्ना व्यक्तिगत पापको निम्ति परमेश्वरसामु व्यक्तिगतरूपमै

स्वीकार गर्न बाध्य पारिएझैं उसले हरेक पापको क्षमाको निम्ति प्रार्थना गर्नुपर्छ । त्यही प्रार्थनामाथि निर्भर भएर उसले सबै पापलाई त्याग्नुपर्छ तबमात्रै उसले कृपा पाउँछ । यसरी ऊ आफ्नो भाइ वा ख्रीष्टको मण्डलीका सदस्यहरूलाई दोष देखाइदिन सक्ने हुन्छ । यसका लागि ऊ आफैं इच्छुक बन्नुपर्छ र व्यक्तिगत वा सार्वजनिकरूपमा पाप स्वीकार गरेर आफ्ना पापको खातिर दुःख मनाउनुपर्छ र आफूले पाप गरेकोमा त्यसबाट प्रताडित भएका सबैसँग क्षमा माग्नुपर्छ । ती मानिसहरू अब उसित मिलापमा आउने छन् र उसले तिनीहरूलाई प्रेममा स्वीकार गर्नुपर्छ ।

भ.सं. ५१:४, ५, ७, ९, १४; भ.सं. ३२:५, ६. हितोपदेश. २८:१३; १ यूहन्ना १:९, याकूब ५:१६; लूका १७:३, ४; यहोशू ७:१९; भ.सं. ५१, २ को. २:८

# अध्याय सोह्र
# असल कार्यहरु

## खण्ड - १

परमेश्वरले गर्ने कामहरू उहाँले आफ्नो पवित्र वचनद्वारा१ आज्ञा गर्नु भएअनुसार मात्रै गरिएका हुन् भन्ने बुझिन्छ । त्यसबाहेक जेजस्तो व्याख्या गरिएको भए तापनि बाँकी कुराहरू मानिसले नै योजना बनाएअनुसार भएका हुन् — मानिसका आफ्नै अन्धजोशको कारण अथवा अन्य कुनै असल अभिप्रायअनुसार त्यस्ता योजनाहरू बनाइएका हुनसक्छन् ।

मीका ६:८; रोमी १२:२; हिब्रू १३:२१, मत्ती १५:९; यशै. २९:१३; १ पत्रुस १:१८; रोमी १०:२; युहन्ना १६:२; १ समु. १५:२१, २२, २३

## खण्ड - २

यी असल कामहरू यदि परमेश्वरका आज्ञाहरू पालन गरिएबमोजिम गरिएका हुन् भने ती जीवित विश्वास३ र सत्यमा गरिएका कामहरूका परिणाम हुन् । यिनै कामद्वारा विश्वासी जनहरूले आफ्नो हृदयबाट कृतज्ञता जाहेर गर्दछन्। उनीहरूले आफ्नो निश्चयतालाई बलियो बनाउँछन्, विश्वासका दाजुभाइ

दिदीबहिनीहरूलाई धार्मिकतामा भरथेग गर्छन्, सुसमाचारको कामलाई सुसज्जित तुल्याउँछन्, बिरोधीहरूका मुखलाई बन्द गराउँछन्, र यी सबैद्वारा परमेश्वरलाई महिमित बनाउँछन्। किनकि उनीहरू स्वयम् परमेश्वरकै हातमा सीपबाट बनिएका हुन्, ख्रीष्ट येशूमा सृष्टि गरिएका, पवित्रतामा फल फलाउने भएका र अनन्त जीवनको सुनिश्चितता भएका मानिसहरू हुन् ।

याकूब २:१८, २२, भ.सं. ११६:१२, १३; १ पत्रु. २:९, १ यूहन्ना २:३,५; २ पत्रु. १:५, ६, ७, ८, ९, १०, २ कोरिन्थी ९:२; मत्ती ५:१६, १ तिमो. २:५, ९, १०, ११, १२; १ तिमो. ६:१, १ पत्रु. २:१५, १ पत्रु. २:१२; फिलि. १:११; यूहन्ना १५:८. एफे. २:१०, रोमी ६:२२

## खण्ड - ३

विश्वासीहरूले आफ्नै क्षमताको कारण असल काम गर्न सकेका होइनन्, बरू त्यो क्षमता त सम्पूणर् रीतिले पवित्र आत्माबाट आएको हो । तिनीहरू सो कामको निम्ति सक्षम तुल्याइएका हुनसक्छन्, तिनीहरूले अघिबाटै प्राप्त गरिसकेको अनुग्रहको अलावा पनि असल र भलाइँको काम सोच्न र गर्नका लागि तिनीहरूले पवित्र आत्मा स्वयंको साँचो प्रभावमा परेरमात्रै गर्नसक्छन् । तथापि पवित्र आत्माको विशेष प्रभावमा नपर्दा कुनै विश्वासी बेपर्वाही बन्छ र उसले खराब काम नै गरिरहन्छ वा उसले आफ्नो दायित्व पूरा गर्न सक्दैन भन्ने होइन, तर उनीहरू आफ्ना हृदयमा राखिएको परमेश्वरको अनुग्रहको चलायमान हुँदा झनै दत्तचित्तले असल काम गर्न सक्ने हुन्छन् ।

युह १५:४,५; इज ३६:२६, २७, फिलि २:१३; फिलि ४:१३; २ को. ३:५, फिलि २:१२; हिब्रू ६:११, १२; २ पत्रु १:३, ५, १०, ११; यशै ६४:७; २ तिमो १:६; प्रे २६:६, ७; यहु २०, २१

## खण्ड - ४

जोजतिले आफ्नो आज्ञाकारितामा अत्यन्तै उच्च कुराहरू प्राप्त गर्छन्, जुन कुरा यही जीवन सम्भव पनि छ, चाहेको भन्दा पनि ज्यादै बढता प्राप्त गर्न सक्छ वा परमेश्वरले अह्राउनुभएको भन्दा बढी गर्न सक्छ, तापनि हरेक व्यक्ति असल गर्नबाट चुक्ने नै छ, जुन कुरा गर्न बाध्य बनेको वा बनाइएको हुन्छ ।

(लुका १७:१०; नहे १३:२२; अय्यु ९:२, ३; गला ५:१७)

## खण्ड - ५

हामी हाम्रा असल कार्यहरूद्वारा पापको क्षमा वा अनन्त जीवन प्राप्त गर्न (वा कमाउन) सक्दैनौं । यो त कुनै भेदभाव बेगर परमेश्वरको हात छ । पापको क्षमा वा अनन्त जीवनको प्राप्ति भन्ने कुरा परमेश्वरको अनुग्रहमा सम्भव हुन्छ, उहाँले आफ्नो महिमाका खातिर त्यो अनुग्रह हामीमा खन्याउनुहुन्छ । अनुग्रहकै कारण हामी र परमेश्वरको बीचमा भएको अभेद्य दूरी पनि नजिकमा ल्याइन्छ । त्यसो नहुँदो त हामीले आफ्नो अथक प्रयत्नले पनि उहाँमा जीवन प्राप्त गर्ने कुरो असम्भव हुने थियो । किनभने हाम्रा मानवीय प्रयत्नले परमेश्वरलाई न ता रिझाउन सकिन्थ्यो वा हाम्रै मुक्तिका लागि केही सन्तोषजनक उपलब्धी हुन सक्थ्यो । तर जसै हामीले सक्ने जति सबैथोक गर्‍यौं, त्यो त हामीले पूरा गरिदिएको जिम्मेवारी जस्तो मात्रै भयो, त्यसबाट हामीलाई केही पनि लाभ प्राप्त हुने छैन । यसरी ती कार्यहरू पवित्र आत्माबाट हुन आएका हुनालेमात्रै ती असल भनिएका हुन् । ती कार्यहरू हामीद्वारा नै गरिएको हुँदा पनि तिनले ल्याउने प्रतिफल भनेको खराबी नै हुन्छ, ती अशुद्ध छन् र अत्यन्त धेरै खराबी र असिद्ध कुराहरूसँग मिसिएका हुन्छन् । त्यसकारण ती परमेश्वरको न्यायका सामुन्ने कसैगरे पनि टिक्दैनन् ।

रोमी ३:२०; रोमी ४:२, ४, ६; एफे २:८, ९; तित ३:५, ६, ७; रोमी ८:१८; भ.सं. १६:२; अय्यु २२:२, ३; अय्यु ३५:७, ८. लुका १७:१०, गला. ५:२२, २३. यशै. ६४:६; गला. ५:१७; रोमी ७:१५, १८; भ.सं. १४३:२; भ.सं. १३०:३

## खण्ड - ६

तरै पनि विश्वास गरेको आधारमा विश्वासीको व्यक्तित्वलाई ख्रीष्टमा ग्रहण गरिएको हुन्छ । उनीहरूले गर्ने असल कार्यहरू पनि उहाँमा ग्रहण गरिएकै हुन्छन्, तथापि ती कुनै रीतिले पनि जीवनमा निर्दोष ठहर्‍याउने अथवा परमेश्वरको दृष्टिमा खोटरहि तभने हुनसक्दैनन् ।धेरै कमजोरी र अपूणर्तामा गरिएका यस्ता कामहरूलाई उहाँले आफ्ना पुत्रमा हेरेर स्वीकार गर्नुहुन्छ र जुनचाहिँ साँच्चिकै इमानदारितामा गरिएको छ, त्यसलाई इनाम पनि दिनुहुन्छ ।

एफे १:६; १ पत्रु २:५; प्रस् २८:३८; उत्प ४:४ हिब्रू ११:४, अय्यु ९:२०; भजन १४३:२, हिब्रू १३:२०, २१; २ कोर ८:१२; हिब्रू ६:१०; मत्ती २५:२१, २३

**खण्ड ७**

पुनर्जीवन प्राप्त नगरेको मानिसले धेरै असल कामहरू गरेर देखाऊला, ती परमेश्वरले चाहनुभएकै कामहरू हुनसक्छन् र तिनले आफैंलाई र अरूलाई पनि फाइदा नै गर्छन् भने पनि ती वचनबमोजि भए-गरिएका होइनन्, ती विश्वासद्वारा पवित्र तुल्याइएको ह्‌दयबाट भएका होइनन् । त्यसकारण ती पाप स्वभावका हुन्छन् र तिनले परमेश्वरलाई रिझाउने भन्ने कुरै हुँदैन, न ता मानिसलाईं परमेश्वरको अनुग्रह ग्रहण गर्ने योग्यको बनाउँछन् । तरै पनि तिनले बेवास्ता गरेका कुराहरू पापपूणर् हुन्छन् र तिनले परमेश्वरको थप निगाह वा उहाँलाई खुशी बनाउन सक्दैनन् ।

२ राजाहरू १०:३०, ३१; १ राजा २१:२७, २९; फिलि. १:१५, १६, १८, उत्पत्ति ४:५, हिब्रू ११:४; हिब्रू ११:६, १ कोरिन्थी १३:३; यशैया १:१२ मत्ती ६:२, ५, १६, हागै. २:१४; तीत. १:१५; आमोस ५:२२, २३; होशे १:४; रोमी ९:१६; तीतस ३:५. भजन १४:४; भ.सं. ३६:३; अय्यूब २१:१४, १५; मत्ती २५:४१, ४२, ४३, ४५; मत्ती २३:२३

# अध्याय सत्र
# सन्तहरुको लगनशीलता

**खण्ड - १**

परमेश्वरले जसलाई उहाँका प्रिय पुत्रमा स्वीकार गर्नुभएको छ, तिनीहरूलाई प्रभावकारीरूपमा बोलाउनुभयो र आत्माद्वारा शुद्ध गर्नुभयो, तिनीहरू कुनै हालतमा पनि अनुग्रह प्राप्त गरेको अवस्थाबाट गिर्ने छैनन् । तिनीहरू अनन्तसम्मै बचाइने छन् । तर पनि तिनीहरूले जीवन रहेसम्म लगनशील बनेर जिउनुपर्छ ।

फिलि. १:६; २ पत्रु. १:१०; यूहन्ना १०:२८, २९; १ यूहन्ना ३:९; १ पत्रु. १:५, ९

**खण्ड - २**

सन्तहरूले लगनशील भएर परमेश्वरलाई पछ्याउने कुरा तिनीहरूको आफ्नै इच्छा वा बलबुँताले नभएर परमेश्वरको चूप गराउनै नसकिने चुनाव (छनौंट) को नियमको कारण परमेश्वर पिताबाट स्वतहः बहने सित्तैको र कहिल्यै नबदलिइने प्रेमको कारणले गर्दा हो । अनन्त उद्धारबाट प्राप्त गरिएको लाभ र स्वयम् प्रभु

येशू ख्रीष्टले गरिदिनुहुने अन्तरबिन्तीको कारण विश्वासीले धर्मी जीवन जिउन सहज हुन्छ । त्यसका साथै पवित्र आत्मामा बाँधिएर र परमेश्वरको स्वभाव तिनीहरूमा रोपिएको भएर उनीहरूलाई विश्वासी जीवन लगनशीलतासाथ जिउन सजिलो हुन्छ । त्यो काम अनुग्रहको करारको स्वभावले गर्दा पनि सहज हुन्छ । यी सबै कुराबाट जीवनको सुनिश्चितता र अटलता बलियो बन्दै जान्छ ।

२ तिमोथी २:१८, १९; यर्मिया ३१:३, हिब्रू १०:१०, १४; हिब्रू १३:२०, २१; हिब्रू ९:१२, १३, १४, १५; रोमी ८:३३, यूहन्ना १७:११, २४; लूका २२:३२; हिब्रू ७:२५, यूहन्ना १४:१६, १७; १ यूहन्ना २:२७; १ यूहन्ना ३:९, यर्मिया ३२:४०, यूहन्ना १०:२८; २ थेस्स ३:३; १ यूहन्ना २:१९

### खण्ड ३

तथापि शैतान र संसारले ल्याउने परीक्षा तथा तिनमा भएको भ्रष्ट प्रचलन र आफूलाई बचाउने प्रावधानको बेवास्ता गरेको कारण ती आफैं दुःखद पापमा गिरेका छन् । त्यसो भए तापनि समय त निरिन्तर घर्किँदै जान्छ । त्यसैबाट परमेश्वरलाई झनै मन नपर्ने कुरा हुन जान्छ र पवित्र आत्मालाई दुखित तुल्याउने काम हुनेछ । त्यसको आधारमा तिनीहरूले प्राप्त गरेको अनुग्रह र सुबिधाको खास मापदण्डबाट ती चुकेका हुनेछन् । तिनीहरूका हृदय कठोर बनेका छन् । तिनीहरूका चेतना पनि घायल बनेको छ । एउटाले अर्कोलाई बदनाम गर्ने र चोट पुऱ्याउने काम बढेको हुन्छ । यसरी मानिसहरूले आफैंमाथि क्षणिक न्याय र दण्ड ल्याउने छन् ।

मत्ती २६:७०, ७२, ७४, भ.सं. ५१, १४. यशै. ६४:५, ७, ९; २ शमूएल ११:२७, एफिसी ४:३०, भजन ५१:८, १०, १२; प्रकाश २:४; ५:२, ३, ४, ६, यशै. ६३:१७; मर्कूस ६:५२; मर्कूस १६:१४, भजन ३२:३, ४; भजन ५१:८, २ शमूएल १२:१४, भजन ८९:३१, ३२; १ कोरिन्थी ११:३२

## अध्याय अठाह्र
## अनुग्रह र उद्धारको निश्चयता

### खण्ड-१

कतिपय छद्मभेषी, कपटी र साँच्चिकै नयाँ जन्म नभएका मानिसहरूले आफैंलाई

व्यर्थमा झुक्याउने काम गर्लान् । तिनीहरूले परमेश्वरको कृपा र उद्धार पाएको अवस्थामा हुन पाऊँला भन्ने शारीरिक अभिलाषा र निरर्थक आशा साध्ने मनशायसहित आफूलाई झुक्याउन सक्लान् । तिनीहरूको त्यस्तो आशा नष्ट हुन्छ । तर येशू ख्रीष्टमा साँचो विश्वास गर्ने, उहाँलाई इमान्दार भएर प्रेम गर्ने, उहाँको सामुन्ने सम्पूणर् रीतिले लगनशील बनेर जिउँने हो भने यस जीवनमा उद्धारको अनुग्रह पाएरको निश्चयतामा तिनीहरू अवश्य नै रहनेछन् । यस अवस्थामा उनीहरू परमेश्वरको महिमाको आशामा रमाउन सक्छन् । त्यो आशाले तिनीहरूलाई कदापि लाजमा पर्न दिने छैन ।

अय्यूब ८:१३, १४; मीका ३:११; व्यव. २९:१९; यूहन्ना ८:४१, मत्ती ७:२२, २३, १ यूहन्ना २:३; १ यूहन्ना ३:१४,१८,१९,२१,२४; १ यूहन्ना ५:१३, रोमी ५:२

## खण्ड- २

यो अवश्य पनि सामान्य अनुमानित विचार होइन, यो अनुमान लगाएर ठीकै हुने आशामा पछ्याउँदै जाने कुरा होइन । यो निरर्थक भएर जाने आशामा अडिएजस्तो पनि होइन । यो त व्यर्थ भएर नजाने विश्वासको सुनिश्चितता हो यो — इश्वरीय सत्यमा स्थापित उद्धारको प्रतिज्ञा हो । यो अनुग्रह मानिसको अन्तरमनमा विश्वासद्वारा पुष्टि हुन्छ, जसमाथि प्रतिज्ञा गरिएको हो । हामी अबउसो परमेश्वरका सन्तान हौं भन्ने कुराको गवाही धर्मपुत्र ग्रहण गर्नुहुने पवित्र आत्माले हाम्रो आत्मालाई दिनुहुन्छ । हामीले परमेश्वरमा उत्तराधिकारको रूपमा पाउने आत्मा नै पवित्र आत्मा हुनुहुन्छ र उहाँमा नै हामीले उद्धारको दिनको निम्ति छाप लगाइएको छ ।

हिब्रू ६:११, १९, हिब्रू ६:१७, १८, २ पत्रुस १:४, ५, १०, ११; १ यूहन्ना २:३; १ यूहन्ना ३:१४; २ कोरिन्थी १:१२, रोमी ८:१५, १६, एफिसी १:१३, १४; एफिसी ४:३०; २ कोरिन्थी १:२१, २२

## खण्ड- ३

यो अचुक निश्चयता विश्वासको अपरिहार्यतामा पर्दैन तर साँचो विश्वासीले यो निश्चयता प्राप्त गर्न लामो समयसम्म पर्खिनु परोस्, यसमा सहभागी बन्नका लागि उसले धेरै कठीनाइ र संघर्ष गर्नुपरोस् । तापनि पवित्र आत्माद्वारा आफूलाई परमेश्वरद्वारा सित्तैमा दिइने कुराहरू थाहा पाउन ऊ सक्षम बन्नसक्छ । कुनै

अस्वाभाविक प्रकाश बेगर नै सामान्य साधनहरूको सही प्रयोगद्वारा नै पवित्र आत्माको उपस्थिति विश्वासीले पाउनेछन् । त्यसकारण पनि सबै विश्वासीहरूले उहाँको बोलावट र छनौंटलाई आफ्नै तुल्याउने जिम्मेवारी ठान्नुपर्छ । त्यसकारण पवित्र आत्माको शान्ति र आनन्द ग्रहण गर्नेगरी विश्वासीको हृदय फराकिलो हुनुपर्छ, परमेश्वरप्रति प्रेम र कृतज्ञताले हृदय भरिएको हुनुपर्छ र आज्ञा पालनको कर्तव्यमा सहर्ष र सबल हुनुपर्छ । यो नै निश्चयताको सही प्रतिफल हो — उहाँको स्वतन्त्रतामा झुकाउ राख्ने मानिसहरूले पाउने निश्चयता ।

यूहन्ना ५:१३; यशैया ५०:१०; मर्कूस ९:२४; भ.सं. ८८, भ.सं. ७७;१२, १ कोरिन्थी २:१२; १ यूहन्ना ४:१३; हिब्रू ६:११, १२; एफिसी ३:१७, १८, १९, २ पत्रुस १:१०, रोमी ५:१, २, ५; रोमी १४:१७; रोमी १५:१३; एफिसी १:३, ४; भजन ४:६, ७; भजन ११९:३२, १ यूहन्ना २:१, २; रोमी ६:१, २; तीत २:११, १२, १४; २ कोरिन्थी ७:१; रोमी ८:१, १२; १ यूहन्ना ३:२,३; भजनसंग्रह १३०:४; १ यूहन्ना १:६, ७

## खण्ड- ४

सच्चा विश्वासीहरूले आŒनो उद्धारको निश्चयता गुमाउने थुप्रै आधार हुनसक्छन् । कति कुराहरू बुझ्नबाट टक्टकिएर, विषयलाई घटाएर र अपूरो गराएर भए पनि यसलाई जोगाइराख्ने काममा बेवास्ता गरिदिएर, कुनै विशेष पापमा आफैं फँसेर पनि उद्धारको निश्चयता मानिसहरूमा नहुन सक्छ । यी सबै क्रियाकलापबाट आŒनै विवेकलाई खोटो बनाउने र पवित्र आत्मालाई सन्ताप दिने काम हुन्छ । कहिलेकाहिँ अचानक र लागिपरी आइलाग्ने परीक्षाद्वारा, वा परमेश्वर स्वयंले आŒनो ज्योति हामीबाट हटाइदिनु भएर वा उहाँको अनावश्यक डर मानेर उल्टै अध्यारोमा हिँड्ने भएर वा आफूमा कुनै उज्यालो नभएर१५ पनि मानिसले उद्धारको निश्चयता गुमाउन सक्छ । तथापि परमेश्वरबाट आउने निश्चयताबाट ती कदापि बताउन सकिनेगरी उजाडिने छैनन् । त्यसैगरी विश्वासको जीवन, ख्रीष्ट र विश्वासका दाजुभाइ दिदीबहिनीहरूको प्रेम, हृदयको इमानदारिता, कर्तव्य पालन गर्ने चेतनाबाट ती बिल्कुलै बञ्चित हुने छैनन् । त्यसबाहेक पवित्र आत्माले गर्नुहुने कामद्वारा यो निश्चयता तोकिएको समयमा पुनः प्राप्त गर्न सकिन्छ । तापनि केही बेरका लागि ती बताउन सकिने निराशाबाट गुज्रिने छन् ।

भ.सं. ५१:८, १२, १४; एफिसी ४:३०, ३१; भजन ७७:१ देखि १०; मत्ती २६:६९, ७०, ७१, ७२; भजन ३१:२२; भ.सं. ८८, यशै. ५०:१०, । यूहन्ना ३:९; लूका २२:३२; अय्यूब १३:१५; भजन ७३:१५; भजन ५१:८, १२; यशैया ५०:१०,

माइक ७:७, ८, ९; यर्मिया ३२:४०; यशैया ५४:७, ८, ९, १०; भजनसंग्रह २२:१

# अध्याय उन्नाइस
# परमेश्वरको व्यवस्था

## खण्ड -१

परमेश्वरले आदमलाई एउटा व्यवस्था दिनुभयो — काम वा जिम्मेवारीको एउटा करार, जसमा ऊ उसपछि आउँने सबै पुस्ताहरू बाँधिएका थिए । त्यो करार नितान्त व्यक्तिगत, विस्तृत, सटीक र आज्ञा पालनका लागि निरन्तर लागू भैरहने किसिमको थियो । आज्ञा पालनद्वारा यो करारका शर्तहरू पूरा गरेको खण्डमा जीवनको प्रतिज्ञा गरिएको थियो भने करार भ· गरेको खण्डमा मृत्युको घोषणा गरिएको थियो । यो करार पूरा गर्न आदमलाई चाहिने सकै शक्ति र अधिकार पनि दिइएको थियो ।

उत्पत्ति १:२६, २७ उत्पत्ति २:१७; रोमी २:१४, १५; रोमी १०:५; रोमी ५:१२, १९; गला. ३:१०, १२; उत्प. ७:२९; अय्यूब २८:२८

## खण्ड- २

आदम असफल भएपछि पनि यो व्यवस्था धार्मिकताका लागि एउटा सिद्ध नियमका रूपमा निरन्तर चलिरहेको छ । यसैको निरन्तरताको रूपमा सिनै पर्वतमा दस आज्ञा दिइयो र ती आज्ञाहरूलाई ढुंगमा दुईओटा पाटीमा लेखिएको थियो । दस आज्ञाहरूमध्ये पहिला चारओटा आज्ञाहरूले परमेश्वरप्रति हाम्रो दायित्व के हुन्छ भनी बताएका छन् र बाँकी छओटाले मानिसहरूप्रति हाम्रो उत्तरदायित्व देखाएका छन् ।

याकूब १:२५; याकूब २:८, १०, ११, १२; रोमी १३:८, ९; व्यव. ५:३२; व्यव. १०:४; प्रस. ३४:१, मत्ती २२:३७, ३८, ३९, ४०

## खण्ड- ३

नियम वा व्यवस्थालाई सामान्य अर्थमा नीति वा नैतिकता पालन गर्नुपर्ने भनी

बुझिएको छ । दस आज्ञाजस्ता धेरै आज्ञाहरूका अलावा परमेश्वरले इस्राएलीहरू र त्यसपछि ख्रीष्टमा स्थापित हुने मण्डलीका लागि केही खास पर्व वा उत्सव मनाउने नियमहरू पनि दिनुभयो । उक्त व्यवस्थामा उहाँले थुप्रै विधिहरू पनि तोकिदिनुभयो । यी विधिहरूमा केही मात्रामा ख्रीष्टलाई बुझ्ने, उहाँको अनुग्रह, काम, उहाँले भोग्ने दुःखकष्ट र उहाँले दिनुहुने आशिषलाई बुझेर आराधना गर्ने कुरा समावेस हुन्छन् । त्यसैगरी यी विधिहरूमा थप मात्रा भने नैतिक कर्तव्य पालन गर्नका लागि प्रेरित वा बाध्य तुल्याउने आग्रह समावेस गरिएका हुन्छन् । चाडपर्व मान्नका लागि दिइएका यी सबै विधिहरू नयाँ करार अन्तरगत अहिले पालन गर्नु नपर्ने तुल्याइएका छन् ।

हिब्रू ९ अध्याय; हिब्रू १०:१; गला. ४:१, २, ३; कल. २:१७. १ को. ५:७; २ को. ६:१७; यहु.दा २३, कल. २:१४, १६, १७; दानि. ९:२७; एफे. २:१५, १६

## खण्ड- ४

परमेश्वरले तिनीहरूका लागि विभिन्न किसिमका न्यायिक व्यवस्था (कानुन) पनि तोकिदिनुभयो । ती नियमहरू समुदायका सबैले पालन गर्नुपर्ने, एकअर्काप्रति उत्तरदायी बन्नुपर्ने भनी बाध्यकारी बनाइएका थिए । तर ती कानुनहरू पुरानो करारको युगको अन्त्य भएसँगै वा ती मानिहरूको उक्त अवस्था नरहेपछि स्वतः निस्क्रिय भएर गए वा पूरा गरिए । अहिले ती नियमको खासै अर्थ रहँदैन र हामीले पालन गरिरहनु पनि पर्दैन । त्यसपछि यी कुनै पनि नियम पालन गर्नुपर्ने खाँचो बाँकी रहँदैन ।

प्रस. २१ अध्याय; प्रस. २२:१ देखि २९; उत्पत्ति ४९:१०, १ पत्रुस २:१३, १४; मत्ती ५:१७, ३८, ३९; १ को. ९:८, ९, १०

## खण्ड -५

नैतिक नियमले सबैलाई एउटा अनुशासनको दायराभित्र राख्छ । हामी सबै नै अरूझैं आज्ञाकारिताका लागि धर्मी तुल्याइएका व्यक्तिहरू हौं । यसमा जे लेखिएको छ, त्यतिकै लागि मात्र होइन, बरू हाम्रा सृष्टिकर्ता परमेश्वरको अख्तियारप्रति सम्मान जनाउन हामी उहाँका नियमहरू पालन गर्छौं, जसले ती नियमहरू बनाउनुभयो । यी नियमहरूलाई ख्रीष्टले पनि रद्द तुल्याउनुभएन ।

सुसमाचारमा पनि यी व्यवस्था रद्द भए भनिएको छैन । बरू यी नियमहरूकै आधारमा नैतिक जीवनका लागि अझ प्रबल आज्ञाहरू दिइएको छ ।

रोमी १३:८, ९, १०; एफिसी ६:२; १ यूहन्ना २:३, ४, ७, ८, याकूब २:१०, ११, मत्ती ५:१७, १८, १९; याकूब २:८; रोमी ३:३१

## खण्ड ६

तथापि साँचो विश्वासीले कामको करारले स्थापित गरेको नियममा बाँधिनु पर्दैन, नभए ता त्यस नियमका आधारमा उसको कामलाई जाँचिने र उसलाई दण्डको आज्ञा दिइने थियो । तापनि त्यो तिनीहरू र अरूअरूका लागि पनि निकै प्रयोग भैरहेको हुन्छ । यसैमा जीवनको एउटा नियमको रूपमा परमेश्वरको इच्छा के हो भनी तिनीहरूलाई जानकारी गराउने र तिनीहरूका जिम्मेवारी बताइदिने काम हुनुपर्छ । यसले तिनीहरूलाई सोहीबमोजिम जिउनुपर्ने भनी एकप्रकारको बन्धनमा पार्छ । तिनीहरू हृदय, स्वभाव र जीवनमा फैलिएको पापको प्रदुषण कति धेरै भयानक छ भन्ने पनि थाह गराउँछ । यसरी आफैंलाई जाँच गरेर आफू कति दोषी रहेछु भन्ने पक्का गर्न र त्यसका खातिर पछूतो गर्दै पापलाई घृणा गर्ने अवस्थासम्म फर्किन सक्छन् ।१४ समग्रमा यो ज्ञानले तिनीहरूलाई ख्रीष्ट येशूमा हुनुपर्छ भन्ने कुरा प्रष्टगरी देख्ने र उहाँको आज्ञा पालन गर्नमा सिद्धता चाहने व्यक्ति बनाउँछ । त्यसैगरी नयाँ जीवनमा सरिजाने र आफ्ना भ्रष्ट चालचलनबाट अलग्गिने जस्ता कुरामा पाप गर्नबाट बर्जित हुने कुरा आउँछ । पाप गर्नबाट पछि सर्नुपर्ने र आफूले गरेको पापको परिणाममा कति ठूलो मूल्य चुक्ता गर्नुपर्छ भन्ने कुरामा चेतावनी लिने र यस जीवनमा कस्तो दुःख भोग्नुपर्ने रहेछ भन्ने कुरा बुझ्नेसमेत यसैमा जोडिएर आउँछ । यसबाट व्यवस्थामा सचेत गराइएको पापको दण्डबाट उम्किनुपर्ने तथ्यले मानिसलाई घच्घचाउँछ । त्यही कार्यशैली वा तौर-तरिकाअनुसारको प्रतिफल प्राप्त हुने प्रतिज्ञा अघिबाटै गरिएको छ, त्यसैबमोजिम परमेश्वरको आज्ञा पालन गरेवापत पाउने उन्मुक्ति यसमा जोडिन्छ । यस किसिमले जीवन यापन गर्दै आएकोमा तिनीहरूले धेरै आशिषको अपेक्षा गर्न सक्दछन् । तथापि कामको लागि तोकिएको करारको रूपमा मानिसले पूरा गर्नैपर्ने भने यो होइन । यसरी मानिसले असल काम गर्नुपर्ने र गलत वा खराबीबाट

अलग्गिनुपर्ने हुन्छ । किनभने व्यवस्थाले एउटालाई निकै राम्रोसँग अघि बढ्न हौसला दिन्छ र त्यस्तै अर्कोबाट हतोत्साहित पनि गर्छ । त्यसो हुँदा पनि ऊ व्यवस्थाको अधीनमा नै रहेको छ भन्ने प्रमाण यसले दिँदैन न ता अनुग्रहको अधीनमा नै ऊ हुन्छ ।

रोमी ६:१४; गलाती २:१६; गलाती ३:१३; गलाती ४:४, ५; प्रेरित 13:39; रोमी ८:१ रोमी ७:१२, २२, २५; भजनसंग्रह ११९:४, ५, ६; १ कोरिन्थी ७:१९; गलाती ५:१४, १६, १८, १९, २०, २१, २२, २३, रोमी ७:७; रोमी ३:२०, याकूब १:२३, २४, २५; रोमी ७:९, १४, २४, गलाती ३:२४; रोमी ७:२४, २५; रोमी ८:३, ४, याकूब २:११; भजनसंग्रह ११९:१०१, १०४, १२८, एज्रा ९:१३, १४; भजनसंग्रह ८९:३०, ३१, ३२, ३३, ३४ लेवी २६:१ देखि १४, २ कोरिन्थी ६:१६; एफिसी ६:२, ३; भ.सं. ३७:११, मत्ती ५:५; भजनसंग्रह १९:११, गलाती २:१६; लूका १७:१०, रोमी ६:१२, १४; । पत्रुस ३:८, ९, १०, ११, १२, भ.सं. ३४:१२, १३, १४, १५, १६; हिब्रू १२:२८, २९

### खण्ड -७

माथि उल्लेख गरिएका कुनै पनि व्यवस्थाको प्रयोगले अनुग्रहको सुसमाचारसँग बिमति राख्दैनन्, बरू ती सबै ज्यादै सहज प्रकारले सुसमाचारको सन्देशसित सहमत भैदिन्छन् । ख्रीष्टका आत्माले मानिसलाई आफ्नो अधीनमा राख्दै उसका इच्छालाई प्रबल बनाउँदै राजीखुशी र आनन्दसाथ असल इच्छा गर्न र काम गर्न सक्ने तुल्याउनुहुन्छ, जुन कुरा परमेश्वरको व्यवस्थामा आग्रहकै रूपमा उल्लेख गरिएको छ ।

गला. ३:२१, इज. ३६:२७; हिब्रू ८:१०, यर. ३१:३३

## अध्याय बीस
## ख्रीष्टियनहरुको स्वतन्त्रता र विवेकको स्वतन्त्रता

### खण्ड - १

सुसमाचारको प्रावधान अनुसार ख्रीष्टले विश्वासीहरूका लागि किन्नुभएको स्वतन्त्रतामा उनीहरू पापको दोषी भावना र भष्म गर्ने परमेश्वरको क्रोधबाट उन्मुक्त हुने कुरा समावेस हुन्छ । साथै नैतिक व्यवस्थाको श्रापबाट मुक्त गराउने काम पनि यही स्वतन्त्रताले गर्छ । यस वर्तमान संसारको दुष्टता, शैतानको बन्धन

र पापको अधिकारबाट छुटकारा दिलाउने काम यसै स्वतन्त्रताले गराउँछ । त्यसैगरी दुःखकष्टको दुस्चक्र, मृत्युको दुर्गन्ध र चिहानमाथि र अनन्तसम्मै दण्डित हुने परिणाममाथि विजयी हुने स्वतन्त्रता पनि यसैमा जोडिएर आउँछ । यसले नै विश्वासीहरूलाई सहजै परमेश्वरसम्म पहुँचमा लैजान्छ । अनि उहाँमा समर्पित भएर गरिने आज्ञापालनको निम्ति तयार गराउँछ, दासत्वको भावना वा जबरजस्तीमा परेको महसुस गर्दै होइन बरू सन्तान बनेको अनुभूतिमा बालकलेझैं प्रेममा बाँधिएर राजीखुशीले आज्ञाकारी बन्न प्रेरित गर्छ । यी सबै कुरा विश्वासीहरूका लागि व्यवस्थाको अधीनमा सामान्य नै हुन्छन् तर नयाँ करारको अधीनमा विश्वासीहरूले प्राप्त गर्ने स्वतन्त्रता निकै बृहत हुन्छ, त्यो विधि पालनको व्यवस्थाको जुवाबाट उन्मुक्त हुन्छ, जसको अधीनमा यहुदी (चर्च) समुदाय रहेको थियो । योचाहिँ अत्यन्तै साहससाथ परमेश्वरको अनुग्रहको सिंहासनसामु पुग्दछ । यसरी व्यवस्थाको अधीनमा हुने विश्वासीहरूले लिने समान्य सहभागिताभन्दा बढी परमेश्वरका स्वतन्त्र आत्मासित पूरा सम्बाद गर्न सम्भव हुन्छ ।

तित. २:१४; १ थेस्स. १:१०; गला. ३:१३, गला. १:४; कल. १:१३; प्रेरित २६:१८; रोमी ६:१४, रोमी ८:२८; भ.सं. ११९:७१; १ को. १५:५४, ५५, ५६, ५७; रोमी ८:१, रोमी ५:१, २. रोमी ८:१४, १५; १ यूहन्ना ४:१८, गला. ३:९, १४. गलाती ४:१, २, ३, ६, ७; गला. ५:१; प्रेरित १५:१०, ११, हिब्रू ४:१४, १६; हिब्रू १०:१९, २०, २१, २२, यूहन्ना ७:३८, ३९; २ को. ३:१३,१७,१८

## खण्ड -२

परमेश्वर आफैं सबै ज्ञान र चेतनाका प्रभु हुनुहुन्छ । उहाँको वचनको विपरीत देखिएका मानिसका कुनै पनि तर्क, सिद्धान्त र आदेशहरूलाई त्यत्तिकै स्वतन्त्र छाडिदिनुभयो । त्यसका अतिरिक्त विश्वास र आराधनाको सवालमा पनि जेजति कुराहरू वचनसँग मिल्दैनथे, ती सबैलाई उहाँले त्यत्तिकै छाडिदिनुभयो । त्यसर्थ यस्ता सिद्धान्तहरू मानिलिनु वा विवेकले सही नठहऱ्याउँदा नठहऱ्याउँदै पनि यस्ता सिद्धान्तहरू मान्ने कुरालाई उहाँले त्यसै छाडिदिनुभयो । त्यसकारण विवेकभन्दा बाहिरबाट आएका यस्ता सिद्धान्त, आज्ञा वा तर्कहरू पत्याउनुको अर्थ स्वतन्त्र तुल्याउने पवित्र आत्माको विचारलाई अस्वीकार गर्नु हो । यसका साथै कुनै खास विशवासको खोजी गर्नु वा चूपचाप अन्धभक्त बनेर आज्ञा पालन

गर्नु भनेको पनि स्वतन्त्र तुल्याउने महान विवेक वा तर्कलाई रद्धी बनाउन खोज्नु हो ।

याकु. ४:१२; रोमी १४:४, प्रेरित ४:१९; प्रेरित ५:२९; १ को. ७:२३; मत्ती २३:८, ९, १०; २ को. १:२४; मत्ती १५:९, कल. २:२०, २२, २३; गला. १:१०; गला. २:४, ५; गला. ५:१, रोमी १०:१७; रोमी १४:२३; यशै. ८:२०; प्रेरित १७:११; यूहन्ना ४:२२; होशे. ५:११; प्रका. १३:१२, १६, १७; यर. ८:९

## खण्ड -३

ख्रीष्टियन स्वतन्त्रताको बहानामा कति मानिसहरूले पाप गरिराख्ने वा कुनै अभिलाषामा रमाइलो गरिरहेका हुन सक्छन् । यसरी तिनीहरूले आखिरमा आफ्नो ख्रीष्टियन स्वतन्त्रता नष्ट गर्नेछन् । हुन त यो स्वतन्त्रताको खास अर्थ शत्रुका हातबाट छुटकारा पाउनु भन्ने पनि हो । यो स्वतन्त्रता पाइसकेपछि हामी परमेश्वरको सेवा बिना डर गर्न सक्छौं । हामी उहाँलाई पवित्रता र धार्मिकतामा हाम्रा हरेक दिन स्वेच्छाले सेवा गर्न सक्छौं ।

गला. ५:१३; १ पत्रु. २:१६; २ पत्रु. २:१९; यूहन्ना ८:३४; लूका १:७४, ७५

## खण्ड ४

परमेश्वरले अभिषेकको रूपमा दिनुभएको शक्तिको र ख्रीष्टले हाम्रा लागि खरिद गर्नुभएको स्वतन्त्रताको कारण यो स्वतन्त्रता नष्ट होस् भन्ने परमेश्वर पटक्कै चाहनुहुन्न । बरू यसलाई परमेश्वर र हामी दुवै पक्ष मिलेर जोगाउन सकौं, यो उहाँको चाहना हो । जो जसले यस स्वतन्त्रताको बाहनामा अचाहिँदो काम गर्छन्, तिनलाई वैधानिक शक्तिको प्रयोगद्वारा विरोध गर्नुपर्छ । त्यस्ता विचार र गतिविधिहरूको विरोध व्यवस्थासम्मत काम गरेर गर्न सकिन्छ । नागरिक समाजको प्रयत्नबाट होस् वा धार्मिक (चर्च) समुदायको सक्रियतामा होस्, हामीले परमेश्वरले दिनुभएका नियमहरूका आधारमा त्यस्ता क्रियाकलापको विरोध गर्नुपर्छ । अनि तिनीहरूले यस सवालमा सार्वजनिक गरेका विचारहरू वा स्वतन्त्रताको विषयमा गरिएको हेलचेक्र्याँईको विरोध हुने नै छ । त्यो कुरा विश्वासको सवालमा होस् कि आराधना वा वार्तालाप गरिँदा उठाइएको सवालमा होस्, अथवा इश्वरीय चरित्रबाट आउने शक्ति होस्, त्यस्तो गलत बुझाइ वा खराब अभ्यास होस्, त्यसको आफ्नै स्वभावमा होस् वा त्यसलाई सार्वजनिक गर्ने वा

आफैंले लागू गर्ने कुरा किन नहोस्, तिनले हामीमा भएको बाहिरी शान्तिका निम्ति घातक हुन्छन् । त्यही कुरा ख्रीष्टले शुद्धताको लागि चर्चमा स्थापित गरिदिनुभएको छ । त्यसकारण तिनीहरूलाई व्यवस्था अनुसार नै ख्रीष्टिमा उत्तरदायी बन्न उत्साहित गरिएको छ । उनीहरूलाई परै उत्तरदायी हुन बोलाइएको छ । यसरी यो विषय चर्चको गम्भीर विषय बनेको छ र यसैबाट चर्चलाई हदैसम्म निन्दाको पात्र तुल्याउने काम पनि भएको छ ।

मत्ती १२:२५; १ पत्रु. २:१३, १४, १६; रोमी १३:१-८; हिब्रू १३:१७, रोमी १:३२, १ Cor ५:१, ५, ११, १३; २ युह. १०, ११, २ थेस्स. ३:१४, १ तिमो. ६:३, ४, ५ र तित. १:१०, ११, १३, तित. ३:१०, मत्ती १८:१५, १६, १७; १ तिमो. १:१९, २०; प्रका. २:२, १४, १५, २०; प्रका. ३:९. व्यव. १३:६-१२; रोमी १३:३, ४, २ युह. १०, ११; एज्रा ७:२३, २५, २६, २७, २८; प्रका. १७:१२, १६, १७; नेह. १३:१५, १७, २१, २२, २५, ३०; २ राजा २३:५,६, ९, २०, २१; २ इति. ३४:३३; २ इति. १५:१२, १३, १६; १ तिमो. २:२; यशै. ४९:२३; जक. १३:२, ३

# अध्याय एक्काइस
# धार्मिक आराधना तथा विश्राम दिन

## खण्ड- १

प्रकृतिको प्रकाशले परमेश्वर हुनुहुन्छ भनी देखाउँछ, जसको प्रभुत्व र सर्वाधिकार सम्पूणर् ब्रम्हाण्ड र यसमा भएका यावत् थोकहरूमाथि छ । उहाँको त्यस प्रभुत्व आफैंमा असल छ र सबैका लागि त्यसले असलै गर्छ । त्यसकारण उहाँको यस प्रभुत्वको हामीले भय मान्नुपर्छ, हामीले यसलाई प्रेम र आदर गर्नुपर्छ । यसको प्रशंसा र पुकारा गर्नुपर्छ । यसमा हामीले भरोसा गर्नुपर्छ । उहाँको सार्वभौमिकता बुझेर हामीले आफ्नो सम्पूणर् हृदयले, सम्पूणर् प्राणले र सम्पूणर् बलले उहाँको सेवा गर्नुपर्छ । तर कसरी आराधना गर्दा परमेश्वरलाई स्वीकारयोग्य हुन्छ भन्ने कुरा उहाँ आफैंले तय गर्नुभएको हो । त्यसकारण उहाँको सेवा-आराधना कसरी गर्ने भन्ने कुरा उहाँको इच्छामा सीमित गरिएको छ । यसको अर्थ, उहाँको आराधना गर्ने कुरा मानिसको आफ्नै परिकल्पना वा संसाधनको प्रयोगद्वारा, शैतानले सुझाएका युक्तिहरूद्वारा वा कुनै पनि प्रत्यक्ष कि परोक्ष प्रतिनिधीद्वारा, अथवा पवित्र धर्मशास्त्रले सिकाएकोभन्दा फरक प्रयत्नद्वारा हुनै सक्दैन ।

(रोमी १:२०; प्रेरित १७:२४; भ.सं. ११९:६८; यर. १०:७; भ.सं. ३१:२३; भ.सं. १८:३; रोमी १०:१२; भ.सं. ६२:८; यहो. २४:१४; मर्कूस १२:३३. व्यव. १२:३२; मत्ती १५:९; प्रेरित १७:२५; मत्ती ४:९, १०; व्यव. ४:१५-२०; प्रस. २०:४, ५, ६; कल. २:२३)

## खण्ड-२

धार्मिक आराधना परमेश्वरलाई — पिता, पुत्र र पवित्र आत्मालाई अर्पण गरिएको हुनुपर्छ । आराधना भन्ने कुरा परमेश्वरलाई मात्रै दिइन्छ । यो कुनै स्वर्गदूतलाई, सन्त जनलाई अथवा अन्य कुनै प्राणीलाई दिइन्न । मानिसको पतनपछि आराधनाको लागि ख्रीष्टबाहेक अन्य कुनै मध्यस्थकर्तामार्फत पनि सिद्ध आराधना गरिएको छैन । परमेश्वरले त्यस्तो आराधना कतै-कसैबाट होस् भन्ने चाहनुभएको पनि छैन ।

मत्ती ४:१० यूहन्ना ५:२३ र २ को. १३:१४, कल. २:१८, प्रका. १९:१०; रोमी १:२५, यूहन्ना १४:६; १ तिमो. २:५; एफे. २:१८; कल. ३:१७

## खण्ड -३

धन्यवाद सहितको प्रार्थना धार्मिक आराधनाको एउटा विशेष भाग हो, त्यही किसिमको प्रार्थना सबै मानिसहरूले गरून् भन्ने परमेश्वरले अपेक्षा गर्नुभएको छ । यो प्रार्थना पुत्र परमेश्वरमा गरिनुपर्छ, जुनचाहिँ पवित्र आत्माको सहयतामा हुन्छ र त्यही प्रार्थनाचाहिँ उहाँको इच्छाअनुसार हुने भएकोले पिता परमेश्वरमा स्वीकारयोग्य बन्छ । यस्तो प्रार्थना उहाँको अनुग्रहलाई बुझेर, भय र विनम्रतासाथ, विश्वासमा खुरन्धार लागेर, प्रेममा निरन्तर भैरहनुपर्छ । यदि यस्तो प्रार्थना सबैले सुन्नेगरी हो भने मानिसले बुझ्ने भाषामा गर्नुपर्छ ।

फिल. ४:६, भ.सं. ६५:२, यूहन्ना १४:१३, १४; १ प्रत्रु. २:५, रोमी ८:२६, १ यूहन्ना ५:१४, भ.सं. ४७:७; उत्प. ५:१, २; हिब्रू १२:२८; उत्पत्ति १८:२७; याकूब ५:१६; याकूब १:६, ७; मर्कूस ११:२४; मत्ती ६:१२, १४, १५; कल. ४:२; एफे. ६:१८, १ को. १४:१४

## खण्ड ४

प्रार्थना नियमसम्मत भएर गर्नुपर्छ । धर्मशास्त्रको कुनै पनि नियम अटेर गरेर प्रार्थना हुनसक्दैन । मानिसले जीविकोपार्जन गर्नका लागि आवश्यक पर्ने स्रोतसाधनहमानिसले जीविकोपार्जन गर्नका लागि आवश्यक पर्ने स्रोतको खाँचो

टार्न वा त्यसपछि जसरी नि जीवितहरूका लागि प्रार्थना गर्नुपर्छ । मृतकहरूका लागि त होइन । तिनीहरूका लागि पनि होइन, जसले मृत्युमा पुऱ्याउने पाप गरिरहेका हुन्छन्, न त तिनीहरूका लागि जसले मृत्युमा पुऱ्याउने पाप गरेका छन् भन्ने थाहा भएको छ ।

१ यूहन्ना ५:१४, १ तिमो. २:१, २; यूहन्ना १७:२०; २ शमु. ७:२९; रूथ ४:१२. २ शमु. १२:२१, २२, २३, लूका १६:२५, २६; प्रका. १४:१३. १ यूहन्ना ५:१६

## खण्ड- ५

परमेश्वरको डर मानेर धर्मशास्त्रको अध्ययन गर्नु, धर्मशास्त्रकै विषयमा सही प्रचार गर्नु र बडो ध्यान दिएर वचन सुन्नु, प्रष्ट समझ, पक्का विश्वास र भयसाथ परमेश्वरको आज्ञा पालन गर्नमा प्रतिबद्ध हुनु, अनुग्रहले भरिएर ह्‌दयदेखि प्रशंसाका भजन गाउनु सबै नै धार्मिकतामा हुने आराधनाकै विशेष गतिविधिहरू हुन् । त्यसैगरी ख्रीष्टले प्रतिस्थापन गरिदिनुभएका पवित्र विधिहरू पालन गर्नु-गराउनु पनि सामान्य धार्मिक आरधना परमेश्वरमा अर्पण गर्नुकै भाग हो । यी धेरै क्रियाकलापका अतिरिक्त धार्मिक आशयले हुने-गरिने शपथ वा भाकल गर्नु, समर्पित उपवास बस्नु र विशेष अवसरमा कृतज्ञता व्यक्त गर्नु । विभिन्न समय र अवसरहरूमा हुने-गरिने यी सबै क्रियाकलापहरू अवश्य पनि धार्मिक आराधनाकै विशेष पक्ष तथा प्रकारहरू हुन् ।

प्रेरित १५:२१; प्रका. १:३. २ तिमो. ४:२, याकूब १:२२; प्रेरित १०:३३; मत्ती १३:१९; हिब्रू ४:२; यशै. ६६:२, कल. ३:१६; एफे. ५:१९; याकूब ५:१३. मत्ती २८:१९; १ को. ११:२३-29; प्रेरित २:४२. व्यव. ६:१३, नहे. १०:२९, यशै. १९:२१, उत्प. ५:४, ५. योएल २:१२; एस्तर ४:१६; मत्ती ९:१५; १ को. ७:५, भ.सं. १०७; एस्तर ९:२२. हिब्रू १२:२८

## खण्ड -६

न ता प्रार्थना न धार्मिक आराधनाका अरू क्रियाकलापहरूका लागि चलाएका व्यवस्थाहरू अबउसो सुसमाचारले स्थापित गरिदिएको व्यवस्थाको अधीनमा छैनन् । पहिले जुन ठाउँ र जुन समयमा आराधना गरिन्थ्यो, ती ठाउँ वा तिथिमितिको पनि अब कुनै अर्थ बाँकी रहेको छैन । अर्थात् पहिलेको व्यवस्थामा तोकिएका विधि, स्थान वा मितिमा नै आराधना गर्दामात्रै परमेश्वरमा ग्रहणयोग्य हुन्छ, त्यसकारण त्यसै गर्नुपर्छ भन्ने बाध्यता अब बाँकी रहेन । बरू परमेश्वरलाई

जहाँसुकै र जहिलेसुकै आराधना गर्न सकिन्छ, र हामीले आत्मामा र सत्यतामा त्यसै गर्नुपर्छ । त्यसैगरी उहाँको आराधना जोसुकैको पारिवारिक आराधनामा पनि यही कुरा हुनसक्छ । उहाँको आराधना दैनिकरूपमा गर्नुपर्छ । त्यसैगरी कसैले आफैं र व्यक्तिगतरूपमा निजी किसिमले आराधना गर्न सकिन्छ । अझ बढी सामुहिक भेलाहरूमा उहाँको आराधना हुनसक्छ । त्यस्ता कुराहरू बेपर्वाही भएर वा जानीजानीकन बेवास्ता गरिदिएर होइन, खासगरी, जब परमेश्वरले आ(नो वचनमा र इच्छामा हामीलाई आराधना गर्न आव्हान गर्नुहुन्छ ।

यूहन्ना ४:२१, मला. १:११; १ तिमो. २:८, यूहन्ना ४:२३, २४, यर्मिया १०:२५; व्यव. ६:६, ७; अय्यूब १:५; २ शमु. ६:१८, २०; १ पत्रु. ३:७; प्रेरित १०:२. मत्ती ६:११, मत्ती ६:६; एफे. ६:१८, यशै. ५६:६, ७; हिब्रू १०:२५; हितो. १:२०, २१, २४; हितो. ८:३४; प्रेरित १३:४२; लूका ४:१६; प्रेरित २:४२

**खण्ड- ७**

प्राकृतिक नियमकै रूपमा भए पनि सामान्य रीतिले परमेश्वरको आराधनाका लागि पर्याप्त समय हामीले छुट्ट्याउनुपर्ने हो । त्यही कुरा उहाँको वचनमा लेखिएको छ । उहाँले आराधना गर्नुपर्ने विषयमा उहाँले सकारात्मक, नैतिक र अत्यावश्यक आज्ञा दिनुभएको छ । यो आज्ञा सबै उमेरका सबै मानिसहरूले पालन गर्नुपर्ने बाध्यात्मक छ । उहाँले हप्ताको एक दिन आराधनाकै निम्ति बिश्राम दिन भनेर तोक्नुभएको छ र त्यो दिन उहाँका निम्ति पवित्र मान्नुपर्ने भनिएको छ । त्यो संसारको प्रारम्भदेखि येशू ख्रीष्टको पुनरुत्थान भएको दिनसम्म बिश्राम दिनलाई हप्ताको अन्तिम दिनका रूपमा मान्ने गरिएको थियो र उहाँको पुनरुत्थान भएपछि त्यसलाई परिवर्तन गरेर हप्ताको पहिलो दिनलाई बिश्रामको दिन मान्न थालिएको छ । यस दिनलाई धर्मशास्त्रमा प्रभुको दिन भनिएको छ । यो प्रचलनलाई ख्रीष्टियनहरूको बिश्राम दिनको रूपमा संसारको अन्त्यसम्मै निरन्तरता दिनुपर्छ ।

प्रस्थान २०:८, १०, ११; यशैया ५६:२, ४, ६, ७, उत्पत्ति २:२, ३; १ कोरिन्थी १६:१, २; प्रेरित २०:७, प्रकाश १:१०, प्रस्थान २०:८, १०, मत्ती ५:१७, १८

**खण्ड- ८**
त्यसपछि बिश्राम दिनलाई परमप्रभुमा पवित्र मानिएको छ । जब मानिसले आराधनाको निम्ति आट्ना हृदयमा पूरै तयारी गर्छ, त्यसभन्दा अघि नै यसले आफ्ना सबै कामकुराहरू ठीक' बनाउँछ । उसले दिनभरि नै केही काम नगरिकन आराम गरेर बस्नेमात्रै होइन, आफ्ना सांसारिक विचार र चालचलनबाट अलग्ग बस्नेमात्रै पनि होइन र बिश्राम गर्ने बाहनामा आमोदप्रमोद वा रमाइलो गर्दै बस्ने पनि होइन, बरू उसले आफूलाई परमेश्वरमा ग्रहणयोग्य बनाउने उद्देश्यले मनदेखि गम्भीर र चोखोनितो बनाउँछ । उसले सम्पूणर् दिनभरि नै सामुहिक वा निजी आराधना कसरी अझै शुद्ध हृदयले गर्न सकिन्छ भन्ने र त्यसका साथै कसरी गर्नैपर्ने कर्तव्य पालन वा अरूमाथि कृपालु हुनुपर्ने कुरामा विशेष ध्यान दिन्छ ।

प्रस्थान २०:८; प्रस्थान १६:२३, २५, २६, २९, ३०; प्रस्थान ३१:१५, १६, १७; यशैया ५८:१३; नेह. १३:१५, १६, १७, १८, १९, २१, २२, यशै. ५८:१३; मत्ती १२:१ देखि १३

## अध्याय बाइस
## व्यवस्थाअनुसार भाकल गर्नु वा कसम खानु

**खण्ड - १**
व्यवस्थाले भनेअनुसार वा विधिसम्मत ढङ्गले भाकल गर्नु भनेको धमार्मिक आराधनाकै एउटा भाग हो । कुनै खास अवसरमा मानिसले परमेश्वरलाई पुकारा गर्दै गरेको भाकलले उसले के कुरा उहाँलाई चढाउने प्रतिज्ञा गर्न खोजेको हो भन्ने देखाउँछ । उसले जे प्रतिज्ञा गरी कसम खाएको छ, त्यसमा ऊ आफैं इमानदार छ-छैन भन्ने कुराको जाँच हुनसक्छ ।

व्यवस्था १०:२० (ख), प्रस्थान २०:७; लेवी १९:१२; २ कोरिन्थी १:२३, २ इतिहास ६:२२, २३

**खण्ड - २**
शपथ खाने मानिसले परमेश्वर स्वयंको नाउँमा लिएको हुन्छ, र त्यसकारण शपथ भन्ने कुरा अत्यन्तै पवित्र भय र आदरमा हुनुपर्छ । त्यसकारण व्यर्थमा कसम खानु

वा उहाँको अति पवित्र र भयानक नाउँलाई हलुका बनाएर नचाहिँदो कुरामा शपथ हाल्नु, अथवा अन्य कुनै पनि कुरामा कसम खानुलाई पापकर्म भनिएको छ, त्यसर्थ त्यो घृणित कर्म हो । तथापि शपथको महत्व, वजन तथा अवसरको सवालमा पुरानो करारमात्रै होइन नयाँ करार अन्तरगत पनि परमेश्वरको वचनबाट चेतावनी दिइएको छ । त्यसकारण व्यवस्थासम्मत ढङ्गले लिइएको शपथलाई वैधानिक अधिकार वा नेतृत्वबाट स्वीकृत गरिएको छ भने यस्ता सपथ वा भाकलहरूलाई जायज मान्न सकिन्छ ।

व्यवस्था ६:१३, प्रस्थान २०:७; यर्मिया ५:७; मत्ती ५:३४, ३७; याकूब ५:१२, हिब्रू ६:१६; २ कोरिन्थी १:२३; यशैया ६५:१६, १ राजा ८:३१; नहे. १३:२५; एज्रा १०:५

## खण्ड - ३

शपथ लिने जोसुकै भए पनि उसले त्यसको विशुद्धता र बडो महत्वको (वजनदार) काम मानेको हुनुपर्छ । सो शपथलाई सत्य मानेर आफ्नो कसम बचाउन उसले हरप्रयास गरेको हुनुपर्छ । त्यसो नहुने हो त, कोही मानिसले पनि आफूलाई त्यस वाचा वा भाकलमा बाँधिराख्दैन र आफूलाई असल लागेको काममा ऊ लागिरहन्छ, ऊ जे विश्वास गर्छ, त्यही काम गर्छ र ऊ जे गर्न सक्षम छ, गर्नसक्ने पनि त्यति नै हो । तापनि कुनै पवित्र चिजलाई छोएर वा पवित्र नाम लिएर शपथ लिन मनाही गरिएको छ, जुन कुरा वैधानिक नेतृत्व वा अख्तियारले लागू गरेको हुन्छ ।

प्रस्थान २०:७; यर्मिया ४:२, उत्पत्ति २४:२, ३, ५, ६, ८, ९, गन्ती ५:१९, २१; नहे. ५:१२; प्रस्थान २२:७, ८, ९, १०, ११

## खण्ड - ४

शपथ लिँदा सामान्य अर्थ र सरल शब्दमा लिनुपर्छ । क्लिष्ट वा आफैंले नबुझिने भाषाको प्रयोग गरेर वा कसैको दबावमा परेर वा मनले नमान्दानमान्दै शपथ लिनु हुँदैन । कुनै पनि शपथ वा भाकलले पाप गर्न बाध्य बनाउनु हुँदैन । त्यसैगरी कुनै क्रियाकलाप वा विचार आफैंमा पाप गर्न लगाउने प्रकारको पनि हुनुहुँदैन । शपथ लिइसकेपछि त्यसले सोहीअनुसारको काम गर्न बाध्य पार्नेछ । कति अवस्थामा शपथ भन्ने कुरा सहज हुँदैन, त्यसले मानिसलाई चोट पुऱ्याउन पनि सक्छ । कति

शपथहरूले झुटो शिक्षा वा विद्रोहतिर लैजान सक्लान्, तापनि त्यसलाई उलंघन गर्नु हुँदैन ।

यर्मिया ४:२; भ.सं. २४:४, १ शमूएल २५:२२, ३२, ३३, ३४; भ.सं. १५:४, इज. १७:१६, १८, १९; यहो. ९:१८, १९, २ शमु. २१:१

## खण्ड ५

भाकल गर्नुको अर्थ प्रतिज्ञा गरेर शपथ खाएको सरह हो र त्यसलाई धार्मिक मान्यता दिएर नै पूरा गर्नुपर्ने हुन्छ । यस किसिमका कुनै पनि शपथ वा भाकलहरू विश्वासयोग्य भएर नै पूरा गर्नुपर्छ ।

यशैया १९:२१; उपदेशक ५:४, ५, ६; भजनसंग्रह ६१:८; भजनसंग्रह ६६:१३, १४

## खण्ड ६

सृष्टि गरिएका कुनै पनि प्राणीको नाउँमा होइन बरू परमेश्वरको नाउँमा मात्रै शपथ खाइन्छ । यसरी मात्रै त्यो भाकल वा शपथ स्वीकार्य हुन्छ । यो व्यक्तिले स्वेच्छासाथ लिएको हुनुपर्छ, कसैको करमा परेर होइन । अविश्वास गर्दागर्दै वा कुनै कर्तव्यले बाँधिएर पनि होइन, बरू प्राप्त गरेको कृपाको निम्ति धन्यवादी भएको कारणले वा अब के प्राप्त गर्ने इच्छा हो, सोका लागि भाकल गरिन्छ । त्यसो भएमा सोही भाकलमा व्यक्ति अझै नैतिक कर्तव्यमा र अरू पनि कुराहरूमा बाँधिइन्छ ।

भजन ७६:११; यर्मिया ४४:२५, २६, व्यवस्था २३:२१, २२, २३; भजनसंग्रह ५०:१४; उत्पत्ति २८:२०, २१, २२; १ शमूएल १:११; भजनसंग्रह ६६:१३, १४; भजनसंग्रह १३२:२,३,४,५

## खण्ड ७

परमेश्वरको वचनमा नभनिएको वा मनाही गरिएको कुनै पनि काम वा उहाँले अज्ञा गर्नुभएका काम गर्नमा बाधा पुऱ्याउने कुरा गर्छु भनेर कसैले कसम खाँदैन । त्यस्तै उसको सामथ्र्यले नभ्याउने वा आफूले सक्दै नसक्ने काम गर्छु भनेर शपथ हाल्दैन । शपथ हालेर गर्छु भनिएको कामका लागि परमेश्वरबाट कुनै पनि क्षमता आउँदैन भने पनि कसम खानुको खास औचित्य हुँदैन । यही आधारमा आजीवन विवाह नगरीकन परमप्रभुको सेवामा लाग्छु भनेर पोप प्रचलनमा मानिसहरूले

शपथ हालेका हुन्छन् । मानिसहरूले आजन्म विपन्नतामा बाँच्ने, नियमित उहाँको आज्ञाकारी हुने, उच्च सिद्धता भेट्टाउने प्रयासमा जिउँने भनेर खाने कसमहरू पनि यसैमा पर्छन् । तर यस्ता शपथहरू भ्रमपूणर्, अन्धविश्वास र पापपूणर् छलबाट आएका हुन्, जसमा ख्रीष्टियनहरू आफैं पासोमा परेझैं बाँधिएका भेट्टाइन्छन् ।

प्रेरित २३:१२, १४; मर्कूस ६:२६; गन्ती ३०:५, ८, १२, १३, मत्ती १९:११, १२; १ कोरिन्थी ७:२, ९; एफिसी ४:२८; १ पत्रुस ४:२; १ कोरिन्थी ७:२३

# अध्याय तेइस
# सार्वजनिक प्रशासन

## खण्ड - १

सारा जगतका सर्वोच्च प्रभु र महाराजा परमेश्वर आफैंले सार्वजनिक प्रशासन वा सरकारको नियुक्ति गर्नुभएको हो । त्यो उहाँको अधीनमा हुन्छ र उहाँका मानिसहरूमाथि त्यसले शासन गर्छ । उहाँले नै आफ्नो महिमाको लागि त्यसको नियुक्ति गर्नुभएको हो । त्यसले मानिसहरूमाथि सुशासन गर्छ भन्ने विश्वासमा उहाँले त्यसलाई स्थापित गर्नुभएको हो । उहाँले त्यसलाई वैधानिकरूपमा शक्तिशाली बनाएर मानिसहरूमाथि अधिकार गर्न तरवार (अख्तियार वा शक्ति) दिनुभयो । त्यो शक्ति आम मानिसहरूको सुरक्षाबको लागि हो - असल गर्नेहरूलाई अझैं उत्साह दिनका लागि र खराब गर्नेहरूलाई दण्ड दिनका लागि ।

रोमी १३:१,२,३,४; १ पत्रु. २:१३, १४

## खण्ड - २

ख्रीष्टियनहरूले सरकार वा प्रशासनमा रहेर काम गर्नु अवैधानिक होइन । परमेश्वरले यस सेवाको निम्ति बोलाउनु भएको हो भने उनीहरूले प्रशासनिक कार्यालय सञ्चालन गर्नु उचित हुन्छ । उनीहरूले त्यो जिम्मेवारीमा रहँदा शुद्धता,

न्याय, शान्ति र तोकिएको नियम कानुनअनुसार सबै मानिसहरूका लागि लोकल्याणकारी काम गर्नुपर्छ । त्यस उद्देश्यका लागि उनीहरू अबउसो कानुनसम्मत ढङ्कले नयाँ करारको व्यवस्था अधीन हुन्छन् र स्वाभाविक रूपमा न्यायसंगत र जरुरी अवस्थामा युद्ध गर्नुपर्ने जिम्मेवारी लिन पनि उनीहरूलाई बाधा पुगेको मानिँदैन ।

हितोपदेश ८:१५, १६; रोमी १३:१, २, ४, भजनसंग्रह २:१०, ११, १२; १ तिमोथी २:२; भजन ८२:३, ४; २ शमूएल २३:३; १ पत्रुस २:१३, लूका ३:१४; रोमी १३:४; मत्ती ८:९, १०; प्रेरित १०:१, २; प्रका. १७;१४

**खण्ड -३**

सार्वजनिक प्रशासनमा रहेको व्यक्तिले चर्चको बेदीमा प्रचारिने वचन र पवित्र विधिहरूको सेवामा संलग्न नहुनु राम्रो हो । तिनीहरूले स्वर्गको राज्यका विशेष अधिकारहरूको प्रयोग गर्नुहुँदैन । अथवा कम्तीमा पनि प्रभुमाथिको विश्वासमा सोझैं दखल पुऱ्याउने काममा सरिक हुनुहुँदैन । तापनि समग्र समाजको अविभावक भएको नाताले तिनीहरूले चर्चको हित र सबैका परमप्रभु हाम्रा परमेश्वरको महिमा गर्ने विषयमा ध्यान दिनुपर्छ । यसो गर्दा उनीहरूले एउटा धार्मिक सम्प्रदायलाई अर्कोभन्दा तल वा माथि नगरीकन सबैलाई बराबरी हुने व्यवहार गर्नुपर्छ । यसरी ख्रीष्टियन प्रशासकहरूले सबै चर्चका सबै मानिसहरूलाई आफ्नो आस्थाको स्वतन्त्र अभ्यास गर्न, खुशीसाथ र बिनाप्रश्न आफ्नो धार्मिक कार्यमा लागिरहन स्वतन्त्रता दिनुपर्छ । उनीहरूका पवित्र विधिहरू पालन गर्नमा बाधाविरोध वा हिंसाको सामना गरिरहनु नपर्ने अवस्थाको ग्यारेण्टी हुनुपर्छ । जसरी प्रभु येशूले एउटा सामान्य सरकारको नियुक्ति गर्नुभएको छ र आफ्नो चर्चलाई अनुशासनमा राख्नुभएको छ, त्यसको गम्भीर परिपालन गरिने हो भने कुनै पनि देशमा भएका ऐन कानुनले कुनै पनि ख्रीष्टियन सम्प्रदायका नियमित गतिविधिहरूलाई बाधा पुऱ्याउँदैनन् । त्यसकारण स्वतस्फुर्त ढुगंले कुनै पनि सम्प्रदायसँग सम्बद्ध चर्चले आफ्नो आस्था र परम्पराअनुसार गर्नुपर्ने धार्मिक अभ्यासहरूमाथि सरकारले अंकूश लगाउँदैन । सार्वजनिक प्रशासनमा भएको मानिसले गर्नुपर्ने सबैभन्दा प्राथमिक दायित्व भनेको मानिसको जीवनको सुरक्षा र सबै मानिसहरूको सुस्वास्थ्य र अमनचयन

कायम राख्नु हो । यस्तो प्रभावकारी शासन व्यवस्था हुने हो भने कोहीकसैले पनि दुःखकष्ट भोग्ने छैन । त्यस्तो सरकारले धर्म र पहिचानको विषयमा कुनै नक्कली काम पनि गर्ने छैन । कुनै प्रकारले कसैको स्वाभिमानमाथि चोट पुऱ्याउने, हिंसा फैल्याउने, शोषण गर्ने र कसैलाई घायल बनाउने काम पनि हुन सक्दैन । यसो हुँदा सबै धार्मिक अनुष्ठान, भेला तथा सभासम्मेलनहरू बिना रोकतोक र बिघ्नबाधा सम्पन्न हुन पाउनेछन् ।

२ इति २६:१८, मत्ती १८:१७, मत्ती १६:१९; १ कोरिन्थी १२:२८, २९; एफिसी ४:११, १२; १ कोरिन्थी ४:१, २; रोमी १०:१५; हिब्रू ५:४. यशैया ४९:२३; भजनसंग्रह १२२:९; एज्रा ७:२३, २५, २६, २७, २८; लेवी २४:१६; व्यवस्था १३:५, ६, १२; १ राजा १८:४; १ इतिहास १३:१ देखि ९; २ राजा २३:१ देखि २६; २ इतिहास ३४:३३; २ इतिहास १५:१२, १३, २ इतिहास १९:८, ९, १०, ११; २ इतिहास २९, ३०; मत्ती २:४, ५

## खण्ड- ४

सबै मानिसहरूले आफ्नो सरकारमा हुनेहरूको लागि प्रार्थना गरिदिनु तिनीहरूको कर्तव्य हो । आफ्नो विवेकले असल ठहऱ्याएर शासकहरूलाई उचित आदर गर्नु, चाहिएको आदरसत्कार गर्नु, तिनीहरूबाट आउने कानुनसम्मत आदेश वा निर्देशनहरू पालन गर्नु र तिनीहरूको अधिकार स्वीकार गरेर अधीनमा बस्नु हरेक व्यक्तिले पालन गर्नुपर्ने कर्तव्य मानिएको छ । सरकारको द्रोहमा लाग्नु वा अर्कै धार्मिक आस्थाको कारण यी कुराहरूमा असमत हुनुले प्रशासकको न्यायिक र वैधानिक कार्यलाई बेकम्मा तुल्याउँदैन, न ता तिनीहरूले उसको निर्देशन पालन गर्नुपर्ने बाध्यताबाट मानिसहरू उन्मुक्त नै हुन्छन् । त्यसबाट चर्चको जिम्मेवारीमा रहेका मानिसहरू पनि अलग्गै रहन सक्दैनन् । सरकारी अधिकारीहरूको कार्यक्षेत्रभित्र रहेका पोपहरू नै पनि राज्यको कानुनको अधीनमा हुन्छन् । त्यसकारण चर्चका पोपहरूले आफ्नो सेवाक्षेत्र अन्तरगत रहेका विश्वासी जनहरूलाई अधीनमा राखेर आफूखुशी काममा लगाउन वा कानुनी परिधिभन्दा माथि गएर अधिकार जमाउन र धर्मशास्त्रले तोकेकोभन्दा बाहिरको बढ्ता काबूमा राख्न पाउँदैनन्, तिनीहरूले कानुनको व्याख्या गर्ने र दण्डजरिवाना तोक्ने काम गर्न सक्दैनन् र अन्य कुनै रीतिले मानिसहरूको जीवनमाथि अधिकार जँताउन सक्दैनन्, यदि त्यो गर्ने चेष्टा गरेमा तिनीहरूको गैरधार्मिक तथा झूट्टा शिक्षा त्यसैबाट पुष्टि हुन्छ ।

तिम २:१-२, १ पत्रुस २:१७, रोमी १३:६, ७, रोमी १३:५; तीत ३:१, १ पत्रुस २:१३, १४, १६, रोमी १३:१; १ राजा २:३५; प्रेरित २५:९, १०, ११; २ पत्रुस २:१, १०, ११; यहु.दा ८, ९, १०, ११, २ थेस्स २: ४; प्रकाश १३:१५, १६, १७

# अध्याय चौबिस
# विवाह र सम्बन्धविच्छेद बारे

**खण्ड -१**

विवाह एउटै पुरुष र एउटै महिला बीच हुनुपर्छ । कुनै पुरुषले एकभन्दा बढी पत्नी राख्नु वैधानिक हुँदैन । न त कुनै महिलाले एकै समयमा एकभन्दा बढी पति राख्नु नै वैधानिक हुन्छ ।

उत्पत्ति २:२४; मत्ती १९:५, ६; हितोपदेश २:१७

**खण्ड -२**

विवाह पति र पत्नी बिच आपसी सहयोगका लागि; एउटा तर्कसंगत मानवजातिको वृद्धिका लागि, एउटा पवित्र बिउसहितको मण्डलीका लागि र अशुद्धतालाई रोकथाम गर्नका निम्ति स्थापना गरिएको थियो ।

उत्पत्ति २:१८, मलाकी २:१५, १ को. ७:२, ९

**खण्ड -३**

आफ्नो निर्णयमा सहमति दिन सक्षम सबै प्रकारका मानिसहरूलाई विवाह गर्न न्यायसंगत छ; तापनि प्रभुमा रहेर मात्र विवाह गर्नु विश्वासीहरूको कर्तव्य हो । र यसैले साँचो सुधारिएको धर्मको दावी गर्नेहरूले अविश्वासीहरू, क्याथोलिकहरू वा अन्य मूर्तिपूजकहरूसँग विवाह गर्नु हुँदैन: त्यस्ता व्यक्तिहरू जो ईश्वरीय नभएका वा विश्वास नगरेकाले, आफ्नो जीवन खुलेआम रूपका दुष्टतामा जिउने वा नरक-योग्य अपधर्महरूलाई कायम राख्ने व्यक्तिहरूसँग असमान रूपमा एउटै हलोमा जोडिनु हुँदैन ।

हिब्रू १३:४; १ तिमोथी ४:३; १ कोर ७:३६, ३७, ३८; उत्प. २४:५७, ५८, १ को. ७:३९, उत्प. ३४:१४; प्रस्थान ३४:१६; व्यवस्था ७:३, ४; १ राजा ११:४; नेह. १३:२५, २६, २७; मला. २:११, १२; २ कोरिन्थी ६:१४

## खण्ड -४

विवाह वचनद्वारा निषेध गरिएको पारिवारिक सम्बन्ध वा सामिप्यताको सीमाभित्र हुनु हुँदैन; न त यस्ता हाडनाताका विवाहहरूलाई मानिसका कुनै पनि व्यवस्था वा पक्षहरूको सहमतिले वैधानिक बनाउन सकिन्छ जसले गर्दा ती व्यक्तिहरू पति र पत्नीको रूपमा सँगै बस्न पाउँदछन् । पुरुषले आफ्नो जस्तै आफ्नी पत्नीको कुनै पनि रगतको नाता पर्ने नजिकका आफन्तहरूलाई विवाह गर्न मिल्दैन र पत्नीले पनि आफ्नो जस्तै पतिको कुनै पनि रगतको नाता पर्ने नजिकका आफन्तहरूलाई विवाह गर्न मिल्दैन ।

लेवी १८ अध्याय; १ कोरिन्थी ५:१; आमोस २:७, मर्कूस ६:१८; लेवी १८:२४, २५, २६, २७, २८, लेवी २०:१९, २०, २१

## खण्ड- ५

एउटा करारपछि व्यभिचार वा वैवाहिक सम्बन्धभन्दा बाहिरका शारीरिक सम्बन्धबारे विवाह अघि पत्ता लागेमा निर्दोष पक्षलाई त्यस सम्झौता भंग गर्न उचित अवसर दिइन्छ । विवाहपछि व्यभिचारको मामिलामा निर्दोष पक्षका लागि सम्बन्ध-विच्छेदका लागि निवेदन दिन र सम्बन्ध-विच्छेदपछि अर्को विवाह गर्न, यदि दोषी पक्ष मरेको थियो भने वैधानिक छ ।

मत्ती १:१८, १९, २०, मत्ती ५:३१, ३२, मत्ती १९:९; रोमी ७:२, ३

## खण्ड -६

यद्यपि मानिसहरूको भ्रष्टता तर्फको झुकाबले गर्दा परमेश्वरले विवाहमा एक गर्नु भएकाहरूलाई अलग गर्नका लागि अक्सर तिनीहरूले अनावश्यक तर्कहरू अध्ययन गर्न उचित ठान्छन्: मण्डली वा कानूनी अधिकारीहरूले समाधान गर्न नसक्ने व्यभिचार वा त्यस्ता स्व-इच्छाका त्यागहरू बाहेक विवाह बन्धनलाई भङ्ग गर्ने अरू केही पनि पर्याप्त वैधानिक कारणहरू छैनन्; जसमा सार्वजनिक र व्यवस्थित प्रक्रिया अनुसरण गर्नुपर्ने हुन्छ र यसमा संलग्न व्यक्तिहरूलाई उनीहरूको आफ्नो मामिलामा आफ्नै इच्छा वा विवेकमा छोड्नु हुँदैन ।

मत्ती १९:८, ९; १ कोरिन्थी ७:१५; मत्ती १९:६. व्यवस्था २४:१, २, ३, ४

# पाठ पच्चिस
# मण्डली बारे

## खण्ड -१
क्याथोलिक वा विश्वव्यापी मण्डली जुन अदृश्य छ, यसमा ख्रीष्ट जो प्रमुख हुनुहुन्छ उहाँ अन्तर्गत एकिकृत रूपमा सम्पूर्ण संख्यामा चुनिएकाहरू जो भेला भएकाछन्, हुदैछन् र हुनेवालाछन्, ति समावेश हुन्छन् र यो ख्रीष्टको दुलाही, शरीर, सबैलाई समग्रमा संलग्न गर्ने उहाँको पूर्णता हो ।

एफिसी १:१०, २२, २३; एफिसी ५:२३, २७, ३२; कल. १:१८

## खण्ड -२
दृश्यमान मण्डली, जुन सुसमाचार अन्तर्गत पनि क्याथोलिक वा विश्वव्यापी हो (पहिलेको जस्तो व्यवस्था अन्तर्गत एउटा राष्ट्रमा सीमित छैन), त्यसमा आफ्ना सन्तानहरू सहित साँचो धर्मको घोषणा गर्ने संसारभरिका सबै समावेश हुन्छन्; र यो प्रभु येशू ख्रीष्टको राज्य, परमेश्वरको वासस्थान र परिवार हो, जसबाहेक उद्धारको अरू कुनै सामान्य सम्भावना छैन।

१ कोरिन्थी १:२; १ कोरिन्थी १२:१२, १३; भजन २:८; प्रकाश ७:९; रोमी १५:९, १०, ११, १२, १ को. ७:१४; प्रेरित २:३९; इज. १६:२०, २१; रोमी ११:१६; उत्पत्ति ३:१५; उत्पत्ति १७:७, मत्ती १३:४७; यशैया ९:७, एफिसी २:१९; एफिसी ३:१५, प्रेरित २:४७

## खण्ड -३
यस दृश्यमान क्याथोलिक मण्डलीलाई ख्रीष्टले यस जीवनमा संसारको अन्त्यसम्म सन्तहरूलाई भेला गर्न र सिद्ध गर्नका लागि परमेश्वरको सेवकाई, वाणीहरू र विधिहरू दिनुभएको छ; र यो उहाँले उहाँको प्रतिज्ञा अनुसार तिनीहरूलाई प्रभावकारी बनाउदै उहाँको आफ्नै उपस्थिति र आत्माद्वारा गर्नुहुन्छ ।

कोर. १२:२८; एफिसी ४:११, १२, १३; मत्ती २८:१९, २०; यशैया ५९:२१

## खण्ड -४
यस विश्वव्यापी मण्डली कहिले धेरै त कहिले थोरै दृश्यमान हुने गरेको छ । र

कुनै यस्ता मण्डलीहरू जुन यसका अंश हुन्, सुसमाचारका सिद्धान्तहरू कत्तिको शुद्ध रूपमा सिकाइन्छ र अँगालेको छ, विधिहरू प्रशासित गरिन्छ र तिनीहरूमा सार्वजनिक आरधना गरिन्छ भन्ने आधारमा धेरै वा थोरै शुद्ध हुन्छन्।

रोमी ११:३, ४; प्रकाश १२:६, १४, प्रकाश २ र ३; १ कोरिन्थी ५:६, ७

**खण्ड -५**

स्वर्ग मुनिको सबै भन्दा शुद्ध मण्डलीहरू मिश्रण र त्रुटि दुवैको अधीनमा छन्; र कतिपय यति पतन भएका छन्, कि ख्रीष्टका मण्डलीहरू नभई शैतानका सभाघरहरू बन्न पुगेका छन्। तरैपनि, पृथ्वीमा सधैं एउटा मण्डली रहनेछ जसले परमेश्वरको इच्छा अनुसार उहाँको आराधना गर्दछ ।

१ को. १३:१२; प्रकाश २ र ३; मत्ती १३:२४, २५, २६, २७, २८, २९, ३०, ४७, प्रका. १८:२; रोमी ११:१८, १९, २०, २१, २२, मत्ती १६:१८; भजन ७२:१७; भजनसंग्रह १०२:२८; मत्ती २८:१९, २०

**खण्ड -६**

मण्डलीमा प्रभु येशू ख्रीष्ट बाहेक अरू कोहि पनि प्रमुख छैनन् । न त रोमको पोप कुनै पनि अर्थमा यसको प्रमुख हुन सक्छ; तर त्यो ख्रीष्ट विरोधी हो, त्यो पापको मानिस र विनाशको पुत्र जसले मण्डलीमा ख्रीष्ट र परमेश्वर मानिने सबैको विरुद्धमा आफैलाई उचाल्छ।

कल. १:१८; एफिसी १:२२. मत्ती २३:८, ९, १०; २ थेस्स २:३, ४, ८, ९; प्रका. १३:६

# अध्याय छब्बिस
# सन्तहरूको सम्मिलन बारे

**खण्ड -१**

सबै सन्तहरू जो उनीहरूका शिर येशू ख्रीष्टमा उहाँको आत्माद्वारा र विश्वासद्वारा एकताबद्ध छन्, उनीहरू उहाँको अनुग्रह, दुःख, मृत्यु, पुनरुत्थान र महिमामा उहाँसँगको सङ्गतिमा छन्: र एक अर्कामा एकताबद्ध भएर प्रेममा, तिनीहरू

एक-अर्काको दानहरूमा र अनुग्रहमा सम्मिलित हुन्छन्,अनि सार्वजनिक र निजी रूपमा, दुवै भित्री र बाहिरी मानविय अवस्थामा तिनीहरूको एक-आपसको पारस्परिक भलाइका लागि प्रेरणा दिने जस्ता कर्तव्यहरू प्रदर्शन गर्न आभारी हुन्छन्।

यूहन्ना १:३; एफिसी ३:१६, १७, १८, १९; यूहन्ना १:१६; एफिसी २:५, ६; फिल. ३:१०; रोमी ६:५, ६; २ तिमोथी २:१२, एफिसी ४:१५, १६; १ कोरिन्थी १२:७; १ कोरिन्थी ३:२१, २२, २३; कल. २:१९, १ थेस्स. ५:११, १४; रोमी १:११, १२, १४; १ यूहन्ना ३:१६, १७, १८; गलाती ६:१०

## खण्ड -२

स्विकारोक्तिद्वारा सन्त भएकाहरूले ईश्वरको आराधनामा पवित्र सङ्गति र मेलमिलाप कायम राख्न आभारी हुन्छन् र उनीहरूको एक-आपसको पारस्परिक उन्नतिमा लाग्ने अन्य आत्मिक सेवाहरू दिन आभारी हुन्छन्; साथै बाहिरी कुराहरूमा पनि तिनीहरूको विभिन्न क्षमता र आवश्यकताहरू अनुसार एकअर्कालाई राहत दिनमा पनि कटिबद्ध हुन्छन् । जुन सुकै सम्मिलन होस् जसलाई परमेश्वरले अवसर दिनुभएको हुन्छ, जो हरेक ठाउँमा प्रभु येशूको नाम पुकार्छन् ती सबैमा फैलाउनु पर्दछ ।

हिब्रू १०:२४, २५; प्रेरित २:४२, ४६; यशैया २:३; १ कोरिन्थी ११:२०, प्रेरित २:४४, ४५; १ यूहन्ना ३:१७; २ कोर ८ र ९ अध्यायहरू; प्रेरित ११:२९, ३०

## खण्ड -३

सन्तहरूको ख्रीष्टसँग भएको यस सम्मिलनले उनीहरूलाई उहाँको ईश्वरत्वको तत्वमा कुनै पनि प्रकारले साझेदार बनाउँदैन; वा कुनै पनि सन्दर्भमा ख्रीष्टसँग बराबर हुन सक्दैन: जसमध्ये कुनै पनि पुष्टि गर्नु अधर्मी र निन्दनिय हुन्छ । न त सन्तहरूको रूपमा तिनीहरूको एक-अर्कासँगको सम्मिलनले तिनीहरूको उपाधि वा औचित्य जुन प्रत्येक व्यक्तिको धन र प्राप्तिमा हुन्छ, त्सलाई खोसदैन वा उल्लङ्घन गर्दैन ।

कलसी १:१८, १९; १ कोरिन्थी ८:६; यशैया ४२:८; १ तिमोथी ६:१५, १६; भ.सं. ४५:७, हिब्रू १:८, ९, प्रस्थान २०:१५; एफिसी ४:२८; प्रेरित ५:४

# अध्याय सत्ताइस
# विधीहरू बारे

## खण्ड- १
विधीहरू पवित्र चिन्हहरू र अनुग्रहको करारका मोहरहरू हुन् जुन ख्रीष्ट र उहाँमा पाउने लाभहरूको प्रतिनिधि गर्न; र उहाँमा हाम्रो चासो पुष्टि गर्न: साथै मण्डली र बाँकी संसारका बीचमा देखिने भिन्नतालाई स्थापना गर्न; र उहाँको वचन अनुसार ख्रीष्टमा परमेश्वरको सेवामा उनीहरूलाई गम्भीररूपमा संलग्न गराउन परमेश्वरले तुरून्तै स्थापना गर्नुभयो ।

रोमी ४:११; उत्पत्ति १७:७, १०, मत्ती २८:१९; १ कोरिन्थी ११:२३, १ कोरिन्थी १०:१६; १ कोरिन्थी ११:२५-२६; गलाती ३:१७. रोमी १५:८; प्रस्थान १२:४८; उत्पत्ति ३४:१४, रोमी ६:३, ४; १ कोरिन्थी १०:१६, २१

## खण्ड -२
प्रत्येक धार्मिक विधीमा चिन्ह र चिन्ह लगाईएको वस्तुको बीचमा आत्मिक सम्बन्ध वा विधीगत एकता हुन्छ: जुन तवरले यो हुदछ, यसले  एउटाको नामकरणहरू र प्रभावहरू अर्कोमा सार्दछ ।

उत्पत्ति १७:१०; मत्ती २६:२७, २८; तित. ३:५

## खण्ड -३
उचित रूपमा प्रयोग गरिएका धार्मिक विधीहरूद्वारा प्रकट गरिएको अनुग्रह, ति विधीहरूमा भएका कुनै शक्तिद्वारा प्राप्त हुदैनन् ; न त धार्मिक विधीहरूको प्रभावकारिता त्यसको धार्मिकता वा मनसायमा ति निर्भर हुन्छन् जसले यसलाई प्रशासित गर्दछ: बरु, यो आत्माको कार्यमा निर्भर हुदछ र दिइएको वचन, जसमा प्रयोगको लागि अनुमति सहित त्यस लाभको प्रतिज्ञालाई प्राप्त गर्नेहरू समावेश हुन्छन् ।

रोमी २:२८, २९; १ पत्रु. ३:२१, मत्ती ३:११; १ कोरिन्थी १२:१३, मत्ती २६:२७, २८; मत्ती २८:१९, २०

## खण्ड- ४
सुसमाचारमा हाम्रा प्रभु ख्रीष्टद्वारा नियुक्त गरिएका दुईवटा मात्र धार्मिक विधीहरू

छन्; त्यो बप्तिस्मा र प्रभुको भोज हो,: यी दुवैलाई वचन द्वारा वैधानिक रूपमा नियुक्त गरिएको सेवकद्वारा वाहेक अरू कसैले दिन सक्दैन ।

मत्ती २८:१९; १ कोरन्थी ४:१; ११:२०, २३3; एफिसी ४:११-१२

**खण्ड -५**
पुरानो करारका धार्मिक विधीहरू, आत्मिक रूपमा प्रतिनिधित्व र प्रकटिकरणमा नयाँ नियममा भएका जस्तै छन् ।

१ कोरन्थी १०:१-४.

**खण्ड -५**
पुरानो करारका धार्मिक विधीहरू, आत्मिक रूपमा प्रतिनिधित्व र प्रकटिकरणमा नयाँ नियममा भएका जस्तै छन् ।

१ कोरन्थी १०:१-४.

# पाठ अठठाइस
# बप्तिस्मा बारे

**खण्ड -१**
बप्तिस्मा नयाँ करारको एउटा धार्मिक विधी हो जुन येशू ख्रीष्टले नियुक्त गर्नुभएको हो ।यो उहाँले केवल बप्तिस्मा लिएका पक्षलाई दृश्यमान मण्डलीमा प्रवेश गराउनका लागि मात्र नभई उहाँसामु अनुग्रहको करारको चिन्ह र छाप हुनका लागि ख्रीष्टमा उहाँसीत कलमी बाध्नका लागि, नयाँ जन्मको लागि, पापहरूको क्षमाको लागि र येशू ख्रीष्टद्वारा परमेश्वरमा समर्पित भएर उहाँले दान दिनुभएको जीवनको नयाँपनमा हिंड्नको लागि नियुक्त गर्नुभयो । जुन धार्मिक विधी ख्रीष्टको आफ्नै नियुक्तिद्वारा संसारको अन्त्यसम्म उहाँको मण्डलीमा जारी रहनेछ।

मत्ती २८:१९, १ कोरिन्थी १२:१३, रोमी ४:११, कलसी २:११, १२, गलाती ३:२७; रोमी ६:५. तित. ३:५, मर्कूस १:४.

रोमी ६:३, ४, मत्ती २८:१९, २०

## खण्ड -२

यस  धार्मिक विधीमा प्रयोग गरिने बाहिरी तत्व पानी हो जसद्वारा कुनै व्यक्तिले पिताको, पुत्रको र पवित्र आत्माको नाउमा सुसमाचारका सेवकद्वारा विधीपूर्वक रूपमा बोलाइएकाबाट बप्तिस्मा लिनुपर्छ।

मत्ती ३:११; यहु.१:३३; मत्ती २८:१९, २०

## खण्ड- ३

व्यक्तिलाई पानीमै डुबाउनु भने आवश्यक छैन; तर बप्तिस्मा सही रूपमा व्यक्तिमाथि पानी खन्याएर वा छर्केर पनि दिइन्छ।

हिब्रू ९:१०, १९, २०, २१, २२; प्रेरित २:४१; प्रेरित १६:३३; मर्कूस ७:४

## खण्ड -४

वास्तवमा ख्रीष्टमा विश्वास र आज्ञाकारिताको दावी गर्नेहरूले मात्र होइन, तर विश्वास गर्ने एउटा होस् वा दुवै आमाबाबुका शिशुहरूले पनि बप्तिस्मा लिनुपर्छ।

मर्कूस १६:१५, १६; प्रेरित ८:३७, ३८, उत्पत्ति १७:७, ९, १० गला. ३:९, १४, कल. २:११, १२, प्रेरित २:३८, ३९, रोमी ४:११, १२; । को. ७:१४; मत्ती २८:१९; मर्कूस १०:१३, १४, १५, १६; लूका १८:१५

## खण्ड -५

यद्यपि यो विधीको निन्दा वा बेवास्ता गर्नु ठूलो पाप भएता पनि,  अनुग्रह र मुक्ति यसमा अविभाज्य रूपमा जोडिएको छैन भन्नाले यो बिना कुनै पनि व्यक्तिको पुनरुत्थान, वा उद्धार हुन सक्दैन; वा, बप्तिस्मा लिने सबै निस्सन्देह पुनर्जीवित हुन्छन् भन्ने छैन ।

लूका ७:३०, प्रस्थान ४:२४, २५, २६, रोमी ४:११; प्रेरित १०:२, ४, २२, ३१, ४५, ४७, प्रेरित ८:१३, २३

## खण्ड- ६

बप्तिस्माको प्रभावकारिता त्यो भएको क्षणसँग जोडिएको छैन; तैपनि, यस धार्मिक विधीको सही प्रयोगद्वारा प्रतिज्ञा गरिएको अनुग्रह प्रस्तावित मात्र नभई

वास्तवमा पवित्र आत्माद्वारा प्रदर्शित र प्रदान गरिएको हुन्छ जुन अनुग्रहको हो (जुनै उमेरको वा शिशुहरू भएता पनि)। त्यो अनुग्रह परमेश्वरको आफ्नै इच्छाको सल्लाह अनुसार, उहाँको तोकिएको समयमा दिनुहुन्छ।

यूहन्ना ३:५, ८, गलाती ३:२७; तीतस ३:५; एफे. ५:२५, २६; प्रेरित २:३८, ४१

**खण्ड -७**

बप्तिस्माको धार्मिक विधी कुनै पनि व्यक्तिलाई एक पटक मात्र दिइन्छ।

तित. ३:५

# पाठ उनन्तिस
# प्रभु भोज बारे

**खण्ड -१**

हाम्रा प्रभु येशु जुन रात उहाँलाई धोका दिइयो त्यस रात उहाँले उहाँको शरीर र रगतको धर्म विधीलाई स्थापना गर्नुभयो जसलाई प्रभु भोज भनिन्छ । यो उहाँको मण्डलीमा, संसारको अन्त्यसम्म, उहाँको बलिदानी मृत्युको अनन्त सम्झनाको लागि पालना गर्नुपर्छ । यसमा साँचो विश्वासीहरूलाई त्यसका सबै लाभहरू, उहाँमा उनीहरूको आत्मिक पोषण र वृद्धि, तिनीहरूको थप संलग्नता, उहाँप्रति ऋणी सबै कर्तव्यहरूमा छाप लगाउने र उहाँ र एकअर्कासँग उहाँको रहस्यमय शरीरको सदस्यहरूको रूपमा उनीहरूलाई सहभागितामा बाध्ने प्रतिज्ञा छ ।[१]

१ को. ११:२३, २४, २५, २६; १ कोरिन्थी १०:१६, १७, २१; १ कोरिन्थी १२:१३

**खण्ड -२**

यस धर्म विधीमा ख्रीष्टलाई उहाँको पितामा अर्पण गरिएको छैन; न त कुनै पनि वास्तविक बलिदान छिटो पापको क्षमाको लागि वा मृतकहरूको पापको क्षमाको लागि दिइएको छ; तर केवल एक पटकको आफैंद्वारा क्रुसमा सबैको लागि अर्पण गरेको त्यो बलिदानको स्मरण गर्न: र परमेश्वरसामु सम्भावित सबै प्रशंसाको

आत्मिक अर्पण गर्नका लागि यो दिइएको छ : जसले गर्दा पोप द्वारा मासको बलिदान (उनीहरूले यसलाई त्यही भन्छन्) ख्रीष्टको एक मात्र बलिदानका लागि सबैभन्दा हानिकारक छ जुन उहाँका चुनिएकाहरूको सबै पापहरूको लागि एउटै पाप मोचन थियो।

हिब्रू ९:२२, २५, २६, २८, १ को. ११:२४, २५, २६; मत्ती २६:२६, २७, हिब्रू ७:२३, २४, २७; हिब्रू १०:११, १२, १४, १८

**खण्ड -३**

प्रभु येशूले यस धार्मिक विधीमा मानिसहरूलाई आफ्नो व्यवस्थाको वचन घोषणा गर्न आफ्ना सेवकहरूलाई नियुक्त गर्नुभएको छ; साथै प्रार्थना गर्न, र रोटी र दाखमद्यका तत्वहरूलाई आशीष दिन र यसरी तिनीहरूलाई सामान्य कुराहर बाट पवित्र प्रयोगको लागि अलग गर्न; अनि त्यस रोटी लिएर भाँच्न र कचौरा लिएर (तिनीहरू आफैं पनि त्यसमा सम्मिलित हुदै) ती दुवै प्रभु भोजमा सहभागी हुनेहरूलाई दिन; तर मण्डलीमा उपस्थित नभएकाहरूलाई त्यो नदिन पनि परमेश्वरले उनीहरूलाई नियुक्त गर्नुभएको छ ।

मत्ती २६:२६, २७, २८, मर्कु. १४:२२, २३, २४ र लूका २२:१९, २०, I को. ११:२३, २४, २५, २६, प्रेरित २०:७; १ कोरिन्थी ११:२०

**खण्ड -४**

निजी मासहरू वा एक पादरी द्वारा वा कुनै अन्य तरिकामा एक्लै यो धर्म विधी प्राप्त गर्न, त्यसै गरी मानिसहरूलाई त्यस कचौरा दिन अस्वीकार गर्ने, त्यस तत्वहरूको आरधना गर्न, तिनीहरूलाई आराधनाको लागि उचालन वा उठाउन र कुनै पनि बनावटी धार्मिक प्रयोगको लागि तिनीहरूलाई जोगाइ राख्न; यी सबै कार्यहरू यस धर्म विधीको प्रकृति र ख्रीष्टको व्यवस्थाका विपरीत छन् ।

१ कोरिन्थी १०:१६, मर्कूस 14:23; १ कोरिन्थी ११:२५, २६, २७, २८, २९, मत्ती १५:९

**खण्ड -५**

यस धर्म विधीमा बाहिरी तत्वहरू, ख्रीष्टद्वारा विधिवत रूपमा अलग राखिएको, उहाँलाई क्रुसमा टाँगिएको त्यस्तो सम्बन्ध छ, जस्तै कि, साँच्चै, तर पवित्र रूपमा

मात्र, उनीहरूलाई कहिलेकाहीँ उनीहरूले प्रतिनिधित्व गर्ने चीजहरूको नामले बोलाइन्छ। बुद्धि, ख्रीष्टको शरीर र रगत; यद्यपि, पदार्थ र प्रकृतिमा, तिनीहरू अझै पनि साँच्चै र केवल रोटी र दाखमद्य रहन्छन्, जस्तै तिनीहरू पहिले थिए।

मत्ती २६:२६, २७, २८, १ कोरिन्थी ११:२६, २७, २८; मत्ती २६:२९

**खण्ड -६**

रोटी र दाखमद्य पादरीको अभिषेक वा अन्य कुनै माध्यमबाट ख्रीष्टको वास्तविक शरीर र रगतमा परिवर्तन हुन्छ भन्ने सिद्धान्त (जसलाई प्रायः ट्रान्सबस्टेन्टिएसन भनिन्छ), धर्मशास्त्रको मात्र घृणित नभई सामान्य ज्ञान र तर्कको विरुद्धमा पनि जान्छ । यसले धार्मिक विधीको वास्तविक अर्थलाई विकृत गर्दछ र धेरै अन्धविश्वास र गम्भीर मूर्तिपूजाको नेतृत्व गरेको छ ।

प्रेरित ३:२१, । को. ११:२४, २५, २६; लूका २४:६, ३९

**खण्ड -७**

योग्य प्रापकहरू, जब तिनीहरूले यस धर्मिक विधीमा दृश्यमान तत्वहरूमा बाहिरी रूपमा भाग लिन्छन् तब प भित्री विश्वासद्वारा, साँच्चै र पक्का गरी, यद्यपि शारीरिक वा शारीरिक रूपमा नभई आत्मिक रूपमा, क्रूसमा टाँगिनुभएको ख्रीष्टको मृत्युका सबै लाभहरूलाई प्राप्त गर्छन् र सेवन गर्छन् खुवाउँछन् : त्यस समयमा, ख्रीष्टको शरीर र रगत शारीरिक वा भोतिक रूपमा रोटी र दाखमद्यमा, भित्र वा साभ उपस्थित हुँदैन; तैपनि, वास्तवमा, तर आध्यात्मिक रूपमा, त्यो अध्यादेशमा विश्वासीहरूको विश्वासको लागि प्रस्तुत गर्नुहोस्, तत्वहरू आफैं तिनीहरूको बाह्य इन्द्रियहरूमा छन्। यद्यपि, तिनीहरू वास्तवमै आत्मिक अर्थमा त्यो पवित्र विधीमा विश्वास गर्नेहरूको विश्वासमा उपस्थित हुन्छन् जसै दृश्यमान तत्वहरू तिनीहरूको बाहिरी इन्द्रियहरूमा स्पष्ट छन् ।

१ को. ११:२८. १ को. १०:१६

**खण्ड -८**

यद्यपि अज्ञानी र दुष्ट मानिसहरूले यस धर्म विधीमा बाहिरी तत्वहरूलाई प्राप्त

गरेता पनि, तिनीहरूले त्यसद्वारा चिन्हित गरिएको कुरालाई भने प्राप्त गर्दैनन् । तर, तिनीहरूको अयोग्य रूपमा आउदा प्रभुको शरीर र रगतको दोषी हुन्छन् र दण्डको भाग्दार हुन्छन् । तसर्थ, ज्ञान र ईश्वरभक्तिको कमी भएका सबै उहाँसँग संगतीमा भाग लिन उपयुक्त छैनन् र त्यसैले प्रभुको टेबुलमा भाग लिन अयोग्य मानिन्छन् । र यी पवित्र विधीहरूमा भाग लिनु वा तिनीहरूलाई प्रवेश प्रदान गरर्नु अज्ञानता र अधर्मको स्थितिमा रहनेहरूका लागि यो ख्रीष्टको विरूद्ध गम्भीर अपराध हो।

१ कोरिन्थी ११:२७, २८, २९; २ कोरिन्थी ६:१४, १५, १६, १ कोरिन्थी ५:६, ७, १३; २ थेस्स ३:६, १४, १५: मत्ती ७:६

# पाठ तिस
# मण्डली अनुशाषनहरू बारे

## खण्ड -१

प्रभु येशू, जो उहाँको मण्डलीको राजा र अगुवा हुनुहुन्छ, उहाँले यसभित्र नेतृत्वको प्रणाली स्थापना गर्नुभएको छ जुन उहाँले मण्डलीका सेवकहरूलाई दिनुभएको छ । यो नेतृत्वमा जनप्रतिनिधीको रूपमा नेतृत्वमा गर्ने तरिका भन्दा भिन्न छ ।

(यशैया ९:६, ७; १ तिमोथी ५:१७; १ थेस्स. ५:१२; प्रेरित २०:१७, २८; हिब्रू १३:७, १७, २४; १ कोरिन्थी १२:२८; मत्ती २८:१८, १९, २०)

## खण्ड -२

यी सेवकहरूलाई स्वर्गको राज्यको साँचो सुम्पिएको छ । यसको मतलब तिनीहरूसँग पापहरू क्षमा गर्ने र जवाफदेही बनाउने अधिकार छ । तिनीहरूले वचन र अनुशासन दुवै प्रयोग गरेर पश्चात्ताप नगर्नेहरूका लागि स्वर्गका ढोकाहरू बन्द गर्न सक्छन् । तिनीहरूले पश्चात्ताप गर्नेहरूका लागि सुसमाचारको प्रचार गरेर र आवश्यकता परे अनुशासनहरूबाट व्यक्तिहरूलाई मुक्त गरेर स्वर्गको बाटो पनि खोल्न सक्छन् ।

मत्ती १६:१९; मत्ती १८:१७, १८; यूहन्ना २०:२१, २२, २३; २ को. २:६, ७, ८

**खण्ड -३**

मण्डलीको अनुशासन यी कुराहरूका लागि आवश्यक छन्, गल्ती गरेका भाइहरूको पुन: दावी गर्न र फिर्ता ल्याउन, अरूलाई यस्तै गलत कामहरू गर्नबाट निरुत्साहित गर्न, त्यो सम्पूर्ण समुदायलाई संक्रमित गर्न सक्ने खराब प्रभावहरू हटाउँन, ख्रीष्टको सम्मान र सुसमाचारको पवित्र विश्वासको रक्षा गर्न र परमेश्वरको धार्मिक क्रोधबाट जोगिन जुन मण्डलीमा न्यायसंगत रूपमा पर्न सक्छ यदि तिनीहरूले आफ्नो करार र यसका पवित्र प्रतीकहरूलाई निरन्तर र खुला रूपमा बदनाम र जिद्दी मानिसहरूद्वारा अपवित्र र अवहेलना गर्न दिए भने ।

१ कोर ५ अध्याय; १ तिमोथी ५:२०; मत्ती ७:६; १ तिमोथी १:२०; १ कोरिन्थी ११:२७ यहु.दा १- २३

**खण्ड -४**

यी लक्ष्यहरूलाई अझ प्रभावकारी रूपमा प्राप्त गर्न मण्डलीका अगुवाहरूले यी चरणहरू पालना गर्नुपर्छ: तिनीहरूले चेतावनी दिनु पर्छ; केही समय प्रभु भोजमा भाग लिनबाट रोक्नु पर्छ, र यदि आवश्यक भएमा त्यस व्यक्तिलाई मण्डलीबाट निष्कासन गर्नुपर्छ । गरिएको कारबाहीको गम्भीरता अपराधको गम्भीरता र व्यक्तिको गल्ती अनुसारको हुनुपर्छ ।

१ थेस्स. ५:१२; २ थेस्स. ३:६, १४, १५; १ कोरिन्थी ५:४, ५, १३; मत्ती १८:१७; तित. ३:१०

# पाठ एकतिस
# धार्मिक सभा र परिषदहरू बारे

**खण्ड १**

राम्रो नेतृत्व र मण्डलीको थप सुधारको लागि त्यस्ता सम्मेलनहरू हुनुपर्छ जसलाई सामान्यतया धार्मिक सभा वा परिषदहरू भनिन्छ: र यो मण्डलीहरूका निरीक्षकहरू र अन्य अगुवाहरूको कर्तव्य हो । तिनीहरूको सेवकाईको भूमिकामा रहेर र ख्रीष्टले तिनीहरूलाई दिनुभएको विनास गर्ने नभई निर्माण गर्ने

अख्तियारीको आधारमा यी सभाहरू आयोजना गर्नुपर्छ;  र तिनीहरूले जति पटक मण्डलीको लाभको लागि यो उपयुक्त ठान्छन् त्यति नै पटक एक साथ यसमा सामेल हुनुपर्छ ।

प्रेरित १५:२, ४, ६, प्रेरित १५:२२-२५

## खण्ड -२

धार्मिक सभा र परिषदहरूको विश्वास र विवेकका मामिलाहरू सम्बन्धित विवादहरू समाधान गर्ने सेवकाईको जिम्मेवारी हुन्छ; परमेश्वरको सार्वजनिक आरधना र उहाँको मण्डलीको नेतृत्वको उचित व्यवस्थाको लागि नियम र निर्देशनहरू स्थापित गर्न; दुर्व्यवहारको मामिलामा गुनासोहरू प्राप्त गर्न, र आधिकारिक रूपमा त्यस्ता मामिलामा निर्णायक निर्णय लिन : जुन आज्ञा र निर्णयहरू यदि परमेश्वरको अनुरूप छ भने आदर र समर्पणताका साथ यसलाई पालना गर्नुपर्छ; वचनसँगको सहमतिमा मात्र नभई उहाँको वचनमा नियुक्त गरिएको परमेश्वरको धार्मिकको रूपमा तिनीहरूलाई बनाउने शक्तिको खातिर पनि यसलाई पालना गर्नुपर्छ ।

यशैया ४९:२३; १ तिमोथी २:१, २; २ इतिहास १९:८, ९, १०, ११; २ इतिहास २९, ३० अध्याय; मत्ती २:४, ५; हितोपदेश ११:१४. प्रेरित १५:२, ४, २२, २३, २५

## खण्ड -३

प्रेरितहरूको समयदेखि नै सबै धार्मिक सभाहरू वा परिषदहरू चाहे सामान्य होस् वा कुनै विशेष होस्,  गल्ती गर्न सक्षम छन् र वास्तवमै भन्नु पर्दा धेरैले गल्तीहरू गरेका छन् पनि। त्यसैलै तिनीहरूलाई विश्वास वा आचरणको लागि अन्तिम मापनको रूपमा स्थापित गर्नु हुँदैन; बरु, दुवै क्षेत्रमा सहयोगको माध्यमको रूपमा प्रयोग गर्नुपर्छ।

प्ररित १५:१५, १९, २४, २७, २८, २९, ३०, ३१; प्रेरित १६:४; मत्ती १८:१७, १८, १९, २०

## खण्ड -४

धार्मिक सभा र परिषदहरूले केवल मण्डलीसँग सम्बन्धित मामिलाहरूलाई सम्बोधन गर्नुपर्दछ र नागरिक अधिकारीहरुद्वारा असाधारण परिस्थितिहरूमा

राज्य सम्बन्धित मामिलाहरूबारे सम्बोधन गर्न विनम्र अनुरोध पेश गरेको खण्डमा विवेकको सन्तुष्टि खातिर सल्लाह दिनु बाहेक अरू कुराहरूमा सरकारसँग आफूलाई संलग्न गराउनु हुँदैन।

एफिसी २:२०; प्रेरित १७:११; १ कोरिन्थी २:५; २ कोरिन्थी १:२४

**खण्ड -५**

धार्मिक सभा र परिषदहरूले केवल मण्डलीसँग सम्बन्धित मामिलाहरूलाई सम्बोधन गर्नुपर्दछ र नागरिक अधिकारीहरुद्वारा असाधारण परिस्थितिहरूमा राज्य सम्बन्धित मामिलाहरूबारे सम्बोधन गर्न विनम्र अनुरोध पेश गरेको खण्डमा विवेकको सन्तुष्टि खातिर सल्लाह दिनु बाहेक अरू कुराहरूमा सरकारसँग आफूलाई संलग्न गराउनु हुँदैन।

लुका १२:१३, १४; यहु.१८:३६

# पाठ बत्तिस
# मृत्यु पछि मानिसहरूको अवस्था र मृतकहरूको पुनरुत्थान बारे

**खण्ड -१**

मानिसहरूको शरीर मृत्यु पछि, माटोमा फर्कन्छ र सड्दछ: तर तिनीहरूका आत्माहरू, जो न त मर्छन् न त सुत्छन् । तिनीहरूको आत्माको अविनाशी अस्तित्व भएको कारण तुरुन्तै तिनीहरू परमेश्वरमा फर्किन्छन् जसले उनीहरूलाई ती दिनुभयो : धर्मीहरूको आत्माहरू, त्यसपछि पवित्रतामा सिद्ध बनाइएपछि, उच्चतम स्वर्गीय स्थानमा स्विकारीन्छन् जहाँ तिनीहरूले आफ्नो शरीरको पूर्ण उद्धारको लागि पर्खिरहेका प्रकाश र महिमामा परमेश्वरको अनुहार देख्छन्। र दुष्टका आत्माहरूलाई भने नरकमा फालिन्छ जहाँ महान् दिनको न्यायको नभइन्जेल सम्म तिनीहरू पीडा र पूर्ण अन्धकारमा रहन्छन् । आफ्नो शरीरबाट अलग भएका आत्माहरूको लागि यी दुई गन्तव्यहरू बाहेक,

धर्मशास्त्रले अरू कुनै गन्तव्यहरू बारे उल्लेख गर्दैन।

उत्पत्ति ३:१९; प्रेरित १३:३६, लूका २३:४३; उपदेशक १२:७, हिब्रू १२:२३; २ कोरिन्थी ५:१, ६, ८; फिलि. १:२३, प्रेरित ३:२१ र एफे. ४:१०, लूका १६:२३, २४; प्रेरित १:२५; यहु.दा ६, ७; । पत्रु. ३:१९

## खण्ड -२

भविष्यमा, अन्तिम दिनमा, जो अझै जीवित छन् तिनीहरूले मृत्युको अनुभव गर्नेछैनन् तर परिवर्तनबाट गुज्रनेछन् : र सबै बितिसकेकाहरू पुनरुत्थान हुनेछन्, उही भौतिक शरीरहरूका साथ जुन तिनीहरूसँग पहिले थियो (यद्यपि तिनीहरूका गुणहरूमा केही परिवर्तनहरू सहित त्यो हुनेछ), र यी शरीरहरू सधैंका लागि तिनीहरूका आत्माहरूसँग पुनर्मिलन हुनेछन्।

१ थेस्स ४:१७; १ को. १५:५१, ५२, अय्यूब १९:२६, २७; १ कोरिन्थी १५:४२, ४३, ४४

## खण्ड -३

अन्यायीहरूका शरीरहरू, ख्रीष्टको शक्तिद्वारा, अपमानको लागि उठ्नेछन्: धर्मीहरूको शरीर, उहाँको आत्माद्वारा, सम्मानको लागि; र उहाँको आफ्नै महिमित शरीरको अनुरूप बनाइयोस्।

प्रेरित २४:१५; यूहन्ना ५:२८, २९; । को. १५:४३; फिलि. ३:२१

# पाठ तेत्तिस
# अन्तिम न्याय बारे

## खण्ड- १

परमेश्वरले एक दिन तोक्नुभएको छ जसमा उहाँले धार्मिकतामा येशू ख्रीष्टद्वारा संसारको न्याय गर्नुहुनेछ , जसलाई पिताबाट सबै अधिकार र न्यायको भूमिका दिइएको छ । यस दिन, विद्रोही स्वर्गदूतहरूको मात्र न्याय हुनेछैन तर पृथ्वीमा बस्ने सबै मानिसहरू पनि ख्रीष्टको न्यायको आसनको अगाडि खडा हुनेछन् । तिनीहरूले आफ्ना विचारहरू, शब्दहरू, र कार्यहरूको लेखा दिनुपर्नेछ र

तिनीहरूको शरीरमा रहदा जे गरे त्यसको आधारमा न्याय पाउनेछन्, चाहे ती कार्यहरू असल हुन् वा खराब हुन् ।

प्रेरित १७:३१, यूहन्ना ५:२२, २७, १ कोरिन्थी ६:३; यहु.दा ६; २ पत्रुस २:४, २ कोरिन्थी ५:१०; उपदेशक १२:१४; रोमी २:१६; रोमी १४:१०, १२; मत्ती १२:३६, ३७

## खण्ड -२

परमेश्वरले यो दिन तय गर्नुको कारण चुनिएकाहरूको अनन्त मुक्तिको माध्यमबाट उहाँको कृपामय महिमा प्रकट गर्नु हो र दुष्ट र अनज्ञाकारी अधर्मीहरूलाई नर्कको भागिदार बनाएर उहाँको न्याय प्रदर्शन गर्नु हो । किनकि तब धर्मीहरू अनन्त जीवनमा प्रवेश गर्नेछन् र प्रभुको उपस्थितिमा पूर्ण आनन्द र नवीकरणको अनुभव गर्नेछन्। । तर दुष्टहरू जसले परमेश्वरलाई चिन्दैनन् र येशू ख्रीष्टको सुसमाचाई पालन गर्दैनन्, तिनीहरूलाई अनन्तको यातनाहरूमा फ्याँकिनेछ र तिनीहरूलाई अनन्त विनाशको सजाय दिइनेछ, प्रभुको उपस्थितिबाट हटाइनेछ र उहाँको शक्तिशाली महिमाबाट अलग गरिनेछ ।

(मत्ती २५:३१, रोमी २:५, ६; रोमी ९:२२, २३; मत्ती २५:२१; प्रेरित ३:१९; २ थेस्स १:७, ८, ९, १०)

## खण्ड -३

ख्रीष्टले हामीलाई भविष्यको न्यायको दिनको निश्चितताामा दृढ विश्वास गरेको चाहनुहुन्छ: मानिसहरूलाई पाप गर्नबाट निरुत्साहित गर्न र कठिनाइको समयमा धर्मीहरूलाई थप सान्त्वना प्रदान गर्न। ख्रीष्टले यो दिनको समय मानिस जातीलाई अज्ञात राख्नुभएको छ ताकि मानिसहरूले आफैलाई सांसारिक सुरक्षाबाट टाँढा राख्न सकुन्, सधैं सजग रहन सकुन् र प्रभुको आगमन कहिले हुनेछ भन्ने थाहा नभएकोले तम-तयारीमा साथ रहन सकुन् । र सधै तयारीका साथ यो भन्नको सकुन् कि, "आउनुहोस् प्रभु येशू, छिटै आउनुहोस्, आमेन।"

२ पत्रुस ३:११, १४; २ कोरिन्थी ५:१०, ११; २ थेस्स. १:५, ६, ७; लूका. २१:२७, २८; रोमी ८:२३, २४, २५, मत्ती २४:३६, ४२, ४३, ४४; मर्कूस १३:३५, ३६, ३७; लूका १२:३५, ३६; प्रका. २२:२०

# वेस्टमिन्स्टर लामा प्रश्नोत्तरमाला

## THE WESTMINSTER LARGER CATECHISM

### वेस्टमिन्स्टरमा ईश्वरीय सम्मेलनबाट सहमत

### स्कटल्याण्ड मण्डलीका सबै मण्डली प्रशासनहरूको सहयोगमा मण्डलीहरू बीचको धर्ममा करार गरिएको एकरूपताको भागको रूपमा ख्रीष्टको मण्डली स्कटल्याण्ड, इङ्ग्ल्याण्ड र आयरल्याण्डको राज्यहरूमा र
### ANNO १६४९, चर्च अफ स्कटल्याण्डको महासभा द्वारा स्वीकृत धर्मको आधारको ज्ञानमा केही प्रवीणता बनाएको जस्तै क्याटेचाइजिङको लागि एक निर्देशिका हुन।
### धर्मशास्त्रबाट प्रमाणहरू।

### एडिनबर्गमा सभा, जुलाई २, १६४८, सत्र, १०
### ठूलो क्याटेकिज्म अनुमोदन गर्ने कार्य

महासभाले ठ्याक्कै छानबिन गरी ठूला क्याटेकिज्मलाई गम्भीरतापूर्वक विचार गरि सहमति गरियो । यस स्कटिश मण्डलीका अगुवाहरूको सहयोगमा वेस्टमिन्स्टरमा बसेको एसेम्ब्ली अफ डिभाइन्सद्वारा, यसको प्रतिलिपिहरू छपाइन्छ र थप सटीक परीक्षणको लागि प्रेस्बिटेरीहरूमा पठाइएको हुन्छ । यसको; र यस सभामा बारम्बार सार्वजनिक सूचना दिइन्छ, कि सबैलाई कुनै शंका वा आपत्ति छ भने उचित जाँच गरि पत्ता लगाउनुस् यसमा तिनीहरूलाई राख्न सकिन्छ भनिएको थियो । यसो भनिएको थियो कि क्याटेकिज्म परमेश्वरको वचनसँग सहमत छ र यस सिद्धान्त कुनै पनि कुरामा, यस मण्डलीको आराधना, अनुशासन, र प्रशासनसँग विपरीत छैन् । धर्म मा अभिप्रेत एकरूपता को एक

आवश्यक भाग, र एक धनी को जनता माझ ज्ञान वृद्धि को खजाना भगवान र यसैले सभा, जसरी तिनीहरूले प्रभुलाई आशीर्वाद दिन्छन् यति उत्कृष्ट एक क्याटेकिज्म तयार छ, त्यसैले तिनीहरूले अनुमोदन समान, एकरूपता को एक भाग को रूप मा; सहमत, आफ्नो भाग को लागी, कि यो तीन राज्यहरु को लागी एक साझा क्याटेकिज्म हुन, र धर्मको आधारको ज्ञानमा केही प्रवीणता हासिल गरेको जस्तै क्याचिसिङको लागि निर्देशिका हुन् ।

## १. मानव जीवनको मुख्य र विशेष उद्देश्य के हो ?

**उत्तर :** मानव जीवनको मुख्य र विशेष उद्देश्य परमेश्वरलाई महिमा दिनु र उहाँमा नै सधैँभरि आनन्दित रहिरहनु हो ।

रोमी ११:३६; १ कोर १०:३१; भसं ७३:२४-२८; युह १७:२१-२३ ।

## प्रश्न २. परमेश्वर हुनुहुन्छ भन्ने कुरा हामीले कसरी थाहा गर्न सक्छौँ ?

**उत्तरः** हामीले मानिसमा रहेको सृष्टिको प्रकाश र परमेश्वरका कामहरूद्वारा परमेश्वर हुनुहुन्छ भन्ने कुरा थाहा गर्न सक्छौँ तर यी कुराहरू उहाँको वचन र पवित्र आत्माले मात्र उहाँलाई मानिसहरूको मुक्तिको लागि पर्याप्त र प्रभावकारी रूपमा प्रकट गर्नुहुन्छ ।

रोमी १:१९-२०; भसं १९:१-३; प्रे १७:२८; १ कोर २:९-१०; २ तिमो ३:१५-१७; यसै ५९:२१ ।

## प्रश्न ३. परमेश्वरको वचन के हो ?

**उत्तर:** पवित्र आत्माको प्रेरणाद्वारा लेखिएका पुरानो र नयाँ करारका पुस्तकहरू नै परमेश्वरको वचन हुन् । यी पुस्तकहरू नै विश्वास र आज्ञाकारिताको एकमात्र नियम हुन् ।

२ तिमो ३:१६; २ पत्रु १:१९-२१; एफे २:२०; प्रका २२:१८-१९; यसै ८:२०; लुका १६:२९, लुका १६:३१; गला १:८-९; २ तिमो ३:१५-१६ ।

## प्रश्न ४. पवित्र धर्मशास्त्र नै परमेश्वरको वचन हो भनी कसरी थाहा गर्न सकिन्छ ?

**उत्तर:** पवित्र धर्मशास्त्रले आफ्नो महिमा र शुद्धताद्वारा आफैँलाई परमेश्वरको वचनका रूपमा प्रकट गर्दछ । यसमा लेखिएका सबै भागहरूले उहाँमा नै सहमति जनाउनुका साथै यसमा उल्लिखित सम्पूर्ण कुराहरूले परमेश्वरलाई नै महिमा दिने गर्दछन् । तिनीहरूको ज्योति र शक्तिद्वारा पापीहरूलाई विश्वासको लागि तयारी गर्न, रूपान्तरण गर्न र सान्त्वना दिनुका साथै विश्वासीहरूलाई मुक्तिको लागि निर्माण पनि गर्दछ । तर परमेश्वरको आत्माले मानिसको हृदयमा धर्मशास्त्र (वचन)द्वारा गवाही दिनुहुन्छ कि केवल पवित्र धर्मशास्त्र मात्र परमेश्वरको वचन हो । पवित्र धर्मशास्त्र परमेश्वरको वचन हो भनी प्रमाणित गर्न यो आफैँमा पूर्णरूपमा विश्वस्त र सक्षम छ ।

होशे ८:१२; १ कोर २:६-७, २ कोर २:१३; भसं ११९:१८, भसं ११९:१४०; प्रे १०:४३; प्रे २६:२२; रोमी ३:१९, रोमी ३:२७; प्रे १८:२८; हिब्रू ४:१२; याकु १:१८; भसं १:१८; भसं १९:७-९; रोमी १५:४; प्रे २०:३२; युह १६:१३-१४; १ युह २:२०, १ युह २:२७; युह २०:३१ ।

## प्रश्न ५. धर्मशास्त्रले मुख्यतया के कुरा सिकाउँदछ ?

**उत्तर:** धर्मशास्त्रले मुख्यतया मानिसले परमेश्वरको बारेमा के विश्वास गर्नुपर्छ र परमेश्वरले मानिसबाट कस्तो जिम्मेवारी वहन गरेको चाहनुहुन्छ भन्ने कुरा सिकाउँदछ ।

२ तिमोथी १:१३ ।

## प्रश्न ६. पवित्र धर्मशास्त्रले परमेश्वरको बारेमा के थाहा दिन्छ ?

**उत्तरः** पवित्र धर्मशास्त्रले परमेश्वर को हुनुहुन्छ, त्रिएक परमेश्वरका व्यक्तित्त्वहरूको बारेमा, उहाँका आज्ञा र उहाँको वचन कसरी पालना गर्ने भन्ने कुराहरूको बारेमा थाहा दिँदछ ।

हिब्रू ११:१६; १ युह ५:७; प्रे १५:१४-१५, प्रे १५:१८; प्रे ४:२७-२८ ।

## प्रश्न ७. परमेश्वर को हुनुहुन्छ ?

**उत्तरः** परमेश्वर आत्मा हुनुहुन्छ । उहाँ आफैँमा असीमित अस्तित्व, महिमापूर्ण, आशिषले भरिपूर्ण र सिद्ध हुनुहुन्छ । उहाँ सबै कुरामा पर्याप्त, अनन्त, अपरिवर्तनशील, अगम्य, सर्वव्यापी, सर्वशक्तिमान्, सर्वज्ञानी, परम पवित्र, सबैभन्दा न्यायी, अति कृपालु, अति दयालु, सहनशील, भलाइ गर्न र सत्यमा प्रशस्त हुनुहुन्छ ।

युह ४:२४; प्रस्थ ३:१४; अय्यु ११:७-९; प्रे ७:२; १ तिमो ६:१५; मत्ती ५:४८; उत्प १७:१; भजनसंग्रह ९०:२; मला ३:६; याकु १:१७; १ राजा ८:२७; भसं १३९:१-१३; प्रका ४:८; हिब्रू ४:१३; भसं १४७:५; रोमी १६:२७; यसै ६:३; प्रका १५:४; व्यव ३२४; प्रस्था ३४:६ ।

## प्रश्न ८. के एकभन्दा धेरै परमेश्वर हुनुहुन्छ ?

**उत्तरः** छैनन्; परमेश्वर केवल एक मात्र जीवित र सत्य परमेश्वर हुनुहुन्छ ।

व्यवस्था ६:४; १ कोरिन्थी ८:४, १ कोरिन्थी ८:६; यर्मिया १०:१० ।

## प्रश्न. ९. त्रिएक परमेश्वरमा कति व्यक्तित्वहरू हुनुहुन्छ ?

**उत्तरः** पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर गरी त्रिएक परमेश्वरमा तीतन व्यक्तित्वहरू हुनुहुन्छ । यी तीतनै व्यक्तित्वहरू सत्यता, अनन्तता, गुण, शक्ति र महिमामा एकसमान हुनुहुन्छ । तापनि उहाँहरू फरक-फरक व्यक्तिगत गुणहरूद्वारा प्रतिष्ठित हुनुहुन्छ ।

१ युह ५:७; मत्ती ३:१६-१७; मत्ती २८:१९; २ कोर १३:१४; युह १०:३०।

## प्रश्न १०. त्रिएक परमेश्वरका व्यक्तिगत तथा फरक भूमिकाहरू के के छन् ?

**उत्तर:** पिताले पुत्रलाई जन्माउनुभएको र पुत्र पिताबाट जन्माइएको हुनुहुन्छ । पवित्र आत्माचाहिँ पिता र पुत्र दुवैबाट र सबै अनन्तताबाट पठाइएका हुनुहुन्छ ।

हिब्रू १:५-६, हिब्रू १:८; युह १:१४, युह १:१८; युह १५:२६; गला ४:६ ।

## प्रश्न ११. पुत्र र पवित्र आत्मा पनि पिता जस्तै समान हुनुहुन्छ भन्ने कुरालाई पवित्र धर्मशास्त्रले कसरी प्रमाणित गर्दछ ?

**उत्तरः** पवित्र धर्मशास्त्रले प्रकट गर्दछ कि पुत्र र पवित्र आत्मा पिताको समान परमेश्वर नै हुनुहुन्छ, उहाँहरूको नाउँ, गुण, काम र उपासना जुन परमेश्वरको लागि मात्र उपयुक्त छ ।

यसै ६:३, यसै ६:५, यसै ६:८; युह १२:४१; प्रे २८:२५; १ युह ५:२०; प्रे ५:३-४; युह १:१; यसै ९:६; युह २:२४-२५; १ कोर २:१०-११; कल १:१६; उत्प १:२; मत्ती २८:१९; २ कोर १३:१४ ।

## प्रश्न १२. परमेश्वरका आज्ञाहरू के के हुन् ?

**उत्तरः** परमेश्वरका आज्ञाहरू बुद्धिमानी, स्वतन्त्र र उहाँको इच्छाको परामर्शको पवित्र कार्यहरू हुन् जसद्वारा अनन्तकालदेखि नै उहाँले आफ्नै महिमाको लागि जो कुनैपनि समयमा, विशेष गरी स्वर्गदूतहरू र मानिसहरूको सम्बन्धमा अपरिवर्तनीय रूपमा पूर्वनिर्धारित गरिएको छ ।

एफे १:११; रोमी ११:३३; रोमी ९:१४-१५, रोमी ९:१८; एफे १:४, एफे १:११; रोमी ९:२२-२३; भसं ३३:११ ।

## प्रश्न १३. परमेश्वरले स्वर्गदूतहरू र मानिसहरूको बारेमा विशेष गरी के उर्दी दिनुभएको छ ?

**उत्तरः** परमेश्वरले अनन्त र अपरिवर्तनशील आज्ञाद्वारा, केवल उहाँको प्रेमका निम्ति, उहाँको आफ्नो महिमामय कृपाको स्तुतिको लागि, उहाँको अनुग्रहको लागि, उहाँको प्रशंसा सही समयमा प्रकट हुनको लागि केही स्वर्गदूतहरूलाई उहाँको महिमाको लागि चुन्नुभएको छ । अनि उहाँले ख्रीष्टमा केही मानिसहरूलाई पनि अनन्त जीवन र आफ्नो उपासनाका लागि चुन्नुभएको छ । साथै उहाँको सार्वभौम शक्तिका अनुसार र उहाँको आफ्नै इच्छाको अगम्य सल्लाह अनुसार (जसबाट उहाँको इच्छा अनुसार अनुग्रह बिस्तार गर्नुहुन्छ वा रोक्नुहुन्छ) पूर्वनिर्धारित गर्नुभएको छ । अनि बाँकी अरूलाई तिनीहरूको पापमा अनादर र क्रोधमा दण्डित हुन उहाँको न्यायको महिमाको लागि पूर्व-निर्धारित गर्नुभएको छ ।

१ तिमोथी ५:२१; एफेसी १:४-६; २ थेसलोनिकी २:१३-१४; रोमी ९:१७-१८, रोमी ९:२१-२२; मत्ती ११:२५-२६; २ तिमोथी २:२०; यहुदा १:४; १ पत्रुस २:८ ।

## प्रश्न १४. परमेश्वरले आफ्ना आज्ञाहरू कसरी कार्यान्वयन गर्नुहुन्छ ?

**उत्तरः** परमेश्वरले सृष्टि र पूर्व-प्रबन्धको कार्यमा उहाँको अचम्मको पूर्व-ज्ञान र आफ्नै स्वतन्त्र इच्छाको अपरिवर्तनीय सल्लाह अनुसार आफ्ना आज्ञाहरू कार्यान्वयन गर्नुहुन्छ ।

एफेसी १:११ ।

## प्रश्न १५. सृष्टिको काम के हो ?

**उत्तरः** सृष्टिको काम त्यो हो जुन शुरूमा परमेश्वरले आफ्नो वचनको शक्तिद्वारा छ दिनको अन्तरालमा शून्यताबाट ब्रह्माण्ड र त्यहाँ भएका सबै चीजहरू आफ्नै निम्ति सृष्टि गर्नुभयो जुन अति असल थियो ।

उत्पत्ति १; हिब्रू११:३; हितोपदेश १६:४ ।

## प्रश्न १६. परमेश्वरले स्वर्गदूतहरूलाई कसरी सृष्टि गर्नुभयो ?

**उत्तरः** परमेश्वरले स्वर्गदूतहरूलाई आत्मा, अमर, पवित्र, ज्ञानमा उत्कृष्ट, शक्तिशाली, उहाँका आज्ञाहरू पालन गर्न र उहाँको नाउँको प्रशंसा गर्न तर परिवर्तनशील रूपमा सृष्टि गर्नुभयो ।

कल १:१६; भज १०४:४; मत्ती २२:३०; मत्ती २५:३१; २ शमु १४:१७; मत्ती २४:३६; २ थेस १:७; भज १०३:२०-२१; २ पत्रु २:४ ।

## प्रश्न १७. परमेश्वरले मानिसलाई कसरी सृष्टि गर्नुभयो ?

**उत्तर:** परमेश्वरले अरू सबै प्राणीहरू सृष्टि गर्नुभएपछि, मानिसलाई नर र नारी गरि उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो । जमिनको धुलोबाट मानिसको शरीर र पुरूषको करङबाट स्त्रीको शरीर बनाउनुभयो । तिनीहरूलाई जीवित, व्यवहारिक, आत्मामा अमर र ज्ञानी बनाइ धार्मिकता र पवित्रतामा तिनीहरूको

हृदयमा परमेश्वरको व्यवस्था लेखिदिनुका साथै त्यसलाई पूरा गर्ने शक्ति पनि प्रदान गर्नुभयो र तिनीहरूलाई प्राणीहरूमाथि शासन गर्ने अधिकार पनि दिनुभयो । यी सबै अधिकार दिनुभएतापनि पतन हुने सम्भाव्यतामा बनाउनुभयो ।

उत्पत्ति १:२७; उत्पत्ति २:७; उत्पत्ति २:२२; उत्पत्ति २:७; अय्यूब ३५:११; उपदेशक १२:७; मत्ती १०:२८; लूका २३:४३; उत्पत्ति १:२७; कलस्सी ३:१०; एफीसी ४:२४; रोमी २:१४-१५; उपदेशक ७:२९; उत्पत्ति १:२८; उत्पत्ति ३:६; उपदेशक ७:२९ ।

## प्रश्न १८. ईश्वरीय पूर्वप्रबन्धका कार्यहरू के-के हुन् ?

**उत्तर:** ईश्वरीय पूर्वप्रबन्धका कार्यहरू भनेको सबैभन्दा पवित्र, बुद्धिमानी, शक्तिशाली रूपमा हरेक सृष्टिमाथि शासन र संरक्षण गर्नु हो । उहाँको आफ्नै महिमाको लागि तिनीहरूका सबै कार्यहरूमा आदेश दिनु हो ।

भसं १४५:१७; भसं १०४:२४; यशै २८:२९; हिब्रू १:३; भस १०३:१९; मत्ती १०:२९-३१; उत ४५:७; रोमी ११:३६; यशै ६३:१४ ।

## प्रश्न १९. स्वर्गदूतहरूप्रति परमेश्वरको पूर्वप्रबन्ध के हो ?

**उत्तर:** परमेश्वरले आफ्नो पूर्वप्रबन्धद्वारा केही स्वर्गदूतहरूलाई जानाजानी र अपरिवर्तनीय रूपमा पापमा पतन हुन र अभिशापमा पर्न अनुमति दिनुभयो । तिनीहरूका सबै पापहरूलाई आफ्नै महिमामा सीमित राख्न आज्ञा गर्नुभयो र बाँकी सबैलाई उहाँको खुशी, उहाँको शक्ति, दया र न्यायको प्रशासनमा प्रयोग गर्न पवित्रता र आनन्दमा स्थापित गर्नुभयो ।

२ पत्रु २:४; हिब्रू २:१६; युह ८:४४; अयु १:१२; मत्ती ८:३१; १ तित ५:२१; मर्कु ८:३८; हिब्रू १२:२२; भसं १०४:४; २ राजा १९:३५; हिब्रू १:१४ ।

## प्रश्न २०. मानिसलाई सृष्टि गरिएको पूर्वप्रबन्धमा परमेश्वरको उद्देश्य के थियो ?

**उत्तर:** मानिसलाई सृष्टि गरिएको परमेश्वरको पूर्वप्रबन्धमा उसलाई अदनको बगैँचामा राख्न र यसलाई तयार गर्न, उसलाई पृथ्वीको फल खाने स्वतन्त्रता दिन, प्राणीहरूलाई उसको अधीनमा राख्न र उसको सहायताको लागि विवाहको प्रबन्ध

गर्न, सबाथको स्थापना गर्दै उसलाई परमेश्वरसँग जोडिन, उहाँसँग जीवनको करारमा प्रवेश गर्न, व्यक्तिगत, सिद्ध र अनन्त आज्ञाकारिताको शर्तमा जुन जीवनको रूखमा प्रतिज्ञा गरिएको थियो । तर मृत्युको पीडामा असल र खराबको ज्ञान दिने रूखको फल खान निषेध गरिएको थियो ।

उत २:८, १५-१६; उत १:२८; उत २:१८; उत १:२६-२९; उत ३:८; उत २:३; गला ३:१२; रोमी १०:५; उत २:९, १७

## प्रश्न २१. के मानिस त्यही अवस्थामा रह्यो जहाँ परमेश्वरले उसलाई सुरूमा सृष्टि गर्नुभएको थियो ?

**उत्तर:** हाम्रा पहिला अभिभावक आदम र हव्वाले शैतानको परिक्षामा परि आफ्नै स्वतन्त्र इच्छामा लागेर निषेधित गरिएको फल खाई परमेश्वरको आज्ञालाई उल्लङ्घन गरे । यसरी उनीहरू सृष्टि गरिँदाको निर्दोषपनको अवस्थाबाट पतन भए ।

उत ३:६-८, १३; उप ७:२९; २ कोर ११:३

## प्रश्न २२. के सबै मानिसजाति त्यो पहिलो पापमा पतन भएका छन् ?

**उत्तर:** सार्वजनिक व्यक्तिको रूपमा आदमसँग गरिएको त्यो करार उसको लागि मात्र नभई उसको वंशजको लागि पनि थियो कि सबै पुस्ता उनीबाट आएका हुनाले सबै मानिसजातिले उनमा पाप गरे र उनीसँग त्यो पहिलो अपराध अर्थात् पापमा पतन भए ।

प्रे १७:२६; उत २:१६-१७; रोमी ५:१२-२०; १ कोर १५:२१-२२

## प्रश्न २३. पतनले मानिसजातिलाई कुन अवस्थामा पुऱ्यायो ?

**उत्तर:** पतनले मानिसजातिलाई पाप र दुःखको अवस्थामा पुऱ्यायो ।

(रोमी ५:१२; रोमी ३:२३)

## प्रश्न २४. पाप भनेको के हो ?

**उत्तर:** पाप भनेको व्यावहारिक प्राणीलाई नियमको रूपमा दिइएको परमेश्वको कुनै पनि आज्ञालाई उल्लङ्घन गर्नु हो ।

१ युह ३:४; गल ३:१०, १२

## प्रश्न २५. मानिस पतन भएको पापपूर्ण अवस्थामा के समावेश छ ?

**उत्तर:** पापपूर्ण अवस्था जसमा मानिसको पतन भयो यो आदमको पहिलो पापको दोषमा समावेश छ । उसलाई सृष्टि गरिएको धार्मिकताको अभाव र उसको आफ्नै पाप स्वभावको भ्रष्टता जसद्वारा ऊ पूर्णरूपमा अव्यवस्थित, असक्षम र सबै आत्मिक असल कुराको विपरीत भएको छ फलस्वरूप उसले निरन्तर रूपमा सबै खराबीहरूमा झुकाव राख्दछ जसलाई सामान्यतया मूल पाप भनिन्छ । जुन पापबाट सबै निश्चित पापहरू अगाडि बढ्छन् ।

रोमी ५:१२, १९; रोमी ३:१०-१९; एफे २:१-३; रोमी ५:६; रोमी८:७-८; उत ६:५; याकु १:१४-१५; म १५:१९

## प्रश्न २६. हाम्रो पहिलो अभिभावकबाट नयाँ पुस्तामा तिनीहरूको मौलिक पाप कसरी सर्छ ?

**उत्तर:** हाम्रा पहिलो अभिभावकबाट मौलिक पाप तिनीहरूको वंशमा नैसर्गिक रूपमा हस्तान्तरण भएको हो, यसरी नै उनीहरूबाट पनि यही क्रम जारी रहन्छ । त्यसैले सबै मानिस पापमा नै गर्भधारण हुनुका साथै पापमा नै जन्मिन्छन् ।

भसं ५१:५; अयु १४:४; अयु १५:१४; युह ३:६ ।

## प्रश्न २७. पतनले मानिसजातिमा कस्तो पीडा ल्यायो ?

**उत्तर:** पतनले मानिसजातिलाई परमेश्वरसँगको नजिकको सम्बन्धबाट टाढा बनायो, उहाँको असन्तुष्टि र श्रापको अवस्थामा ल्यायो । जसरी हामी स्वभावैले क्रोधका सन्तान, शैतानको दास हौँ र यस संसारमा आउने सबै दण्डहरूका लागि उत्तरदायी छौँ ।

उत ३:८, १०, २४; एफे २:२-३; २ तिम २:२६; उत २:१७; विला ३:३९; रोमी ६:२३; मत २५:४१, ४६; यहु १:७ ।

## प्रश्न २८. यस संसारमा पापको दण्ड के हो ?

**उत्तर:** यस संसारमा पापको दण्ड: भित्री रूपमा; मनको अन्धोपन, एक निन्दनीय भावना, भ्रम, हृदयको कठोरता, अन्तस्करणको भय र खराब मनसाय र बाहिरी रूपमा; सबै खराबीहरू हाम्रो शरीर, नाम, अवस्था, सम्बन्ध र रोजगारीमा आउने समस्याहरू र मृत्यु पनि हाम्रो पापको खातिर सबै प्राणीहरूमा परमेश्वरको श्राप हो ।

एफे ४:१८; रोमी १:२८; २ थेस २:११; रोमी २:५; यशै ३३:१४; उत ४:१३; मत्ती २७:४; रोमी १:२६; उत्प ३:१७; व्यव २८:१५-६८; रोमी ६:२१, २३ ।

## प्रश्न. २९. यस संसारमा आउने पापको दण्डहरू के-के हुन् ?

**उत्तर.** यस संसारमा आउने पापको दण्डहरू परमेश्वरको सहज उपस्थितिबाट अनन्त बिछोड, आत्मा र शरीरमा सबैभन्दा पीडादायी यातनाहरू, बिना कुनै अवरोध सदाको लागि नरकको आगो आदि हुन् ।

२ थेस्स १:९; मर्कु ९:४३-४४, ४६, ४८; लुका १६:२४ ।

## प्रश्न. ३०. के परमेश्वरले सबै मानिसजातिलाई पाप र दुःखको अवस्थामा नष्ट हुन छोड्नुहुन्छ ?

**उत्तर;** परमेश्वरले सबै मानिसहरूलाई पाप र दुःखको अवस्थामा नष्ट हुन दिनुहुनेछैन । तिनीहरू पहिलो आज्ञाको उल्लङ्घनमा परेका थिए जसलाई सामान्य रूपमा कामको (सृष्टि) करार भनिन्छ । तर उहाँको अद्वितीतय प्रेम र अनुग्रहले उहाँमा चुनिएकाहरूलाई मात्र यसबाट छुटकारा दिनुहुन्छ र तिनीहरूलाई दोस्रो करारद्वारा मुक्तिको अवस्थामा ल्याउनुहुन्छ, जसलाई सामान्यतया अनुग्रहको करार भनिन्छ ।

१ थेस ५:९; गला ३:१०, १२; तीत ३:४-७; गल ३:२१; रोमी ३:२०-२२

## प्रश्न. ३१. अनुग्रहको करार कससँग बाधिएको छ ?

**उत्तरः** अनुग्रहको करार दोस्रो आदमको रूपमा ख्रीष्टसँग र उहाँमा सन्तानको रूपमा चुनिएका सबैसँग बाधिएको छ ।

गला ३:१६; रोमी ५:१५-२१; यशै ५३:१०-११

## प्रश्न ३२. दोस्रो करारमा परमेश्वरको अनुग्रह कसरी प्रकट भएको छ ?

**उत्तरः** परमेश्वरको अनुग्रह दोस्रो करारमा यसरी प्रकट भएको छ कि, जसमा उहाँले स्वतन्त्र रूपमा पापीहरूलाई मध्यस्थता उपलब्ध गर्नुका साथै उहाँद्वारा जीवन र मुक्ति पनि प्रदान गर्नुहुन्छ । र उनीहरूलाई उहाँसम्म पुग्ने सर्तको रूपमा विश्वास राखिदिनुभएको छ र उहाँमा चुनिएका सबैलाई पवित्र आत्मा दिने प्रतिज्ञा गर्नुहुन्छ ताकी त्यही पवित्र आत्माद्वारा तिनीहरूमा विश्वासले काम गरोस् । अन्य सबै बचाउने अनुग्रहसहित तिनीहरूको विश्वासको सत्यता र परमेश्वरप्रति कृतज्ञताको प्रमाणको रूपमा तिनीहरूलाई सबै पवित्रतामा आज्ञाकारि बन्न सक्षम बनाउनुहुन्छ । उहाँलाई नै मुक्तिको मार्गको रूपमा नियुक्त गर्नुभएको छ ।

उत्प ३:१५; यशै ४२:६; युह ६:२७; १ युह ५:११-१२; युह ३:१६; युह १:१२; हितो १:२३; २ कोर ४:१३; गला ५:२२-२३; इज ३६:२७; याकु २:१८, २२; २ कोर ५:१४-१५; एफे २:१०

## प्रश्न. ३३. के अनुग्रहको करार सधैँ एकैनास र एउटै तरिकाले प्रशासित थियो ?

**उत्तरः** अनुग्रहको करार सधैँ एउटै तरिकाले प्रशासित थिएन । पुरानो करारमा यसको प्रशासन फरक थियो भने नयाँ करारमा यो बेग्लै तरिकाले प्रशासित हुन्छ ।

२ कोर ३:६-९

## प्रश्न. ३४. पुरानो करार अन्तर्गत अनुग्रहको करार कसरी प्रशासित गरिएको थियो ?

**उत्तरः** पुरानो करार अन्तर्गत अनुग्रहको करारलाई प्रतिज्ञाहरू, भविष्यवाणीहरू, बलिदानहरू, खतना, निस्तार चाड र अन्य विविध प्रकारका नियमहरूद्वारा प्रशासित गरिएको थियो, जसले आउनुहुने ख्रीष्टको पूर्व-संकेत गर्दथ्यो र त्यो समयको लागि चुनिएकाहरूलाई प्रतिज्ञा गरिएको मसीहमाथिको विश्वासमा निर्माण गर्न यी कुराहरू पर्याप्त थिए जसद्वारा उनीहरूले पापको पूर्ण क्षमा र अनन्त मुक्ति पाएका थिए ।

रोमी १५:८; प्रे ३:२०, २४; हि१०:१; रो ४:११; १ को ५:७; हि ८-१०, ११:१३; गला ३:७-९, १४

## प्रश्न. ३५. नयाँ करार अन्तर्गत अनुग्रहको करार कसरी प्रशासित गरिएको थियो ?

**उत्तरः** नयाँ नियम अन्तर्गत जब ख्रीष्टको त्रीएकत्व प्रदर्शन गरिएको थियो, अनुग्रहको करार; वचन प्रचार, पवित्र बप्तिस्मा र प्रभुभोजको विधिको सञ्चालनमा प्रशासित थियो र अझै पनि छ । जसमा अनुग्रह र मुक्ति सबै राष्ट्रहरूको लागि अझ पूर्ण, प्रमाणित र प्रभावकारी रूपमा राखिएको छ ।

मर्कु १६:१५; मत्ती २८:१९-२०; १ को ११:२३-२५; २ कोर ३:६-१८; हिब्रू ८:६, १०, ११; मत्ती २८:१९

## प्रश्न. 36. अनुग्रहको करारको मध्यस्थकर्ता को हुनुहुन्छ ?

**उत्तरः** अनुग्रहको करारको एकमात्र मध्यस्थकर्ता प्रभु येशू ख्रीष्ट हुनुहुन्छ, जो परमेश्वरको अनन्त पुत्र, पितासँग एकसमान र एकस्वरूप हुनुहुन्छ । उहाँले समयको पूर्णतामा मानिसको रूप धारण गर्नुभयो । उहाँ परमेश्वर र मानिस दुई पूर्ण र भिन्न स्वभावहरूसहित एउटै शरीरमा हुनुहुन्थ्यो ।

१ तिम २:५; युह १:१, १४; युह १०:३०; फिलि २:६; गला ४:४; लुका १:३५; रोमी ९:५; कल २:९; हिब्रू ७:२४-२५

## प्रश्न ३७. 'ख्रीष्ट' परमेश्वरको पुत्र भएर पनि कसरी मानिस हुनुभयो ?

**उत्तरः** परमेश्वरका पुत्र ख्रीष्ट आफैमा एक साँचो शरीर र एक स्वभाविक आत्मा लिएर कन्या मरियमको गर्भमा पवित्र आत्माको शक्तिद्वारा मानिस भएर गर्भधारण हुनुभयो । यसरी उनको तत्वबाट र उनको कोखबाट नै जन्मनु भएतापनि उहाँ पापरहित हुनुहुन्थ्यो ।

युह १:१४; मत्ती २६:३८; लु १:२७, ३१, ३५, ४२; गला ४:४; हिब्रू ४:१५; हिब्रू ७:२६

## प्रश्न ३८. मध्यस्थकर्ता परमेश्वर नै हुनु किन आवश्यक थियो ?

**उत्तरः** परमेश्वर नै मध्यस्थकर्ता हुन आवश्यक थियो किनभने मानव स्वभावलाई परमेश्वरको असीम क्रोध र मृत्युको शक्तिमा डुब्नबाट जोगाई राख्न खाँचो थियो । उहाँको पीडा, आज्ञाकारिता र मध्यस्थतालाई मूल्य र प्रभावकारिता दिन र परमेश्वरको न्यायलाई सन्तुष्ट पार्न, उहाँको अनुग्रह प्राप्त गर्न, मानिसहरूलाई मोल तिरेर किन्न, तिनीहरूलाई उहाँको आत्मा दिन, तिनीहरूका सबै शत्रुहरूलाई पराजित गर्न र तिनीहरूलाई अनन्त मुक्तिमा ल्याउन एक शिद्ध मध्यस्थकर्ताको आवश्यकता थियो ।

प्रे २:२४-२५; रोमी १:४; रोमी ४:२५; हि ९:१४; प्रे २०:२८; हि ९:१४; हि ७:२५-२८; रोमी ३:२४-२६; एफे १:६; मत्ती ३:१७; तीत २:१३-१४; गला ४:६; लु १:६८-६९, ७१, ७४; हि ५:८-९; हि ९:११-१५

## प्रश्न ३९. मध्यस्थकर्ता मानिस नै हुनु किन आवश्यक थियो ?

**उत्तरः** मध्यस्थकर्ता मानिस नै हुन आवश्यक थियो किनभने मानिसको स्वभावलाई अगाडि बढाउनको लागि मानिस नै भएर व्यवस्थाको पालन गर्नुपर्ने थियो, मानव स्वभावमै कष्ट भोग्न पर्ने थियो र मानिसकै स्वभावमा मध्यस्थता गर्नुपर्ने थियो ताकी हाम्रो दुर्बलतामा उहाँ हाम्रो बल हुनुभएको होस् र हामी छोराछोरीहरू जस्तै धर्मपुत्र ग्रहण हुन सकौँ र उहाँको अनुग्रहको सिंहासनमा साहसका साथ सान्त्वना र पहुँच प्राप्त गर्न सकौँ ।

हि २:१६; गला ४:४; हि २:१४; हि ७:२४-२५; हि ४:१५; गला ४:५; हि ४:१६

## प्रश्न. ४०. मध्यस्थकर्ता एकै व्यक्तिमा परमेश्वर र मानिस नै हुनु किन आवश्यक थियो ?

**उत्तरः** मध्यस्थकर्ता एकै व्यक्तिमा परमेश्वर र मानिस नै हुनु आवश्यक थियो ताकी उहाँले परमेश्वर र मानिसलाई मिलाप गराउन सक्नुभएको होस् । यो एक व्यक्तिमा हुनुपर्थ्यो ताकि प्रत्येक स्वभावका उचित कामहरू हाम्रा लागि परमेश्वरले स्वीकार गर्न सकून् र त्यही पूर्ण व्यक्तिको कामको रूपमा हामी उहाँमा भर पर्न सकौँ ।

मत्ती १:२१, २३; मत्ती ३:१७; हि ९:१४; १ पत्रु २:६

## प्रश्न ४१. हाम्रो मध्यस्थकर्तालाई किन “येशू” भनियो ?

उत्तरः हाम्रो मध्यस्थकर्तालाई येशु भनियो किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुभयो ।

मत्ती १:२१

## प्रश्न ४२. हाम्रो मध्यस्थकर्तालाई किन “ख्रीष्ट” भनियो ?

**उत्तरः** हाम्रो मध्यस्थकर्तालाई ख्रीष्ट भनियो किनभने उहाँ पवित्र आत्माद्वारा अभिषेक गरि अलग गरिएको हुनुहुन्थ्यो र सम्पूर्ण अधिकार र योग्यताले पूर्ण रूपमा सुसज्जित भइ अपमान र सम्मान दुवै अवस्थामा अगमवक्ता, पुजारी र आफ्नो मण्डलीको राजाको जिम्मेवारीहरू पूरा गर्नुभएको छ त्यसकारण उहाँलाई ख्रीष्ट भनियो ।

युह ३:३४; भसं ४५:७; युह ६:२७; मत्ती २८:१८-२०; प्रे ३:२१-२२; लु ४:१८, २१; हिब्रू ५:५-७; हिब्रू ४:१४-१५; भसं २:६; मत्ती २१:५; यशै ९:६-७; फिल २:८-११

## प्रश्न ४३. ख्रीष्टले अगमवक्ताको पदलाई कसरी कार्यान्वयन गर्नुहुन्छ ?

**उत्तरः** ख्रीष्टले अगमवक्ताको पदलाई उहाँको सबै युगहरूमा उहाँको आत्मा र वचनद्वारा, प्रशासनका विभिन्न तरिकाहरूमा परमेश्वरको सम्पूर्ण इच्छा

मण्डलीलाई प्रकट गर्नुहुन्छ र तिनीहरूको उन्नति र मुक्तिसम्बन्धी सबै कुराहरूमा कार्यान्वयन गर्नुहुन्छ ।

युह १:१८; १ पत्रु १:१०-१२; हिब्रू १:१-२; युह १५:१५; प्रे २०:३२; एफे ४:११-१३; युह २०:३१

## प्रश्न ४४. ख्रीष्टले पुजारीको पदलाई कसरी कार्यान्वयन गर्नुहुन्छ ?

उत्तरः ख्रीष्टले आफ्ना मानिसहरूको पाप क्षमा र परमेश्वरसँग मिलाप गराउनको लागि एकै पल्ट र सधैँको लागि आफैँलाई परमेश्वरमा निष्खोट बलिदानको रूपमा चढाएर पुजारीको पदलाई कार्यान्वयन गर्नुभएको छ र पापीहरूको लागि निरन्तर मध्यस्थता गर्दैहुनुहुन्छ ।

हिब्रू ९:१४, २८; हिब्रू २:१७; हिब्रू ७:२५

## प्रश्न ४५. ख्रीष्टले राजाको पदलाई कसरी कार्यान्वयन गर्नुहुन्छ ?

**उत्तरः** ख्रीष्टले राजाको पदलाई यस मानेमा कार्यान्वयन गर्नुहुन्छ कि उहाँले संसारबाट मानिसहरूलाई आफ्नै लागि बोलाउनुहुन्छ र उनीहरूलाई अधिकारीहरू, अनुशासनहरू र नियमहरू दिनुहुन्छ, जसद्वारा उहाँले तिनीहरूमा पूर्ण रूपमा शासन गर्नुहुन्छ । उहाँमा चुनिएकाहरूलाई अनुग्रहद्वारा बचाउनुहुन्छ र तिनीहरूलाई आज्ञाकारितामा इनाम पनि दिनुहुन्छ । तिनीहरूलाई आफ्ना पापहरूबाट सच्याउन, तिनीहरूका सबै प्रलोभनहरू र पीडाहरूमा तिनीहरूलाई सहायता गर्न र सुरक्षित राख्न, तिनीहरूका सबै शत्रुहरूलाई रोक्न र पराजित गर्न र उहाँको आफ्नै महिमा र तिनीहरूको भलाइको लागि सबै कुराहरूलाई शक्तिशाली रूपमा आदेश दिनुहुन्छ । तर परमेश्वरलाई नचिनेका र सुसमाचारमा विश्वास नगर्नेहरूलाई फेरि बदला लिनुहुन्छ ।

प्रे १५:१४-१६; यशै ५५:४-५; उत्प ४९:१०; भसं ११०:३; एफे ४:११-१२; १ कोर १२:२८; यशै ३३:२२; मत्ती १८:१७-१८;१ कोर ५:४-५; प्रे ५:३१; प्र २२:१२; प्र २:१०; प्र ३:१९; यशै ६३:९; १ कोर १५:२५; भसं ११०:१-७; रो १४:१०-११; रो ८:२८; २ थेस १:८-९; भसं २:८-९

## प्रश्न. ४६. ख्रीष्टको अपमानको अवस्था कस्तो थियो ?

**उत्तरः** ख्रीष्टको अपमानको स्थिति एकदमै निम्न थियो, जहाँ उहाँले हाम्रो खातिर उहाँको महामहिम महिमाबाट आफैँलाई रित्याउनुभयो । उहाँको गर्भधारण, जन्म, जीवन, मृत्यु र उहाँको मृत्यु पछि पुनरुत्थानसम्म पनि उहाँले सेवकको रूप धारण गर्नुभयो ।

फिलि २:६-८; लुका १:३१; २ कोर ८:९; प्रे २:२४

## प्रश्न ४७. ख्रीष्टले आफ्नो गर्भधारण र जन्ममा कसरी आफैँलाई नम्र तुल्याउनुभयो ?

**उत्तरः** ख्रीष्टले आफ्नो गर्भधारण र जन्ममा आफैँलाई नम्र तुल्याउनुभयो, जसमा अनन्तकालदेखि परमेश्वरको पुत्र भएर पिताको कोखमा हुनुहुन्थ्यो, सामान्य अपमानजनक भन्दा धेरै फरक परिस्थितिहरूको साथ समयको पूर्णतामा उहाँ एक स्त्रीको कोखबाट जन्मन र मानिसको पुत्र हुनको निम्ति अति प्रसन्न हुनुभयो ।

युह १:१४, १८; गला ४:४; लुका २:७

## प्रश्न ४८. ख्रीष्टले आफ्नो जीवनकालमा कसरी आफैँलाई नम्र तुल्याउनुभयो ?

**उत्तरः** ख्रीष्टले आफ्नो जीवनकालमा आफैँलाई व्यवस्थाको अधीनमा राखेर जुन कुरा पूरा गर्नुभयो र संसारको अपमान, शैतानको प्रलोभन र शरीरका कमजोरीहरू, चाहे मानिसको सामान्य स्वभावमा रहेर वा विशेष गरी उहाँको निम्न अवस्थासँग द्वन्द्व गरेर आफैँलाई नम्र तुल्याउनुभयो ।

गला ४:४; मत्ती ५:१७; रोमी ५:१९; भसं २२:६; हिब्रू १२:२-३; मत्ती ४:१-१२; लुका ४:१३; हिब्रू २:१७-१८; हिब्रू ४:१५; यशै ५२:१३-१४

## प्रश्न. ४९. ख्रीष्टले आफ्नो मृत्युमा कसरी आफैँलाई नम्र तुल्याउनुभयो ?

**उत्तरः** ख्रीष्टले यहुदाद्वारा धोका पाएर, आफ्नै चेलाहरूद्वारा त्यागिएर, संसारद्वारा अपमानित र तिरस्कृत भएर, पिलातसद्वारा निन्दित गराइएर र सतावटमा परेर, मृत्युको डर र अन्धकारको शक्तिहरूसँग सङ्घर्ष गर्नुभयो । उहाँले परमेश्वरको क्रोधको भार वहन गरेर, क्रुसको लज्जास्पद, पीडादायी, श्रापित मृत्युलाई सहेर र पापको लागि आफ्नो जीवन अर्पण गरेर, मृत्युसम्मै आज्ञाकारी भइ आफैँलाई नम्र तुल्याउनुभयो ।

मत्ती २७:४; मत्ती २६:५६; यशै ५३:२-३; मत्ती २७:२६-५०; युह १९:३४; लुका २२:४४; मत्ती २७:४६; यशै ५३:१०; फिल २:८; हिब्रू १२:२; गल ३:१३

## प्रश्न. ५०. उहाँको मृत्युपछि ख्रीष्टको अपमान के कुरामा सामेल थियो ?

उत्तरः उहाँको मृत्युपछि ख्रीष्टको अपमान उहाँलाई गाडिनुमा र उहाँको मृत्युको अवस्थामा र तेस्रो दिनसम्म मृत्युको शक्ति भित्र रहनुमा, उहाँ नरकमा ओर्लनुभयो यी शब्दहरूमा सामिल थियो ।

१ कोर १५:३-४; भसं १६:१०; प्रे २:२४-२७, ३१; रोमी ६:९; मत्ती १२:४०

## प्रश्न ५१. ख्रीष्टको महानताको सम्पत्ति के थियो ?

**उत्तरः** ख्रीष्टको पुनरुत्थान, स्वर्गारोहण, पिताको दाहिने हातपट्टी बस्नु र संसारको न्याय गर्न उहाँ फेरि दोस्रो आगमनमा आउनुहुन्छ भन्नु नै उहाँको महानताको सम्पत्ति थियो ।

१ कोर १५:४; मर्कु १६:१९; एफे १:२०; प्रे १:११; प्रे १७:३१

## प्रश्न ५२. उहाँको पुनरुत्थानमा ख्रीष्टलाई कसरी उच्च पारियो ?

**उत्तरः** उहाँको पुनरुत्थानमा ख्रीष्ट यसरी उच्च पारिनुभएको थियो कि, उहाँको मृत्युमा कुनै भ्रष्टता देखिएको थिएन (जसलाई मृत्यु दण्ड दिन कुनै कारण थिएन) उही शरीर र आवश्यक गुणहरूसहित आत्मामा एकताबद्ध हुनुहुन्थ्यो जसमा

उहाँले दुःख भोग्नुभयो, वास्तवमा (यस जीवनसँग सम्बन्धित अन्य सामान्य दुर्बलताहरू थिए तर मृत्यु थिएन ) उहाँ आफ्नै शक्तिद्वारा तेस्रो दिनमा मृत्युबाट बौरी उठनुभयो । यी कुराहरूद्वारा उहाँले आफैंलाई परमेश्वरको पुत्र, ईश्वरीय न्यायलाई सन्तुष्ट पार्ने उत्तम बलिदान, मृत्यु र त्यसको शक्तिको अधीनमा भएको व्यक्तिलाई मृत्युमाथि विजय दिन जिउँदा र मरेकाहरूका प्रभु भएको घोषणा गर्नुभयो । त्यो सबै कुरा उहाँले सार्वजनिक व्यक्तिको रूपमा गर्नुभयो । उहाँ मण्डलीको शिर हुनुहुन्छ । उहाँले तिनीहरूको न्यायको लागि, अनुग्रहद्वारा बचाउनका निम्ति, शत्रुहरूदेखि बचाउनको लागि र अन्तिम दिनमा आफ्ना मानिसहरूलाई मृत्युबाट पुनरूत्थानको आश्वासन दिनहुन्छ ।

प्रे २:२४, २७; लुका २४:३९; रोमी ६:९; प्रका १:१८; युह १०:१८; रोमी १:४; रोमी ८:३४; हिब्रू २:१४; रोमी १४:९; १ कोर १५:२१-२२; एफे १:२०, २२-२३; कल १:१८; रोमी ४:२५; एफे २:१, ५-६; कल २:१२; १ कोर १५:२५-२७; १ कोर १५:२०

## प्रश्न ५३. उहाँको स्वर्गारोहणमा ख्रीष्ट कसरी उच्च पारिनुभयो ?

**उत्तरः** उहाँको स्वर्गारोहणमा ख्रीष्ट यसरी उच्च पारिनुभएको थियो जसमा उहाँको पुनरुत्थानपछि उहाँका चेलाहरूसामु देखा परि आफ्ना चेलाहरूसँग कुराकानी गर्नुभयो । उहाँले परमेश्वरको राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो । तिनीहरूलाई सबै राष्ट्रहरूलाई सुसमाचार प्रचार गर्ने आज्ञा दिनुभयो । उहाँको पुनरुत्थानको चालिस दिनपछि उहाँ हाम्रो स्वभावमा र हाम्रो शिरको रूपमा शत्रुहरूमाथि विजय हासिल गर्दै, सबैको सामुन्ने स्वर्गमा चढिजानुभयो । मानिसहरूका लागि वरदानहरू दिन, हाम्रो प्रेमलाई अझ बढाउन र हाम्रा लागि ठाउँ तयार पार्न जानुभएको छ । जहाँ उहाँ हुनुहुन्छ, उहाँ संसारको अन्त्यसम्म र उहाँको दोस्रो आगमनसम्म निरन्तर हुनुहुनेछ ।

प्रे १:२-३; मत्ती २८:१९-२०; हिब्रू ६:२०; एफे ४:८; प्रे १:९-११; एफे ४:१०; भसं ६८:१८; कल ३:१-२; युह १४:३; प्रे ३:२१

## प्रश्न ५४. परमेश्वरको दाहिने हातपट्टि बस्दा ख्रीष्ट कसरी उच्च पारिनुहुन्छ ?

**उत्तरः** परमेश्वरले ख्रीष्टलाई आफ्नो दाहिने हातपट्टि राखेर उच्च पार्नुभएको छ ।

परमेश्वर-मानिसको रूपमा उहाँ परमेश्वर पिताको साथमा सर्वोच्च अनुग्रहमा विराजमान हुनुहुन्छ । सम्पूर्ण आनन्द, महिमा, स्वर्ग र पृथ्वीका सबै चीजहरूमा शक्तिको साथ उहाँको मण्डलीलाई भेला र रक्षा गर्नुहुन्छ र तिनीहरूका शत्रुहरूलाई पराजित गर्नुहुन्छ । उहाँले आफ्ना सेवकहरू र मानिसहरूलाई वरदानहरू र अनुग्रह प्रदान गर्नुहुन्छ अनि तिनीहरूको लागि मध्यस्थता गर्नुहुन्छ ।

फिलि २:९; प्रे २:२८; भसं. १६:११; युह १७:५; एफे १:२२; १ पत्रु ३:२२; एफे ४:१०-१२; भसं ११०:१; रोमी ८:३४

## प्रश्न ५५. ख्रीष्टले कसरी मध्यस्थता गर्नुहुन्छ ?

**उत्तरः** ख्रीष्टले हामीहरूका लागि मानव स्वभावमा रहेर स्वर्गमा पिताको सामुन्ने प्रकट भइ निरन्तर रूपमा मध्यस्थता गर्नुहुन्छ । पृथ्वीमा उहाँको आज्ञाकारिता र बलिदानको योग्यता घोषणा गर्दै उहाँको अभिप्रायअनुसार सबै विश्वासीहरूमा लागु भएको उहाँ चाहनुहुन्छ । आफ्ना मानिसहरूका विरुद्ध लगाइएका सबै दोष वा पापहरू क्षमा दिँदै र दैनिक असफलताहरूका बावजुद तिनीहरूका लागि शान्ति सुःनिश्चित गर्न र साहसका साथ अनुग्रहको सिंहासनमा पुग्ने सामर्थ दिदै तिनीहरूको व्यक्तित्व र सेवाकाइको स्वीकारको निम्ति मध्यस्थकर्ता गर्नुहुन्छ ।

हिब्रू ९:१२, २४; हिब्रू १:३; युह ३:१६; युह १७:९, २०, २४; रोमी ८:३३-३४; रोमी ५:१-२; १ युह २:१-२; हिब्रू ४:१६; एफे १:६; १ पत्रु २:५

## प्रश्न ५६. संसारको न्याय गर्नको निम्ति ख्रीष्ट फेरि आउनुहुँदा उहाँ कसरी उच्च पारिनुहुनेछ ?

**उत्तरः** ख्रीष्ट संसारको न्याय गर्न आउनुहुँदा उहाँको दोस्रो आगमनमा उच्च पारिनुहुनेछ, किनकि उहाँ जसलाई अन्यायपूर्ण रूपमा न्याय गरिएको थियो र दुष्ट मानिसहरूद्वारा दोषी ठहराइएको थियो । उहाँ अन्तिम दिनमा ठूलो शक्तिका साथ उहाँका पिताको र आफ्नै महिमाको पूर्ण प्रकटीकरणमा आउनुहुनेछ । परमेश्वर उहाँका सबै पवित्र स्वर्गदूतहरूसँग गर्जनका साथ, प्रधानदूतको आवाज

र परमेश्वरका तुरहीको आवाजमा संसारलाई उहाँको धार्मिकतामा न्याय गर्न आउनुहुँदा उच्च पारिनुहुनेछ ।

प्रे ३:१४-१५; मत्ती २४:३०; लुका ९:२६; मत्ती २५:३१; १ थेस ४:१६; प्रे १७:३१

**प्रश्न. ५७. ख्रीष्टले आफ्नो मध्यस्थताबाट के लाभहरू प्राप्त गर्नुभएको छ ?**

**उत्तरः** ख्रीष्टले आफ्नो मध्यस्थताद्वारा मुक्ति प्रदान गर्नुका साथै अनुग्रहको करारका अन्य सबै असल कुराहरू पनि प्रदान गर्नुभएको छ ।

हिब्रू ९:१२; २ कोर १:२०

**प्रश्न ५८ हामी कसरी ख्रीष्टले प्राप्त गरेका लाभहरूमा सहभागी बन्न सक्छौँ ?**

**उत्तरः** विशेष गरी पवित्र आत्मा परमेश्वरको कामद्वारा हामी ख्रीष्टले प्राप्त गर्नुभएका लाभहरूमा सहभागी बनाइएका छौँ ।

युह १:११-१२; तित ३:५-६

**प्रश्न. ५९. ख्रीष्टद्वारा गरिने छुटकारामा को सहभागी बनाइन्छन् ?**

**उत्तरः** मुक्ति तिनीहरूको लागि निश्चित रूपमा लागु गरिएको छ र प्रभावकारी रूपमा सञ्चार गरिएको छ जसको लागि ख्रीष्टले मूल्य चुकाउनु भएको छ । जो ठिक समयमा पवित्र आत्माद्वारा सुसमाचार अनुसार ख्रीष्टमा विश्वास गर्न सक्षम भएका छन् ।

एफे १:१३-१४; युह ६:३७, ३९; युह १०:१५-१६; एफे २:८; २ कोर ४:१३

**प्रश्न. ६०. के तिनीहरू जसले सुसमाचार सुनेका छैनन् र येशू ख्रीष्टलाई चिन्दैनन् र उहाँलाई विश्वास पनि गर्दैनन् तिनीहरू प्रकृतिको प्रकाश अनुसार आफ्नो जीवनबाट मुक्ति पाउन सक्छन् ?**

**उत्तरः** तिनीहरू जसले सुसमाचार कहिल्यै सुनेका छैनन्, येशू ख्रीष्टलाई चिन्दैनन्

र उहाँमा विश्वास गर्दैनन् तिनीहरूले मुक्ति पाउन सक्दैनन् । तिनीहरू प्रकृतिको प्रकाश वा आफ्नो धर्मको नियमहरू अनुसार आफ्नो जीवन जिए तापनि मुक्ति पाउन सक्दैनन् । अरू कसैमा पनि मुक्ति छैन् केवल ख्रीष्टमा मात्र छ जो उहाँको शरीर वा मण्डलीको मुक्तिदाता हुनुहुन्छ ।

रोमी १०:१४; २ थेस १:८-९; एफे २:१२; युह १:१०-१२; युह ८:२४; मर्कु १६:१६; १ कोर १:२०-२४; युह ४:२२; रोमी ९:३१-३२; फिलि ३:४-९; प्रे ४:१२; एफे ५:२३

## प्रश्न. ६१. के सु-समाचार सुन्ने र मण्डलीमा आउने सबैले मुक्ति पाउँछन् ?

**उत्तरः** सु-समाचार सुन्ने र दृश्य मण्डलीमा सहभागी हुने सबैले मुक्ति पाउने छैनन्; तर अदृश्य मण्डलीका साँचो सदस्यहरूले मात्र मुक्ति पाउने छन् ।

युह १२:३८-४०; रोमी ९:६; मत्ती २२:१४; मत्ती ७:२१; रोमी ११:७

## प्रश्न. ६२. दृश्य मण्डली भनेको के हो ?

**उत्तरः** दृश्य मण्डली भनेको संसारका सबै उमेरका र सबै ठाउँहरूमा साँचो धर्मलाई पछ्याउने र तिनीहरूका छोराछोरीहरूबाट मिलेर बनेको जमात हो ।

१ कोर १:२; १ कोर १२:१३; रोमी १५:९-१२; प्रका ७:९; भसं २:८; भसं २२:२७-३१; भसं ४५:१७; मत्ती २८:१९-२०; यशै ५९:२१; १ कोर ७:१४; प्रे २:३९; रोमी ११:१६; उत्प १७:७

## प्रश्न. ६३. दृश्य मण्डलीको विशेष विशेषाधिकार के हो ?

**उत्तरः** दृश्य मण्डलीले परमेश्वरको विशेष हेरचाह र सरकारको अधीनमा हुने विशेषाधिकार पाएको छ । सबै शत्रुहरूको विरोधको बावजुद सबै युगहरूमा संरक्षित र सुरक्षित हुने र सन्तहरूको संगतिको सहभागितामा आनन्द लिने, मुक्तिको सामान्य माध्यम र सुसमाचारको सेवकाईमा ख्रीष्टले यसका सबै सदस्यहरूलाई अनुग्रह र गवाही दिनुहुँन्छ, कि उहाँमा बिश्वास नगर्ने बाहेक विश्वास गर्ने सबैले मुक्ति पाउनेछन् ।

यशै ४:५-६; १ तिमो ४:१०; भसं ११५:१-१८; यशै ३१:४-५; जक १२:२-४,८-९; प्रे २:३९, ४२; भसं १४७:१९-२०; रोमी ९:४; एफे ४:११-१२; मर्कु १६:१५-१६; युह ६:३७

## प्रश्न. ६४. अदृश्य मण्डली भनेको के हो ?

**उत्तरः** अदृश्य मण्डली भनेको चुनिएकाहरूको सम्पूर्ण सङ्‌ख्या हो, जो ख्रीष्टको शिरमुनि एकत्वमा भेला भएका हुन्छन् र हुनेछन् ।

एफे १:१०, २२-२३; युह १०:१६; युह ११:५२

## प्रश्न. ६५. ख्रीष्टद्वारा अदृश्य मण्डलीका सदस्यहरूले के विशेष लाभहरू पाउँछन् ?

**उत्तरः** अदृश्य मण्डलीका सदस्यहरू ख्रीष्टद्वारा अनुग्रह र महिमामा उहाँसँग मिलाप र सद्भावको आनन्द लिन्छन् ।

युह १७:२१; एफे २:५-६; युह १७:२४

## प्रश्न. ६६. चुनिएकाहरूको ख्रीष्टसँगको मिलाप भनेको के हो ?

**उत्तरः** चुनिएकाहरूका ख्रीष्टसँगको मिलाप भनेको परमेश्वरको अनुग्रहको काम हो । जसद्वारा तिनीहरू आत्मिक र रहस्यमय तरिकाले साँचो र अविभाज्य रूपमा ख्रीष्टसँग जोडिएका छन् । ख्रीष्ट नै उनीहरूको शिर र स्वामी हुनुहुन्छ । यी कुराहरू तिनीहरूले प्रभावकारी बोलावटमा प्राप्त गर्दछन् ।

एफे १:२२; एफे २:६-८; १ कोर ६:१७; युह १०:२८; एफे ५:२३, ३०; १ पत्रु ५:१०; १ कोरि १:९

## प्रश्न. ६७. प्रभावकारी बोलावट भनेको के हो ?

**उत्तरः** प्रभावकारी बोलावट भनेको परमेश्वरको सर्वशक्तिमान शक्ति र अनुग्रहको काम हो, जसद्वारा (उहाँको स्वतन्त्र र विशेष प्रेमले उहाँमा चुनिएकाहरूलाई तिनीहरूमा भएको कुनैपनि कुराले उहाँबाट खोसेर लैजाँदैन) उहाँले आफ्नो स्वीकृत गर्नुभएको समयमा तिनीहरूलाई येशू ख्रीष्टमा निमन्त्रणा र आफूतिर बोलाउनुहुन्छ । उहाँको वचन र आत्माद्वारा सुरक्षित रूपमा तिनीहरूको मगझलाई प्रबुद्ध र नवीकरण गर्नुको साथै शक्तिशाली रूपमा तिनीहरूको इच्छा निर्धारण गर्नुहुन्छ । यसरी तिनीहरू (पापमा मरेको भएतापनि) उहाँको

बोलावटलाई प्रतिक्रिया दिन र त्यसमा प्रदान गरिएको अनुग्रहलाई स्वीकार गर्न स्वतन्त्र र सक्षम बनाइएका हुन्छन् ।

युह ५:२५; एफे १:१८-२०; २ तिमो १:८-९; तीत ३:४-५; एफे २:४-५, ७-९; रोमी ९:११; २ कोर ५:२०, २ कोर ६:१-२; युह ६:४४; २ थेस २:१३-१४; प्रे २६:१८; १ कोर २:१०, १२; इज ११:१९; इज ३६:२६-२७; युह ६:४५; एफे २:५; फिलि २:१३; व्यव ३०:६

## प्रश्न. ६८. के चुनिएकाहरू मात्र प्रभावकारी रूपमा बोलाइन्छन् ?

**उत्तरः** सबै चुनिएका व्यक्तिहरू मात्र प्रभावकारी रूपमा बोलाइन्छन् यद्यपि अरूहरू पनि बोलाइन सक्छन् तर तिनीहरू प्रायः बाहिरी रूपमा वचनको सेवकाईद्वारा बोलाइन्छन् र आत्माको केही सामान्य कार्यहरू देखाउन सक्छन्; जो तिनीहरूको जानाजानी उपेक्षा र तिनीहरूलाई प्रस्ताव गरिएको अनुग्रहको अवहेलनाको लागि न्यायपूर्ण रूपमा तिनीहरूको अविश्वासमा छोडिन्छन्, वास्तवमा तिनीहरू येशू ख्रीष्टमा कहिल्यै आउँदैनन् ।

प्रे १३:४८; मत्ती २२:१४; मत्ती ७:२२; मत्ती १३:२०-२१; हिब्रू ६:४-६; युह १२:३८-४०; प्रे २८:२५-२७; युह ६:६४-६५; भसं ८१:११-१२

## प्रश्न. ६९. अदृश्य मण्डलीका सदस्यहरू ख्रीष्टसँग भएको अनुग्रहमा मिलाप भनेको के हो ?

**उत्तरः** ख्रीष्टमा अदृश्य मण्डलीका सदस्यहरूसँग भएको अनुग्रहमा मिलाप भनेको उहाँको मध्यस्थताको सद्गुणमा सहभागि हुनु हो । तिनीहरूको धर्मीकरण, धर्मसन्तानग्रहण, पवित्रीकरण र यस जीवनमा अरू जुनसुकै कुरापनि तिनीहरू उहाँसँगको एकतामा प्रकट हुदँछ ।

रोमी ८:३०; एफे १:५; १ कोर १:३०

## प्रश्न. ७०. धर्मीकरण भनेको के हो ?

**उत्तरः** धर्मीकरण भनेको पापीहरूका लागि परमेश्वरको निःशुल्क अनुग्रहको कार्य हो जसमा उहाँले तिनीहरूका सबै पापहरू क्षमा गरी स्वीकार गर्नुभएको

छ । तिनीहरूका व्यक्तित्वहरूलाई उहाँको नजरमा धर्मी ठहऱ्याइ परमेश्वरले उनीहरूको दोष आफैमाथी लिनुभएको छ । यो तिनीहरू आफैबाट होइन वा तिनीहरूद्वारा गरिएको कुनै कुराको लागि होइन तर केवल ख्रीष्टको पूर्ण आज्ञाकारिता र पूर्ण सन्तुष्टिबाट हुन्छ र यो विश्वासद्वारा मात्र प्राप्त हुदँछ ।

रोमी ३:२२, २४-२५; रोमी ४:५; २ कोर ५:१९, २१; रोमी ३:२२, २४-२५, २७-२८; तीत ३:५, ७; एफे १:७; रोमी ५:१७-१९; रोमी ४:६-८; प्रे १०:४३; गला २:१६; फिलि ३:९

## प्रश्न. ७१. धर्मीकरण कसरी परमेश्वरको निःशुल्क अनुग्रहको कार्य हो ?

**उत्तरः** ख्रीष्टले आफ्नो आज्ञाकारिता र मृत्युद्वारा धर्मी ठहऱ्याइएकाहरूका लागि परमेश्वरको न्यायलाई उचित, वास्तविक र पूर्ण सन्तुष्टि पार्नुभयो तैपनि परमेश्वरले जमानतबाट मात्रै सन्तुष्टि स्वीकार गर्नुहुन्छ, जुन उहाँले तिनीहरूबाट माग पनि गर्न सक्नुहुन्छ तर यो जमानत उहाँ आफैँले उपलब्ध गराउनुभयो कि उहाँको आफ्नै पुत्रलाई पापी मानिसको लागि उहाँले धार्मिकताको आरोप लगाउनुभयो र तिनीहरूको न्यायको लागि तिनीहरूबाट विश्वासबाहेक अरू केही चाहनुभएन । तिनीहरूको धर्मीकरण परमेश्वरको निःशुल्क अनुग्रहको उपहार हो ।

रोमी ५:८-१०, १९; १ तिमो २:५-६; हिब्रू १०:१०; मत्ती २०:२८; दानि ९:२४, २६; यशै ५३:४-६; यशै ५३:१०-१२; हिब्रू ७:२२; रोमी ८:३२; १ पत्रु १:१८-१९; २ कोर ५:२१; रोमी ३:२४-२५; एफे २:८; एफे १:७

## प्रश्न. ७२. विश्वासद्वारा धर्मीकरण भनेको के हो ?

**उत्तरः** विश्वासद्वारा धर्मी ठहऱ्याउनु भनेको एक बचाउने अनुग्रह हो, यो एक पापीको हृदयमा परमेश्वरको आत्मा र वचनद्वारा लेखिएको हुन्छ जसद्वारा उसले आफ्नो पाप र दुःखको बारेमा आफू र अन्य सबै प्राणीहरूमा रहेको अशक्तताको बारेमा विश्वस्त भई हराएको अवस्था उसलाई आफ्नो जीवनबाट मुक्त गर्नको लागि सुसमाचारको प्रतिज्ञाको सत्यतालाई मात्र स्वीकार गर्दैन तर ख्रीष्ट र उहाँको धार्मिकतालाई ग्रहण र विश्वास गर्दछ । पापको क्षमा, मुक्ति र लेखाको लागि विश्वासद्वारा धर्मी ठहऱ्याइएर परमेश्वरको दृष्टिमा उसलाई धर्मी व्यक्तिको रूपमा स्वीकार गरिन्छ ।

हिब्रू १०:३९; २ कोर ४:१३; एफे १:१७-१९; रोमी १०:१४, १७; प्रे २:३७; प्रे १६:३०; युह १६:८-९; रोमी ५:६; एफे २:१; प्रे ४:१२; एफे १:१३; युह १:१२; प्रे १६:३१; प्रे १०:४३; फिलि ३:९; प्रे १५:११

## प्रश्न. ७३. विश्वासले कसरी पापीलाई परमेश्वरको दृष्टिमा धर्मी ठहराउँछ ?

**उत्तरः** विश्वासले पापीलाई परमेश्वरको दृष्टिमा यसरी धर्मी ठहराउँछ कि यो सधैँ साथ दिने ती अन्य अनुग्रहको कारणले होइन वा असल कामहरूको फलद्वारा पनि होइन, न त विश्वासको अनुग्रह वा त्यसको कुनै कार्यले नै जसमा उसलाई धर्मीकरणको लागि दोष लगाइएको थियो तर यो एउटा साधन मात्र हो जसद्वारा उसले ख्रीष्टको धार्मिकतालाई ग्रहण र लागू गर्दछ ।

गला ३:११; रोमी ३:२८; रोमी ४:५; रोमी १०:१०; युह १:१२; फिलि ३:९; गला २:१६

## प्रश्न. ७४. धर्मसन्तानग्रहण भनेको के हो ?

**उत्तरः** धर्मसन्तानग्रहण गर्नु भनेको परमेश्वरको स्वतन्त्र अनुग्रहको कार्य हो, जसद्वारा धर्मी ठहऱ्याइएका सबैलाई उहाँको एकमात्र पुत्र येशू ख्रीष्टमा उहाँका सन्तानको सङ्ख्यामा ग्रहण गर्नुहुन्छ र उहाँको नाउँ तिनीहरूमाथि राखिदिनुभएको छ र पुत्रको आत्मा तिनीहरूलाई दिनुभएको छ । तिनीहरू परमेश्वर पिताको बिषेश हेरचाह र प्रबन्ध अन्तर्गत पर्दछन्, परमेश्वरका छोराछोरीहरूको सबै स्वतन्त्रता र विशेषाधिकारहरूमा स्वीकार गरिएको हुन्छन् । सबै प्रतिज्ञाहरूको उत्तराधिकारी बनाइनुको साथै महिमामा ख्रीष्टसँग सहउत्तराधिकारीहरू पनि बनाइएका छन् ।

१ युह ३:१; एफे १:५; गला ४:४-५; युह १:१२; २ कोर ६:१८; प्रका ३:१२; गला ४:६; भसं १०३:१३; हितो १४:२६; मत्ती ६:३२; हिब्रू ६:१२; रोमी ८:१७

## प्रश्न. ७५. शुद्धिकरण वा पवित्रीकरण भनेको के हो ?

**उत्तरः** पवित्रीकरण परमेश्वरको अनुग्रहको काम हो । तिनीहरू जसलाई परमेश्वरले संसारको सृष्टि हुनुअघि पवित्र हुन चुन्नुभएको थियो, उहाँको आत्माको शक्तिशाली कार्यद्वारा तिनीहरूमा ख्रीष्टको मृत्यु र पुनरुत्थान लागू गरि तिनीहरूको सम्पूर्ण मानवत्वलाई उहाँको स्वरूपमा नवीकरण गर्नुहुन्छ ।

जीवनको लागि पश्चात्तापको बीउ भएको र अन्य सबै बचाउने अनुग्रहहरू तिनीहरूको हृदयमा राखिदिनुहुन्छ र ती अनुग्रहहरू यति उत्तेजित हुन्छन, बढ्छन् र बलियो हुन्छन कि तिनीहरू पापको लागि अधिक रूपमा मर्छन् र जीवनको नयाँपनमा उठ्छन् ।

एफे १:४; १ कोर ६:११; २ थेस २:१३; रोमी ६:४-६; एफे ४:२३-२४; प्रे ११:१८; १ युह ३:९; यहु १:२०; हिब्रू ६:११-१२; एफे ३:१६-१९; कल १:१०-११; रोमी ६:४,६,१४; गला ५:२४

## प्रश्न. ७६. जीवनको निम्ति पश्चात्ताप भनेको के हो ?

**उत्तरः** जीवनको लागि पश्चात्ताप भनेको एक बचाउने अनुग्रह हो, जो एक पापीको हृदयमा आत्मा र परमेश्वरको वचनद्वारा लेखिएको हुन्छ, जसद्वारा दृष्टि र भावना बाहिर खतराबाट मात्र होइन तर उसको पापको दलदल र घिनलाग्दोपनबाट पनि बाहिर राख्नुहुन्छ । ख्रीष्टमा पश्चात्ताप गर्नेहरूलाई परमेश्वरको कृपाको चेतनामा आफ्ना पापहरूका लागि शोकित हुने र आफ्नो पापलाई घृणा गर्ने बनाउनुहुन्छ । किनकि उहाँले नै ती सबै पापबाट परमेश्वरतर्फ फर्काउनुहुन्छ र उनीहरूलाई नयाँ आज्ञाकारिताका सबै मार्गहरूमा उहाँसँग निरन्तर हिंड्न प्रयास गर्ने व्यक्ति बनाउनुहुन्छ ।

२ तिमो २:२५; जक १२:१०; प्रे ११:१८, २०-२१; इज १८:२८, ३०, ३२; लुका १५:१७-१८; होशे २:६-७; इज ३६:३१; यशै ३०:२२; योए २:१२-१३; यर्मि ३१:१८-१९; २ कोर ७:११; प्रे 26:18; इज १४:६; १ राजा ८:४७-४८; भसं ११९:६, ५९, १२८; लुका १:६; २ राजा २३:२५

## प्रश्न. ७७. धर्मीकरण र पवित्रीकरणमा के फरक छ ?

**उत्तरः** पवित्रीकरण र धर्मीकरण अविभाज्य रूपमा एकअर्कासँग जोडिएका भएतापनि तिनीहरू फरक छन् । परमेश्वरले धर्मीकरणमा ख्रीष्टको धार्मिकतालाई अभियोग लगाउनुभयो अनि पवित्रीकरणमा उहाँको आत्माले अनुग्रह फैलाउनुभयो र यसको अभ्यास गर्न सक्षम बनाउनुभयो । धर्मीकरणमा पापको क्षमा छ र पवित्रीकरण यसको वशमा छ; धर्मीकरणले सबै विश्वासीहरूलाई यो जीवनमा पूर्ण रूपमा परमेश्वरको बदला लिने क्रोधबाट समान रूपमा मुक्त गर्दछ, कि तिनीहरू कहिल्यै पनि दोषी ठहरिदैनन्  । पवित्रीकरण न त सबैमा बराबर

छ, न त यो जीवन कुनैमा नै शिद्ध छ तर शिद्धतामा बढ्दै जान्छ ।

१ कोर ६:११; १ कोर १:३०; रोमी ४:६, ८; इज ३६:२७; रोमी ३:२४-२५; रोमी ६:६, १४; रोमी ८:३३-३४; १ युह २:१२-१४; हिब्रू ५:१२-१४; १ युह १:८, १०; २ कोर ७:१; फिलि ३:१२-१४

## प्रश्न. ७८. विश्वासीहरूमा पवित्रताको अपूर्णता कहाँबाट उत्पन्न हुन्छ ?

**उत्तरः** विश्वासीहरूमा पवित्रताको अपूर्णता तिनीहरूको प्रत्येक भागमा रहेको पापका अवशेषहरूबाट उत्पन्न हुन्छ । आत्माको विरुद्ध शरीरिक रूपमा रहिरहने अभिलाषाहरू जसद्वारा तिनीहरू प्रायः प्रलोभनमा पर्छन्, असफल हुन्छन् र धेरै पापहरूमा फस्छन् । यसले तिनीहरूका सबै आत्मिक सेवाहरूमा बाधा पुग्दछ र तिनीहरूका उत्कृष्ट कामहरू परमेश्वरको नजरमा अपूर्ण र अपवित्र हुदँछ ।

रोमी ७:१८, २३; मर्कु १४:६६-७२; गला २:११-१२; हिब्रू १२:१; यशै ६४:६; प्र २८:३८

## प्रश्न. ७९. के साँचो विश्वासीहरू तिनीहरूका असुद्धताको कारणले गर्दा र तिनीहरूका प्रलोभनहरू र पापहरूको कारणले अनुग्रहको अवस्थाबाट पतन हुदैनन् र ?

**उत्तरः** साँचो विश्वासीहरू परमेश्वरको अपरिवर्तनीय प्रेमको कारण र उहाँको आदेश अनुसार तिनीहरूलाई द्दढता करारको दिनको लागि ख्रीष्टसँग तिनीहरूको अविभाज्य रूपमा मिलाप भएको छ । तिनीहरूको लागि उहाँको निरन्तर मध्यस्थता र तिनीहरूमा रहनुहुने परमेश्वरको आत्मा र बीउको कारणले पूर्णरूपमा या अन्तमा कुनै पनि हालतमा अनुग्रहको अवस्थाबाट टाढा हुदैनन् किनभने परमेश्वरको शक्तिमा र विश्वासद्वारा मुक्तिको लागि राखिएको छन् ।

यर्मि ३१:३; २ तिमो २:१९; हिब्रू १३:२०-२१; २ शमु २३:५; १ को १:८-९; हिब्रू ७:२५; लूका २२:३२; १ युह ३:९; १ युह २:२७; यर्मि ३२:४०; युह १०:२८; १ पत्रु १:५

## प्रश्न. ८०. के साँचो विश्वासीहरूलाई तिनीहरू अनुग्रहको अवस्थामा छन् र तिनीहरू मुक्तिको लागि त्यसैमा लागिरहन्छन् भनेर निश्चित रूपमा आश्वस्त हुन सक्छन् ?

**उत्तरः** ख्रीष्टमा साँच्चै विश्वास गर्ने र उहाँको अगाडि सबै असल अन्तस्करणका साथ हिंड्न प्रयास गर्ने कुनै पनि असाधारण प्रकाश बिना तर परमेश्वरका सत्य प्रतिज्ञाहरूमा आधारित विश्वासद्वारा र उनीहरूलाई आत्माद्वारा ती अनुग्रहहरू आफैँमा बुझ्न सक्षम पार्ने प्रतिज्ञाहरू जीवनमा दिइएका छन् । तिनीहरूलाई आत्माले गवाही दिन्छ कि तिनीहरू परमेश्वरका सन्तान हुन्, तिनीहरू अनुग्रहको अवस्थामा छन् र मुक्तिको लागि त्यसमा दृढ रहनेछन् भनी निश्चित रूपमा आश्वस्त हुन सक्छन् ।

१ युह २:३; १ कोर २:१२; १ युह ३:१४, १८-१९, २१, २४; १ युह ४:१३, १६; हिब्रू ६:११-१२; र ८:१६; १ युह ५:१३

## प्रश्न. ८१. के सबै साँचो विश्वासीहरू सधैँ तिनीहरूको अनुग्रहको अवस्थामा रहेको निश्चित छन् र तिनीहरूले उद्धार पाउनेछन् त ?

**उत्तरः** मुक्ति र अनुग्रहको निश्चयता विश्वासको सार होइन, तापनि साँचो विश्वासीहरूले यसलाई प्राप्त गर्नु अघि लामो समय पर्खन पर्ने हुन सक्छ । अनि यसको उपभोग पछि पनि विश्वासीहरूमा ठुला विपत्तिहरू, पापहरू, प्रलोभनहरू, कमजोरीपन, समस्याहरू र अवरोध आउन सक्छ । तैपनि उनीहरूलाई परमेश्वरको आत्माको उपस्थिति र सहायता बिहिन कहिल्यै छोडिने छैन जसले गर्दा तिनीहरूलाई सम्पूर्ण रूपमा निराश् हुनबाट बचाउँछ ।

एफे १:१३; यशै १:१०; भसं ८८:१-१८; भसं ७७:१-१२; श्रेष्ठ ५:२-३, ६; भसं ५१:८, १२; भसं ३१:२२; भसं २२:१; १ युह ३:९; अय्यू १३:१५; भसं ७३:१५, २३; यशै ५४:७-१०

## प्रश्न. ८२. अदृश्य मण्डलीका सदस्यहरूको ख्रीष्टसँग भएको महिमामा सहभागिता के हो ?

**उत्तरः** अदृश्य मण्डलीका सदस्यहरूको ख्रीष्टसँग भएको महिमामा सहभागिता भनेको यस जीवनमा, तुरुन्तै मृत्यु पछि र अन्तमा पुनरुत्थान र न्यायको दिनमा

सिद्ध हुनु हो ।

२ कोर ३:१८; लुका २३:४३; १ थेस्स ४:१७

## प्रश्न. ८३. ख्रीष्टसँगको महिमामा सहभागिता के हो जुन यस जीवनमा अदृश्य मण्डलीका सदस्यहरूले आनन्द लिने गर्दछन् ?

**उत्तरः** अदृश्य मण्डलीका सदस्यहरूले यस जीवनमा ख्रीष्टसँग महिमाको पहिलो फलहरू सञ्चार गरेका हुन्छन्, किनभने मण्डली उहाँका आफ्नै परिवारका सदस्यहरू हुन् । मण्डलीले उहाँको त्यो महिमामा चासो राख्छन् जुन मण्डलीको शिर उहाँ आफैँ हुनुहुन्छ । यसैले उत्कट रूपमा परमेश्वरको प्रेम, अन्तस्करणको शान्ति, पवित्र आत्मामा आनन्द र महिमाको आशाको आनन्द लिने गर्दछन् । यसको ठिक विपरित परमेश्वरको बदला लिने क्रोधको भावना, अन्तस्करणको भयावहता र न्यायको डरलाग्दो आशा, दुष्टहरूका लागि यो चाही उनीहरूको पीडाको सुरुवात हो जुन तिनीहरूले मृत्यु पछि सहनेछन् ।

एफे २:६; रोमी ५:५ २ कोर १:२२; रोमी ५:१-२; रोमी १४:१७; उत्प ४:१३; मत्ती २७:४; हिब्रू १०:२७; रोमी २:९; मर्कु ९:४४

## प्रश्न. ८४. के सबै मानिस मर्छन् ?

**उत्तरः** मृत्युलाई पापको ज्यालाको रूपमा दिईएको छ र यो कुरा निश्चित गरिएको छ कि एक दिन सबै मानिसहरू मर्नेछन् ।  किनभने सबैले पाप गरेका छन् ।

रोमी ६:२३; हिब्रू ९:२७; रोमी ५:१२

## प्रश्न. ८५. यदि पापको ज्याला मृत्यु हो भने किन ख्रीष्टमा तिनीहरूका सबै पापहरू क्षमा भएका धर्मीहरूलाई मृत्युबाट छुटकारा दिइँदैन ?

**उत्तरः** धर्मीहरूलाई अन्तिम दिनमा मृत्युबाट छुटकारा दिइनुका साथै मृत्युमा पनि बिशेष गरी यसको डर र श्रापबाट छुटकारा दिइन्छ । तिनीहरू शरीरमा मरेतापनि परमेश्वरको प्रेमबाट बाहिर हुदैनन् तर तिनीहरूलाई पाप र दुःखबाट पूर्ण रूपमा मुक्त गरिन शारीरिक रूपमा तिनीहरूको मृत्यु हुदँछ । तिनीहरूलाई

ख्रीष्टको महिमामा थप सञ्चार गर्न सक्षम बनाइन्छ जब तिनीहरू शारीरिक रूपमा मर्दछन् तव यस महिमामा प्रवेश गर्दछन् ।

१ कोर १५:२६, ५५-५७; हिब्रू २:१५; यशै ५७:१-२; २ राजा २२:२०; प्रका १४:१३; एफे ५:२७; लुका २३:४३; फिलि १:२३

## प्रश्न. ८६. ख्रीष्टसँगको महिमामा सहभागिता के हो जुन अदृश्य मण्डलीका सदस्यहरूले मृत्यु पछि तुरुन्तै आनन्द लिने गर्दछन् ?

**उत्तरः** ख्रीष्टसँगको महिमाको सहभागिता यो हो जुन अदृश्य मण्डलीका सदस्यहरूले मृत्यु पछि तुरुन्तै आनन्द लिने गर्दछन् । तिनीहरूका आत्मा पवित्रतामा सिद्ध बनाइनुका साथै उच्च स्वर्गमा स्वीकार गरिन्छन्, जहाँ तिनीहरूले प्रकाश र महिमामा परमेश्वरको मुहार देख्छन् । तिनीहरूको शरीरको पूर्ण उद्धारको पर्खाइमा जुन मृत्युमा पनि ख्रीष्टमा एकताबद्ध रहन्छन्, तिनीहरूको चिहानमा, ओछ्यानमा, अन्तिम दिनसम्म आराम गर्छन् जबसम्म फेरि आफ्ना आत्मासँग एकताबद्ध हुदैनन् । तर दुष्टका आत्माहरू तिनीहरूको मृत्युपछि नरकमा फालिन्छन्, जहाँ तिनीहरू वेदनामा र पूर्ण अन्धकारमा रहन्छन् । महान् दिनको पुनरुत्थान र न्याय नहुदासम्म तिनीहरूका शवहरू मृत्युको कैदमा र  चिहानमा राखिएका हुन्छन् ।

हिब्रू १२:२३; २ कोरिन्थी ५:१, ६, ८; फिलि १:२३; प्रेरित ३:२१; एफे ४:१०; १ यूहन्ना ३:२; १ कोर १३:१२; रोमी ८:२३; भसं १६:९; १ थेस्स ४:१४; यशै ५७:२; अय्यु १९:२६-२७; लुका १६:२३-२४; प्रे १:२५; यहु १:६-७

## प्रश्न. ८७. पुनरूत्थानको बारेमा हामीले के विश्वास गर्नुपर्छ ?

**उत्तरः** हामी विश्वास गर्दछौँ कि अन्तिम दिनमा मृतकहरूको सामान्य पुनरुत्थान हुनेछ । धर्मी र अधर्मीहरू दुवैको पुनरुत्थान हुनेछ । जब तिनीहरू जीवित भेटिन्छन् तब एक क्षणमा परिवर्तन हुनेछन् र चिहानमा राखिएका मृतकहरूको फेरि पनि उस्तै शरीर तिनीहरूका आत्माहरूसँग सदाको लागि एकताबद्ध भएर ख्रीष्टको शक्तिद्वारा जीवित हुनेछन् । धर्मीजनको शरीर ख्रीष्टको आत्माद्वारा र उहाँ शिर हुनुभएको कारण उहाँको पुनरुत्थानको सद्गुणद्वारा शक्तिशाली,

आत्मिक, अविनाशी र उहाँको महिमित शरीर जस्तै बनाइनेछन् । तर दुष्टका शरीरहरू उहाँद्वारा अपमानित न्यायको लागि जीवित पारिनेछन् ।

प्रे 24:15; १ कोर १५:५१-५३; १ थेस्स ४:१५-१७; यह ५:२८-२९; १ कोर १५:२१-२३, ४२-४४; फिलि ३:२१; युह ५:२७-२९; मत्ती २५:३३

## प्रश्न. ८८. पुनरुत्थान पछि तुरुन्तै के हुनेछ ?

**उत्तरः** पुनरुत्थान पछि तुरुन्तै स्वर्गदूत र मानिसहरू सामान्य र अन्तिम न्यायलाई पछ्याउनेछन्; त्यो दिन र त्यो घडी कसैलाई पनि थाहा छैन कि सबै जागा रहुन र प्रार्थना गरून् र प्रभुको आगमनको लागि सधैँ तयार हुन सकून् ।

२ पत्रु २:४; यहु १:६-७, १४-१५; मत्ती २५:४६; मत्ती २४:३६, ४२, ४४; लुका २१:३५-३६

## प्रश्न. ८९. न्यायको दिनमा दुष्टलाई के गरिने छ ?

**उत्तरः** न्यायको दिनमा दुष्टहरूलाई ख्रीष्टको देब्रे हातपट्टि राखिनेछन् र स्पष्ट प्रमाण र तिनीहरूको आफ्नै अन्तस्करणको पूर्ण विश्वासको आधारमा तिनीहरूको विरुद्धमा डरलाग्दो तर न्यायोचित सजाय हुनेछ । त्यसपछि परमेश्वरको अनुग्रहपूर्ण उपस्थितिबाट, ख्रीष्टका सन्तहरू र उहाँका सबै पवित्र स्वर्गदूतहरूसँगको महिमाको सङ्गतिबाट बाहिर फालिनेछन् । शैतान र उसका दूतहरूसँग शरीर र आत्मा दुवैको अकथनीय पीडाहरूका साथ सधैँको निम्ति दण्डित हुनेछन् ।

मत्ती २५:३३; रोमी २:१५-१६; मत्ती २५:४१-४३; लुका १६:२६; २ थेस्स १:८-९

## प्रश्न. ९०. न्यायको दिनमा धर्मीहरूलाई के गरिनेछ ?

**उत्तरः** न्यायको दिनमा धर्मीहरू बादलमा ख्रीष्टसँग उठाइएर उहाँको दाहिने हातमा राखिनेछन् र त्यहाँ खुलेआम स्वीकार र निर्दोष ठहर्याइनेछन् । पापी मानिसहरू र स्वर्गदूतहरूको न्यायमा उहाँसँग सामेल हुनेछन् र स्वर्गमा स्वीकार गरिनेछन् जहाँ तिनीहरू पूर्णतया र सदाको लागि सबै पाप र दुःखबाट मुक्त हुनेछन् । अकल्पनीय आनन्दले भरिएको शरीर र आत्मा दुवैमा पूर्ण रूपमा पवित्र

र असंख्य सन्तहरू र पवित्र स्वर्गदूतहरूको संगतिमा तर विशेष गरी परमेश्वर पिता, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रत्यक्ष दर्शनको फलमा अनन्तसम्म आनन्दित तुल्याइनेछन् । यहिँ नै सिद्ध र पूर्ण सहभागिता हो जुन अदृश्य मण्डलीका सदस्यहरूले पुनरुत्थान र न्यायको दिनमा ख्रीष्टसँग महिमामा आनन्द मनाउनेछन् ।

१ थेस्स ४:१७; मत्ती २५:३३; मत्ती १०:३२; १ कोर ६:२-३; मत्ती २५:३४, ४६; एफे ५:२७; प्रका १४:१३; भसं १६:११; हिब्रू १२:२२-२३; १ युह ३:२; १ कोर १३:१२; १ थेस्स ४:१७-१८

## प्रश्न. ९१. मानिसले गर्नुपर्ने कर्तव्य के हो जुन परमेश्वरले माग गर्नुहुन्छ ?

**उत्तरः** मानिसले गर्नुपर्ने कर्तव्य उहाँको इच्छाअनुसार प्रकट गरिएको आज्ञा पालन गर्नु हो जुन परमेश्वरले माग गर्नुहुन्छ ।

(रोमी १२:१-२; मीका ६:८; १ शमु १५:२२)

## प्रश्न. ९२. परमेश्वरले सुरूमा के प्रकट गर्नुभयो जुन मानिसले आज्ञाको रूपमा पालन गर्नुपर्थ्यो ?

**उत्तरः** आज्ञाकारिताको नियम आदमलाई निर्दोष अवस्थामा हुदा नै प्रकट गरिएको थियो र उहाँमा सबै मानवजातिलाई असल र खराबको ज्ञान दिने रूखको फल नखाने विशेष आदेशको साथ नैतिक नियमको रूपमा दिइएको थियो ।

उत्प १:२६-२७; रोमी २:१४-१५; रोमी १०:५; उत्प २:१७

## प्रश्न. ९३. नैतिक व्यवस्था के हो ?

**उत्तरः** नैतिक व्यवस्था भनेको मानिसजातिको लागि परमेश्वरको इच्छाको घोषणा हो । सबैलाई व्यक्तिगत, सिद्ध र अनन्त अनुरूपता र आज्ञाकारिताको लागि निर्देशनमा बाँध्नु हो । सम्पूर्ण मानिसको आत्मा र शरीरको संरचना र स्वभावमा तीत सबैको पालनमा पवित्रता र धार्मिकताको कर्तव्यहरू जुन परमेश्वरले मानिसलाई दिनुभयो र त्यो पूरा गरेमा जीवनको प्रतिज्ञा र यसको उल्लंघन गरेमा

मृत्युको चेतावनी पनि दिनुभएको थियो ।

व्यव ५:१-३, ३१, ३३; लुका १०:२६-२७; गला ३:१०; १ थेस्स ५:२३; लुका १:७५; प्रे २४:१६; रोमी १०:५; गला ३:१०, १२

## प्रश्न. ९४. के मानिसको पतनदेखि नैतिक व्यवस्थाको कुनै उपयोग छ ?

**उत्तरः** कुनै पनि मानिस पतनपछि नैतिक व्यवस्थाद्वारा धार्मिकता र जीवन प्राप्त गर्न सक्दैन; तैपनि यसको ठूलो उपयोग छ, नयाँ गरी जन्मिएका र नयाँ गरी नज्मिएका सबै मानिसहरूको लागि यो विशेष  छ ।

रोमी ८:३; गला २:१६; १ तिमो १:८

## प्रश्न. ९५. नैतिक व्यवस्थाको उपयोगले मानिसलाई के फाइदा गर्छ ?

**उत्तरः** नैतिक व्यवस्था सबै मानिसहरूको लागि उपयोगी छ । तिनीहरूलाई पवित्र स्वभाव, परमेश्वरको इच्छा र तिनीहरूको कर्तव्यको बारेमा जानकारी गराउन र तेहीँ अनुसार हिंड्नको लागि बाध्य पार्न र यसलाई पक्रिराख्न सहायता गर्छ । यसले तिनीहरूको असक्षमता र तिनीहरूको स्वभाव, हृदय र जीवनको पापपूर्ण प्रदूषणको बारेमा तिनीहरूलाई विश्वस्त पार्दछ । यसले तिनीहरूलाई पाप र दुःखको बेलामा नम्र बनाउन र तिनीहरूलाई ख्रीष्टको आवश्यकता र उहाँको आज्ञाकारिताको पूर्णताको स्पष्ट दृष्टिमा मद्दत गर्दछ ।

लेवी ११:४४-४५; लेवी २०:७-८; रोमी ७:१२; मीका ६:८; याकु २:१०-११; भसं १९:११-१२; रोमी ३:२०; रोमी ७:७; रोमी ३:९, २३; गला ३:२१-२२; रोमी १०:४

## प्रश्न. ९६. नयाँ गरी नज्मेका मानिसहरूको लागि नैतिक व्यवस्थाको के उपयोग छ ?

**उत्तरः** नैतिक व्यवस्था नयाँगरी नज्मेका मानिसहरूमा पनि उपयोगि नै हुन्छ कि तिनीहरूको भित्री अन्तस्करणमा जगाउन, आउने क्रोधबाट टाडा राख्न र तिनीहरूलाई ख्रीष्टमा लैजानको लागि उपयोगि हुदँछ वा तिनीहरूको पापको निरन्तरतामा तिनीहरूलाई र यसको श्रापको अधीनमा अक्षम्य छोड्छ ।

१ तिम १:९-१०; गला ३:२४; रोमी १:२०; रोमी २:१५; गला ३:१०

## प्रश्न. ८७. नयाँगरी जन्मेकाहरूको लागि नैतिक व्यवस्थाको के विशेष उपयोग छ ?

**उत्तरः** तिनीहरू जो नयाँगरी जन्मेका छन्, ख्रीष्टमा विश्वास गर्छन् र कामको कररको रूपमा नैतिक व्यवस्थाबाट छुटकारा पाएका छन्, यसरी तिनीहरू न त न्यायमा नै पर्छन् न त निन्दित नै हुन्छन्: तैपनि तिनीहरूका सबै मानिसहरूमा सामान्य प्रयोगहरू बाहेक, यसको विशेष प्रयोग हुन्छ, तिनीहरूलाई यो देखाउनको लागि कि तिनीहरू कसरी ख्रीष्टमा बाँधिएका छन् । तिनीहरूको साटोमा र तिनीहरूको भलाइको लागि उहाँले श्राप सहन बाध्य हुनुभयो । यसरी उनीहरूलाई थप कृतज्ञताको लागि उत्प्रेरित गर्न र उनीहरूको आज्ञाकारिताको नियमको रूपमा आफूलाई अनुरूप बनाउन उनीहरूको हेरचाह गर्नुहुन्छ ।

रोमी ६:१४; रोमी ७:४, ६; गला ४:४-५; रोमी ३:२०; गला ५:२३; रोमी ८:१; रोमी ७:२४-२५; गला ३:१३-१४; रोमी ८:३-४; लुका १:६८-६९, ७४-७५; कल १:१२-१४; रोमी ७:२२; रोमी १२:२; तीतत २:११-१४

## प्रश्न. ९८. नैतिक व्यवस्था संक्षिप्तमा कहाँ बुझिन्छ ?

**उत्तरः** नैतिक व्यवस्था संक्षेपमा दश आज्ञाहरूमा बुझ्न सकिन्छ जुन सिनै पर्वतमा परमेश्वरको आवाजद्वारा प्रदान गरिएको थियो र उहाँद्वारा नै ढुङ्गाको दुईवटा शिलापाटीमा लेखिएको थियो । यो प्रस्थान को बीस अध्यायमा टिपोट गरिएको छ । पहिलो चार आज्ञाहरू जसमा परमेश्वरप्रतिको हाम्रो कर्तव्य र अरू छवटा आज्ञामा मानवप्रतिको हाम्रो कर्तव्य समावेश गरिएको छ ।

व्यव १०:४; प्रस् ३४:१-४; मत्ती २२:३७-४०

## प्रश्न. ९९. दश आज्ञाहरू सही तरिकामा बुझ्नको लागि कुन नियमहरू पालन गर्नुपर्छ ?

**उत्तरः** दस आज्ञाहरू सही तरिकाले बुझ्नको लागि यी नियमहरू पालन गर्नुपर्छ:

१. व्यवस्था सिद्ध छ र हरेक मानिसलाई यसको धार्मिकता र सम्पूर्ण

आज्ञाकारितामा सधैँको लागि पूर्ण अनुरूपतामा बाँध्छ; यसले हरेक पापको न्यूनतम स्तरलाई निषेध गर्छ र प्रत्येक कामको परम सिद्धता चाहिन्छ ।

२. यो आत्मिक हो, यसैले आत्माको समझ, इच्छा, स्नेह, साथै वचनहरू, कामहरू, इशाराहरू र अन्य सबै आत्माका शक्तिहरूसम्म पुग्छ ।

३. एउटै कुरा केही आज्ञाहरूमा विभिन्न सन्दर्भमा आवश्यक ठानिएको वा निषेध गरिएको छ ।

४. जहाँ कामको आज्ञा गरिएको छ, त्यहाँ पापको निषेध गरिएको छ र जहाँ पाप निषेध गरिएको छ त्यसको विपरित कामको आज्ञा दिइएको छ, त्यस्तै जहाँ प्रतिज्ञा संलग्न गरिएको छ, त्यहाँ चेतावनी पनि समावेश गरिएको छ र जहाँ चेतावनी संलग्न गरिएको छ, त्यसको विपरित प्रतिज्ञा समावेश गरिएको छ ।

५. जुन कुरा परमेश्वरले निषेध गर्नुहुन्छ, त्यो कुनै पनि समयमा गर्नुहुँदैन । उहाँले जे आज्ञा गर्नुहुन्छ, त्यो हामीले सधैँ गर्नुपर्दछ तापनि सबै विशेष काम सधैँ गर्नुहुँदैन ।

६. एउटै पाप वा काम अन्तर्गत सबै एउटै प्रकारका सबै कारणहरू, माध्यमहरू, अवसरहरू र त्यसका उपस्थितिहरू र त्यसका उत्तेजकहरू निषेध गरिएको वा आज्ञा दिइएका छन् ।

७. जुन कुरा आफैमा निषेधित वा आज्ञा गरिएको छ, त्यसमै हामी आफ्नो ठाउँअनुसार बाधिएका छौँ र यहिँ कुरा गर्ने कोशिस गर्दछौँ । अरूले पनि उनीहरूको आफ्नै ठाउँ अनुसार चाहे त्यो काम निषेधित गरून् वा पालन गरून् ।

८. यहीँ नै अरूलाई आज्ञा दिइएको छ कि हामी हाम्रो ठाउँ र आह्वान अनुसार उनीहरूमा सहयोगी हुन बाँधिएका छौँ र तिनीहरूलाई निषेध गरिएको कुरामा अरूसँग भाग लिनको लागि होसियार हुनुपर्छ ।

भसं १९:७; याकु २:१०; मत्ती ५:२१-२२; रोमी ७:१४; व्यव ६:५; मत्ती २२:३७-३९; मत्ती ५: २७-२८, ३३-३४, ३७-३९, ४३-४४; कल ३:५; आमो ८:५; हितो १:१९; १ तिमो ६:१०; यशै ५८:१३; व्यव ६:१३; मत्ती ४:९-१०; मत्ती १५:४-६; मत्ती ५:२१-२४; एफे ४:२८; प्रस् २०:१२; हितो ३०:१७; यर्मि १८:७-८; प्रर २०:७; भसं १५:१, ४-५; भसं २४:४-५; अय्यु १३:७-८; रोमी ३:८; अय्यु ३६:२१; हिब्रू ११:२५; व्यव ४:८-९; मत्ती १२:७, मत्ती ५:२१-२२, २७-२८; मत्ती १५:४-६; हिब्रू १०:२४-२५; १ थेस्स ५:२२; यहु १:२३; गला ५:२६; कल. ३:२१; प्रर २०:१०; लेवी १९:१७; उत्प १८:१९; यहो २४:१५: व्यव ६:६-७; २ कोर १:२४; १ तिमो ५:२२; एफे ५:११

## प्रश्न. १००. दस आज्ञाहरूमा हामीले के विशेष कुराहरू विचार गर्नुपर्छ ?

**उत्तरः** हामीले दश आज्ञाहरूमा यसको परिचय, आज्ञाहरूका सार र तिनीहरूलाई लागू गर्नको लागि तिनीहरूमध्ये केहीमा संलग्न विविध कारणहरू विचार गर्नुपर्छ ।

एफे ६:१-३

## प्रश्न. १०१. दश आज्ञाका प्रस्तावनाहरू के के हुन त ?

**उत्तरः** दश आज्ञाको प्रस्तावना यी शब्दहरूमा समावेश छनः "म परमप्रभु तिम्रा परमेश्वर हुँ, जसले तिमीहरूलाई मिश्र देशबाट अर्थात् दासत्वको देशबाट निकालेर ल्याएँ" । जहाँ परमेश्वरले आफ्नो सार्वभौमिकता प्रकट गर्नुहुन्छ, उहाँ आफैँमा यहोवा, अनन्त, अपरिवर्तनीय र सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ । उहाँका सबै वचनहरू र कामहरूमा उहाँ एक करारको परमेश्वर हुनुहुन्छ, जुन पुरानो इस्राएलीहरूसँग त्यसरी नै उहाँका सबै जनहरूसँग हुनुहुन्छ । जसरी इस्राएलीहरूलाई मिश्र देशमा तिनीहरूको बन्धनबाट छुटकारा दिनुभयो त्यसरी नै उहाँले हामीलाई हाम्रो आत्मिक बन्धनबाट छुटकारा दिनुहुन्छ । त्यसकारण हामी उहाँलाई मात्र हाम्रा परमेश्वर भनि पुकार्न र उहाँका सबै आज्ञाहरू पालन गर्न बाधिएका छौँ ।

प्रस् २०:२; यशै ४४:६; प्रस् ३:१४; प्रस् ६:३; प्रे १७:२४, २८; उत्प १७:७; रोमी ३:२९; लुका १:७४-७५; १ पत्रु १:१५-१८; लेवी १८:३०; लेवी १९:३७

## प्रश्न. १०२. परमेश्वरप्रतिको हाम्रो कर्तव्यमा समावेश भएका चार आज्ञाहरूको सारांश के हो ?

**उत्तरः** परमेश्वरप्रतिको हाम्रो कर्तव्यमा समावेश भएका चार आज्ञाहरूको सारांश भनेको, परमप्रभु परमेश्वरलाई हाम्रो सारा हृदयले, हाम्रो सारा प्राणले, हाम्रो सारा शक्तिले र हाम्रो सारा समझले प्रेम गर्नु हो ।

लुका १०:२७ मत्ती २२;३७-४०

## प्रश्न. १०३. पहिलो आज्ञा कुन हो ?

**उत्तरः** पहिलो आज्ञा यो हो "म बाहेक अरू कुनै देवी-देवताहरू नमान्नु" ।

प्रस् २०:३

## प्रश्न. १०४. पहिलो आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** पहिलो आज्ञामा आवश्यक पर्ने कर्तव्यहरू, परमेश्वर एकमात्र साँचो परमेश्वर र हाम्रा प्रभु हुनुहुन्छ भनेर जान्नु र स्वीकार गर्नु र त्यहिँ अनुसार उहाँको आराधना र महिमा गर्नु, मनन् गर्नु, सम्झना गर्नु, उच्च सम्मान गर्नु, आदर गर्नु, उपासना गर्नु, उहाँलाई नै रोज्नु, प्रेम गर्नु, चाहना गर्नु, उहाँको डर मान्नु; उसलाई विश्वास गर्नु; उहाँमा भरोसा गर्नु, आशा राख्नु, प्रसन्न हुनु, आनन्दित हुनु; उहाँको लागि जोसिलो हुनु; उहाँलाई पुकार्नु, सबै प्रशंसा र धन्यवाद दिँनु र सम्पूर्ण मानिसलाई उहाँसँगको सबै आज्ञाकारिता र समर्पणतामा समर्पण गर्नु, उहाँलाई महिमा दिन सबै कुरामा होसियार रहनु र उहाँलाई मननपर्ने कुरा गर्दा दुःखी हुनु र उहाँसँग नम्रतापूर्वक हिँड्नु हो ।

१ इति २८:९; व्यव २६:१७; यशै ४३:१०; यर्मि १४:२२; भसं ९५:६-७; मत्ती ४:१०; भसं २९:२; मला ३:१६; भसं ६३:६; उप १२:१; भसं ७१:१९; मला १:६; यशै ४५:२३; यहो २४:१५, २२; व्यव ६:५; भसं १२३:२५; यशै ८:१३; प्रस् १४:३१; यशै २६:४; भसं १३०:७; भसं ३७:४; भसं ३२:११; रोमी १२:११; गन्ती २५:११; फिलि ४:६; यर्मि ७:२३; याकु ४:७; १ युह ३:२२; यर्मि ३१:१८; भसं ११९:१३६; मीका ६:८

## प्रश्न. १०५. पहिलो आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** पहिलो आज्ञामा निषेध गरिएका पापहरू; नास्तिकवाद् हुनु, परमेश्वरको अस्तित्वलाई इन्कार गर्नु वा ईश्वर छैन भन्नु, मूर्तिपूजा गर्नु, साँचो परमेश्वरको सट्टामा एकभन्दा बढी देवताहरू मान्नु वा पूजा गर्नु, परमेश्वरलाई परमेश्वर भनि नठान्नु वा स्वीकार नगर्नु। पहिलो आज्ञामा आवश्यक ठानिएको कुनै पनि कुराको बेवास्ता गर्नु, अज्ञानता, बिर्सनेपन, गलत धारणा, झूटा विचार, अयोग्य र दुष्ट विचार; आफ्नो रहस्य खोजको लागि साहसी र जिज्ञासु; सबै अपवित्रता, आत्म-प्रेम, आत्म-खोजी, हाम्रो मन र इच्छाबाट परमेश्वरलाई मन नपर्ने वा अन्य चीजहरूलाई प्रेम गर्नु पाप हो । सबै अनावश्यक र अप्रत्याशित सेटिङ र तिनीहरूलाई पूर्ण वा आंशिक रूपमा उहाँबाट हटाउनु, व्यर्थको विश्वास, अविश्वासपन, पाखण्डीपन, झुटो, अविश्वास, निराशा, अयोग्यता र सहि निर्णयमा असंवेदनशीलता, हृदयको कठोरता, घमण्डीपन, परिकल्पना, शारीरिक सुरक्षा, परमेश्वरको परिक्षा गर्नु, गैरकानूनी माध्यमहरू प्रयोग गर्नु र वैधानिक माध्यमहरूमा भरोसा गर्नु, शारीरिक आनन्द र शान्ति, भ्रष्टता, अन्धोपन र अविवेकी जोश, न्यानोपन र परमेश्वरका चीजहरूमा मन नगर्नु वा यसबाट आफूलाई अलग गर्नु र परमेश्वरबाट धर्मत्यागी हुनु, संतहरूलाई वा स्वर्गदूतहरूलाई प्रार्थना गर्नु वा उनीहरूलाई कुनै धार्मिक उपासना दिनु वा अन्य कुनै पनि प्राणीहरूलाई आराधना गर्नु, शैतानसँग परामर्श लिनु, सम्झौता गर्नु र उसको सुझावहरू सुन्नु, मानिसहरूलाई हाम्रो विश्वास र अन्तस्करणको मालिक बनाउनु, परमेश्वर र उहाँका आज्ञाहरूलाई तुच्छ ठान्नु, घृणा गर्नु, उहाँको आत्माको प्रतिरोध र शोक गर्नु, उहाँको प्रबन्धमा असन्तुष्ट र अधीरता हुनु, हामीमा आइपरेका खराबीहरूको निम्ति परमेश्वरलाई अनाहक रूपमा मूर्खतापूर्ण आरोप लगाउनु र कुनै पनि असल कामको प्रशंसा गर्न हामीले कि भाग्यमा विश्वास गर्नु, मूर्तिहरूमा, आफैँमा वा अन्य कुनै पनि सृष्टिको थोकहरूमा विश्वास गर्नु पहिलो आज्ञामा निषेध गरिएका पापहरू हुन् ।

भसं १४:१; एफे २:१२; यर्मि २:२७-२८; १ थेस्स १:९; भसं ८१:११; यशै ४३:२२-२४; यर्मि ४:२२; होसे ४:१, ६; यर्मि २:३२; प्रे १७:२३, २९; यशै ४०:१८; भसं १:२१; व्यव २९:२९; तीतत १:१६; हिब्रू १२:१६; रोमी १:३०; २ तिमो ३:२;

फिलि २:२१; १ युह २:१५-१६; १ शमु २:२९; कल ३:२, ५; १ युह ४:१; हिब्रू ३:२३; गला ५:२०; तीत ३:१०; प्रे २६:९; भसं ७८:२२; उत्प ४:१३; यर्मि ५:३; यशै ४२:२५; रोमी २:५; यर्मि १३:१५; भसं १९:१३; सप १:१२; मत्ती ४:७; रोमी ३:८; यर्मि १७:५; २ तिमो ३:४; गला ४:१७; युह १६:२; रोमी १०:२; लुका ९:५४-५५; प्रका ३:१६; प्रका ३:१; इजि १४:५; यशै १:४-५; रोमी १०:१३-१४; होसे ४:१२; प्रे १०:२५-२६; प्रका १९:१०; मत्ती ४:१०; कल २:१८; रोमी १:२५; लेवी २०:६; १ शमु २८:७, ११; १ इति १०:१३-१४; प्रे ५:३; २ कोर १:२४; मत्ती २३:९; व्यव ३२:१५; २ शमु १२:९; हितो १३:१३; प्रे ७:५१; एफे ४:३०; भसं ७३:२-३, १३-१५, २२; अय्यु १:२२; १ शमु ६:७-९; दान ५:२३; व्यव ८:१७; दान ४:३०; हब १:१६

## प्रश्न. १०६. पहिलो आज्ञामा "मेरो अघि" भन्ने शब्दहरूबाट हामीलाई विशेष गरी के सिकाइएको छ ?

**उत्तरः** यी शब्दहरू (मेरो अघि) वा मेरो मुहारको अघि भन्ने पहिलो आज्ञाले हामीलाई यो सिकाउँछ कि परमेश्वर जसले सबै चीजहरू देख्नुहुन्छ र त्यसको विशेष ध्यान लिनुहुन्छ कि अरू कुनै देवतालाई पुजा गर्नु र आफ्नो भनि मान्ने कुराको पापसँग उहाँ धेरै असन्तुष्ट हुनुहुन्छ । त्यसकारण यसबाट अलग हुनको लागि यो तर्क हुन सक्छ र यसलाई गर्वका साथ प्रोत्साहनपूर्वक बृद्धि गराउन र उहाँको सेवामा हामी जे गर्छौं, उहाँको इच्छा अनुसार गर्न हामीलाई उत्प्रेरित गर्नुहुन्छ ।

इज ८:५-१८; भसं ४४:२०-२१; १ इति २८:९

## प्रश्न. १०७. दोस्रो आज्ञा कुन हो ?

**उत्तरः** दोस्रो आज्ञा यो हो कि, तिमीहरूले आफ्नो निम्ति कुनै किसिमको कुँदेको मूर्ति, माथि स्वर्गमा वा तल पृथ्वीमा वा पृथ्वी मुनि पानीमा रहेको कुनै पनि चीजहरूको प्रतिमूर्ति नबनाउनू । तिनीहरूको सामु ननिहुरनू, तिनीहरूको पुजा नगर्नु, किनकि म परमप्रभु तिमीहरूका ईर्ष्यालु परमेश्वर हुँ । जसले मेरो अवहेलना गर्दछ उनीहरूलाई आफ्ना पिता-पुर्खाहरूको अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु । र मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्ने हजारौँ पुस्तामाथि म कृपा गर्नेछु ।

प्रस्. २०:४-६

## प्रश्न. १०८. दोस्रो आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** दोस्रो आज्ञामा आवश्यक पर्ने कर्तव्यहरू यी हुन् कि, परमेश्वरले आफ्नो वचनमा स्थापना गर्नुभएका सबै धार्मिक उपासनाका नियमहरूलाई ग्रहण गर्नु, पालन गर्नु र त्यसलाई सिद्ध र पूर्ण राख्नु हो । विशेष गरी ख्रीष्टको नाउँमा मात्र प्रार्थना गर्नु, धन्यवाद चदाउनु, वचन पढाइ, प्रचार र सुनाइ, पवित्र विधिको सञ्चालन र प्राप्ति, मण्डली प्रशासन र अनुशासन, सेवाकाई र यसको मर्मतसम्भार, धार्मिक उपवास, परमेश्वरको नाउँमा कसम खानु र उहाँसामु भाकल गर्नु साथै उहाँलाई घृणा गर्ने, विरोध गर्ने, सबै झूटा उपासनाहरूको अस्वीकार गर्नु हो । र प्रत्येकको आफ्नो ठाउँ र आह्वान अनुसार मूर्तिपूजाका सबै स्मारकहरू हटाउनु हो ।

व्यव ३२:४६-४७; मत्ती २८:२०; प्रे २:४२; १ तिमो ६:१३-१४; फिलि ४:६; एफे ५:२०; व्यव १७:१८-१९; प्रे १५:२१; २ तिमो ४:२; याकू १:२१-२२: प्रे १०:३३; मत्ती २८:१९; १ कोर ११:२३-३०; मत्ती १८:१५-१७; मत्ती १६:१९; १ कोर ५:१-१३; १ कोर १२:२८; एफे ४:११-१२; १ तिमो ५:१७-१८; १ कोर ९:७-१५; योए २:१२-१३; १ कोर ७:५; व्यव ६:१३; यशै १९:२१; भसं ७६:११; प्र १७:१६-१७; भसं १६:४; व्यव ७:५; यशै ३०:२२

## प्रश्न. १०९. दोस्रो आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** दोस्रो आज्ञामा निषेध गरिएका पापहरू यी हुन् कि, कुनै पनि धार्मिक उपासना परमेश्वर आफैले स्थापना नगर्नुभएको कुराको चिन्तन गर्न लगाउने, सल्लाह दिने, आज्ञा दिने, प्रयोग गर्न लगाउने र कुनै पनि प्रकारले अनुमोदन गर्न लगाउनु गम्भिर पाप हो । झूटो धार्मीक शिक्षालाई सहनु; परमेश्वरको, सबैको वा तीतन व्यक्तित्वहरूमध्ये कुनै एकको प्रतिनिधित्व गर्नु, या त हाम्रो समजमा भित्री रूपमा वा बाहिरी रूपमा कुनै पनि प्रकारको प्रतिरूप वा कुनै पनि प्राणीको स्वरूप वा त्यसको पूजा गर्नु वा यसैलाई परमेश्वर बनाउनु, भ्रामक देवताहरूको कुनै पनि प्रतिरूप बनाउनु र तिनीहरूको पूजा वा तिनीहरूको सेवा गर्नु, पुरातनवाद् चलन, भक्ति, असल अभिप्राय वा कुनै पनि शीर्षक अन्तर्गत सबै अन्धविश्वासका उपकरणहरू जसले परमेश्वको उपासनालाई भ्रष्ट पार्दछ, परमेश्वरले स्थापना गर्नुभएको धार्मीक आरधनाको नियममा थप्ने वा त्यसबाट घटाउने गर्नुहुँदैन् चाहे त्यो हामी आफैले स्थापना गरेको होस् वा अरूको

परम्पराद्वारा लिइएको होस् । अन्य बहाना जेसुकै भएपनि; धार्मीक अधिकार, अपवित्रता, सबै उपेक्षा, अवहेलना, बाधा र परमेश्वरले नियुक्त गरेको आराधना र नियमहरूको विरोध गर्न निषेध गरिएको छ ।

गन्ती १५:३९; व्यव १३:६-८; होशे ५:११; मला ६:१६; १ राजा ११:३३; १ राजा १२:३३; व्यव १२:३०-३२; व्यव १३:६-१२; जक १३:२-३; प्रका २:२, १४-१५, २०; प्रका १७:१२, १६-१७; व्यव ४:१५-१९; प्रे १७:२९; रोमी १:२१-२३, २५; दानि ३:१८; गला ४:८; प्रस् ३२:५; प्रस् ३२:८; १ राजा १८:२६, २८; यशै ६५:११; प्रे १७:२२; कल २:२१-२३; मला १:७-८, १४; व्यव ४:२; भसं १०६:३९; मत्ती १५:९; १ पत्रु १:१८; यर्मि ४४:१७; यशै ६५:३-५; गला १:१३-१४; १ शमु १३:११-१२; १ शमु १५:२१; प्रे ८:१८; रोमी २:२२; मला ३:८; प्रस् ४:२४-२६; मत्ती २२:५; मला १:७, १३; मत्ती २३:१३; प्रे १३:४४-४५; १ थेस्स २:१५-१६

## प्रश्न. ११०. दोस्रो आज्ञामा संलग्न कारणहरू के के हुन् जसले लागू गर्न अझ थप उर्जा दिन्छ ?

**उत्तरः** दोस्रो आज्ञामा संलग्न कारणहरू जसले यसलाई लागू गर्न थप उर्जा दिन्छ तीत कुराहरू यी शब्दहरूमा समावेश छन्; “म परमप्रभु तिमीहरूका ईर्ष्यालु परमेश्वर हुँ” । जसले मेरो अवहेलना गर्दछ उनीहरूलाई आफ्ना पिता-पुर्खाहरूको अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु । र मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्ने हजारौँ पुस्तामाथि म कृपा गर्नेछु । हामीमाथि परमेश्वरको सार्वभौमिकता र हामीमा उहाँको औचित्य, उहाँको आफ्नै आराधनाको लागि उहाँको उत्कट जोश र सबै झूटा उपासनाहरू विरुद्ध उहाँको बदला लिने क्रोध, आत्मिक छाडापन, उहाँलाई घृणा गर्ने जस्ता कुराहरू र यस आज्ञालाई तोड्नेहरूको लेखाजोखा गर्नुहुन्छ र तिनीहरूलाई विभिन्न पुस्ताहरूमा सजाय दिने चेतावनी पनि दिनुहुन्छ । तर उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञाहरू पालन गर्ने र यसको अवलोकन गर्ने सबै पुस्ताहरूका निम्ति कृपा र आदरको प्रतिज्ञा गर्नुहुन्छ ।

प्रस्थ २०:५-६; भसं ४५:११; प्रका १५:३-४; प्रस् ३४:१३-१४; १ कोर १०:२०-२२; यर्मि ७:१८-२०; इज १६:२६-२७; व्यव ३२:१६-२०; होसे २:२-४; व्यव ५:२९

## प्रश्न. १११. तेस्रो आज्ञा कुन हो ?

**उत्तरः** तेस्रो आज्ञा यो हो कि, “तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको नाउँ

व्यर्थमा नलिनू: किनकि उहाँको नाम व्यर्थमा लिनेहरूलाई परमप्रभुले निरपराध ठहराउनुहुनेछैन" ।

प्रस्. २०:७

## प्रश्न. ११२. तेस्रो आज्ञामा के माग गरिएको छ ?

**उत्तरः** तेस्रो आज्ञाले यो माग गर्दछ कि, परमेश्वरको नाम, उहाँका उपनामहरू, गुणहरू, नियमहरू, वचन, विधिविधान, प्रार्थना, शपथ, भाकल, उहाँका कामहरू र अरू कुनै पनि कुरा जसद्वारा उहाँले आफूलाई चिनाउनु हुन्छ पवित्र र आदरपूर्वक विचार र मनन गर्नु, शब्द लेखनमा एक पवित्र कामद्वारा र उत्तरदायी कुराकानी, परमेश्वरको महिमाको लागि हाम्रो र अरूको भलाइको लागि मात्र परमेश्वरको नाउँ प्रयोग गरिनुपर्छ ।

मत्ती ६:९; व्यव २८:५८; भसं २९:२; भसं ६८:४; प्रका १५:३-४; मला १:१४; उप ५:१; भसं १३८:२; १ कोर ११:२४-२५, २८-२९; १ तिमो २:८; यर्मि ४:२; उप ५:२, ४-६; प्रे १:२४, २६; अय्यु ३६:२४; मला 3:16; भसं ८:१, ३-४, ९; कल ३:१७; भसं १०५:२, ५; भसं १०२:१८; १ पत्रु ३:१५; मला ४:५; फिलि १:२७; १ कोर १०:३१; यर्मि ३२:३९; १ पत्रु २:१२

## प्रश्न. ११३. तेस्रो आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** तेस्रो आज्ञामा निषेध गरिएका पापहरू यी हुन् कि, आवश्यकता अनुसार परमेश्वरको नाम प्रयोग नगर्नु र परमेश्वरको नाउँको दुरुपयोग गर्नुहुँदैन, एक अज्ञानी, व्यर्थ, अपमानजनक, अपवित्र, अन्धविश्वास वा दुष्ट कामको लागि निन्दित वा झुटो साक्षीद्वारा उहाँका उपनामहरू, विशेषताहरू, कामहरू वा आज्ञाहरू प्रयोग गर्नुहुँदैन । सबै पापपूर्ण श्राप, सपथ, भाकल र अरूधेरै हाम्रो सपथ र भाकलको उल्लङ्घन गर्नु, यदि वैधानिक हो भने तिनीहरूलाई पूरा गर्नु र यदि कुनै कुरा अवैधानिक छ भने त्यसको गनगन र झगडा गर्नु, जिज्ञासु बन्नु र परमेश्वरको आदेश र प्रावधानहरूको गलत प्रयोग, गलत व्याख्या, गलत तरिकाले प्रयोग वा कुनै पनि तरिकाले वचन वा यसको कुनै अंशलाई विकृत गर्ने, अपवित्र मजाकहरू, जिज्ञासु वा लाभदायक प्रश्नहरू, व्यर्थ कुराहरू वा झूटा सिद्धान्तहरू कायम राख्ने, यसलाई दुरुपयोग गर्ने, प्राणीहरू वा परमेश्वरको नाउँ अन्तर्गत

समावेश कुनै चीज आकर्षण वा पापपूर्ण अभिलाषा अभ्यास गर्नु, परमेश्वरको सत्यता, अनुग्रह र मार्गहरूको अपमान गर्ने, कुनै बुद्धिमानी कुराको विरोध गर्ने वा गाली गर्ने, पाखण्डी धर्म अपनाउने वा नराम्रो उद्देश्यका लागि त्यसबाट प्रेरित हुनु वा लज्जित हुनु, अनुपयुक्त, मूर्ख, फलहीन र आपत्तिजनक तरिकाले हिँड्नु, वा यसबाट पछाडि हट्नु हो ।

मला २:२; प्रे १७:२३; हितो ३०:९; मला १:६-७, १२; मला ३:१४; १ शमु ४:३-५; यर्मि ७:४, ९-१०, १४, ३१; कल २:२०-२२; २ राजा १८:३०, ३५; प्रस् ५:२; भसं १३९:२०; भसं १:१६-१७; यशै ५:१२; २ राजा १९:२२; लेवी २४:११; जक ५:४; जक ८:१७; १ शमु १७:४३; २ शमु १६:५; यर्मि ५:७; यर्मि २३:१०; व्यव २३:१८; प्रे २३:१२, १४; एस्त ३:७; एस्त ९:२४; भसं २२:१८; भसं २४:४; इज १७:१६, १८-१९; मर्कु ६:२६; १ शमु २५:२२, ३२-३४; रोमी ९:१४, १९-२०; व्यव २९:२९; रोमी ३:५, ७; रोमी ६:१-२; उप ८:११; उप ९:३; भसं ३९:१-१३; मत्ती ५:२१-२८; इज १३:२२; २ पत्रु ३:१६; मत्ती २२:२४-३१; यशै २२:१३; यर्मि २३:३४, ३६, ३८; १ तिमो १:४, ६-७; १ तिमो ६:४-५, २०; २ तिमो ४:३-४; रोमी १३:१३-१४; १ राजा २१:९-१०; यहु १:४: प्रे १३:४५; १ युह ३:१२; भसं १:१; २ पत्रु ३:३; १ पत्रु ४:४; प्रे १३:४५-४६, ५०; प्रे ४:१८; प्रे १९:९; १ थेस्स २:१६; हिब्रू १०:२९; २ तिमो ३:५; मत्ती २३:१४; मत्ती ६:१-२, ५, १६; मर्कु ८:३८; भसं ७३:१४-१५; १ कोर ६:५-६; एफे ५:१५-१७; यशै ५:४; २ पत्रु १:८-९; रोमी २:२३-२४; गला ३:१, ३; हिब्रू ६:६; २ तिमो २:१४; तीतत ३:९; व्यव १८:१०-१४; प्रे १९:१३

## प्रश्न. ११४. तेस्रो आज्ञामा के के कारणहरू संलग्न छन् ?

**उत्तरः** तेस्रो आज्ञासँग जोडिएका कारणहरू यी शब्दहरूमा समावेश छन्; "परमप्रभु तिम्रा परमेश्वर" र "किनकि उहाँको नाउँ व्यर्थमा लिनेलाई परमप्रभुले निर्दोष ठहराउनुहुनेछैन" किनभने उहाँ परमप्रभु र हाम्रा परमेश्वर हुनुहुन्छ । विशेष गरी उहाँको नाउँ हामीद्वारा अपवित्र वा कुनै पनि तरिकाले दुरूपयोग र दुर्व्यवहार गर्नुहुँदैन किनभने उहाँले यस आज्ञाको उल्लङ्घन गर्नेहरूलाई मुक्ति दिन् र बचाउनबाट धेरै टाढा हुनुहुन्छ किनकि उहाँले तिनीहरूलाई आफ्नो धार्मिक न्यायबाट उम्कन दिनुहुने छैन यद्यपि त्यस्ता धेरै छन् जो मानिसहरूको निन्दा र दण्डबाट उम्कन्छन् ।

प्रस् २०:७; लेवी १९:१२; इज ३६:२१-२३; व्यव २८:५८-५९; जक ५:२-४; १ शमु २:१२, १७, २२, २४; १ शमु ३:१३

## प्रश्न. ११५. चौथो आज्ञा के हो ?

**उत्तरः** चौथो आज्ञा यो हो कि, “शबाथ-दिन सम्झनु अनि यसलाई पवित्र राख्नु” ।

छ दिनसम्म परिश्रम गरेर सबै काम गर्नु तर सातौँ दिनचाहिँ परमप्रभु तिमीहरूका परमेश्वरको शबाथ दिन हो । त्यसमा तिमिहरूले केहिँ काम नगर्नु, न त तिम्रा छोराले, न तिम्री छोरीले, न त तिम्रा कमारा-कमारीले, न त तिम्रा गाईवस्तुले, न मुल ढोकाभित्र भएको परदेशीले केही काम गरोस् । किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबैथोक बनाउनुभयो तर सातौँ दिनमा चाही विश्राम गर्नुभयो । त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष दिनुभयो र त्यसलाई पवित्र बनाउनुभयो ।

प्रस् २०:८-११

## प्रश्न. ११६. चौथो आज्ञामा के माग गरिएको छ ?

**उत्तरः** चौथो आज्ञाले यो माग गर्दछ कि सबै मानिसहरूलाई सबाथ दिन परमेश्वरमा पवित्र बनाउनु वा पवित्र राख्नको लागि उहाँले आफ्नो वचनमा तोक्नुभएको छ, स्पष्ट रूपमा सात दिनमा एक दिन अर्थात् सातौँ दिनलाई पवित्र राख्न आज्ञा गर्नुभएको छ । संसारको सुरूदेखि ख्रीष्टको पुनरुत्थानसम्म सातौँ दिन थियो र त्यसपछिबाट हप्ताको पहिलो दिन थियो र त्यसरी नै संसारको अन्त्यसम्म निरन्तर रहन्छ; जुन ख्रीष्टियन शबाथ हो र यसलाई नयाँ नियममा प्रभुको दिन भनिन्छ ।

व्यव ५:१२-१४; उत्प २:२-३; १ कोर १६:१-२; प्रे २०:७; मत्ती ५:१७-१८; यशै ५६:२, ४, ६-७; प्रका १:१०

## प्रश्न. ११७. शबाथ वा प्रभुको दिनलाई कसरी पवित्र बनाउन सकिन्छ ?

**उत्तरः** सबाथ वा प्रभुको दिनलाई दिनभरि पवित्र विश्रामद्वारा पवित्र गरिनुपर्छ । पापपूर्ण कामहरूबाट मात्र होइन तर अन्य दिनहरूमा दैनिक रूपमा संसारमा रहिरहँदा गरिने काम, रोजगार र विलासिताहरूबाट पनि पवित्र गरिनुपर्छ । परमेश्वरको आराधना सार्वजनिक र निजी अभ्यासहरूमा सम्पूर्ण समय (धेरै आवश्यकता र कृपाको काममा लिइएको बाहेक) बिताउन पाउँदा आनन्दपूर्ण हुँदछ तर त्यसको लागि हामीले हाम्रो हृदयहरू तयारी गर्नुपर्दछ र त्यस्तो दूरदर्शिता, लगनशीलता र संयमताका साथ हाम्रो सांसारिक काम वा

व्यवसायलाई स्थानान्तरण गर्न र समय अनुकुल प्रसारण गर्न ताकि हामी शबाथ दिनको कर्तव्यहरूका लागि अझ स्वतन्त्र र योग्यका हुन सकौँ ।

प्रस्था २०:८, १०; प्रस्था १६:२५-२८; नेह १३:१५-२२; यर्मिया १७:२१-२२; मत्ती १२:१-१३; यशै ५८:१३; लुका ४:१६; प्रे २०:७; १ कोर १६:१-२; भसं ९२; यशै ६६:२३; लेवी २३:३; प्रस्था २०:८; लुका २३:५४, ५६; प्रस् १६:२२, २५-२६, २९; नेह १३:१९

## प्रश्न. ११८. शबाथ दिन पालन गर्ने जिम्मेवारी किन परिवारका अधिकारीहरू र अन्य आदरणीय व्यक्तिहरूलाई विशेष रूपमा निर्देशित गरिएको छ ?

**उत्तरः** शबाथ दिन पालन गर्ने जिम्मेवारी विशेष रूपमा परिवारका अधिकारीहरू र अन्य आदरणीय व्यक्तिहरूलाई निर्देशित गरिएको छ, किनभने तिनीहरू आफैँले यसलाई पालन गर्ने मात्र होइन तर तिनीहरूको अधीनमा रहेका सबैले यसलाई पालन गरेको उनीहरू चाहन्छन्; किनभने तिनीहरू प्रायः आफ्नै रोजगारी वा कामहरूले तिनीहरूलाई बाधा पुऱ्याउने सम्भावना हुन्छ ।

प्रस् २०:१०; यहो २४:१५; नेह १३:१५, १७; यर्मि १७:२०-२२; प्रस् २३:१२

## प्रश्न. ११९. चौथो आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** चौथो आज्ञामा निषेध गरिएका पापहरू यी हुन् कि, सबै त्रुटिपूर्ण आवश्यक कर्तव्यहरू, सबै घिनलाग्दा, लापरवाही र धार्मिकता विरूद्धका कार्यहरू गर्नु र तिनीहरूबाट थकित हुनु; सबै आलस्यले दिनलाई अपवित्र पार्छ र आफूलाई पापपूर्ण काम गर्न प्रेरित गर्छ । त्यसैले सबै अनावश्यक कामहरू, बोली र विचारहरूद्वारा हाम्रो सांसारिक कार्य र विलासिताको बारेमा सोच्न निषेध गरिएको छ ।

इज २२:२६; प्रे २०:७, ९; इज ३३:३०-३२; आमो ८:५; मला १:१३; इज २३:३८; यर्मि १७:२४, २७; यशै ५८:१३

## प्रश्न. १२०. चौथो आज्ञासँग जोडिएका कारणहरू के के हुन्, जसले यसलाई लागू गर्न थप उर्जा दिन्छ ?

**उत्तरः** चौथो आज्ञामा जोडिएका कारणहरू यी हुन कि जसले यसलाई लागू

गर्नको निम्ति थप उर्जा दिन्छ, परमेश्वरले हामीलाई हाम्रो आफ्नै कामहरूको लागि सात दिन भित्रको छ दिनसम्म अरू काम गर्नलाई अनुमति दिनुभएको छ र आफ्नो लागि एक दिनमात्र आरक्षित गर्नुभएको छ । यी शब्दहरूमा छ दिनसम्म परिश्रम गर्नु र आफ्नो सबै काम गर्नु त्यस दिनमा परमेश्वरको विशेष औचित्यलाई चुनौतीत दिएर सातौँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ दिन हो । परमेश्वर आफैँले उदाहरण दिनुभएको छ कि, जसले छ दिन भित्रमा स्वर्ग र पृथ्वी, समुद्र र सबै चीजहरू बनाउनुभयो तर सातौँ दिनमा विश्राम लिनुभयो र त्यो दिनमा परमेश्वरले राख्नुभएको आशिषबाट यसलाई उहाँको सेवाको लागि एक दिनको रूपमा पवित्र बनाउनु मात्र होइन तर यसलाई हाम्रो पवित्रीकरणमा हामीलाई आशिषको माध्यम बनाउन सकोस्, यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो र यसलाई पवित्र पार्नुभयो ।

प्रस् २०:९; प्रस् २०:१०; प्रस् २०:११

## प्रश्न. १२१. किन "सम्झनु" भन्ने शब्द चौथो आज्ञाको सुरूमा राखिएको छ ?

**उत्तरः** "सम्झनु" भन्ने शब्द चौथो आज्ञाको सुरूमा राखिएको छ, किनकि आंशिक रूपमा यसलाई सम्झनाको अधिक लाभको कारणले हामी यसलाई राख्दछौँ जसले हामीलाई तयारी हुन मद्दत गर्दछ र यसलाई पालन गर्दा अरू बाँकी सबै आज्ञाहरू पालन गर्न सम्झना दिलाउछ र यसलाई पालन गर्नु अति राम्रो हो । सृष्टि र छुटकाराका दुई ठूला लाभहरूको लागि कृतज्ञ हुनु र सम्झिरहनु हो जुनचाहिँ धर्मको छोटो संक्षिप्तीकरण पनि हो । किनभने हामी यसलाई बिर्सन सधै तयार हुन्छौँ, यसको लागि प्रकृतिको प्रकाश न्युन छ र अझै पनि यसले अन्य समयमा वैधानिक चीजहरूमा हाम्रो प्राकृतिक स्वतन्त्रतालाई रोकेर राख्द्छ कि यो सातौँ दिन एक पटक मात्र आउँछ र धेरै सांसारिक कामहरूका बीच आउने गर्दछ । प्रायः शैतानले आफ्नो उपकरणहरूद्वारा हाम्रो दिमागलाई यसको लागि तयारी गर्न वा यसलाई पवित्र बनाउन सोच्नबाट बञ्चित गराउँछ र त्यो महिमा र यसको सम्झनालाई मेटाउनको लागि सबै पाप र अधर्ममा ल्याउन धेरै पऱ्यास गर्दछ त्यसैले सम्झिनु भन्ने शब्द धेरै महत्वपूर्ण छ ।

प्रस् २०:८; प्रस् १६:२३; लुका २३:५४, ५६; मर्कुस १५:४२; नेह १३:१९; भसं ९२ , भसं ९२:१३-१४; इज २०:१२, १९-२०; उत्प २:२-३; भसं ११८:२२, २४; प्रे ४:१०-११; प्रका. १:१०; इज २२:२६; नेह ९:१४; प्रस् ३४:२१; व्यव ५:१४-१५; आमो ८:५; विला १:७; यर १७:२१-२३; नेह १३:१५-२३

## प्रश्न. १२२. मानिसप्रतिको हाम्रो कर्तव्य समावेश भएका छवटा आज्ञाहरूको सारांश के हो ?

**उत्तरः** छवटा आज्ञाहरूको सारांश जसमा मानिसहरूप्रतिको हाम्रो कर्तव्य समावेश गरिएको छ, "आफ्नो छिमेकीलाई आफैँलाई जस्तै प्रेम गर्नु" र "मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून भन्ने तिमीहरू चाहन्छौँ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो ।

मत्ती २२:३९; मत्ती ७:१२

## प्रश्न. १२३. पाँचौँ आज्ञा कुन हो ?

**उत्तरः** पाँचौँ आज्ञा यहि हो कि, "आफ्ना बुबा र आमालाई आदर गर, कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस् ।

प्रस् २०:१२

## प्रश्न. १२४. पाँचौँ आज्ञामा बुबा र आमा भन्नाले कसलाई बुझाउँछ ?

**उत्तरः** पाँचौँ आज्ञामा बुबा र आमा भन्नाले प्राकृतिक बाबुआमा मात्र नभई उमेरमा परिपक्क र वरदानले भरिपूर्ण सबै आदणीय व्यक्तिहरू हुन् । विशेष गरी परमेश्वरको आदेशद्वारा जो अधिकारको स्थानमा हामी भन्दामाथि छन्, चाहे परिवारमा, मण्डलीमा वा राष्ट्रमण्डलमा होस् उहाँहरू पनि हाम्रा बुबा आमा नै हुन् ।

हितो २३:२२, २५; एफे ६:१-२; १ तिमो ५:१-२; उत्प ४:२०-२२; उत्प ४५:८; २ राजा ५:१३; २ राजा २:१२; २ राजा १३:१४; गला ४:१९; यशै ४९:२३

## प्रश्न. १२५. किन उच्च अधिकारीहरू हाम्रा बुबा र आमा सरह छन् ?

**उत्तरः** आदणीय व्यक्तित्त्वहरू हाम्रा बुबा र आमा सरह नै हुन्, किनभने उनीहरूले आफ्ना सानाहरूप्रति सबै कर्तव्यहरूमा जन्मदिने आमाबाबु जस्तै गरि सिकाउँने गर्दछन् । उनीहरूका धेरै सम्बन्धहरू अनुसार सानाहरूप्रति प्रेम र कोमल कृपा व्यक्त गर्दछन् र आफ्नो आमाबाबुले जस्तै गरि सानाहरू सामु आदरणीय व्यक्तित्त्वहरूले आफ्नो कर्तव्यहरू उत्कट इच्छा र हर्ष उल्लासको साथ प्रदर्शन गर्दछन् ।

एफे ६:४; २ कोर १२:१४; १ थेस्स २:७-८, ११; गन्ती ११:११-१२; १ कोर ४:१४-१६; २ राजा ५:१३

## प्रश्न. १२६. पाँचौँ आज्ञाको सामान्य दायरा के हो ?

**उत्तरः** पाँचौँ आज्ञाको सामान्य दायरा तीत कर्तव्यहरूको प्रदर्शन गर्नु हो जुन हामी पारस्परिक रूपमा हाम्रा धेरै सम्बन्धहरूमा, सानाहरूसँग, आदरणीय व्यक्तिहरूसँग वा साथीभाईहरूसँग ऋणी छौँ ।

एफे ५:२१; १ पत्रु २:१७; रोमी १२:१०

## प्रश्न. १२७. सानाहरूले आफूभन्दा आदरणीय व्यक्तिलाई दिनुपर्ने सम्मान के हो ?

**उत्तरः** आफूभन्दा आदरणीय व्यक्तिहरूलाई दिने सम्मान भनेको हृदयबाट, वचनबाट र व्यवहारबाट गरिने सबै उचित सम्मान हो । उहाँहरूको लागि प्रार्थना गर्नु र धन्यवादि हुनु, उहाँहरूको गुण र दयाको अनुकरण गर्नु, उहाँहरूको सहि आदेश र सल्लाहहरूको लागि आज्ञाकारि बन्न इच्छुक हुनु, उहाँहरूको सुधारको लागि सहिँ कारण प्रस्तुत गर्नु पर्दछ । उहाँहरूको आफ्नो श्रेणी र उहाँहरूको स्थानको प्रकृति अनुसार उहाँहरूको व्यक्तित्त्व र अधिकारको वकालत र संरक्षण गर्नु, उहाँहरूको दुर्बलताहरू सहनु र त्यस दुर्बलताहरूलाई प्रेममा ढाक्नु पर्दछ ताकि उहाँहरूको र उहाँहरूको प्रशासनको सम्मान होस् ।

मला १:६; लेवी १९:३; हितो ३१:२८; १ पत्रुस ३:६; लेवी १९:३२; १ राजा २:१९; १ तिमो २:१-२; हिब्रू १३:७; फिलि

३:१७; एफे ६:१-२, ५-७; १ पत्रु २:१३-१४; रोमी १३:१-५; हिब्रू १३:१७; हितो ४:३-४; हितो २३:२२; प्रस्थ १८:१९, २४; हिब्रू १२:९; १ पत्रु २:१८-२०; तीतत २:९-१०; १ शमु २६:१५-१६; २ शमु १८:३; एस्त ६:२; मत्ती २२:२१; रोमी १३:६-७; १ तिमो ५:१७-१८; गला ६:६; उत्प ४५:११; उत्प ४७:१२; १ पत्रु २:१८; हितो २३:२२; उत्प ९:२३; भसं १२७:३-५; हितो ३१:२३

## प्रश्न. १२८. आफ्ना आदरणीय व्यक्तिहरू विरुद्ध सानाहरूले गर्ने पापहरू के के हुन् ?

**उत्तरः** आफ्ना आदरणीय व्यक्तिहरू विरुद्ध सानाहरूले गर्ने पापहरू; उहाँहरूप्रति गरिने आवश्यक सबै कर्तव्यहरूको बेवास्ता गर्नु, उहाँहरूको व्यक्तित्व र स्थानलाई अपमान गर्नु, उहाँहरूको कानुनी सल्लाह, आदेश र सुधारलाई नमान्नु र यी कुराहरू विरुद्ध विद्रोह गर्नु; श्राप, उपहास र त्यस्ता सबै अनाज्ञाकारी र अपमानजनक व्यवहारहरू बोक्नु, उहाँहरू र उहाँहरूको प्रशासनलाई लजित पार्नु र अपमान गर्नु हो ।

मत्ती १५:४-६; गन्ती ११:२८-२९; १ शमु ८:७; यशै ३:५; २ शमु १५:१-१२; प्रस् २१:१५; १ शमु १०:२७; १ शमु २:२५; व्यव २१:१८-२१; हितो ३०:११, १७; हितो १९:२

## प्रश्न. १२९. आदरणीय व्यक्तिहरूलाई आफ्ना सानाहरूप्रति के माग गरिएको छ ?

**उत्तरः** आदरणीय व्यक्तिहरूलाई आफ्ना सानाहरूप्रति यो कुरा माग गरिएको छ कि, तिनीहरूले परमेश्वरबाट प्राप्त गरेको शक्ति अनुसार र त्यो सम्बन्ध जहाँ तिनीहरू खडा हुन्छन्, त्यसलाई प्रेम गर्न, प्रार्थना गरिदिन र सानाहरूलाई आशीर्वाद दिन, तिनीहरूलाई निर्देशन गर्न, सल्लाह दिन र सच्याउन, आत्मसंयम, प्रशंसा र राम्रो काम गर्नेलाई पुरस्कृत गर्ने र निरुत्साहित पार्ने र खराब काम गर्नेलाई हप्काउने र सजाय दिन माग गरिएको छ । तिनीहरूका आत्मा र शरीरको सुरक्षाका निम्ति आवश्यक सबै चीजहरू प्रदान गर्ने र बुद्धिमानी साथ गम्भीर भएर पवित्रताको अनुकरण गर्ने, परमेश्वरको महिमा पछ्याउने, आफैँलाई सम्मान गर्ने र परमेश्वरले उनीहरूमाथि राखेको अधिकार जोगाइ राख्नु हो ।

कल ३:१९; तीतत २:४; १ शमु १२:२३; अय्यु १:५; १ राजा ८:५५-५६; हिब्रू ७:७; उत्प ४९:२८; व्यव ६:६-७; एफे

६:४; १ पत्रु ३:७; १ पत्रु २:१४; रोमी १३:३; एस्त ६:३; रोमी १३:३-४; हितो २९:१५; १ पत्रु २:१४; अय्यु २९:१२-१७; यशै १:१०, १७; एफे ६:४; १ तिमो ५:८; १ तिमो ४:१२; तीतत २:३-५; १ राजा ३:२८; तीतत २:१५

## प्रश्न. १३०. आदरणीय व्यक्तिहरूको (उच्च अधिकारी) पाप के के हुन् ?

**उत्तरः** आदरणीय व्यक्तिहरूको (उच्च अधिकारी) पापहरू; तिनीहरूले गर्नुपर्ने आवश्यक कर्तव्यहरूको बेवास्ता बाहेक, तिनीहरूको आफ्नै महिमा, सहजता, लाभ वा आनन्दको अनावश्यक खोजी गर्नु, गैरकानूनी चीजहरूको आदेश दिनु वा शक्ति प्रदर्शन गर्नु हो । खराब वा दुष्ट कुरामा तिनीहरूलाई सल्लाह, प्रोत्साहन वा समर्थन गर्नु र असल कुरामा उनीहरूलाई हतोत्साहित गर्नु, निरुत्साहित गर्ने वा गर्न नदिनु, तिनीहरूलाई अनावश्यक रूपमा सुधार गर्न खोज्नु, गर्दै नगरेको कुरा खुलासा गर्ने वा तिनीहरूलाई गलत प्रलोभनमा र खतरामा छोड्नु, तिनीहरूलाई क्रोधित पार्ने वा कुनै पनि तरिकाले अन्यायपूर्ण, अविवेकी, कठोर वा बेवास्ता गर्ने व्यवहारद्वारा उनीहरूलाई अपमान गर्ने वा उनीहरूको अधिकारलाई कम गर्नु हो ।

इज ३४:२-४; फिल २:२१; यु ५:४४; युह ७:१८; यशै ५६:१०-११; व्यव १७:१७; दानि ३:४-६; प्रे ४:१७-१८; प्रस्थ ५:१०-१८; मत्ती २३:२, ४; मत्ती १४:८; मर्कु ६:२४; २ शमु १३:२८; १ शमु ३:१३; युह ७:४६-४९; कल ३:२१; प्रस् ५:१७; १ पत्रु २:१८-२०; हिब्रू १२:१०; व्यव २५:३; उत्प ३८:११, २६; प्रे १८:१७; एफे ६:४; उत्प ९:२१; १ राजा १२:१३-१६; १ राजा १:६; १ शमु २:२९-३१

## प्रश्न. १३१. समानताको कर्तव्यहरू के के हुन् ?

**उत्तरः** समानताका कर्तव्यहरू; एकअर्काको मूल्य-मान्यता र मर्यादालाई सम्मान गर्नु, एकअर्कामा अघि बढ्दै जानलाई कदर गर्नु र एकअर्काको वरदान र उन्नतिमा आफ्नै जस्तै गरि आनन्दित हुनु हो ।

१ पत्रु २:१७; रोमी १२:१०; रोमी १२:१५-१६; फिलि २:३-४

## प्रश्न. १३२. समानताको पापहरू के के हुन् ?

**उत्तरः** समानताका पापहरू; आवश्यक कर्तव्यहरूको बेवास्ता गर्नु बाहेक, मूल्यवानलाई कम मूल्यवान ठान्नु, वरदानहरूको ईर्ष्या गर्नु, एकअर्काको उन्नति

वा समृद्धिमा डाह गर्नु र एकअर्कामाथि पूर्व-प्रतिष्ठा हडप्नु हो ।

रोमी १३:८; २ तिमो ३:३; प्रे ७:९; गला ५:२६; गन्ती १२:२; एस्त ६:१२-१३; ३ युह १:९; लुका २२:२४

## प्रश्न. १३३. पाँचौँ आज्ञासँग जोडिएको कारण के के हुन् जसले यसलाई लागू गर्न थप उर्जा प्रदान गर्छ ?

**उत्तरः** पाँचौँ आज्ञासँग जोडिएको कारणहरू यस शब्दहरूमा समावेश गरिएका छन्; "जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्वरले दिनुहुन्छ, त्यहाँ तिमीहरूको आयु लामो होस् ।" लामो आयु र समृद्धि प्रतिज्ञाको अभिव्यक्ति हो, आज्ञालाई पालन गर्ने सबैलाई यस प्रतिज्ञाले जहिले पनि परमेश्वरको महिमा, सेवा र तिनीहरूको आफ्नै भलाइ नै गर्दछ ।

प्रस् २०:१२; व्यव ५:१६; १ राजा ८:२५; एफे ६:२-३

## प्रश्न १३४. छैटौँ आज्ञा कुन हो ?

**उत्तरः** छैटौँ आज्ञा हो, "हत्या नगर्नु" ।

प्रस् २०:१३

## प्रश्न. १३५. छैटौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** छैठौँ आज्ञामा आवश्यक पर्ने कर्तव्यहरू; सावधानीपूर्वक अध्ययन र वैधानिक कामहरू गर्नु, सबै विचार र उद्देश्यहरूको प्रतिरोध गरेर सबै आवेगहरूलाई वशमा राखेर सबै अवसरहरू, प्रलोभनहरू र अभ्यासहरूले अन्यायपूर्ण तरिकाले कसैको जीवन लिने गर्दछ यी कुराहरूलाई बेवास्ता गरि आफ्नो र अरूको जीवन बचाउनु हो । हिंसाको बिरूद्ध लड्नु र सहि कुराको रक्षाको निम्ति धैर्य गर्नु र यसलाई परमेश्वरको हातमा सुम्पिनु हो । मनको शान्ति, आत्माको प्रफुल्लता, खाने कुरा, पिउने कुरा, भौतिक कुरा, निद्रा, श्रम र मनोरञ्जनको सहि सदुपयोग गर्नु, परोपकारी विचारहरूद्वारा, प्रेम, करूणा, नम्रता, कोमल, दया, शान्तिपूर्ण, विनम्र बोली र कोमल व्यवहार, सहनशीलता, मेलमिलापको लागि तत्पर, धैर्यता, सहनु र गल्ति गर्नेलाई क्षमा दिनु, खराबको

बदलामा असल गर्नु, दुःखमा परेकाहरूलाई सान्त्वना र सहयोग गर्नु र निर्दोषहरूलाई संरक्षण र रक्षा गर्नु हो ।

एफे ५:२८-२९; १ राजा १८:४; यर्मि २६:१५-१६; प्रे २३:१२, १६-१७, २१, २७; एफे ४:२६-२७; २ शमु २:२२; व्यव २२:८; मत्ती ४:६-७; हितो १:१०-११, १५-१६; १ शमु २४:१२; १ शमु २६:९-११; उत्प ३७:२१-२२; भसं ८२:४; हितो २४:११-१२; १ शमु १४:४५; याकु ५:७-११; हिब्रू १२:९; १ थेस्स ४:११; १ पत्रु ३:३-४; भसं ३७:८-११; हितो १७:२२; हितो २५:१६, २७; १ तिमो ५:२३; यशै ३८:२१; भसं १२७:२; उप ५:१२; २ थेस्स ३:१०, १२; हितो १६:२६; उप ३:४, ११; १ शमु १९:४-५; १ शमु २२:१३-१४; रोमी १३:१०; लुका १०:३३-३४; कल ३:१२-१३; याकु ३:१७; १ पत्रु ३:८-११; हितो १५:१; न्याय ८:१-३; मत्ती ५:२४; एफे ४:२, ३२; रोमी १२:१७, २०-२१; १ थेस्स ५:१४; अय्यु ३१:१९-२०; मत्ती २५:३५-३६; हितो ३१:८-९

## प्रश्न. १३६. छैटौँ आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** छैटौँ आज्ञामा निषेध गरिएका पापहरू; सार्वजनिक न्याय, कानुनी युद्ध वा आवश्यक रक्षाको मामलामा बाहेक, कसैले आफ्नो वा अरूको जीवन लिने, जीवन संरक्षणको निम्ति वैधानिक र आवश्यक साधनहरूलाई बेवास्ता गर्ने वा नलिने, पापपूर्ण क्रोध, घृणा, ईर्ष्या, बदलाको भावना, चाहिने भन्दा धेरै जोसिने, ध्यान विचलित गर्ने, खाने, पिउने, काम गर्ने र मनोरञ्जनको अत्याधिक चाहाना गर्ने, उत्तेजक शब्दहरू; उत्पीडन, झगडा, प्रहार, घाईते र अन्य जोसुकै कुराले कसैको जीवनलाई विनाशमा पुऱ्याउँछ भने त्यो पाप हो ।

प्रे १६:२८; उत्प ९:६; गन्ती ३५:३१, ३३; यर्मि ४८:१०; व्यव २०:१-२०; प्रस् २२:२-३; मत्ती २५:४२-४३; याकु २:१५-१६; उपदे ६:१-२; मत्ती ५:२२; १ युह ३:१५; लेवी १९:१७; हितो १४:३०; रोमी १२:१९; एफे ४:३१; मत्ती ६:३१, ३४; लुका २१:३४; रोमी १३:१३; उप 12:12; उप २:२२-२३; यशै ५:१२; हितो १५:१; हितो १२:१८; इज १८:१८; प्रस्थ १:१४; गला ५:१५; हितो २३:२९; गन्ती ३५:१६-१८, २१; प्रस्थ २१:१८-३६

## प्रश्न. १३७. सातौँ आज्ञा कुन हो ?

**उत्तरः** सातौँ आज्ञा हो, तिमीले "व्यभिचार नगर्नु" ।

प्रस्था २०:१४

## प्रश्न. १३८. सातौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** सातौँ आज्ञामा आवश्यक कर्तव्यहरू; शरीरमा, मगजमा, प्रेममा,

बोलीवचन र व्यवहारमा शुद्धता कायम राख्नु र यस शुद्धतालाई हामी र अरूहरूमा जोगाइ राख्नु हो । सबै सोचाइहरू र दृष्टिकोणमा सतर्कता र संयम, स्वच्छ व्यक्तिहरूको संगत, पोशाकमा शिष्टाचार अपनाउनु पर्छ । विवाह पूर्व सँगै बस्नु, वैवाहिक प्रेम, नैतिक शुद्धताको वरदान नभएकाहरूबाट विवाह, यी कुराहरूमा सतर्कता अपनाउनुको साथै यस्ता कुराहरूलाई इन्कार गर्नुपर्छ । हाम्रो बोलावटमा सधै लगनशील भएर लाग्नु, अशुद्धताका सबै परिक्षाहरूबाट भाग्नु र त्यसका प्रलोभनहरूको प्रतिरोध गर्नु हाम्रो कर्तव्य हो ।

१ थेस्स ४:४; अय्यु ३१:१; १ कोर ७:३४; कल ४:६; १ पत्रु ३:२; १ कोर ७:२, ३५-३६; अय्यु ३१:१; प्रे २४:२४-२५; हितो २:१६-२०; १ तिमो २:९; १ कोर ७:२, ९; हितो ५:१९-२०; १ पत्रु ३:७; हितो ३१:११, २७-२८; हितो ५:८; उत्प ३९:८-१०

## प्रश्न. १३९. सातौँ आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** सातौँ आज्ञामा निषेध गरिएका पापहरू; आवश्यक कर्तव्यहरूको बेवास्ता बाहेक, व्यभिचार, खराब आचरण, बलात्कार, हाडनाताकरणी, मानिस र जनावर बिचको शरीरिक सम्बन्ध र सबै अप्राकृतिक कामवासना, सबै अशुद्ध कल्पनाहरू, विचारहरू, उद्देश्यहरू र स्पर्शहरू, सबै भ्रष्ट वा फोहोर संचार वा त्यस्ता कुरा सुन्नु, निर्दयी वा हल्का व्यवहार; अशिष्ट पोशाक, निषेध गरिएको कुरा र गैरकानूनी विवाहको अनुमति दिनु, मानिलिनु, हिचकिचाहट राख्नु र तिनीहरूलाई समर्थन गर्नु, एकल जीवनको वाचामा अल्झाउनु, विवाहको अनुचित ढिलाइ, एकै समयमा एक भन्दा धेरै पत्नी वा पति हुनु, अन्यायपूर्ण सम्बन्ध बिच्छेद् वा परित्याग, आलस्य, लोभिपन, मतवालापन, अशुद्ध संगत, अश्लील गीत, किताब, चित्र, नृत्य, स्टेज नाटक, अरू सबै उत्तेजना वा अशुद्धताका कार्यहरू या त हामीमा वा अरूमा तीत सबै पाप हुन् ।

हितो ५:७; हिब्रू १३:४; गला ५:१९; २ शमु १३:१४; १ कोर ५:१; रोमी १:२४, २६-२७; लेवी २०:१५-१६; मत्त ५:२८; मत्त १५:१९; कल ३:५; एफे ५:३-४; हितो ७:५, २१-२२; यशै ३:१६; २ पत्रु २:१४; हितो ७:१०, १३; १ तिमो ४:३; लेवी १८:१-२१; मर्कु ६:१८; मला २:११-१२; १ राजा १५:१२; २ राजा २३:७; व्यव २३:१७-१८; लेवी १९:२९; यर ५:७; हितो ७:२४-२७; मत्ती १९:१०-११; १ कोर ७:७-९; उत्प ३८:२६; मला २:१४-१५; मत्त १९:५; मला २:१६; मत्त ५:३२; १ कोर ७:१२-१३; इज १६:४९; हितो २३:३०-३३; उत्प ३९:१०; हितो ५:८; एफे ५:४; इज २३:१४-१६; यशै २३:१५-१७; यशै ३:१६; मर्कु ६:२२; रोमी १३:१३; १ पत्रु ४:३; २ राजा ९:३०; यर्मि ४:३०; इज २३:४०

## प्रश्न. १४०. आठौँ आज्ञा कुन हो ?

**उत्तरः** आठौँ आज्ञा हो, "चोरी नगर्नु" ।

प्रस् २०:१५

## प्रश्न. १४१. आठौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** आठौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू; सत्यता, विश्वासयोग्यता, मानिस-मानिस बीचको सम्झदार र व्यापारमा इमानदारीता, सबैलाई उनीहरूको हक प्रदान गर्नु, गैरकानूनी रूपमा मालिकहरूबाट रोकिएका सामानहरूको पुनः फिर्ता, हाम्रो क्षमता र अरूको आवश्यकता अनुसार स्वतन्त्र तरिकाले ऋण लिने र दिने, सांसारिक सामानको सम्बन्धमा हाम्रा निर्णयहरू, इच्छाहरू र स्नेहहरूको संयम, हाम्रो स्वभावको पालनपोषणको लागि आवश्यक, सुविधाजनक र हाम्रो अवस्थाको लागि उपयुक्त तीत चीजहरू प्राप्त गर्न, राख्न, प्रयोग गर्न र संगठित गर्नको लागि सावधानी पूर्वक हेरचाह र अध्ययन, एक वैधानिक बोलावट र यसमा लगनशीलता, मितव्ययिता, अनावश्यक कानुनी मुद्दाहरू र जमानत वा अन्य यस्तै संलग्नताहरूबाट जोगिन र हाम्रो आफ्नै सम्पत्ति र अरूको बाहिरी सम्पत्तिहरूलाई सबै न्यायपूर्ण र कानुनी माध्यमबाट प्रयोग र संरक्षण गरिनुपर्छ ।

भसं १५:२, ४; जक ७:४, १०; जक ८:१६-१७; रोमी १३:७; लेवी ६:२-५; लुका १९:८; लुका ६:३०, ३८; १ युह ३:१७; एफे ४:२८; गला ६:१०; १ तिमो ६:६-९; गला ६:१४; १ तिमो ५:८; हितो २७:२३-२७; उप २:२४; उप ३:१२-१३; १ तिमो ६:१७-१८; यशै ३८:१; मत्ती ११:८; १ कोर ७:२०; उत्प २:१५; उत्प ३:१९; एफे ४:२८; हितो १०:४; युह ६:१२; हितो २१:२०; १ कोर ६:१-९; हितो ६:१-६; हितो ११:१५; लेवी २५:३५; व्यव २२:१-४; प्रस्था २३:४-५; उत्प ४७:१४, २०; फिलि २:४; मत्ती २२:३९

## प्रश्न. १४२. आठौँ आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** आठौँ आज्ञामा निषेध गरिएका पापहरू; आवश्यक कर्तव्यहरूको बेवास्ता बाहेक, चोरी, डकैतीत, मानिसको अनुमति बिना केहिँ सामान लिनु र चोरी भएको कुनै पनि चीज लिन खोज्नु; अरूलाई धोका दिनु, वजनको गलत मापन गर्नु,

स्थलचिन्हहरू हटाउनु, विश्वासको मामिलामा मानिस-मानिस बीचको अन्याय र विश्वासघात, दमन, फिरौतीत ब्याज, घुसखोरी, गलत मुद्दाहरू, जनसङ्ख्यामा अन्यायपूर्ण अन्त, मूल्यवृद्धि गर्न वस्तुहरू आकर्षक गर्नु, गैरकानूनी रूपमा बोलाउनु, हाम्रो छिमेकीबाट उसको स्वामित्व लिने वा रोक्ने अन्य सबै अन्यायपूर्ण वा पापपूर्ण तरिकाहरू वा आफूलाई समृद्ध बनाउने तिर मात्र लाग्नु; लोभ गर्नु, अनावश्यक मूल्य निर्धारण र सांसारिक वस्तुहरूलाई असर गर्नु, तिनीहरूलाई प्रयोग गर्नु, राख्नु र प्रयोग गर्नमा विश्वासघात गर्नु, हेरचाह र अध्ययनमा बेवास्ता, अरूको समृद्धिमा ईर्ष्या गर्नु, आलस्य, फुजूलखर्च, व्यर्थको खेल खेलाउनु र अन्य सबै तरिकाहरू जसद्वारा हामी हाम्रो आफ्नै र बाहिरी सम्पत्तिलाई अनावश्यक रूपमा पूर्वाग्रह दिन्छौँ र परमेश्वरले हामीलाई दिनुभएको सम्पत्तिको उचित उपयोग र सुविधाबाट आफूलाई धोका दिइरहेका हुन्छौँ यी कुराहरू गर्नु पाप हो ।

याकु २:१५-१६; १ युह ३:१७; एफे ४:२८; भसं ६२:१०; १ तिमो १:१०; हितो २९:२४; भसं १:१८; १ थेस्स ४:६; हितो ११:१; हितो २०:१०; व्यव १९:१४; हितो २३:१०; आमो ८:५; भसं ३७:२१; लुका १६:१०-१२; इज २२:२९; लेवी २५:१७; मत्ती २३:२५; इ २२:१२; भसं १५:५; अय्यु १५:३४; १ कोर ६:६-८; हितो ३:२९-३०; यशै ५:८; मला २:२; हितो ११:२६; प्रे १९:१९, २४-२५; अय्यु २०:१९; याकु ५:४; हितो २१:६; लुका १२:१५; १ तिमो ६:५; कल. ३:२; हितो २३:५; भसं ६२:१०; मत्ती ६:२५, ३१, ३४; उप ५:१२; भसं ७३:३; भसं ३७:१, ७; २ थेस्स ३:११; हितो १८:९; हितो २१:१७; हितो २३:२०-२१; हितो २८:१९; उप ४:८; उप ६:२; १ तिमो ५:८

## प्रश्न. १४३. नवौँ आज्ञा कुन हो ?

**उत्तरः** नवौँ आज्ञा यो हो कि, तिमीले "आफ्नो छिमेकीको विरुद्धमा झूटा गवाही नदिनु"।

प्रस् २०:१६

## प्रश्न. १४४. नवौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** नवौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू; मानिस र मानिस बीचमा सत्यको संरक्षण र प्रवर्द्धन, हाम्रो आफ्नै र छिमेकीको राम्रो नाउँ प्रकट गर्नु र सत्यको लागि सधै खडा हुनु । केवल सत्य न्याय र न्याय गर्नको निम्ति

हृदयबाट इमानदारीपूर्वक स्वतन्त्र रूपमा, स्पष्ट रूपमा र पूर्ण रूपमा सत्य बोल्नु र अन्य सबै कुराहरूमा हाम्रा छिमेकीहरूको परोपकारीको सम्मान गर्नु, प्रेम गर्नु, राम्रो इच्छा गर्नु र तिनीहरूको राम्रो नाउँमा रमाउनु, तिनीहरूको दुर्बलताहरू ढाक्नु र दु:खमा सहायता गर्नु, तिनीहरूको वरदान र अनुग्रह स्वतन्त्र रूपमा स्वीकार गर्नु, तिनीहरूको निर्दोषपनको रक्षा गर्नु, राम्रो जानकारी प्राप्त गर्न तयार हुनु र तिनीहरूको बारेमा खराब रिपोर्ट स्वीकार गर्न इच्छुक नहुनु, कथा-वाहक, चापलूसी र निन्दा गर्नेहरूलाई निरुत्साहित गर्नु, हाम्रो आफ्नै राम्रो नाउँको वास्ता र हेरचाह, आवश्यक पर्दा यसको रक्षा गर्नु, वैधानिक प्रतिज्ञाहरू पालन गर्नु, सत्य, इमान्दार, राम्रो र असल समाचारको जुनसुकै कुराको अध्ययन र अभ्यास गर्नु हो ।

जक ८:१६; ३ युह १:१२; हितो ३१:८-९; भसं १५:२; २ इति १९:९; १ शमु १९:४-५; यहो ७:१९; २ शमु १४:१८-२०; लेवी १९:१५; हितो १४:५, २५; २ कोर १:१७-१८; एफे ४:२५; हिब्रू ६:९; १ कोर १३:७; रोमी १:८; २ युह १:४; ३ युह १:३-४; १ कोर १:४-५, ७; २ तिमो १:४-५; १ शमु २२:१४; १ कोर १३:६-७; भसं १५:३; हितो २५:२३; हित २६:२४-२५; भसं १०१:५; हितो २२:१; युह ८:४९; भसं १५:४; फिलि ४:८; २ कोर २:४; २ कोर १२:२१; हितो १७:९; १ पत्रु ४:८

## प्रश्न. १४५. नवौँ आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** नवौँ आज्ञामा निषेध गरिएका पापहरू; सत्यलाई पूर्वाग्रह गर्नु, हाम्रो आफ्नै र हाम्रा छिमेकीहरूको प्रतिष्ठाको लागि विशेष गरी सार्वजनिक न्यायमा झूटो प्रमाण दिनु, झूटा साक्षीहरूको अधीनमा जानीजानी देखा पर्नु र खराब कुराको लागि बिन्ती गर्नु, सत्यलाई बहकाउनु वा दबाउनु, अन्यायपूर्ण कुरा पारित गर्नु, खराबलाई असल र असललाई नराम्रो भन्नु, दुष्टहरूलाई धर्मीहरूको कामअनुसार र धर्मीहरूलाई दुष्टहरूको कामअनुसार इनाम दिनु, जालसाजी, सत्य लुकाउनु, उचित कारणमा मौन बस्नु, आफ्नो अधर्मलाई लुकाउनु वा अरूलाई दोष दिनु र यो कुरा असल हो भनि भन्नु, सत्य वा न्यायको पूर्वाग्रहको लागि अविवेकी रूपमा वा दुर्भावनापूर्ण रूपमा गलत कुरामा सत्य हो भनि बोल्नु वा गलत अर्थमा विकृति फैलाउनु वा शंकास्पद र असभ्य अभिव्यक्तिहरूमा; असत्य प्रस्तुत गर्नु, झूटो बोल्नु, निन्दा गर्नु, कुरा काट्नु, अपमान गर्नु, दन्त्य-कथा

बोल्नु, कानाखुसी गर्नु, गिल्ला गर्नु, गाली गर्नु, कठोर बोली र आंशिक निन्दा गर्ने मनसाय राख्नु, वचन र कामहरूमा गलत अर्थ लगाउने गर्नु, चापलुसी, व्यर्थको घमण्ड गर्नु, आफ्नो वा अरूहरूको बारेमा धेरै तुच्छ बोल्नु वा सोच्नु, परमेश्वरको वरदान र अनुग्रहलाई अस्वीकार गर्नु, साना गल्तीहरू बढाउँनु र लुकाउनु, माफ गर्ने वा पापहरू कम गर्ने, जब निः शुल्क स्वीकार गर्न बोलाइन्छ; कमजोरीहरूको अनावश्यक खोजी गर्नु, झूटा अफवाहहरू फैलाउनु, खराब जानकारीहरू लिनु र त्यसको आत्मसात गर्नु, न्यायपूर्ण रक्षाको बिरूद्ध हाम्रो कान बन्द गर्नु, नचाहिदो शंका गर्नु, कसैको योग्यता वा कमाइमा ईर्ष्या गर्नु वा डाहा गर्नु वा यसलाई कमजोर पार्ने प्रयासको इच्छा गर्नु, तिनीहरूको अपमान र बदनामीमा रमाउनु, घृणित अपमान, मनमोहक प्रशंसा, वैधानिक प्रतिज्ञाहरूको उल्लङ्घन, राम्रो कुराहरू र त्यस्ता चीजहरूलाई बेवास्ता गर्नु र अभ्यास गर्नु वा आफैलाई बेवास्ता गर्नु, वा अरूले गर्न सक्ने काममा बाधा पुऱ्याउनु, खराब प्रतिष्ठा प्राप्त गर्ने जस्ता चीजहरूमा मन लगाउनु पाप हो ।

१ शमु १७:२८; २ शमु १६:३; २ शमु १:९-१०, १५-१६; लेवी १९:१५; हब १:४; हितो १९:५; हितो ६:१६, १९; प्रे ६:१३; यर ९:३, ५; प्रे २४:२, ५; भसं १२:३-४; भसं ५२:१-४; हितो १७:१५; १ राजा २१:९-१४; यशै ५:२३; भसं ११९:६९; लुका १९:८; लुका १६:५-७; लेवी ५:१; व्यव १३:८; प्रे ५:३, ८-९; २ तिमो ४:१६; १ राजा १:६; लेवी १९:१७; यशै ५९:४; हितो २९:११; १ शमु २२:९-१०; भसं ५२:१-५; भसं ५६:५; युह २:१९; मत्ती २६:६०-६१; उत्प ३:५; उत्प २६:७, ९; यशै ५९:१३; लेवी १९:११; कल ३:९; भसं ५०:२०; भसं १५:३; याकु ४:११; यर्मि ३८:४; लेवी १९:१६; रोमी १:२९-३०: उत्प २१:९; गला ४:२९; १ कोर ६:१०; मत्ती ७:१; प्रे २८:४; उत्प ३८:२४; रोमी २:१; नेह ६:६-८; रोमी ३:८; भसं ६९:१०; १ शमु १:१३-१५; २ शमु १०:३; भसं १२:२-३; २ तिमो ३:२; लुका १८:९, ११; रोमी १२:१६; १ कोर ४:६; प्रे १२:२२; प्रस् ४:१०-१४; अय्यु २७:५-६; अय्यु ४:६; मत्ती ७:३-५; हितो २८:१३; हितो ३०:२०; उत्प ३:१२-१३; यर्मि २:३५; २ राजा ५:२५; उत्प ४:९; उत्प ९:२२; हितो २५:९-१०; प्रस् २३:१; हितो २९:१२; प्रे ७:५६-५७; अय्यु ३१:१३-१४; १ कोर १३:५; १ तिमो ६:४; गन्ती ११:२९; मत्ती २१:१५; एज्रा ४:१२-१३; यर्मि ४८:२७; भसं ३५:१५-१६, २१; मत्ती २७:२८-२९; यहु १:१६; प्रे १२:२२; रोमी १:३१; २ तिमो ३:३; १ शमु २:२४; २ शमु १३:१२-१३; हितो ५:८-९; हितो ६:३३

## प्रश्न. १४६. दशौँ आज्ञा कुन हो ?

**उत्तरः** दशौँ आज्ञा यो हो कि, तिमीले "आफ्नो छिमेकीको घरको लालच नगर्नू । आफ्नो छिमेकीको पत्नीको लालच नगर्नु, आफ्नो छिमेकीको कमारा, कमारी, गोरु, गधा वा त्यसको कुनै पनि थोकको लालच नगर्नू" ।

(प्रस् २०:१७)

## प्रश्न. १४७. दशौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू के के हुन् ?

**उत्तरः** दशौँ आज्ञामा पालन गर्नुपर्ने आवश्यक कर्तव्यहरू; हाम्रा जस्तोसुकै अवस्थामा पनि पूर्ण सन्तुष्ट हुनु र हाम्रो छिमेकीप्रति आत्माको सम्पूर्णताबाट परोपकारी हुनुपर्दछ, जसले गर्दा हाम्रो भित्री व्यवहार र स्नेहले उनीहरूलाई छुद्छ, उनीहरू तिर झुकाव राख्दछ र उनीहरूको सबै असल कुरामा अघि बढ्छ ।

हिब्रू १३:५; १ तिमो ६:६; अय्यु ३१:२९; रोमी १२:१५; भसं १२२:७-९; १ तिमो १:५; एस्त १०:३; १ कोर १३:४-७

## प्रश्न. १४८. दसौँ आज्ञामा निषेध गरिएका पापहरू के के हुन् ?

**उत्तरः** दशौँ आज्ञामा निषेध गरिएका पापहरू; हाम्रो आफ्नै सम्पत्तिसँग असन्तुष्टि हुनु र उनीहरूको कुनै पनि कुरामा सबै अनावश्यक व्यवहार र स्नेहहरू सहित आफ्नो छिमेकीको भलाइमा शोकित हुनु र ईर्ष्या गर्नु पाप हो ।

१ राजा २१:४; एस्त ५:१३; १ कोर १०:१०; गला ५:२६; याकु ३:१४, १६; भसं ११२:९-१०; नेह २:१०; रोमी ७:७-८; रोमी १३:९; कल ३:५; व्यव ५:२१

## प्रश्न. १४९. के कुनै मानिसले परमेश्वरका आज्ञाहरू पूरा गर्न सक्षम छन् ?

**उत्तरः** कुनै पनि मानिस सक्षम छैन; हामी आफैँमा वा यस जीवनमा प्राप्त भएको कुनै अनुग्रहले पनि परमेश्वरका आज्ञाहरू पूर्णरूपमा पालन गर्न सक्दैनौँ । किनभने दिनहुँ हाम्रो सोच विचारमा, बोलीवचन र काम गराइमा तीत आज्ञाहरू उल्लङ्घन  गर्ने गर्दछौँ ।

याकु ३:२; युह १५:५; रोमी ८:३; उप ७:२०; १ युह १:८, १०; गला ५:१७; रोमी ७:१८-१९; उत्प ६:५; उत्प ८:२१; रोमी ३:९-१९; याकु ३:२-१३

**प्रश्न. १५०. के परमेश्वरको सबै व्यवस्था उल्लङ्घन गर्नु आफैँमा र परमेश्वरको नजरमा समान रूपमा जघन्य पाप हो ?**

**उत्तरः** परमेश्वरको सबै व्यवस्था उल्लंघन गर्नु समान रूपमा जघन्य पाप होइनन् तापनि केही पापहरू आफैँमा धेरै उत्तेजित भएको कारणले गर्दा अरूहरू भन्दा कुनै कुनै पाप परमेश्वरको नजरमा धेरै घिनलाग्दा हुन्छन् ।

युह १९:११; इज ८:६, १३, १५; १ युह ५:१६; भसं ७८:१७, ३२, ५६

**प्रश्न. १५१. तीत कुन कुराहरू हुन् जसले केही पापहरूलाई अरूभन्दा धेरै डरलाग्दो बनाउँछ ?**

**उत्तरः** पापले खराब कुराहरू उत्पन्न गर्दछ्:

१. अपमान गर्ने व्यक्तिहरूबाट: यदि तिनीहरू परिपक्व उमेरको छन् र धेरै अनुभव वा सद्‌गुण भएका, पेशाको लागि प्रख्यात व्यक्ति, वरदानले भरिएको, कुनै स्थानमा, कार्यालयमा अरूलाई गाइड गर्छन् र जसको उदाहरण अरूले पछ्याउने सम्भावना धेरै हुन्छ ।

२. अपमानित पक्षहरूबाट: यदि तुरुन्तै परमेश्वर, उहाँका गुणहरू र उपासनाको विरुद्धमा, ख्रीष्ट र उहाँको अनुग्रहको विरुद्धमा, पवित्र आत्मा, उहाँको साक्षी र कार्यहरू, उच्च अधिकारीहरू र प्रतिष्ठित व्यक्तिहरूको विरुद्ध जोसँग हामी विशेष रूपमा सम्बन्धित र संलग्न छौँ । कुनै पनि सन्तहरू, विशेष गरी कमजोर भाइहरू र तिनीहरूका आत्मा वा अन्य र सबै वा धेरैको साझा भलाइको विरुद्धमा हुनसक्छ ।

३. अपराधको प्रकृति र गुणबाट: यदि यो कानूनको लिखित अक्षरको विरुद्ध हो भने धेरै आज्ञाहरू तोडिन्छ, धेरै पापहरू समावेश हुन्छन्, हृदयमा कल्पना मात्र होइन तर वचन र काममा उल्लङ्घन गरी अरूलाई बदनाम गर्दछ र कुनै पनि सुधारको स्वीकार गर्दैन । यदि दया, न्याय, प्रकृतिको प्रकाश, अन्तस्करणको विश्वास, सार्वजनिक वा निजी सल्लाह, मण्डली अनुशासन, नागरिक सजाय र

हाम्रा प्रार्थनाहरू, उद्देश्यहरू, प्रतिज्ञाहरू, भाकलहरू, वाचाहरू, साधनहरू र परमेश्वर वा मानिसहरूको संलग्नताको विरुद्धमा, यदि जानाजानी, आफ्नै इच्छामा, अभिमानपूर्वक, अविवेकी, घमण्डपूर्वक, दुर्भावनापूर्ण, बारम्बार, जिद्दीपूर्वक, आनन्दको साथ, निरन्तरता वा पश्चात्ताप पछि पुन: कमजोरीको वसमा पर्छौं भने डरलाग्दो हुन्छ ।

४. समय र स्थानको परिस्थितिबाट: यदि प्रभुको दिनमा वा ईश्वरीय उपासनाको अन्य समयमा वा तुरुन्तै अघि वा पछि वा अन्य यस्ता विफलताहरू रोक्न वा उपचार गर्न मद्दत गर्दछ, यदि सार्वजनिक रूपमा वा अरूको उपस्थितिमा जसको कारणले उक्साउने वा अपवित्र हुने सम्भावना धेरै हुन्छ ।

यर्मि २:८; अय्यु ३२:७, ९; उप ४:१३; १ राजा ११:४, ९; २ शमु १२:१४; १ कोर ५:१; याकु ४:१७; लुका १२:४७-४८; यर्मि ५:४-५; २ शमु १२:७-९; इज ८:११-१२; रोमी २:१७-२४; गला २:११-१४; मत्ती २१:३८-३९; १ शमु २:२५; प्रे ५:४; भसं ५१:४; रोमी २:४; मला १:८, १४; हिब्रू २:२-३; हिब्रू १२:२५; हिब्रू १०:२९; मत्ती १२:३१-३२; एफे ४:३०; हिब्रू ६:४-६; यहु १:८; गन्ती १२:८-९; यशै ३:५; हितो ३०:१७; २ कोर १२:१५; भसं ५५:१२-१५; सप २:८, १०-११; मत्ती १८:६; १ कोर ६:८; प्रका १७:६; १ कोर ८:११-१२; रोमी १४:१३, १५, २१; इज १३:१९; १ कोर ८:१२; प्रका १८:१२-१३; मत्ती २३:१५; १ थेस २:१५-१६; यहो २२:२०; हितो ६:३०-३३; एज्रा ९:१०-१२; १ राजा ११:९-१०; कल ३:५; १ तिमो ६:१०; हितो ५:८-१२; हितो ६:३२-३३; यहो ७:२१; याकु १:१४-१५; मत्ती ५:२२; मीका २:१; मत्ती १८:७; रोमी २:२३-२४; व्यव २२:२२, २८-२९; हितो ६:३२-३५; मत्ती ११:२१-२४; युह १५:२२; यशै १:३; व्यव ३२:६; आमो ४:८-११; यर्मि ५:३; रोमी १:२६-२७; रोमी १:३२; दानि ५:२२; तीतत ३:१०-११; हितो २९:१; तीतत ३:१०; मत्ती १८:१७; हितो २७:२२; हितो २३:३५; भसं ७८:३४-३७; यर्मि २:२०; यर्मि ४२:५-६, २०, २१; उप ५:४-६; हितो २०:२५; लेवी 26:25; हितो २:१७; इज १७:१८-१९; भसं 36:4; यर्मि ६:१६; गन्ती १५:३०; प्रस् २१:१४; यर्मि ३:३; हितो ७:१३; भसं ५२:१; ३ युह १:१०; गन्ती १४:२२; जक ७:११-१२; हितो २:१४; यशै ५७:१७; यर्मि ३४:८-११; २ पत्रु २:२०-२२; २ राजा ५:२६; यर्मि ७:१०; यशै २६:१०; इज २३:३७-३९; यशै ५८:३-५; गन्ती २५:६-७; १ कोर ११:२०-२१; यर्मि ७:८-१०; हितो ७:१४-१५; युह १३:२७, ३०; एज्रा ९:१३-१४; २ शमु १६:२२; १ शमु २:२२-२४

## १५२. हरेक पापको लागि परमेश्वरबाटको परिणाम के हो ?

**उत्तरः** सबै प्रकारको पाप वा सानो पाप नै भएतापनि यसले परमेश्वरको सार्वभौमिकता, उहाँको भलाई, उहाँको पवित्रता र उहाँको सिद्ध वचनको विरुद्धमा हुन्छ जसले गर्दा अहिलेको जीवन र आउने जीवनमा उहाँको क्रोध र श्राप पाउन योग्यको हुन्छ । यस पापको क्षमा आफ्नै प्रयासबाट हुदैँन तर ख्रीष्टको

रगतले मात्रै छुट्कारा दिदँछ ।

याकु २:१०-११; प्रस् २०:१-२; हब १:१३; लेवी १०:३; लेवी ११:४४-४५; १ युह ३:४; रोमी ७:१२; एफे ५:६; गला ३:१०; विला ३:३९; व्यव २८:१५-६८; मत्ती २५:४१; हिब्रू 9:22; १ पत्रु १:१८-१९

## प्रश्न. १५३. हामीबाट वचन विरुद्धमा भएको पापका कारण आउने परमेश्वरको क्रोध र श्रापबाट बच्नलाई उहाँले के चाहनुहुन्छ ?

**उत्तरः** हामीबाट भएको परमेश्वरको वचन विरुद्धको पापका कारण आउने परमेश्वरको क्रोध र श्रापबाट बच्न परमेश्वरसँग पश्चाताप, येशू ख्रीष्टमा विश्वास अनि येशू ख्रीष्टद्वारा परमेश्वरले दिनुभएको वरदानहरूको सही सदुपयोग गरेको उहाँ चाहनुहुन्छ ।

प्रे २०:२१; मत्ती ३:७-८; लुका १३:३, ५; प्रे १६:३०-३१; युह ३:१६, १८; हितो २:१-५; हितो ८:३३-३६

## प्रश्न. १५४. ख्रीष्टले हामीलाई उहाँको मध्यस्थताका लाभहरूमा सञ्चार गर्ने बाह्य माध्यमहरू के के हुन् ?

**उत्तरः** बाहिरी र साधारण माध्यम जसद्वारा ख्रीष्टले आफ्नो मण्डलीलाई उहाँको मध्यस्थताका लाभहरूमा सञ्चार गराउनुहुन्छ जुन उहाँका नियमहरू हुन्; विशेष गरी उहाँको वचन, पवित्र विधि, प्रार्थना हुन् । यी सबै कुराबाट चुनिएकाहरूलाई मुक्तिको लागि प्रभावकारी बनाउँदछ ।

मत्ती २८:१९-२०; प्रे २:४२, ४६-४७

## प्रश्न १५५. परमेश्वरको वचनले उद्धारको लागि कसरी प्रभावकारी रूपमा काम गर्दछ ?

**उत्तरः** परमेश्वरको आत्माले पापीहरूलाई वचन अध्ययन गर्ने बानी, विशेष गरि वचनको प्रचार, वचनको प्रकाश, मुक्तिको निश्चयता दिई नम्रतामा निर्माण गर्ने काम गर्दछ । वचनले उनीहरूलाई डोहोऱ्याउने मात्र होइन तर ख्रीष्ट केन्द्रित बनाउने काम गर्दछ । यसले उहाँको स्वरुप र उहाँको इच्छामा निर्माण गर्दछ साथै परीक्षा र दुष्टता विरुद्ध खडा हुनलाई शक्ति प्रदान गर्दछ । वचनले

उनीहरूलाई परमेश्वरको अनुग्रहमा निर्माण गरि उनीहरूको हृदयलाई पवित्रता र सान्त्वनाद्वारा उद्धारमा स्थापित गर्ने काम गर्दछ ।

नेह ८:८; प्रे २६:१८; भसं १९:८; १ कोर १४:२४-२५; २ इति ३४:१८-१९, २६-२८; प्रे २:३७, ४१; प्रे ८:२७-३९; २ कोर ३:१८; २ कोर १०:४-६; रोमी ६:१७; मत्ती ४:४, ७, १०; एफे ६:१६-१७; भसं १९:११; १ कोर १०:११; प्रे २०:३२; २ तिमो ३:१५-१७; रोमी १६:२५; १ थेस्स ३:२, १०-११, १३; रोमी १५:४; रोमी १०:१३-१७; रोमी १:१६

## प्रश्न १५६. के परमेश्वरको वचन सबैले पढ्न सक्छन् ?

**उत्तरः** सार्वजनिक रूपमा वा मण्डलीको सामूहिक आराधनामा सबैलाई वचन पढ्ने अनुमति दिइएको छैन तर आफ्नो पारिवारिक तथा व्यक्तिगत अध्ययनमा सबैलाई अनुमति दिइएको छ । त्यसैले सबैले व्यक्तिगत रूपमा वचन पढ्न पाउनुपर्छ भन्ने उद्देश्यले यसको मौलिक अनुवाद विभिन्न भाषाहरूमा गरिदैँछ र गरिनुपर्छ ।

व्यव ३१:९, ११-१३; नेह ८:२-३; नेह ९:३-५; व्यव १७:१९; प्रका १:३; युह ५:३९; यशै ३४:१६; व्यव ६:६-९; उत्प १८:१७, १९; भसं ७८:५-७; १ कोर १४:६, ९, ११-१२, १५-१६, २४, २७-२८

## प्रश्न १५७. परमेश्वरको पवित्र वचनको अध्ययन कसरी गरिनुपर्दछ ?

**उत्तरः** परमेश्वरको पवित्र वचनको अध्ययन उच्च आदरका साथ गर्नुपर्दछ । यो परमेश्वरको जीवित वचन हो भनि दृढ विश्वाससहित अध्ययन गर्नुपर्दछ । उहाँले मात्र यसलाई बुझ्ने समझ शक्ति प्रदान गर्नुहुन्छ भन्ने कुरा विश्वास गर्नुपर्दछ । परमेश्वरले प्रकट गर्नुभएको कुराहरूलाई जान्ने उत्कत इच्छाका साथ विश्वास गरि यसको पालना गर्नुपर्दछ । यसमा उल्लिखित सबै विषयवस्तुहरूलाई ध्यान दिएर मेहनतका साथ बुझ्ने प्रयत्न गर्नुपर्दछ । वचनमाथिको अध्ययन, मनन र व्यवहारिक प्रयोग नम्रताका साथ प्रार्थना गरेर गर्नुपर्दछ ।

भसं १९:१०; नेह ८:३-१०; प्रस् २४:७; २ इति ३४:२७; यशै ६६:२; २ पत्रु १:१९-२१; लुका २४:४५; २ कोर ३:१३-१६; व्यव १७:१९-२०; प्रे १७:११; प्रे ८:३०, ३४; लुका १०:२६-२८; भसं १:२; भसं ११९:९७; २ इति ३४:२१; हितो ३:५; व्यव ३३:३; हितो २:१-६; भसं ११९: १८; नेह ८:६, ८

## प्रश्न १५८. परमेश्वरको पवित्र वचनको प्रचार कसले गर्नुपर्दछ ?

**उत्तरः** परमेश्वरको पवित्र वचनको प्रचार उहाँको अभिषिक्त जनहरू, मण्डलीबाट स्वीकृति पाएका र वरदानले भरिएका अगुवाहरूद्वारा गरिनुपर्दछ ।

१ तिमो ३:२, ६; एफे ४:८-११; होशे ४:६; मला २:७; २ कोर ३:६; यर्मि १४:१५; रोमी १०:१५; हिब्रू ५:४; १ कोर १२:२८-२९; १ तिमो ३:१०; १ तिमो ४:१४; १ तिमो ५:२२

## प्रश्न १५९. परमेश्वरको वचन प्रचार गर्ने जिम्मेवारी पाएका अगुवाहरूले वचनलाई कसरी प्रचार गर्नुपर्दछ ?

**उत्तरः** परमेश्वरको वचन प्रचार गर्ने जिम्मेवारी पाएका अगुवाहरूले सही सिद्धान्त सिकाउनुपर्दछ । वचनका लागि मिहिनेत गरि जुनसुकै अवस्थामा पनि तयारीका साथ सिकाउनुपर्दछ । सबैले बुझ्ने गरि सरल भाषाशैलीको प्रयोग गर्दै आफ्नै विवेकमा भर परेर होइन तर परमेश्वरको आत्मा र उहाँको सामर्थ्यको प्रकाशमा रहेर प्रचार गर्नुपर्दछ । परमेश्वरको इच्छामा विश्वासयोग्य भएर सबैले बुझ्ने गरि प्रष्ट पार्नुपर्दछ। सुन्नेहरूको वा विश्वासीहरूको बुझ्ने क्षमतालाई मध्यनजर गर्दै बुद्धिमानपूर्वक व्यवहारिक प्रयोगको आवश्यकतालाई जोड दिदै प्रचार गर्नुपर्दछ । उत्साहका साथ परमेश्वरको प्रेम मानिसहरूको आत्माको लागि अद्धितीतय छ भन्ने कुरालाई मनन गरेर प्रचार गर्नुपर्दछ । अति नै संवेदनशील भएर केवल उहाँकै महिमाका निम्ति, मानिसहरूको जीवन परिवर्तन, जीवन निर्माण र उद्धारमा बृद्धि गर्ने उद्देश्यले वचनको प्रचार गरिनुपर्दछ ।

तीतत २:१, ८; प्रे १८:२५; २ तिमो ४:२; १ कोर १४:१९; १ कोर २:४; यर्मि २३:२८; १ कोर ४:१-२; प्रे २०:२७; कल १:२८; २ तिमो २:१५; १ कोर ३:२; हिब्रू ५:१२-१४; लुका १२:४२; प्रे १८:२५; २ कोर ५:१३-१४; फिलि १:१५-१७; कल ४:१२; २ कोर १२:१५; २ कोर २:१७; २ कोर ४:२; १ थेस्स २:४-६; युह ७:१८; १ कोर ९:१९-२२; २ कोर १२:१९; एफे ४:१२; १ तिमो ४:१६; प्रे २६:१६-१८

## प्रश्न १६०. परमेश्वरले उहाँको वचन सुनिसकेपछि सुन्नेहरूबाट के कुरा चाहनुहुन्छ ?

**उत्तरः** परमेश्वरले उहाँको वचन सुनिसकेपछि सुन्नेहरूबाट जागरूक भएर ध्यान

दिएको र हृदयदेखि प्रार्थना सहित तयारी भएको चाहनुहुन्छ । उनीहरूले सुनेको प्रचारलाई धर्मशास्त्र अनुसार सहि छ कि छैन भनि जाँच गरेको परमेश्वर चाहनुहुन्छ । वचनको सत्यतालाई विश्वास, प्रेम, नम्रता र मानसिक रूपमा पूर्ण तयारीका साथ उहाँको वचन हो भनि ग्रहण गरेको चाहनुहुन्छ । प्रचार गरिएको वचनलाई मनन गरेर, हृदयमा राखी तिनीहरू वचन अनुसारका जीवन जिएको परमेश्वर चाहनुहुन्छ ।

हितो ८:३४; १ पत्रु २:१-२; लुका ८:१८; भसं ११९:१८; एफे ६:१८-१९; प्रे १७:११; हिब्रू ४:२; २ थेस्स २:१०; याकु १:२१; प्रे १७:११; १ थेस्स २:१३; लुका ९:४४; हिब्रू २:१; लुका २४:१४; व्यव ६:६-७; हितो २:१; भसं ११९:११; लुका ८:१५; याकु १:२५

## प्रश्न १६१. मण्डलीका पवित्र विधिहरू उद्धारको लागि कसरी प्रभावकारी माध्यम बन्न सक्दछन् ?

**उत्तरः** मण्डलीका पवित्र विधिहरू कसैको सामर्थ्य अथवा असल काम र असल गुणहरूले  वा यसलाई प्रशासित गर्ने  व्यक्तिहरूबाट वा यी कुनैपनि कुराबाट उद्धारको लागि प्रभावकारी माध्यम बन्दैनन् तर केवल पवित्र आत्मा परमेश्वरको कामद्वारा र ख्रीष्ट येशूको आशिषले मात्र तिनीहरू प्रभावकारी माध्यम बन्न सक्छन् जुन उहाँद्वारा नै स्थापना गरिएका हुन् ।

१ पत्रु ३:२१; प्रे ८:१३, २३; १ कोर ३:६-७; १ कोर १२:१३

## प्रश्न १६२. मण्डलीको पवित्र विधि भनेको के हो ?

**उत्तरः** पवित्र विधि भनेको एक पवित्र आज्ञा हो जुन ख्रीष्टले मण्डलीलाई इङ्गित गर्न,  छाप लगाउन र अनुग्रहको करारमा रहेको मानिसहरूलाई पहिचान दिन, उहाँको मध्यस्थताको लाभको बारेमा मनन गर्न, विश्वास र उहाँको अनुग्रहमा बलियो र बृद्धि हुन, उहाँको वचनमा रहिरहन्, एकअर्कासँग संगतीत गरि प्रेममा रहेर गवाही बन्न, अनि विश्वासको घराना र बाहिरको मानिसहरू भन्दा फरक देखिन उहाँ आफैंले स्थापना गरी मण्डलीलाई दिनुभएको पवित्र आज्ञा हो ।

उत्प १७:७, १०; प्रस्थ १२:१-५१; मत्ती २८:१९; मत्ती २६:२६-२८; रोमी ४:११; १ कोर ११:२४-२५; रोमी १५:८;

प्रस् १२:४८; प्रे २:३८; १ कोर १०:१६; रोमी ४:११; गला ३:२७; रोमी ६:३-४; १ कोर १०:२१; एफे ४:२-५; १ कोर १२:१३; एफे २:११; उत्प ३४:१४

## प्रश्न १६३. मण्डलीको पवित्र विधिको भागहरू के के हुन् ?

**उत्तरः** मण्डलीको पवित्र विधिको भागहरू मुख्यतया दुई प्रकारका छन् । पहिलो चाहिँ ख्रीष्टले आफूलाई प्रकट गर्नको लागि दिनुभएको बाहिरी चिह्न हो, अर्को चाहिँ उहाँले दिनुभएको भित्री आत्मिक अनुग्रहको चिन्ह हो ।

मत्ती ३:११; १ पत्रु ३:२१; रोमी २:२८-२९

## प्रश्न १६४. नयाँ करारमा येशू ख्रीष्टले उहाँको मण्डलीलाई दिनुभएको पवित्र विधिहरू कति वटा छन् र तीत के-के हुन् ?

**उत्तरः** नयाँ करारमा येशू ख्रीष्टले उहाँको मण्डलीलाई दिनुभएको पवित्र विधिहरू दुई वटा छन् । तीत हुन्; १. पानीको बप्तिस्मा  २. प्रभूभोज ।

मत्ती २८:१९; १ कोर ११:२०, २३; मत्ती २६:२६-२८

## प्रश्न १६५. बप्तिस्मा के हो ?

**उत्तरः** बप्तिस्मा नयाँ करारको एक पवित्र विधि हो जसमा ख्रीष्टले पिता, पुत्र र पवित्र आत्माको नाममा पानीद्वारा बाहिरी धुवाईको सङ्केतको लागि स्थापना गर्नुभएको थियो । पापको क्षमाको लागि आफैँमा अभिलेख र छाप लगाइनको लागि उहाँको रगत र आत्माद्वारा धर्मसन्तानको ग्रहण र अनन्त जीवनको लागि पुनरुत्थान जसद्वारा बप्तिस्मा लिनेहरूलाई स्पष्ट रूपमा दृश्य मण्डलीमा समावेश गरिन्छ । पूर्णरूपमा प्रभुको भएको खुल्ला दावी गरिएको समूहमा प्रवेश गरिन्छ ।

मत्ती २८:१९; २ कोर ११:२०, २३; मत्ती २६:२६-२८; मत्ती ५:२६; गला ३:२६-२७; १ कोर १५:२९; रोमी ६:५; १ कोर १२:१३; रोमी ६:४

## प्रश्न १६६. बप्तिस्मा कसलाई दिनु आवश्यक पर्दछ ?

**उत्तरः** बप्तिस्मा स्थानिय मण्डलीभन्दा बाहिरको मानिसलाई दिनु हुदैँन । कुनै पनि अपरिचित व्यक्ति ख्रीष्ट येशूमा विश्वास नगरेसम्म र विश्वास गरेर आज्ञा पालन नगरे सम्म बप्तिस्मा दिनु हुदैँन । तर बालबालिकाहरूको सवालमा र उमेर पुगेको हकमा जो विश्वासका घरानाबाट हुन्छन्, जसको अभिभावकहरू ख्रीष्ट येशूमा विश्वास गरेको र उहाँप्रति आज्ञाकारी भएको आधारमा बप्तिसमाको नियम र परमेश्वरको पवित्र करारमा रहेर मण्डलीले बालबालिकाहरूलाई बप्तिसमा दिनु आवश्यक पर्दछ ।

प्रे ८:३६-३७; प्रे २:३८; उत्प १७:७, ९; गला ३:९, १४; कल २:११-१२; प्रे २:३८-३९; रोमी ४:११-१२; १ कोर ७:१४; मत्ती २८:१९; लुका १८:१५-१६; रोमी ११:१६

## प्रश्न. १६७. हाम्रो बप्तिस्मा हामीले कसरी सुधार गर्न सक्छौँ ?

**उत्तरः** हाम्रो बप्तिस्मा सुधार गर्न आवश्यक तर अति बेवास्ता गरिएको बिषय हो । विशेष गरी प्रलोभनको समयमा जब हामी प्रकृतिको गम्भीर र कृतज्ञ विचार गरेर अरूलाई यसको प्रशासनमा उपस्थित हुन्छौँ यसलाई हाम्रो जीवनभरि पालन गरिनुपर्छ । यसको लागि ख्रीष्टले स्थापना गर्नुभएका उद्देश्यहरू, विशेषाधिकार र आषिशहरू प्रदान गरिएको र त्यसद्वारा छाप लगाइएको र यसमा गरिएको हाम्रो पवित्र भाकल, हाम्रो पापपूर्ण अशुद्धताको लागि नम्र भएर बप्तिस्माको अनुग्रह र हाम्रो संलग्नताको विपरित हिँडेर, पापको क्षमाको आश्वासनमा बृद्धि हुदै र यस विधिमा हामीलाई छाप लगाइएका अन्य सबै आशीषहरू; ख्रीष्टको मृत्यु र पुनरुत्थानबाट शक्ति प्राप्त गरि जसमा हामीले बप्तिस्मा लिएका छौँ, पापको समस्या र अनुग्रहको पुनरुत्थानको लागि विश्वासद्वारा जिउने प्रयास गरेर, पवित्रता र धार्मिकतामा हाम्रो सञ्चार गर्न जसमा हामीले ख्रीष्टको लागि आफ्नो नाउँ त्यागेका छौँ, एउटै आत्माद्वारा र एउटै शरीरमा बप्तिस्मा लिइएझैँ दाजुभाइको प्रेममा हिंड्ने प्रण गरिन्छ ।

कल २:११-१२; रोमी ६:४,६,११; रोमी ६:३-५; १ कोर १:११-१३; रोमी ६:२-३; रोमी ४:११-१२; १ पत्रु ३:२१; रोमी ६:३-५; गला ३:२६-२७; रोमी ६:२२; प्रेर २:३८; १ कोर १२:१३, २५-२७

**प्रश्न १६८. प्रभूभोज भनेको के हो ?**

**उत्तरः** प्रभूभोज येशू प्रभूले दिनुभएको नयाँ करारको एउटा पवित्र विधि हो जसमा येशू ख्रीष्टको आज्ञा अनुसार उहाँको मृत्युलाई रोटी र दाख रसबाट लिने कुरामा देखाइएको छ । रोटी र दाख रस एक आपसमा खाने र पिउने कुराले येशू ख्रीष्टको शरीर र रगतको चित्रण गर्दै तिनीहरूलाई आत्मिक रूपमा बृद्धि हुन र उहाँको अनुग्रहमा बढ्न सहायता गर्दछ । यसले उहाँसँगको मिलाप र संगतिमा जोडिने कुराको निश्चयता, उहाँको गवाही बन्ने र उहाँसँग सहभागि हुने कुरा गर्दछ । तिनीहरूलाई एक आपसमा संगति गर्ने कुरामा ख्रीष्टको अद्धितिय शरीरको अभिन्न अङ्ग भएकाले उहाँप्रति धन्यवादि हुनालाई प्रोत्साहन दिँदछ ।

लुका २२:२०; मत्ती २६:२६-२८; १ कोर ११:२३-२६; १ कोर १०:१६; १ कोर ११:२४; १ कोर १०:१४-१६, २१; १ कोर १०:१७

**१६९. प्रभुभोजको पवित्र विधिमा ख्रीष्टले कसरी रोटी र दाख रस दिन र ग्रहण गर्न सिकाउनु भएको छ ?**

**उत्तरः** ख्रीष्टले आफ्नो वचनका सेवकहरूलाई नियुक्त गर्नुभएको छ जसले प्रभुभोजको यस विधिको सञ्चालनमा रोटी र दाखमद्यलाई सामान्य प्रयोगबाट अलग गर्न प्रशासनको वचन, धन्यवाद र प्रार्थनाद्वारा रोटी लिन र भाँच्न र विश्वासीहरूलाई रोटी र दाखमद्यबाट दिन र यसमा सञ्चार गर्न जुन एउटै नियुक्तिद्वारा रोटी खान्छौँ र दाखमद्यबाट पिउछौँ । येशू ख्रीष्ट हाम्रो लागि रोटी भाँचिए जस्तैगरि भाँचिनु भयो र दाख रस जस्तै आफ्नो रगत बगाउनु भयो भनी धन्यवादसाथ सम्झना गर्न यो विधिको अभ्यास गरिन्छ ।

१ कोर ११:२३-२४; मत्ती २६:२६-२८; मर्कु १४:२२-२४; लुका २२:१९-२०

**प्रश्न. १७०. प्रभुभोजमा योग्यतापूर्वक सञ्चार गर्नेहरूले त्यहाँ ख्रीष्टको शरीर र रगतलाई कसरी खुवाउँछन् ?**

**उत्तरः** ख्रीष्टको शरीर र रगत साँच्चीकै वा वास्तविक रूपमा प्रभुभोजको विधि रोटी र दाखमद्यको साथमा उपस्थित हुँदैनन् तर आत्मिक रूपमा ग्रहणकर्ताको

विश्वासमा उपस्थित हुनेगर्दछ । तत्वहरू भन्दा कम वास्तविक र वास्तवमा तिनीहरूको बाह्य इन्द्रियहरूमा हुन्छ त्यसैले प्रभुभोजको विधिमा योग्यका साथ सञ्चार गर्नेहरूले ख्रीष्टको शरीर र रगत स्वभाविक वा शारीरिक रूपमा होइन तर आत्मिक रूपमा लिने गर्दछन् तब विश्वासद्वारा साच्चीकै तिनीहरूले क्रूसमा टाँगिएका ख्रीष्ट र उहाँको मृत्युका सबै लाभहरू प्राप्त गरी आफैँमा लागू गर्छन् ।

प्रे ३:२१; मत्ती २६:२६, २८; १ कोर ११:२४-२९; १ कोर १०:१६

## प्रश्न. १७१. प्रभुभोजको पवित्र विधिमा सहभागि हुन आउनेहरू त्यसमा आउनुअघि आफैँलाई कसरी तयार गर्नुपर्दछ ?

**उत्तरः** प्रभुभोजमा सहभागि हुन आउनेहरू यस पवित्र विधिमा सहभागि हुनअघि ख्रीष्टमा तिनीहरूको  जीवन र आफैँलाई जाँचेर त्यसका लागि तयारी हुनुपर्दछ । तिनीहरूको पाप र चाहनाहरू, सत्य ज्ञानको मापन, विश्वास, पश्चात्ताप, परमेश्वर र भाइहरूलाई प्रेम गर्ने, सबै मानिसहरूलाई प्रेम गर्ने, गल्ती गर्नेहरूलाई क्षमा गर्ने, ख्रीष्टमा तिनीहरूको इच्छाहरू, तिनीहरूको आज्ञाकारिता र यी अनुग्रहको अभ्यासलाई नवीकरण गरी वचनमा ध्यान दिई उत्कट प्रार्थनाद्वारा सहभागि हुनु पर्दछ ।

१ कोर ११:२८; २ कोर १३:५; १ कोर ५:७; प्रस्थ १२:१५; १ कोर ११:२९; २ कोर १३:५; मत्ती २६:२८; जक १२:१०; १ कोर ११:३१; १ कोर १०:१६-१७; प्रे २:४६-४७; १ कोर ५:८; १ कोर ११:१८, २०; मत्ती ५:२३-२४; यशै ५५:१; युह ७:३७; १ कोर ५:७-८; १ कोर ११:२५-२६, २८; हिब्रू १०:२१-२२, २४; भसं २६:६; १ कोर ११:२४-२५; २ इति ३०:१८-१९; मत्ती २६:२६

## प्रश्न. १७२. के ख्रीष्टमा उसको विश्वासमा शङ्का गर्ने र हृदयमा तयारी नभएको व्यक्ति प्रभुभोजमा सहभागि हुनसक्छ ?

**उत्तरः** जसले आफू ख्रीष्टमा हुनुमा वा प्रभुभोजको विधिको लागि उसको उचित तयारीको बारेमा शंका गर्छ, उसलाई ख्रीष्टमा साँचो चासो हुनसक्छ, यद्यपि उसलाई यसको बारेमा अझै आश्वस्त छैन । परमेश्वरको गणनामा यो छ, यदि ऊ यसको अभावको आशंकामा विधिवत रूपमा प्रभावित भएको छ र अधर्मबाट अलग भइ ख्रीष्टमा स्थापित हुन चाहान्छ भने जुन अवस्थामा (किनकि प्रतिज्ञाहरू

गरिएका छन्, कमजोर र शङ्का गर्ने क्रिस्चियनहरूको राहतको लागि पनि यो विधि नियुक्त गरिएको छ) उसले आफ्नो अविश्वासको लागि विलाप गर्नुपर्छ र आफ्नो शंकालाई समाधान गर्नको लागि परिश्रम गर्नुपर्छ र ऊ प्रभुभोजमा आउनै पर्छ त्यसो गर्दा उसलाई अझ बलियो हुन सहायता मिल्ने छ ।

यशै १:१०; १ युह ५:१३; भसं ८८:१-१८; भसं ७७:१-१२; जोना २:४, ७; यशै ५४:७-१०; मत्ती ५:३-४; भसं ३१:२२; भसं ७३:१३, २२-२३; फिलि ३:८-९; भसं १०:१७; भसं ४२:१-२, ५, ११; २ तिमो २:१९; यशै १:१०; भसं ६६:१८-२०; यशै ४०:११, २९, ३१; मत्ती ११:२८; मत्ती १२:२०; मत्ती २६:२८; मर्कु ९:२४; प्रे २:३७; प्रे १६:३०; रोमी ४:११; १ कोरिन्थी ११:२८

## प्रश्न. १७३. विश्वास गर्छु भनी दाबी गर्ने र प्रभुभोजमा सहभागि हुन चाहनेहरूलाई यसबाट जोगाउन सकिन्छ ?

**उत्तरः** विश्वासलाई राम्रोसँग नबुझेकाहरू प्रभुभोजमा सहभागी हुन खोज्नु अज्ञानी वा अपमानजनक कुरा हो, ख्रीष्टले आफ्नो मण्डलीमा छोड्नुभएको शक्तिद्वारा तिनीहरूले निर्देशन प्राप्त नगरेसम्म र तिनीहरूको जीवनमा सुधार प्रकट नभएसम्म त्यो विधिबाट जोगाइ राख्नुपर्छ ।

१ कोर ११:२७-३४; मत्ती ७:६; १ कोर ५:१-१३; यहु १:२३; १ तिमो ५:२२; २ कोर २:७

## प्रश्न. १७४. प्रभुभोजको पवित्र विधिबाट प्राप्त गर्नेहरूलाई यसको सञ्चालनको समयमा के आवश्यक छ ?

**उत्तरः** प्रभुभोजको पवित्र विधिबाट प्राप्त गर्नेहरूका लागि यो आवश्यक छ कि, यसको सञ्चालनको समयमा तिनीहरूले पवित्र श्रद्धा र ध्यानका साथ त्यो आदेशमा परमेश्वरलाई पर्खने, धार्मिक तत्वहरूका कार्यहरूलाई ध्यानपूर्वक अवलोकन गर्ने र ध्यानपूर्वक विचार गर्ने हुनुपर्छ । प्रभुको शरीर, उहाँको मृत्यु, पीडाहरूमा गम्भिरपूर्वक मनन गर्ने र यसरी तिनीहरूको अनुग्रहको बलियो अभ्यास गर्न आफैलाई गतिशील राख्ने, आफैलाई जाँच्ने र पापको लागि पश्चताप गर्ने, ख्रीष्टको प्रेमको लागि भोकाउने र तिर्खाउने, विश्वासद्वारा उहाँमा खुवाइनु, उहाँको पूर्णता प्राप्त गर्नु, उहाँको योग्यताहरूमा भरोसा गर्नु, उहाँको प्रेममा

आनन्दित हुनु, उहाँको अनुग्रहको लागि धन्यवाद दिँदै परमेश्वरसँगको आफ्नो करारको नवीकरण र सबै सन्तहरूलाई प्रेम गर्नुपर्छ ।

लेवी १०:३; हिब्रू १२:२८; भसं ५:७; १ कोर ११:१७, २६-२७; प्रस् २४:८; मत्ती २६:२८; १ कोर ११:२९; लुका २२:१९; १ कोर ११:२६; १ कोर १०:३-५, ११, १४; १ कोर ११:३१; जक १२:१०; प्रका २२:१७; युह ६:३५; यु ह १:१६; फिलि ३:९; भसं ६३:४-५; २ कोर ३०:२१; भसं २२:२६; यर्मि १:५; भसं १:५; प्रे २:४२

## प्रश्न. १७५. प्रभुभोजको विधिमा सहभागि भएपछि ख्रीष्टियनहरूको कर्तव्य के हो ?

**उत्तरः** ख्रीष्टियनहरूले प्रभुभोजको विधिमा सहभागि भएपछि तिनिहरूको कर्तव्य यो हुन्छ कि, तिनीहरूले कसरी व्यवहार गरेका छन् र कुन सुधारको साथमा तिनीहरू जीवन जिउँछन् र सान्त्वना पाउँछन् भन्ने कुरालाई गम्भीर रूपमा विचार गर्नुपर्छ । यसको लागि परमेश्वरलाई धन्यवाद दिन, यसलाई निरन्तरताको लागि बिन्ती गर्न, कमजोरीहरू विरुद्ध हेरचाह, सुधार गर्न, तिनीहरूको भाकल पूरा गर्न र आफूलाई त्यस पवित्र विधिमा बारम्बार उपस्थित हुन प्रोत्साहित गर्नुपर्छ तर यदि तिनीहरूले कुनै वर्तमान लाभ पाउँदैनन् भने अझ ठीक समीक्षा गर्न विधिविधानमा तिनीहरूको तयारी र वाहन; दुबैमा यदि तिनीहरूले आफूलाई र आफ्नै अन्तस्करणलाई परमेश्वरमा अनुमोदन गर्न सक्छन् भने तिनीहरूले यसको फलको लागि सहि समय पर्खनु पर्छ तर यदि तिनीहरूले थाहाँ गर्छन् कि तिनीहरू दुबैमा असफल भएका छन् भने तिनीहरू नम्र भई थप गम्भिर र लगनशीलताका साथ उपस्थित हुनुपर्दछ ।

भसं २८:७; भसं ८५:८; १ कोर ११:१७, ३०-३१; २ इत ३०:२१-२३, २५-२६; प्रे २:४२, ४६-४७; भसं ३६:१०; श्रेष्ठ गीत ३:४; १ कोर २९:१८; १ कोर १०:३-५, १२; भसं १:१४; १ कोर ११:२५-२६; प्रे २:४२, ४६; श्रेष्ठ गीत ५:१-६; उप ५:१-६; भसं ७३:१-२; भसं ४२:५, ८; भसं ४३:३-५; २ इति ३०:१८-१९; यशै १:१६, १८; २ कोर ७:११; १ इति १५:१२-१४

## प्रश्न. १७६. बप्तिस्मा र प्रभुभोजको विधिहरू कहाँ समान छन् ?

**उत्तरः** बप्तिस्मा र प्रभुभोजको विधि यो कुरामा समान छन् कि, दुवैको लेखक परमेश्वर आफैँ हुनुहुन्छ; दुवै ख्रीष्टको आत्मिक भाग र उहाँका लाभहरू हुन्, दुवै

एउटै करारका छापहरू हुन् । जुन सुसमाचारका सेवकहरू बाहेक अरू कसैले यस विधिको सञ्चालन गर्न मिल्दैन र उहाँको दोस्रो आगमनसम्म ख्रीष्टको मण्डलीमा यो विधि निरन्तर जारी रहन्छ ।

मत्ती २८:१९; १ कोर ११:२३; रोमी ६:३-४; १ कोर १०:१६; रोमी ४:११; कल २:१२; मत्ती २६:२७-२८; युह १:३३; मत्ती २८:१९; १ कोर ११:२३; १ कोर ४:१; हिब्रू ५:४; मत्ती २८:१९-२०; १ कोर ११:२६

## प्रश्न. १७७. बप्तिस्मा र प्रभुभोजको विधि कुन कुरामा फरक छ ?

**उत्तरः** बप्तिस्मा र प्रभुभोजको विधि यो कुरामा फरक छ कि, बप्तिस्मा पानीद्वारा प्रशासित हुन्छ र एक पटक मात्र हुने गर्दछ । नयाँ गरि जन्मिन र ख्रीष्टमा अभिलेखनको चिन्ह र छाप लगाइनको लागि दिइन्छ र यो उमेर पुगेका शिशुहरूलाई पनि दिइनुपर्छ । प्रभुभोजको विधि प्रायः रोटी र दाखमद्यको तत्वहरूमा ख्रीष्टलाई आत्माको आत्मिक पोषणको रूपमा प्रतिनिधित्व गर्न, उहाँमा वृद्धि हुनको लागि र आफैलाई जाँच्ने क्षमता प्रदान गर्नको लागी मण्डलीमा निरन्तर अभ्यास गरिन्छ ।

मत्ती ३:११; तीतत ३:५; गला ३:२७; उत्प १७:७, ९; प्रे २:३८-३९; १ कोर ७:१४; १ कोर ११:२३-२६; १ कोर १०:१६; १ कोर ११:२८-२९

## प्रश्न. १७८. प्रार्थना के हो ?

**उत्तरः** प्रार्थना भनेको ख्रीष्टको नाउँमा उहाँकै आत्माको सहायताले हाम्रा पापहरू स्वीकार गरि उहाँको कृपाप्रति धन्यवादि हुँदै परमेश्वरको सामु हाम्रा इच्छाहरू प्रस्तुत गर्नु हो ।

भसं ६२:८; युह १६:२३; रोमी ८:२६; भसं ३२:५-६; दानि ९:४; फिलि ४:६

## प्रश्न. १७९. के हामीले परमेश्वरलाई मात्र प्रार्थना गर्नुपर्छ ?

**उत्तरः** परमेश्वले मात्र हाम्रो हृदयको कुरा जान्नुहुन्छ, हाम्रो अर्जविन्ति सुन्नु हुन्छ, हाम्रो पापहरू क्षमा गर्नुहुन्छ र हामी सबैको इच्छा पूरा गर्न सक्षम हुनुहुन्छ । केवल उहाँमा मात्र विश्वास गरि उहाँलाई नै साँचो रूपमा आराधना गरिनुपर्छ जुन

चाहिँ प्रार्थनाको विषेश भाग हो । अरू कसैलाई होइन तर सबैले उहाँमा मात्र प्रार्थना गरिनु पर्दछ ।

१ राजा ८:३९; प्रे १:२४; रोमी ८:२७; Ps. ६५:२; मला ७:१८; भसं १४५:१८-१९; रोमी १०:१४; मत्ती ४:१०; १ कोर १:२; भसं ५०:१५; रोमी १०:१४

## प्रश्न १८०. ख्रीष्टको नाउँमा प्रार्थना गर्नु भनेको के हो ?

**उत्तरः** ख्रीष्टको नाउँमा प्रार्थना गर्नु भनेको उहाँको आज्ञा पालन गर्नु र उहाँका प्रतिज्ञाहरूमा भरोसा राखेर उहाँको खातिर कृपा माग्नु हो । उहाँको नाउँ व्यर्थैमा लिनु होइन तर ख्रीष्ट र उहाँको मध्यस्थताबाट प्रार्थना गर्नको लागि हाम्रो प्रोत्साहन, हाम्रो साहस, शक्ति र प्रार्थनामा स्वीकृतिको आशा लिएर उहाँको उपस्थितिमा आउनु हो ।

युह १४:१३-१४; युह १६:२४; दानि ९:१७; मत्ती ७:२१; हिब्रू ४:१४-१६; १ युह ५:१३-१५

## प्रश्न १८१. हामीले किन ख्रीष्टको नाउँमा प्रार्थना गर्नुपर्दछ ?

**उत्तरः** मानिस पूर्णरूपमा पापी भएको कारण परमेश्वर र मानिस बिचको दूरी यति विशाल भएको छ कि हामी मध्यस्थकर्ता बिना उहाँको उपस्थितिमा जान सक्दैनौँ । स्वर्ग वा पृथ्वीमा त्यो महिमापूर्ण कामको लागि ख्रीष्ट बाहेक कोही उपयुक्त नभएको र नियुक्त नगरिएको कारण हामीले ख्रीष्टबाहेक अरू कुनै नाउँमा प्रार्थना गर्नुहुँदैन ।

युह १४:६; यशै ५९:२; एफे ३:१२; युह ६:२७; हिब्रू ७:२५-२७; १ तिमो २:५; कल ३:१७; हिब्रू १३:१५

## प्रश्न १८२. आत्माले हामीलाई प्रार्थना गर्न कसरी मद्दत गर्छ ?

**उत्तरः** हामीले के का लागि प्रार्थना गर्नुपर्छ भन्ने हामीलाई थाहा हुँदैन, आत्माले हाम्रो दुर्बलताहरूमा मद्दत गर्नुहुन्छ, हामीलाई कसको लागि र केको लागि र कसरी प्रार्थना गर्नुपर्छ भनेर बुझ्न सक्षम पार्नुहुन्छ । पवित्र आत्माले हाम्रो हृदयमा काम गरि (यद्यपि सबै व्यक्तिहरूमा, न त सबै समयमा, एउटै उपायमा) तीत

आशंकाहरूबाट बच्न, स्नेहहरू र अनुग्रहहरू, जुन त्यो कर्तव्यको सही प्रदर्शनको लागि आवश्यक छ ।

रोमी ८:२६-२७; भसं १०:१७; जक १२:१०

## प्रश्न. १८३. हामीले कसको लागि प्रार्थना गर्नुपर्दछ ?

**उत्तरः** हामीले यस पृथ्वीमा रहेको ख्रीष्टको सबै मण्डलीहरूको लागि प्रार्थना गर्नुपर्दछ । हामीले सरकारी निकायमा रहेका सबै कर्मचारीहरू र सरकारको लागि प्रार्थना गर्नुपर्दछ । हामीले हाम्रो लागि, हाम्रो दाजुभाइहरू, आफ्ना शत्रुहरूको लागि, संसारमा रहेको सबै मानिसहरूको लागि प्रभुमा विश्वास गरून भनेर प्रार्थना गर्नुपर्दछ । तर मरेकाहरूका लागि होइन, न त तिनीहरूका लागि जसले पापलाई मृत्युसम्म पुऱ्याएका छन् ।

एफे ६:१८; भसं २८:९; १ तिमो २:१-२; कल ४:३; उत्प ३२:११; याकु ५:१६; मत्ती ५:४४; १ तिमो २:१-२; युह १७:२०; २ शमु ७:२९; २ शमु १२:२१-२३; १ युह ५:१६

## प्रश्न १८४. हामीले कुन कुराको लागि प्रार्थना गर्नुपर्छ ?

**उत्तरः** हामीले परमेश्वरको महिमा, मण्डलीको कल्याण, हाम्रो आफ्नै वा अरूको भलाइको पक्षमा रहेका सबै चीजहरूको लागि प्रार्थना गर्नुपर्छ तर गैरकानूनी कुराको लागि भने प्रार्थना गर्नुहुँदैन ।

मत्ती ६:९; भसं ५१:१८; भसं १२२:६; मत्ती ७:११; भसं १२५:४; १ युह ५:१४

## प्रश्न १८५. हामीले कसरी प्रार्थना गर्ने ?

**उत्तरः** हामीले परमेश्वरको महिमाको भयानक आशंका र हाम्रो अयोग्यता, आवश्यकताहरू र पापहरूको गहिरो भावनाका लागि प्रार्थना गर्नुपर्छ । पश्चात्तापी भएर, आभारी भएर, विस्तारित हृदयका साथ, सहि समझ लिएर, विश्वासद्वारा, इमानदारी भएर, जोशका साथ, प्रेममा रहेर, लगनशील भएर, उहाँमा पर्खिनु र उहाँको इच्छामा नम्र भई समर्पण गरि प्रार्थना गर्नुपर्छ ।

उप ५:१; उत्प १८:२७: उत्प ३२:१०; लुका १५:१७-१९; लुका १८:१३-१४; भसं ५१:१७; फिलि ४:६; १ शमु १:१५;

१ शमु २:१; १ कोर १४:१५; मर्कु ११:२४; याकु १:६; भसं १४५:१८; भसं १७:१; याकु ५:१६; १ तिमो २:८; एफे ६:१८; मला ७:७; मत्ती २६:३९

## प्रश्न १८६. प्रार्थना गर्दा हाम्रो निर्देशनको लागि परमेश्वरले कस्तो नियम दिनुभएको छ ?

**उत्तरः** प्रार्थना गर्दा हामीलाई निर्देशन दिनको लागि परमेश्वरको सम्पूर्ण वचन प्रयोग गर्न भन्नुहुन्छ तर निर्देशनको विशेष नियम भनेको प्रार्थनाको त्यो रूप हो जुन हाम्रा मुक्तिदाता ख्रीष्टले आफ्ना चेलाहरूलाई सिकाउनुभयो, जसलाई सामान्यतया प्रभुको प्रार्थना भनिन्छ ।

१ युह ५:१४; मत्ती ६:९-१३; लुका ११:२-४

## प्रश्न. १८७. प्रभुले सिकाउनु भएको प्रार्थना कसरी प्रयोग गरिनुपर्छ ?

**उत्तरः** प्रभुले सिकाउनु भएको प्रार्थना निर्देशनको लागि मात्र होइन तर यो एउटा ढाँचा हो जसअनुसार हामीले अन्य प्रार्थनाहरू गर्नुपर्दछ र प्रार्थनाको रूपमा पनि प्रयोग गर्न सकिन्छ ताकि यो बुझाइद्वारा विश्वास, आदर र सही प्रदर्शनको लागि आवश्यक अन्य अनुग्रहका साथ प्रार्थना गरियोस् ।

मत्ती ६:९; लुका ११:२

## प्रश्न. १८८. प्रभुले सिकाउनु भएको प्रार्थनामा कतिवटा भागहरू छन् ?

**उत्तरः** प्रभुले सिकाउनु भएको प्रार्थनामा तीतनवटा भागहरू छन्; प्रस्तावना, पुनरावेदन र निष्कर्ष ।

## प्रश्न १८९. प्रभुले सिकाउनु भएको प्रार्थनाको प्रस्तावनाले हामीलाई के सिकाउँछ ?

**उत्तरः** प्रभुले सिकाउनु भएको प्रार्थनाको प्रस्तावनाले यो सिकाउँछ कि, (यी शब्दहरूमा समावेश छ, "हे हाम्रा पिता जो स्वर्गमा बस्नुहुन्छ") जब हामीले प्रार्थना गर्छौं तब साहस साथ उहाँको पिताको भलाइ र उहाँमा हाम्रो चासोको विश्वास

सहित परमेश्वरको नजिक जान सिकाउँछ । आदरका साथ र अन्य सबै बालकका जस्तो स्वभाव, स्वर्गीय स्नेह र उहाँको सार्वभौम शक्तिको भय, महिमा र दयालु सद्भावको साथ सँगै र अरूहरूको लागि पनि प्रार्थना गर्न सिकाउँछ ।

मत्ती ६:९; लुका ११:१३; रोमी ८:१५; यशै ६४:९; भसं १२३:१; वि ३:४१; यशै ६३:१५-१६; नेह १:४-६; प्रे १२:५

## प्रश्न १९०. पहिलो निवेदनमा हामी केको लागि प्रार्थना गर्छौं ?

**उत्तरः** पहिलो निवेदनमा ("तपाईंको नाउँ पवित्र गरियोस्") परमेश्वरलाई उचित रूपमा आदर गर्न हामी र सबै मानिसहरूमा रहेको पूर्ण असक्षमता र दुष्टतालाई स्वीकार गर्दै हामी प्रार्थना गर्छौं कि, परमेश्वरले उहाँको अनुग्रहले सक्षम बनाउनुहुन्छ । उहाँलाई चिन्न हामी र अरूलाई इच्छुक बनाउनुहुन्छ । उहाँको स्वामित्व, सद्गुण, नियम, वचन, काम, आफूलाई जसरी चिनाउन खुसी हुनुहुन्छ, स्वीकार गर्न र उहाँलाई उच्च आदर गर्न, विचार, बोली वचन र काममा उहाँकै महिमा गर्न कि उहाँले नास्तिक, मूर्ख, मूर्तिपूजा, अपवित्र र उहाँको लागि अपमानजनक सबै कुराहरू रोक्न र हटाउनुहुनेछ । उहाँको अधिनायक पूर्वप्रबन्धद्वारा आफ्नो महिमाको लागि सबै चीजहरूलाई व्यवस्थापित र संगठित गर्नुभएको छ ।

मत्ती ६:९; २ कोर ३:५; भसं ५१:१५; भसं ६७:२-३; भसं ८३:१८; भसं ८६:१०-१३, १५; २ थेस्स ३:१; भसं १४७:१९-२०; भसं १३८:१-३; २ कोर २:१४-१५; भसं १४५: १-२१: भसं ८; भसं १०३:१; भसं १९:१४; फिलि १:९, ११; भसं ६७:१-४; एफे १:१७-१८; भसं ९७:७; भसं ७४:१८, २२-२३; २ राजा १९:१५-१६; २ इति २०:६, १०-१२; भसं ८३:१-१८; भसं १४०:४-८)

## प्रश्न १९१. दोस्रो निवेदनमा हामी के को लागि प्रार्थना गर्छौं ?

**उत्तरः** दोस्रो निवेदनमा ("तपाईंको राज्य आओस्") हामी आफैलाई र सम्पूर्ण मानवजातिलाई प्रकृतिद्वारा पाप र शैतानको अधीनमा भएको स्वीकार गरि हामी यो प्रार्थना गर्छौं कि पाप र शैतानको राज्य नष्ट होस् अनि सुसमाचार संसारभरि सबैतिर फैलिन सकोस् र उहाँको राज्य आओस् भनि बिन्ती गर्छौं । यहूदीहरू बोलाइए, अन्यजातिहरू पूर्णता भित्र ल्याइए, मण्डलीमा सबै सुसमाचारको अधिकारीहरू आज्ञाहरूले सुसज्जित, दुष्टताबाट शुद्ध, नागरिक न्यायीक

अगुवाहरूद्वारा हेरचाह र व्यवस्थित गरियोस् कि ख्रीष्टका नियमहरू विशुद्ध रूपमा अलग हुन सकून् । आफ्ना पापमा रहेकाहरूलाई परिवर्तन गर्न प्रभावकारी बनाइयोस् र पहिले नै परिवर्तन भइसकेकाहरूलाई अझै बलियो पार्ने, सान्त्वना दिने र निर्माण गर्न कि ख्रीष्टले हाम्रो हृदयमा शासन गर्नुहुनेछ । उहाँको दोस्रो आगमनको समयको लागि हतारिन र उहाँसँगै सदाको लागि शासन गर्न यहि उद्देश्यको लागि कि उहाँ सारा संसारमा आफ्नो शक्तिको राज्यमा शासन गर्न खुसी हुनुहुनेछ ।

मत्ती ६:१०; एफे २:२-३; भसं ६८:१, १८; प्रका १२:१०-११; २ थेस्स ३:१; रोमी १०:१; युह १७:९, २०; रोमी ११:२५-२६; भसं ६७:१-७; मत्ती ९:३८; २ थेस्स ३:१; मला १:११; जक ३:९; १ तिमो २:१-२; प्रे ४:२९-३०; एफे ३:१४-२०; प्रका २२:२०; यशै ६४:१-२; प्रका ४:८-११; एफे ६:१८-२०; रोमी १५:२९-३०, ३२; २ थेस्स १:११; २ थेस्स २:१६-१७

## प्रश्न १९२. हामी तेस्रो निवेदनमा के को लागि प्रार्थना गर्छौं ?

**उत्तरः** तेस्रो निवेदनमा ("तपाईंको इच्छा स्वर्गमा जस्तो छ त्यस्तै यस पृथ्वीमा पूरा होस्") प्रकृतिद्वारा स्वीकार गर्दै हामी र सबै मानिसहरू परमेश्वरको इच्छा जान्न र उहाँको इच्छा अनुसार हिड्न पूर्ण रूपमा असमर्थ र अनिच्छुक मात्र होइन तर उहाँको वचनको विरुद्धमा विद्रोह गर्ने, उहाँको विधिविधानको विरुद्धमा गनगन गर्ने, शरीर र शैतानको इच्छामा हिड्न पूर्ण रूपमा झुकाव गर्ने भएको कारण हामी यो प्रार्थना गर्छौं कि, परमेश्वरले उहाँको आत्माद्वारा हामी र अरूहरूबाट सबै अन्धोपन, कमजोरी, अस्वभाविकता र हृदयको दुष्टता हटाउनुहुनेछ । उहाँको अनुग्रहले हामीलाई स्वर्गमा स्वर्गदूतहरूले जस्तै नम्रता, आनन्दित, विश्वासयोग्यता, लगनशीलता, जोशिलो, इमानदारी र स्थिरताका साथ सबै कुरामा उहाँको इच्छा जान्न, उहाँको इच्छा अनुसार गर्न, उहाँको इच्छामा समर्पण गर्न सक्षम र इच्छुक बनाउनुहोस् भनि बिन्ती गर्छौं ।

मत्ती ६:१०; रोमी ७:१८; अय्यु २१:१४; १ कोर २:१४; रोमी ८:७; प्रस् १७:७; गन्ती १४:२; एफे २:२; एफे १:१७-१८; एफे ३:१६; मत्ती २६:४०-४१; यर्मि 31:18-19; भसं ११९:१, ८, ३५-३६; प्रे २१:१४; मला ६:८; भसं १००:२; अय्यु १:२१; २ समु १५:२५-२६; यशै ३८:३; भसं ११९:४-५; रोमी १२:११; भसं ११९:८०; भसं ११९:११२; यशै ६:२-३; भसं १०३:२०-२१; मत्ती १८:१०

## प्रश्न. १९३. चौथो निवेदनमा हामी के को लागि प्रार्थना गर्छौं ?

**उत्तरः** चौथो निवेदनमा ("हामीलाई आजको हाम्रो दैनिक भोजन दिनुहोस्") यो स्वीकार गर्दछौँ कि, आदममा र हाम्रो आफ्नै पापले गर्दा यस जीवनका सबै बाहिरी आशिषहरूमा हाम्रो अधिकार गुमाएका छौँ । तीत आशिषहरू पूर्णतया परमेश्वरबाट वञ्चित गरिएका छन् र हामी यसको लायक छौँ । तिनीहरूको प्रयोगको साटो हामीलाई श्राप दिइएको छ, न त तिनीहरू आफैले हामीलाई टिकाउन सक्षम छन्, न हामी यी आशिषहरू पाउन योग्यको नै छौँ वा हाम्रो आफ्नै परिश्रमले तिनीहरूलाई किन्न नै सक्छौँ तर इच्छा गर्न, प्राप्त गर्न र अवैध रूपमा ति कुराहरू प्रयोग गर्न को लागी झुकाव राख्दछौँ । हामी आफ्नो र अरूको लागि प्रार्थना गर्छौं कि तिनीहरू र हामी सबै दिन-दिनै वैधानिक रूपमा उहाँको निःशुल्क उपहारको रूपमा प्रयोग गर्न परमेश्वरको दूरदृष्टिको (जुतावट) प्रतीतक्षा गर्दछौँ । उहाँको पिताको बुद्धि सबैभन्दा राम्रो हुनेछ र तिनीहरूको उपयुक्त अंशको आनन्द लिन सकौँ र तीत आशिषहरू हाम्रो पवित्र र सहज प्रयोगको लागि निरन्तर आशिष् दिनुभएको होस् र तिनीहरूमा सन्तुष्टि रहन र हाम्रो अस्थायी सहायता र सान्त्वनाको विपरीत हुने सबै चीजहरूबाट टाढा राख्नुभएको होस् भनि बिन्ती गर्दछौँ ।

मत्ती ६:११; उत्प २:१७; उत्प ३:१७; रोमी ८:२०-२२; यर्मि ५:२५; व्यव २८:१५-६८; व्यव ८:३; उत्प ३२:१०; व्यव ८:१७-१८; यर्मि ६:१३; मर्कु ७:२१-२२; होशे १२:७; याकु ४:३; उत्प ४३:१२-१४; उत्प २८:२०; एफे ४:२८; २ थेस्स ३:११-१२; फिलि ४:६; १ तिमो ४:३-५; १ तिमो ६:६-८; हितो ३०:८-९

## प्रश्न. १९४. हामी पाँचौँ निवेदनमा के को लागि प्रार्थना गर्छौं ?

**उत्तरः** पाँचौं निवेदनमा ("हाम्रा अपराधहरू क्षमा गर्नुहोस्, जसरी हामीले आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ") यो स्वीकार गर्दछौँ कि, हामी र अरू सबै मौलिक र वास्तविक पापका लागि दोषी छौँ र परमेश्वरको न्यायको ऋणी बनेका छौँ र न त हामी, न त अन्य कुनै प्राणीले नै त्यो ऋणको भार सन्तुष्टि गर्न सक्छौँ । हामी आफ्नो र अरूको लागि प्रार्थना गर्छौं कि परमेश्वरको स्वतन्त्र अनुग्रहले ख्रीष्टको आज्ञाकारिता र सन्तुष्टिद्वारा र विश्वासद्वारा लागू गरेर हामीलाई मुक्त

गर्नुहुन्छ । पापको दोष र सजाय दुवैबाट हामीलाई उहाँको प्रियको रूपमा स्वीकार गर्नुहुन्छ । उहाँको दया र अनुग्रह जारी राख्नुहुन्छ, हाम्रा दैनिक अपराधहरू क्षमा गर्नुहुन्छ र हामीलाई शान्ति र आनन्दले भर्नुहुन्छ, हामीलाई दिनहुँ धेरैभन्दा धेरै क्षमाको आश्वासन दिनुहुन्छ जुन कुरा हामी सोध्नको लागि साहसी हुन्छौँ र आशा राख्न उत्प्रेरित हुन्छौँ जब हामी आफैँमा यो गवाही हुन्छ तब हामीले अरूको अपराधलाई पनि हृदयदेखि क्षमा गर्छौं ।

मत्ती ६:१२; रोमी ३:९-२२; मत्ती १८:२४-२५; भसं १३०:३-४; रोमी ३:२४-२६; हिब्रू ९:२२; एफे १:६-७; २ पत्रु १:२; होशे १४:२; यर्मि १४:७; रोमी १५:१३; भसं ५१:७-१०, १२; लुका ११:४; मत्ती ६:१४-१५; मत्ती १८:३५

## प्रश्न १९५. छैटौँ निवेदनमा हामी के को लागि प्रार्थना गर्छौं ?

**उत्तरः** छैटौं निवेदनमा ("हामीलाई परीक्षामा पर्न नदिनुहोस् तर दुष्टबाट बचाउनुहोस्") हामी यो स्वीकार गर्दछौँ कि, सबैभन्दा बुद्धिमानी, धर्मी र दयालु परमेश्वरले अति पवित्र र न्यायपूर्ण अन्त्यका लागि हामीलाई आक्रमण गर्ने, विफल पार्ने र केही समयको लागि प्रलोभनद्वारा बन्दी बनाउने कुराहरू आदेश दिन सक्नुहुन्छ । शैतानले संसारमा शरीरबाट हामीलाई अलग गर्न र हामीलाई पासोमा पार्न शक्तिशाली रूपमा तयार हुन्छ । हामी हाम्रा पापहरूको क्षमा पाएपनि हाम्रो दुष्टता, कमजोरी र सतर्कताको अभावको कारणले परीक्षाको अधीनमा मात्र होइन तर आफूलाई प्रलोभनहरूमा पार्न अघि बढ्छौँ तर तिनीहरूको प्रतिरोध गर्न, तिनीहरूबाट पुन: फर्किन र तिनीहरूलाई सुधार गर्न हामी सक्षम र इच्छुक छैनौँ र तिनीहरूको शक्तिमा छोडिन योग्यका छौँ । हामी प्रार्थना गर्छौं कि परमेश्वरले संसार र यसमा भएका सबै थोकलाई यसरी शासन गर्नुहुन्छ कि उहाँले शरीरलाई वशमा राख्नुहुन्छ, शैतानलाई नियन्त्रण गर्नुहुन्छ, सबै कुराको व्यवस्था गर्नुहुन्छ । उहाँले अनुग्रहका सबै साधनहरू प्रदान गर्नुका साथै हामीलाई आशिष र जीवन दिनुहुन्छ । तिनीहरूको प्रयोगमा सतर्क रहन हामी र उहाँका सबै जनहरूलाई उहाँको विधिद्वारा पापको प्रलोभनबाट जोगाउन सकौँ वा यदि प्रलोभनमा परेका छौँ भनेतापनि उहाँको आत्माले हामीलाई शक्तिशाली रूपमा सहायता गर्नुहुन्छ र परीक्षाको घडीमा खडा हुन सक्षम पार्नुहुन्छ वा जब पतन हुन्छौँ तब फेरि उठ्छौँ र यसबाट बाहिर निस्किन्छौँ यो एक पवित्र अभ्यास र सुधार हो ताकी हाम्रो

पवित्रता र मुक्ति सिद्ध होस् । शैतानलाई हाम्रो खुट्टामुनि कुल्चियौँ र हामी पाप, प्रलोभन र यसको सबै खराबीबाट सदाको लागि मुक्त हुन सकौँ भनि बिन्ती गर्छौं ।

मत्ती ६:१३; २ इति ३२:३१; १ इति २१:१; लुका २१:३४; मर्कु ४:१९; याकु १:१४; गला ५:१७; मत्ती २६:४१; मत्ती २६:६९-७२; गला २:११-१४; २ इति १८:३; २ इति १९:२; रोमी ७:२३-२४; १ इति २१:१-४; २ इति १६:७-१०; भसं ८१:११-१२; युह १७:१५; भसं ५१:१०; भसं ११९:१३३; २ कोर १२:७-८; १ कोर १०:१२-१३; हिब्रू १३:२०-२१; मत्ती २६:४१; भसं १९:१३; एफे ३:१४-१७; १ थेस्स ३:१३; यहु १:२४; भसं ५१:१२; १ पत्रु ५:८-१०; २ कोर १३:७, ९; रोमी १६:२०; जक ३:२; लुका १२:३१-३२; युह १७:१५; १ थेस्स ५:२३

## प्रश्न १९६. प्रभुले सिकाउनु भएको प्रार्थनाको निष्कर्षले हामीलाई के सिकाउँछ ?

**उत्तरः** प्रभुले सिकाउनु भएको प्रार्थनाको निष्कर्षले ("किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन") हामीलाई हाम्रा निवेदनहरू तर्कहरूका साथ लागू गर्न सिकाउँछ, जुन हामी आफैँमा योग्य भएर होइन वा कुनै अन्य प्राणीहरूको योग्यताबाट पनि होइन तर परमेश्वरबाट लिनुपर्छ र परमेश्वर मात्र अनन्त सार्वभौमिक, सर्वशक्तिमान र उहाँको प्रशंसामा सामेल हुन हाम्रो प्रार्थनाको साथ गौरवशाली महामहिम जसको लागि उहाँ सक्षम हुनुहुन्छ र हामीलाई मद्दत गर्न इच्छुक हुनुहुन्छ । त्यसैले विश्वासद्वारा हामी उहाँसँग बिन्ती गर्न साहसी हुन्छौँ र उहाँले गर्नुहुन्छ भनि चुपचाप उहाँमा भरोसा गर्दछौँ कि उहाँले मात्र हामीले गरेका अनुरोध पूरा गर्नुहुन्छ । हाम्रो यही इच्छा-चाहना र प्रतिबद्धताको गवाही दिन प्रार्थनाको अन्तमा आमेन भन्दछौँ ।

मत्ती ६:१३; रोमी १५:३०; दानि ९:४,७-९,१६-१९; फिलि ४:६; १ इति २९:१०-१३; एफे ३:२०-२१; लुका ११:१३; २ इति २०:६, ११; २ इति १४:११; १ कोर १४:१६; प्रका २२:२०-२१

# वेस्टमिन्स्टर छोटा प्रश्नोत्तरमाला
## THE WESTMINSTER SHORTER CATECHISM

**कमजोर क्षमताका मानिसहरूलाई शिक्षा दिनको लागि निर्देशिकाका रूपमा स्कटल्याण्ड, इंग्ल्याण्ड र आयरल्याण्डका मण्डलीहरूका माझमा धर्मको एकरूपताको लागि गरिएको करारको एक भागका रूपमा स्कटल्याण्डमा रहेका ख्रीष्टका मण्डलीका प्रतिनिधिहरूको सहयोगमा ईश्वरशास्त्री वा धर्मगुरुहरूको सभाद्वारा वेस्टमिन्स्टरमा सहमति गरिएको  नि १६४८ मा स्कटल्याण्डको मण्डलीको महासभाद्वारा पवित्र धर्मशास्त्रबाट प्रमाणसहित स्वीकृत छोटा प्रश्नोत्तरमाला ।**

**एडिनबर्गमा जुलाई २८, १६४८ को सभा, १९औँ सत्र ।**

**छोटा प्रश्नोत्तरमाला  नुमोदन गर्ने  ध्यादेश**

**स्कटल्याण्डको मण्डलीका प्रतिनिधिहरूको सहयोगमा वेस्टमिन्स्टरमा बसेको ईश्वरशास्त्रीहरूको सभाले सहमति गरेको यो छोटा प्रश्नोत्तरमालामाथि गम्भीरतापूर्वक विचार गरी; यसको उचित जाँच–पड्ताल गरेपछि उक्त प्रश्नोत्तरमाला परमेश्वरको वचनसँग सहमत छ ।  नि यस मण्डलीमा मान्यताप्राप्त धर्मशिक्षा, आराधना,  नुशासन र प्रशासनको विपरीत छैन भन्ने पत्ता लगाएकाले, उक्त छोटा प्रश्नोत्तरमालालाई लक्षित एकरूपता तथा कमजोर क्षमताका मानिसहरूलाई शिक्षा दिनका लागि निर्देशिकाको एक  ंशको रूपमा यस महासभाद्वारा  नुमोदन गरिन्छ । –स्कटल्याण्डको मण्डली ।**

## प्रश्न १. मानिसको जीवनको प्रमुख र मुख्य उद्देश्य के हो ?

**उत्तर :** मानिसको जीवनको प्रमुख र मुख्य उद्देश्य भनेको परमेश्वरलाई महिमा दिनु र उहाँसँग सधैँ आनन्दित रहिरहनु हो ।

१ कोरिन्थी १०:३१; रोमी ११:३६; भजनसंग्रह ७३:२५-२८ ।

## प्रश्न २. परमेश्वरलाई महिमा दिन र उहाँसँग रमाउन हामीलाई निर्देशन गर्न उहाँले हामीलाई कस्तो नियम दिनुभएको छ ?

**उत्तर :** परमेश्वरलाई महिमा दिन र उहाँसँग रमाउन हामीलाई निर्देशन गर्ने नियमहरू धर्मशास्त्रको पुरानो र नयाँ नियम भित्र भएको परमेश्वरको वचन मात्र हो ।

२ तिमोथी ३:१६; एफेसी २:२०; १ युहन्ना १:३-४ ।

## प्रश्न ३. परमेश्वरको वचनले विशेष गरि के सिकाउँछ ?

**उत्तर:** परमेश्वरको वचनले मानिसले उहाँलाई गर्नुपर्ने विश्वास र कर्तव्यबारे सिकाउँछ ।

२ तिमोथी १:१३; २ तिमोथी ३:१६ ।

## प्रश्न ४. परमेश्वर को हुनुहुन्छ ?

**उत्तर :** परमेश्वर आत्मा, असीमित, अनन्त, अपरिवर्तनीय र उहाँ आफैँमा ज्ञान, शक्ति, पवित्र, न्याय, भलाइ र सत्य हुनुहुन्छ ।

युहन्ना ४:२४; अय्युब ११:७-९; भजनसंग्रह ९०:२; याकुब १:१७; प्रस्थान ३:१४; भजनसंग्रह १४७:५; प्रकाश ४:८; प्रकाश १५:४; प्रस्थान ३४:६-७ ।

## प्रश्न ५. एक परमेश्वरबाहेक कोही अरू परमेश्वर छन् कि ?

**उत्तर :** छैनन् । केवल एक मात्र परमेश्वर जो जीवित र सत्य हुनुहुन्छ ।

व्यवस्था ६:४; यर्मिया १०:१० ।

## प्रश्न ६. त्रिएकमा कति जना व्यक्तित्त्व हुनुहुन्छ ?

**उत्तर:** त्रिएकमा तीन जना व्यक्तित्त्वहरू हुनुहुन्छ । उहाँहरू पिता परमेश्वर, पुत्र परमेश्वर र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ ।  उहाँहरू तीनै एउटै परमेश्वर हुनुहुन्छ । उहाँहरू सबै कुरामा एकै तथा शक्ति र महिमामा समान हुनुहुन्छ ।

१ युहन्ना ५:७; मत्ती २८:१९ ।

## प्रश्न ७. परमेश्वरको नियमहरू केके हुन् ?

**उत्तर :** परमेश्वरको नियमहरू: उहाँको अनन्त उद्देश्य र इच्छाको योजना अनुसार उहाँको आफ्नै महिमाका लागि हुन आउने कुराहरू सबै उहाँ आफैँले पूर्वनिर्धारित गर्नुभएको छ ।

एफेसी १:४, एफेसी ४:११; रोमी ९:२२-२३ ।

## प्रश्न ८. परमेश्वरले उहाँको नियमहरू कसरी कार्यान्वयन गर्नुहुन्छ ?

**उत्तर :** परमेश्वरले सृष्टिको काम अनि उहाँको कृपामा तिनीहरूको प्रबन्ध गर्न लगाएर आफ्नो नियमहरू कार्यान्वयन गर्नुहुन्छ ।

भजनसंग्रह १४८:८; यशैया ४०:२६; दानिएल ४:३५; प्रेरित ४:२४-२८; प्रकाश ४:११ ।

## प्रश्न ९. सृष्टिको काम भनेको के हो ?

**उत्तर :** परमेश्वरले आफ्नो वचनको शक्तिले छ दिनमा सबै कुराहरू शून्यताबाट बनाउनुभयो । उहाँले बनाउनु भएको सबै थोकहरू असल थिए । त्यसैलाई सृष्टिको काम भनिन्छ ।

उत्पत्ति १; हिब्रू ११:३ ।

## प्रश्न १०. परमेश्वरले मानिसलाई कसरी सृष्टि गर्नुभयो ?

**उत्तर :** परमेश्वरले नर र नारी गरी आफ्नै स्वरुपमा ज्ञान, धार्मिकता र पवित्रतामा मानिसलाई सृष्टि गर्नुभएर सारा जगतमाथि  अधिकार दिनुभयो ।

उत्पत्ति १: २६-२८; कलस्सी ३:१०; एफेसी ४:२४ ।

## प्रश्न ११. परमेश्वरको पूर्वप्रबन्धका काम के-के हुन् ?

**उत्तर :** परमेश्वरको पूर्वप्रबन्धअनुसार सबै सृष्टि र तिनीहरूको कामसमेतलाई उहाँले अति पवित्र, बुद्धिपूर्ण र शक्तिशाली सुरक्षा दिएर शासन गर्नुहुन्छ ।

भजनसंग्रह १४५:१७; भजनसंग्रह १०४:२४; यशैया २८:२९; हिब्रू १:३; भजनसंग्रह १०३:१९; मत्ती १०:२९-३१ ।

## प्रश्न १२. परमेश्वरले कस्तो विशेष ईश्वरीय कृपा प्रयोग गरेर मानिसलाई सृष्टि गर्नुभयो ?

**उत्तर:** परमेश्वरले मानिसलाई सृष्टि गर्नुहुँदा असल र खराब ज्ञानको रुखको फल नखानु, खायौ भने मर्छौ भनी पक्का आज्ञा पालन गर्ने शर्तमा जीवनको करार पनि दिनुभयो ।

गलाती ३:१२; उत्पत्ति २:१७ ।

## प्रश्न १३. परमेश्वरले हाम्रा प्रथम अभिभावकलाई जुन अवस्थामा सृजना गर्नुभयो, के उनीहरू त्यसैमा कायम रहिरहे कि रहेनन् ?

**उत्तर:** परमेश्वरले हाम्रा प्रथम अभिभावकलाई स्वेच्छामा चल्न सक्ने क्षमता प्रदान गर्नुभएको कारण तिनीहरूले परमेश्वरको विरुद्धमा पाप गरेर उहाँले सृष्टि गर्नुभएको अवस्थादेखि पतित भएपछि जुन अवस्थामा सृजना गर्नुभएको थियो, उनीहरू त्यसमा कायम रहिरहग सकेनन् ।

उत्पत्ति ३:६-८, उत्पत्ति ३:१३; उपदेशक ७:२९ ।

## प्रश्न १४. पाप भनेको के हो ?

**उत्तर:** पाप भनेको परमेश्वरको व्यवस्था अनुरूप नगर्नु, त्यसमा कुनै कमी हुनु वा त्यसको उल्लङ्घन हुनु हो ।

१ युहन्ना ३:४ ।

**प्रश्न १५. हाम्रा प्रथम अभिभावकले कस्तो पाप गरेका कारण तिनीहरू परमेश्वरले सृष्टि गर्नुभएको अवस्थादेखि पतित हुनुपऱ्यो ?**

**उत्तर:** परमेश्वरले नखानु भनेको फल खाएर हाम्रा प्रथम अभिभावक परमेश्वरले सृष्टि गर्नुभएको स्थानबाट पतित हुनुपऱ्यो ।

उत्पत्ति ३:६, उत्पत्ति ३:१२ ।

**प्रश्न १६. आदमले आज्ञा उल्लङ्घन गरेको कारण सबै मानवजाति पापमा पतित भए त ?**

**उत्तर:** परमेश्वरले आदमसँग गरेको करार (प्रतिज्ञा) हरू आदमसँग मात्र नभएर उसका भावी सन्तानसँग पनि गरिएका हुनाले आदमले पाप गर्दा स्वभाविकरूपले आदमबाट उत्पन्न भएका सम्पूर्ण मानवजाति पापमा पतित भयो ।

उत्पत्ति २:१६-१७; रोमी ५:१२; १ कोरिन्थी १५:२१-२२ ।

**प्रश्न १७. पतनले मानिस जातिलाई कस्तो अवस्थामा पुऱ्यायो ?**

**उत्तर:** पतनले मानिसलाई पाप र दुर्गतिको अवस्थामा पुऱ्यायो ।

रोमी ५:१२ ।

**प्रश्न १८. मानिस पापमय अवस्थामा खस्दा कस्तो हुन्छ ?**

**उत्तर:** मानिस आफ्नो मौलिक धार्मिकतारहित भएर पापमय स्वभावमा खस्दा आदमको पापको दोषमा परेर सम्पूर्ण स्वभाव भ्रष्ट हुन्छ । यसलाई स्वभाविक पाप भनिन्छ । ती पापमय स्वभावबाट निस्केका सबै कुराहरू पापसँगै सम्मिलित हुन पुग्छन् ।

रोमी ५:१२, १९; रोमी ५:१०-२०; एफेसी २:१-३; याकुब १:१४-१५; मत्ती १५:१९ ।

**प्रश्न १९. मानिस पतन भएर कस्तो दुःखद् अवस्थामा पुग्नुपऱ्यो ?**

**उत्तर:** पतनको कारण सबै मानिसले परमेश्वरको सङ्गतिबाट विमुख भएर उहाँको

क्रोधको श्रापमा पर्नु पऱ्यो । अनि सबै मानिस कष्टमय जीवनपछि मृत्यु र सधैँको निम्ति नरकको कष्टको भागी भए ।

उत्पत्ति ३:८, उत्पत्ति ३:१०, उत्पत्ति ३:२४; एफेसी २:२-३; गलाती ३:१०; विलाप ३:३९; रोमी ६:२३; मत्ती २५:४१, मत्ती २५:४६।

## प्रश्न २०. परमेश्वरले सबै मानिस जातिलाई दुर्गति र पापी अवस्थामा नै त्याग्नु भयो त ?

**उत्तर:** परमेश्वरले आफ्नो खुसीमा अनन्तदेखि नै कतिलाई अविनाशी जीवनको लागि चुन्नुभयो अनि एक जना उद्धारकर्ताद्वारा पाप र दुःखमय अवस्थाबाट उद्धार दिनुभएर उहाँको अनुग्रहको करारभित्र पस्न दिनुभयो ।

एफेसी १:४; रोमी ३:२०-२२; गलाती ३:२१ ।

## प्रश्न २१. परमेश्वरबाट चुनिएकाहरूको उद्धारकर्ता को हुनुहुन्छ ?

**उत्तर:** परमेश्वरबाट चुनिएकाहरूको एकमात्र उद्धारकर्ता येशू खीष्ट हुनुहुन्छ, जो परमेश्वरको अनन्त पुत्र भएर पनि मानव बन्नुभयो। उहाँले एउटै व्यक्तिमा ईश्वर र मानव भएर ईश्वरीय र मानवीय दुवै गुण निरन्तर कायम राख्नुभयो ।

१ तिमोथी २:५-६; युहन्ना १:१४; गलाती ४:४; रोमी ९:५; लुका १:३५; कलस्सी २:९; हिब्रू ७:२४-२५ ।

## प्रश्न २२. ख्रीष्ट परमेश्वरको पुत्र भएर पनि कसरी मानव बन्नुभयो ?

**उत्तर**ः ख्रीष्ट परमेश्वरको पुत्र, पवित्र आत्माको शक्तिबाट कन्या मरियमको कोखमा गर्भधारण भई एउटा साँचो प्राण र शरीर लिएर मरियमबाटै जन्मनु भए पनि उहाँ पापरहित जन्मनुभयो ।

हिब्रू २:१४, हिब्रू २:१६; हिब्रू १०:५; मत्ती २६:३८; लुका १:२७, लुका १:३१, लुका १:३५, लुका १:४२; गलाती ४:४; हिब्रू ४:१५; हिब्रू ७:२६ ।

## प्रश्न २३ ख्रीष्टले हाम्रो उद्धारकर्ताको हैसियतमा कस्तो निर्वाह गर्नुभयो ?

**उत्तर:** ख्रीष्ट हाम्रो उद्धारकर्ता हुनुभएर नम्रता, निष्ठा र सम्मानकासाथ अगमवक्ता,

पुजाहारी र राजाको कर्तव्य निर्वाह गर्नुभयो ।

प्रेरित ३:२१-२२; हिब्रू १२:२५; २ कोरिन्थी १३:३; हिब्रू ५:५-७; हिब्रू ७:२५; भजनसंग्रह २:६; यशैया ९:६-७; मत्ती २१:५; भजनसंग्रह २:८-११ ।

## प्रश्न २४. खीष्टले कसरी एउटा अगमवक्ताको कर्तव्य कार्यान्वयन गर्नुभयो ?

**उत्तर:** येशू ख्रीष्ट उहाँको वचन र आत्माद्वारा हाम्रो उद्धारको निम्ति परमेश्वरको इच्छा प्रकट गरिदिनुभएर एउटा अगमवक्ताको कामगर्नुभयो ।

युहन्ना १:१८; १ पत्रुस १:१०-१२; युहन्ना १५:१५; युहन्ना २०:३१ ।

## प्रश्न २५. ख्रीष्टले कसरी एउटा पूजाहारीको कर्तव्य कार्यान्यवन गर्नुभयो ?

**उत्तरः** पूजाहारीको पदमा रहेर ख्रीष्टले हाम्रो निम्ति ईश्वरीय इन्साफमा सन्तुष्ट हुनु अनि हामीलाई परमेश्वरसँग मिलाप गराउन आफैँ एकै पटक सधैँको निम्ति बलिदान हुनुभयो । उहाँले हाम्रो निम्ति निरन्तर अन्तरबिन्ती गरिदिनुहुन्छ ।

हिब्रू ९:१४, हिब्रू ९:२८; हिब्रू २:१७; हिब्रू ७:२४-२५ ।

## प्रश्न २६. ख्रीष्ट येशुले कसरी एउटा राजाको कर्तव्य कार्यान्यवन गर्नुभयो ?

**उत्तरः** एउटा राजाको पदमा रहनु भएर ख्रीष्ट येशुले हामीलाई उहाँको शक्तिको अधीनमा ल्याउनु हुन्छ । शासन र रक्षा गर्नुहुन्छ, अनि हाम्रा र उहाँका शत्रुहरूमाथि विजय गर्दै तिनीहरूलाई वशमा पार्नुहुन्छ ।

प्रेरित १५:१४-१६; यशैया ३३:२२; यशैया ३२:१-२; १ कोरिन्थी १५:२५ ।

## प्रश्न २७. ख्रीष्ट कसरी होच्याइनुभयो ?

**उत्तरः** गरीब गोठमा मानव भई जन्मिनुभयो, व्यवस्थाको अधीनमा रही दुःख र कष्टमय जीवन जिउनुभयो, परमेश्वरको क्रोधमा पर्नुभयो, क्रूसमा मृत्युको श्राप भोग्नु भई गाडिनु भएर केही समयको निम्ति मृत्युको अधीनमा बस्नु भएर ख्रीष्ट होच्याइनुभयो ।

लुका २:७; गलाती ४:४; हिब्रू १२:२-३; यशैया ५३: २-३; लुका २२:४४; मत्ती २७:४६; फिलिप्पी २:८; १ कोरिन्थी १५:३-४; प्रेरित २:२४-२७, प्रेरित २:३१ ।

## प्रश्न २८. ख्रीष्ट कसरी उच्च पारिनुभयो ?

**उत्तरः** तेस्रो दिनमा मृत शरीरबाट बौरी उठ्नुभयो, स्वर्गमा चढिजानु भएर परमेश्वर पिताको दाहिने बाहुलीपट्टि बस्नु भएको छ, अनि उहाँ अन्त्यको दिनमा संसारको इन्साफ गर्न आउनुहुनेछ ।

१ कोरिन्थी १५:४; मर्कुस १६:१९; एफेसी १:२०; प्रेरित १:११; प्रेरित १७:३१ ।

## प्रश्न २९. हामी कसरी येशु ख्रीष्टले मूल्य तिरेर प्राप्त गर्नुभएको स्वतन्त्रताको अंशियार हुन सक्छौँ ?

**उत्तरः** ख्रीष्टले मोल तिर्नु भएर प्राप्त गरिदिनुभएको छुट्कारा पवित्र आत्माले प्रभावकारी ढंगमा हामीभित्र लागू गराउनु भएपछि हामी त्यस छुट्काराको हिस्सेदार हुन सक्छौँ ।

युहन्ना १:११-१२; तीतस ३:५-६ ।

## प्रश्न ३०. ख्रीष्टले किन्नु भएको छुट्कारा पवित्र आत्माले कसरी हामीमा लागू गराउनु हुन्छ ?

**उत्तरः** पवित्र आत्माले हामीभित्र विश्वास उत्पन्न गराई प्रभावकारी आह्वानद्वारा ख्रीष्टसँग मिलाप गराउनु भएर उहाँले किन्नुभएको स्वतन्त्रता हामीमा लागू गराउनु हुन्छ ।

एफेसी १:१३-१४; युहन्ना ६:३७, युहन्ना ६:३९; एफेसी २:८; एफेसी ३:१७; १ कोरिन्थी १:९ ।

## प्रश्न ३१. प्रभावकारी आह्वान के हो ?

**उत्तरः** प्रभावकारी आह्वान पवित्र आत्माको त्यो काम हो जसबाट उहाँले हामी पापी, दयनीय र विपदमा परेका छौँ भनी हामीलाई स्वीकार गर्न लगाउनु हुन्छ । उहाँले हाम्रो मनमा ज्ञान-प्रकाश उजागार गर्नु भएर हाम्रा इच्छाहरूलाई

पुनर्जीवित पार्नुहुन्छ । यसरी उहाँले सित्तैमा दिनुभएको येशू ख्रीष्टलाई ग्रहण गर्न लगाउनु हुन्छ ।

२ तिमोथी १:९; २ थेसलोनिकी २:१३-१४; प्रेरित २:३७; प्रेरित २६:१८; इजकिएल ३६:२६-२७; युहन्ना ६:४४-४५; फिलिप्पी २:१३ ।

## प्रश्न ३२. प्रभावकारी आह्वान प्राप्त गरेकाहरूले कस्ता फाइदाहरू जीवनमा उपभोग गर्न सक्छन् ?

**उत्तरः** प्रभावकारी आह्वान प्राप्त गरेकाहरूले यो जीवनमा निर्दोषीकरण, धर्मपुत्रत्व प्राप्ति, पवित्रीकरण आदि फाइदाहरू साथै त्यसबाट उब्जने फाइदाहरूको अंशियार हुनसक्छन् ।

रोमी ८:३०; एफेसी १:५; १ कोरिन्थी १: २६, १ कोरिन्थी १:३० ।

## प्रश्न ३३. निर्दोषीकरण भनेको के हो ?

**उत्तरः** निर्दोषीकरण परमेश्वरले उहाँको सित्तैँको अनुग्रहमा गर्ने कार्य हो, जहाँबाट उहाँले हाम्रो पाप क्षमा गर्नुभएर उहाँको दृष्टिमा हामीलाई धर्मी भनी ग्रहण गर्नुहुन्छ । येशू ख्रीष्टको धार्मिकतामा हामीलाई गन्ती गर्नुहुन्छ । निर्दोषीकरण केवल विश्वासद्वारा मात्र प्राप्त गर्न सकिन्छ ।

रोमी ३:२४-२५; रोमी ४:६-८; २ कोरिन्थी ५:१९, २ कोरिन्थी ५:२१; रोमी ५:१७-१९; गलाती २:१६; फिलिप्पी ३:९ ।

## प्रश्न ३४. धर्मपुत्र बनाउनु भनेको के हो ?

**उत्तरः** धर्मपुत्र बनाउने काम पनि परमेश्वरको सित्तैँको अनुग्रहको कार्य हो । यसद्वारा हामी उहाँकै भई विशेष अधिकार र अवसरसाथ उहाँका छोरा छोरी हुन्छौँ ।

१ युहन्ना ३:१; युहन्ना १:१२; रोमी ८:१७

**प्रश्न ३५. शुद्धीकरण भनेको के हो ?**

**उत्तरः** शुद्धीकरण परमेश्वरको सित्तैंको अनुग्रहको कार्य हो । शुद्धीकरणले हाम्रो सम्पूर्ण मनुष्यत्व परमेश्वरको प्रतिरूपमा नयाँ तुल्याइन्छ । यसद्वारा पापसँगको सम्बन्ध क्रमशः घट्दै हामी बढ्दो धार्मिकताको निम्ति जिउनेहरू तुल्याइन्छौँ ।

२ थेसलोनिकी २:१३; एफेसी ४:२३-२३; रोमी ६:४, रोमी ६:६; रोमी ८:१ ।

**प्रश्न ३६. निर्दोषीकरण, धर्मपुत्र ग्रहण र शुद्धीकरणजस्ता कार्यहरूबाट हाम्रो यो जीवनमा के फाइदा हुन्छ ?**

**उत्तरः** हाम्रो यो जीवनमा परमेश्वरको प्रेमको निश्चयता, विवेकमा शान्ति, पवित्र आत्माको आनन्द अनि जीवनको अन्त्यसम्म हामी अनुग्रहमा बढ्दै जानसक्ने र दृढाग्रही हुने, निर्दोषीकरण, धर्मपुत्र प्राप्ति र शुद्धीकरणको फाइदाहरू हुन् ।

रोमी ५: १-२, रोमी ५:५; रोमी १४:१७; हितोपदेश ४:१८; १ युहन्ना ५:१३; १ पत्रुस १:५ ।

**प्रश्न ३७. विश्वासीहरूले आफ्नो मृत्युपछि ख्रीष्टबाट कस्तो फाइदा पाउँछन् ?**

**उत्तर:** विश्वासीहरूको मृत्यु हुने बित्तिकै तिनीहरुको आत्मा पूर्णरूपमा ख्रीष्टसँग जोडिन पुगेर पुनरुत्थान नभएसम्म तिनीहरू समाधिमा विश्राम गर्दछन् ।

हिब्रू १२:२३; २ कोरिन्थी ५:१, २ कोरिन्थी ५:६, २ कोरिन्थी ५:८ ।

**प्रश्न ३८. पुनरुत्थान हुँदा विश्वासीहरूले ख्रीष्टबाट कस्तो फाइदा पाउने छन् ?**

**उत्तर:** पुनरुत्थान हुँदा विश्वासीहरू महिमामा बौरिउठ्ने छन्, सबैद्वारा चिन्न सकिने छन् र न्यायको दिन निर्दोष घोषणा गरिनेछन् । विश्वासीहरू सधैँको लागि परमेश्वरमा सम्पूर्ण रीतिले आनन्दित तुल्याइनेछन् ।

१ कोरिन्थी १५:४३; मत्ती २५:२३; मत्ती १०:३२; १ युहन्ना ३:२; १ कोरिन्थी १३:१२; १ थेसलोनिकी ४:१७-१८ ।

## प्रश्न ३९. परमेश्वर मानिसले कस्तो काम गरेको चाहनुहुन्छ ?

**उत्तर:** परमेश्वरबाट प्रकाश भएको इच्छाप्रतिको आज्ञाकारीता नै उहाँको चाहना हो ।

मीका ६:८; १ शमुएल १५:२२ ।

## प्रश्न ४०. मानिसले पालन गर्न परमेश्वरले कुन प्रथम नियम प्रकट गर्नुभयो ?

**उत्तर:** परमेश्वरले मानिसलाई पालना गर्न दिनुभएको प्रथम नैतिक नियम हो ।

रोमी २:१४-१५; रोमी १०:५

## प्रश्न ४१. नैतिक नियम कहाँ समावेश गरिएको छ ?

**उत्तर:** दश आज्ञामा नैतिक नियमलाई समावेश गरिएको छ ।

व्यवस्था १०:४; मत्ती १९:१७ ।

## प्रश्न ४२. दश आज्ञाको सार के हो ?

**उत्तर:** दश आज्ञाको सार प्रभु हाम्रा परमेश्वरलाई आफ्ना सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा बलले र आफ्नो सारा समझले प्रेम गर्नु हो र आफ्नो छिमेकीलाई आफैँलाई जस्तै प्रेम गर्नु हो ।

मत्ती २२:३७-४० ।

## प्रश्न ४३. कस्तो भूमिकाबाट दश आज्ञा सुरु गरिएको छ ?

**उत्तर:** दश आज्ञाको भूमिका यस्तो छ, "म तेरो परमेश्वर यहोवे हूँ जसले तँलाई मिश्रको दासत्वको बन्धनबाट निकाली ल्याएँ ।"

प्रस्थान २०:२ ।

**प्रश्न ४४. दश आज्ञाको भूमिकाले हामीलाई के सिकाउँछ ?**

**उत्तर:** दश आज्ञाको भूमिकाले परमेश्वर प्रभु हुनुहुन्छ र उहाँ हाम्रो परमेश्वर र उद्धारकर्ता हुनुभएकोले हामीले उहाँको आज्ञा पालन गर्नैं पर्छ भनी सिकाउँछ ।

लुका १:७४-७५; १ पत्रुस १५:१९

**प्रश्न ४५. पहिलो आज्ञा कुन हो ?**

**उत्तर:** पहिलो आज्ञा - "मेरो सामु तेरो अरू कोही ईश्वर हुनुहुँदैन ।"

लुका १:७४-७५; १ पत्रुस १:१५-१९ ।

**प्रश्न ४६. पहिलो आज्ञाको माग के हो वा पहिलो आज्ञाले कस्तो माग गरेको छ ?**

**उत्तर:** प्रभु हामीहरूको ईश्वर एउटै र सत्य परमेश्वर हुनुहुन्छ भनी हामीले चिन्नु र जान्नुपर्छ अनि उहाँलाई सुहाउँदो आराधना र महिमा दिनुपर्छ भनी पहिलो आज्ञाले माग गरेको छ ।

१ इतिहास २८:९; व्यवस्था २६:१७; मत्ती ४:१०; भजनसंग्रह २९:२ ।

**प्रश्न ४७. पहिलो आज्ञाले के निषेध गर्छ ?**

**उत्तर:** पहिलो आज्ञाले प्रभु हामीहरूको सत्य परमेश्वरलाई अस्वीकार गरी उहाँलाई मात्र सुहाउने र दिनुपर्ने आराधना र महिमा नदिएर उहाँबाहेक अरू कसैलाई दिन निषेधित गर्छ ।

भजनसंग्रह १४:१;  रोमी १:२१; भजनसंग्रह ८१:१०-११; रोमी १:२५-२६ ।

**प्रश्न ४८. पहिलो आज्ञाको "मेरो सामु" भन्ने शब्दले हामीलाई विशेष रूपले के सिकाएको छ ?**

**उत्तर:** सबै कुरा देख्नुहुने र ख्याल गर्नुहुने परमेश्वरको सामु अरू देवता पुज्ने पापले उहाँलाई साह्है अपमान हुन्छ भन्ने कुरो "मेरो सामु" भन्ने शब्दले सिकाउँछ

।

इजकिएल ८:५-१८; भजनसंग्रह ४४:२०-२१ ।

## प्रश्न ४९. दोस्रो आज्ञामा के भनिएको छ ?

**उत्तरः** दोस्रो आज्ञा "तिमीले आफ्ना निम्ति कुनै खोपेको मूर्ति नबनाउनू अथवा माथि आकाशमा भएको, तल पृथ्वीमा भएको वा पृथ्वीमुनि पानीभित्र भएको कुनै थोकको प्रतिमूर्ति नबनाउनू ! तिमीले तिनीहरूलाई दण्डवत् नगर्नू र तिनीहरूको पूजा नगर्नू; किनकि म, परमप्रभु तिम्रा परमेश्वर जलन राख्ने ईश्वर हुँ; मलाई घृणा गर्नेहरूका सन्तानहरूलाई तिनीहरूका पुर्खाहरूको अधर्मका निम्ति म तेस्रो र चौथो पुस्तासम्म दण्ड दिन्छु; तर मलाई प्रेम गर्नेहरू र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्तासम्मलाई म करुणा देखाउँछु ।"

प्रस्थान २०:४-६ ।

## प्रश्न ५०. दोस्रो आज्ञाले के आदेश दिएको छ ?

**उत्तर:** दोस्रो आज्ञाले हामीलाई परमेश्वरले धर्म र आराधनाको निम्ति उहाँको वचनमा स्थापित गर्नुभएको सम्पूर्ण नियमहरूलाई ग्रहण गरेर आदरपूर्वक पालन गर्न र पवित्रतापूर्ण रूपले जोगाइराख्ने आदेश दिएको छ ।

व्यवस्था ३२:४६; मत्ती २८:२०; प्रेरित २:४२ ।

## प्रश्न ५१. दोस्रो आज्ञाले के निषेध गरेको छ ?

**उत्तर:** परमेश्वरको वचनमा आधारित नभएको कुनै अरू उपाय तथा आकृतिहरूसित परमेश्वरको आराधना गर्न दोस्रो आज्ञाले निषेध गरेको छ ।

व्यवस्था ४:१५-१९; प्रस्थान ३२:५; प्रस्थान ३२:८; व्यवस्था १२:३१-३२ ।

## प्रश्न ५२. दोस्रो आज्ञाको उद्देश्य के हो ?

**उत्तर:** परमेश्वरले हामीमाथि सम्पूर्ण रूपले अधिकार गर्नुहुन्छ, हामी उहाँकै हौँ र

परमेश्वरलाई ठिक तरिकाले आराधना गरेको उहाँले चाहनुहुन्छ ।

भजनसंग्रह ९५:२-३; भजनसंग्रह ४५:११; प्रस्थान ३४:१३-१४ ।

## प्रश्न ५३. तेस्रो आज्ञामा के भनिएको छ ?

**उत्तर:** "तिमीले परमप्रभु आफ्ना परमेश्वरको नाम व्यर्थैमा नलिनू; किनकि जसले उहाँको नाम व्यर्थमा लिन्छ, त्यसलाई परमप्रभुले निर्दोष ठहर्‍याउनुहुनेछैन ।"

प्रस्थान २०:७

## प्रश्न ५४. तेस्रो आज्ञाले के आधिकारिक दाबी गरेको छ ?

**उत्तर:** तेस्रो आज्ञाले अधिकारपूर्वक परमेश्वरको नाउँ, अधिकार, स्वभाव, नियम, वचन र कामको श्रद्धालु र पवित्र प्रयोग भएको दाबी गरेको छ ।

मत्ती ६:९; व्यवस्था २८:५८; भजनसंग्रह ६८:४; प्रकाश १५:३-४; मलाकी १:११, मलाकी १:१४; भजनसंग्रह १३८:१-२; अय्युब ३६:२४ ।

## प्रश्न ५५. तेस्रो आज्ञाले के निषेध गर्छ ?

**उत्तर:** परमेश्वरले आफैँलाई प्रकट गर्नलाई प्रयोग गर्ने कुनै पनि कुरोले हामीलाई कुव्यवहार गर्न वा अपवित्र तुल्याउन निषेधित गर्दछ ।

मलाकी १:६-७; मलाकी १:१२; मलाकी २:२; मलाकी ३:१४ ।

## प्रश्न ५६. तेस्रो आज्ञाको विचार के हो ?

**उत्तर:** परमेश्वरले उहाँको आज्ञा भंग गर्नेहरू मानिसहरूबाट बाँचे तापनि उहाँको आफ्नो धार्मिक न्यायबाट तिनीहरूलाई उम्कन दिनुहुनेछैन भन्ने तेस्रो आज्ञाको विचार हो ।

१ शमुएल २:१२, १ शमुएल २:१७, १ शमुएल २:२२, १ शमुएल २:२९; १ शमुएल ३:१३; व्यवस्था २८:५८-५९ ।

## प्रश्न ५७. चौथो आज्ञामा के छ ?

**उत्तर:** "विश्रामदिन पवित्र मान्‍नलाई यसको सम्झना राख्नू ! छ दिन तिमीले परिश्रम गर्नू, र आफ्ना सबै काम गर्नू; तर सातौं दिनचाहिँ परमप्रभु तिम्रा परमेश्‍वरको विश्रामदिन हो; यसमा तिमीले कुनै काम नगर्नू – न तिमीले, न तिम्रा छोराले, न तिम्री छोरीले, न तिम्रो कमाराले, न तिम्री कमारीले, न तिम्रा गाईवस्तुले, न तिम्रा मूलढोकाहरूभित्र बस्‍ने तिम्रो परदेशीले; किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोकहरू बनाउनुभयो, र सातौं दिनमा विश्राम लिनुभयो; यसैकारण परमप्रभुले विश्रामदिनलाई आशिष् दिनुभयो र यसलाई पवित्र तुल्याउनुभयो ।"

प्रस्थान २०:८-११ ।

## प्रश्न ५८. चौथो आज्ञामा भएको आधिकारिक दाबी के हो ?

**उत्तर:** चौथो आज्ञाले हामीलाई परमेश्वरले स्थापित गर्नुभएको आदेश विशेष गरी सातौँ दिनलाई विश्राम भनेर तोक्नुभयो ।

व्यवस्था ५:१२-१४ ।

## प्रश्न ५९. हप्ताको कुन दिन परमेश्वरले विश्राम दिन भनेर तोक्नुभयो ?

**उत्तर:** संसारको सुरुदेखि खीष्टको पुनरुत्थानसम्म परमेश्वरले हप्ताको सातौँ दिनलाई विश्राम भनेर तोक्नुभयो । ख्रीष्टको पुनरुत्थानदेखि संसारको अन्त्यसम्म हप्ताको आइतबार ख्रीष्टियन विश्राम दिन हो ।

उत्पत्ति २:२-३; १ कोरिन्थी १६:१-२; प्रेरित २०:७ ।

## प्रश्न ६०. हामी विश्रामलाई कसरी पवित्र राख्छौँ ?

**उत्तर:** सधैँ गर्ने संसारिक कामकाज अथवा मोजमज्जादेखि छुट्टै रहेर हामी विश्राम दिन पवित्र राख्छौँ । अत्यावश्यक वा दयाको कार्यबाहेक विश्रामको दिन पूरै समय सामूहिक र एकान्तमा परमेश्वरको आराधनामा बिताउनुपर्छ ।

प्रस्थान २०:८, प्रस्थान २०:१०; प्रस्थान १६:२५-२८; नेहेम्याह १३:१५-१९, नेहेम्याह १३:२१-२२; लुका ४:१६; प्रेरित २०:७; भजनसंग्रह ९२; यशैया ६६:२३; मत्ती १२:१-१३ ।

## प्रश्न ६१. चौथो आज्ञा के निषेध गर्छ ?

**उत्तर:** चौथो आज्ञाले हामीले गर्नुपर्ने काम नगरी वा लापर्वाहीसाथ गरी, विश्राम दिनमा अल्छी गरी समय खेर फाल्नु, सोचाइमा, बोलाइमा, मोजमज्जामा र संसारिक काम गराइमा कुनै पाप काम गर्न निषेध गर्छ ।

इजकिएल २२:२६; आमोस ८:५; मलाकी १:१३; प्रेरित २०:७, प्रेरित २०:९; इजकिएल २३:३८; यर्मिया १७:२४-२६; यशैया ५८:१३ ।

## प्रश्न ६२. चौँथो आज्ञाको कारण के हो ?

**उत्तर:** चौथो आज्ञाका कारणहरू : परमेश्वरले हामीलाई हाम्रो काम गर्न ६ दिन दिनुभएको छ । उहाँले सातौँ दिनलाई आफ्नो लागि छुट्टयाउनुभएको छ । उहाँ आफैँले उदाहरण दिनुभएर विश्राम दिनलाई आशिष् दिनुभयो ।

प्रस्थान २०:९, प्रस्थान २०:११ ।

## प्रश्न ६३. पाँचौँ आज्ञामा के भनिएको छ ?

**उत्तर:** पाँचौँ आज्ञा : "तैले आफ्नो बाबु र आमालाई मान, इज्जत गर्नु जुन भूमि तेरो ईश्वर यहोवेले तँलाई दिनुहुन्छ त्यहाँ तेरो आयु बढोस् ।"

प्रस्थान २०:१२ ।

## प्रश्न ६४. पाँचौँ आज्ञाले के माग गरेको छ ?

**उत्तर:** पाँचौँ आज्ञाले आफूभन्दा साना, ठुला र बराबरका सबैप्रति आदर गर्नु अथवा अरूहरूसँगको हाम्रो सम्बन्ध असल राख्ने र आदरपूर्ण व्यवहार गर्ने माग गरेको छ ।

एफेसी ५:२१; १ पत्रुस २:१७; रोमी १२:१०।

## प्रश्न ६५. पाँचौँ आज्ञाले के निषेध गर्छ ?

**उत्तर:** पाँचौँ आज्ञाले अरूहरूसँगको हाम्रो सम्बन्धमा आदर नगरी दुर्व्यवहार गर्न निषेध गर्दछ ।

मत्ती १५:४-६; इजकिएल ३४:२-४; रोमी १३:८ ।

## प्रश्न ६६. पाँचौँ आज्ञाको उद्देश्य के हो ?

**उत्तर:** पाँचौँ आज्ञाको उद्देश्य उहाँको आज्ञा पालन गर्ने व्यक्तिको दीर्घायु र उन्नतिको प्रतिज्ञा हो, जसबाट परमेश्वरको महिमा र आज्ञा पालन गर्नेको भलाइ होस् ।

व्यवस्था ५:१६; एफेसी ६:२-३ ।

## प्रश्न ६७. छैठौँ आज्ञा के हो ?

**उत्तर:** छैठौँ आज्ञा :- "तैँले हत्यानगर ।"

प्रस्थान २०:१३ ।

## प्रश्न ६८. छैठौँ आज्ञाले के माग गर्छ ?

**उत्तर:** छैठौँ आज्ञाले आफ्नो र अरूको प्राणको रक्षाको लागि उचित नियम बनाउने माग गर्छ ।

एफेसी ५:२८-२९; १ राजा १८:४ ।

## प्रश्न ६९. छैठौँ आज्ञाले के निषेध गर्दछ ?

**उत्तर:** आफ्नो वा अरूको प्राण अन्यायपूर्वक लिन तथा कसैको हत्या र आत्महत्या हुन दिन निषेध गर्छ ।

प्रेरित १६:२८; उत्पत्ति ९:६ ।

## प्रश्न ७०. सातौँ आज्ञाले के भन्छ ?

**उत्तर:** सातौँ आज्ञा : "तैँले व्यभिचार नगर ।"

प्रस्थान २०:१४ ।

## प्रश्न ७१. सातौँ आज्ञाले के माग गरेको छ ?

**उत्तर:** सातौँ आज्ञाले हामी हरेकले आफैँलाई हृदय, बोली र व्यवहारमा व्यभिचारबाट टाढा राख्ने माग गर्छ।

१ कोरिन्थी ७:२-३, १ कोरिन्थी ७:५, १ कोरिन्थी ७:३४, १ कोरिन्थी ७:३६; कलस्सी ४:६; १ पत्रुस ३:२ ।

## प्रश्न ७२. सातौँ आज्ञाले के निषेध गदर्छ ?

**उत्तर:** सातौँ आज्ञाले कुनै पनि व्यभिचारी विचार बोली वा काम गरेर अशुद्ध हुन निषेध गर्दछ ।

मत्ती १५:१९; मत्ती ५:२८; एफेसी ५:३-४ ।

## प्रश्न ७३. आठौँ आज्ञाले के भन्छ ?

**उत्तर:** आठौँ आज्ञा :- "तैँले चोरी नगर।"

प्रस्थान २०:१५ ।

## प्रश्न ७४. आठौँ आज्ञाले के आदेश दिएको छ ?

**उत्तर:** आठौँ आज्ञाले हामीलाई हाम्रो वा अरूहरूको धन र सम्पत्ति न्यायपूर्वक कमाउँदै बढाउन आदेश दिन्छ ।

उत्पत्ति ३०:३०; १ तिमोथी ५:८; लेवी २५:३५; व्यवस्था २२:१-५; प्रस्थान २३:४-५; उत्पत्ति ४७:१४, उत्पत्ति ४७:२० ।

## प्रश्न ७५. आठौँ आज्ञाले के निषेध गर्दछ ?

**उत्तर:** आठौँ आज्ञाले हामीले अरूबाट र अरूले हामीबाट पैसा वा सम्पत्ति

अन्यायपूर्वक लिन र दिन निषेध गदर्छ ।

हितोपदेश २१:१७; हितोपदेश २३:२०-२१; हितोपदेश २८:१९; एफेसी ४:२८ ।

## प्रश्न ७६. नवौँ आज्ञाले के भन्छ ?

**उत्तर:** नवौँ आज्ञा : "तैँले आफ्नो छिमेकीको विरुद्धमा झूटो साक्षी नदे ।"

प्रस्थान २०:१६ ।

## प्रश्न ७७. नवौँ आज्ञाले के आदेश दिएको छ ?

**उत्तर:** नवौँ आज्ञाले हामीलाई विशेष गरी साक्षी दिँदा सत्य बोलेर आफ्नो वा अरूको मान र इज्जत कायम राख्न आदेश दिएको छ ।

जकरिया ८:१६; ३ युहन्ना १:१२; हितोपदेश १४:५, हितोपदेश १४:२५ ।

## प्रश्न ७८. नवौँ आज्ञाले के निषेध गर्दछ ?

**उत्तर:** नवौँ आज्ञाले सत्यलाई बङ्गाएर अरूको इज्जतको हानि गर्न निषेध गर्दछ ।

१ शमुएल १७:२८; लेवी १९:१६; भजनसंग्रह १५:३ ।

## प्रश्न ७९. दश आज्ञाले के भन्छ ?

**उत्तर:** दश आज्ञा : "तिमीले आफ्नो छिमेकीको घरको लालच नगर्नू, तिमीले आफ्नो छिमेकीकी स्वास्नीको लालच नगर्नू; न ता उसको कमारा, न उसकी कमारी, न उसको गोरु, न उसको गधा, न ता आफ्नो छिमेकीको कुनै थोकको लालच गर्नू !"

प्रस्थान २०:१७ ।

## प्रश्न ८०. दश आज्ञाले के माग गरेको छ ?

**उत्तर:** दश आज्ञाले आफ्नो जीवनस्तर जस्तो छ त्यसमा पूर्णरूपले सन्तुष्ट हुन र अरुको सम्पत्तिप्रति उचित प्रेमपूर्वक आदर गर्ने माग गरेको छ ।

हिब्रू १३:५; १ तिमोथी ६:६; अय्युब १३:२९; रोमी १२:१५; १ तिमोथी १:५; १ कोरिन्थी १३:४-७ ।

## प्रश्न ८१. दश आज्ञाले के निषेध गर्दछ ?

**उत्तर:** दशौँ आज्ञाले आफूसँग जे छ, त्यसैमा असन्तुष्ट हुन, अरूको सफलतामा दुःखी भएर ईर्ष्या गर्न र अरूको चीजबीजको अनुचित चाहना गर्न निषेध गर्दछ ।

१ राजा २१:४; एस्तर ५:१३; १ कोरिन्थी १०:१०; गलाती ५:२६; याकुब ३:१४, याकुब ३:१६; रोमी ७:७-८; रोमी १३:९; व्यवस्था ५:२१ ।

## प्रश्न ८२. के कसैले परमेश्वरका आज्ञाहरू पूर्णरूपले पालन गर्न सक्दछ ?

**उत्तर:** मानिसको पतन भएदेखि साधारण मानिसले कहिले पनि यो जीवनमा परमेश्वरको आज्ञाहरू पूर्णरूपले पालन गर्न सक्दैन । दिन प्रतिदिनको आफ्नो विचार, बोली र कामहरूमा उहाँको आज्ञा भंग गरिरहेको हुन्छ ।

उपदेशक ७:२०; १ युहन्ना १:८, १ युहन्ना १:१०; गलाती ५:१७; उत्पत्ति ६:५; उत्पत्ति ८:२१; रोमी ३:९-२१; याकुब ३:२-१३ ।

## प्रश्न ८३. के सबै पाप उत्तिकै खराब छन् ?

**उत्तर:** परमेश्वरको नजरमा कुनै पाप अत्यन्तै खराब हुन्छ किनभने त्यस पापको परिणाम अत्यन्त हानिकारक हुन्छ ।

इजकिएल ८:६, इजकिएल ८:१३, इजकिएल ८:१५; १ युहन्ना ५:१६; भजनसंग्रह ७८:१७, भजनसंग्रह ७८:३२, भजनसंग्रह ७८:५६ ।

## प्रश्न ८४. हरेक पाप केको भागीदार हुन्छ ?

**उत्तर:** यो जीवनमा र आउनेवाला जीवनमा हरेक पाप परमेश्वरको क्रोध र श्रापको भागीदार हुन्छ ।

एफेसी ५:६; गलाती ३:१०; विलाप ३:३९; मत्ती २५:४१ ।

**प्रश्न ८५ पापको दण्डबाट जोगिनलाई परमेश्वरले हामीबाट के माग गर्नुभएको छ ?**

**उत्तर:** येशु ख्रीष्टमा विश्वास, पश्चतापी जीवन, खीष्टले उद्धारको निम्ति प्रयोग गरी हामीमा लागु गर्नुभएका सम्पूर्ण प्रत्यक्ष बाहिरी माध्यमहरूको लगनशील अभ्यास गर्ने काम नै पापको दण्डबाट जोगिनलाई परमेश्वरले हामीबाट माग गर्नुभएको छ ।

प्रेरित २०:२१; हितोपदेश २:१-५; हितोपदेश ८:३३-३६; यशैया ५५:३ ।

**प्रश्न ८६. येशू ख्रीष्टमा विश्वास भनेको के हो ?**

**उत्तर:** सुसमाचारमा हामीलाई दिनुभएअनुसार येशु ख्रीष्ट हामीलाई बचाउने अनुग्रह हुनुहुन्छ । जसद्वारा हामीले उद्धार पाउँदछौँ र हामी उहाँमा मात्र उद्धारको लागि निर्भर रहन सक्दछौँ ।

हिब्रू १०:३९; युहन्ना १:१२; यशैया २६:३-४; फिलिप्पी ३:९; गलाती २: १६ ।

**प्रश्न ८७. पश्चाताप गरेर जीवनमा आउनु भनेको के हो ?**

**उत्तर:** पश्चाताप गरेर जीवनमा आउनु भनेको परमेश्वरको विशेष वरदान हो, जो उहाँले हामीहरूलाई दिनुभएको विश्वास गर्ने शक्ति हो। परमेश्वरले ख्रीष्टमा दिनुभएको दयालाई बुझेर पापमय परिस्थितिलाई थाहा पाएपछि यसप्रति दुःखी र घृणा गर्दै परमेश्वरको आज्ञा पालन गर्न पूर्ण संकल्प र प्रयत्न गर्ने निर्णय गर्दै परमेश्वरतर्फ फर्कनु हो । यसलाई नै बचाउने विश्वास भनिन्छ ।

प्रेरित ११:१८; प्रेरित २:३७-३८; योएल २:१२; यर्मिया ३:२२; यर्मिया ३१:१८-१९; इजकिएल ३६:३१; २ कोरिन्थी ७:११; यसैया १:१६-१७ ।

**प्रश्न ८८. येशू ख्रीष्टले हामीप्रति उद्धारको फाइदा पुऱ्याउनुहुने साधारण बाहिरी माध्यमहरू कुन-कुन हुन् ?**

**उत्तर:** येशू ख्रीष्टले हामीप्रति उद्धारको फाइदा पुऱ्याउनुहुने साधारण बाहिरी

माध्यमहरू उहाँको नियमहरू हुन्, विशेषगरी परमेश्वरको वचन, पवित्र - विधिहरू अनि प्रार्थना हुन् । उहाँका चुनिएकाहरूको मुक्तिको लागि यी सबै सक्रिय पारिएका हुन्छन् ।

मत्ती २८:१९-२०; प्रेरित २:४२, प्रेरित २:४६-४७ ।

## प्रश्न ८९. उद्धारको लागि वचनलाई के कुराले प्रभावशाली बनाउँछ ?

**उत्तर:** परमेश्वरको आत्माले वचन पढाइ र अझ प्रचारलाई प्रभावशाली बनाउँछ, जसबाट पापीहरूले विश्वास गर्न सक्छन् र परिवर्तित हुन्छन् । परमेश्वरको आत्माले उनीहरूलाई आनन्द र पवित्रतामा विकास गर्दै विश्वासद्वारा मुक्तिसम्म पुऱ्याउनुहुन्छ ।

नेहेम्याह ८:८; १ कोरिन्थी १४:२४-२५; प्रेरित २६:१८; भजनसंग्रह १९:८; प्रेरित २०:३२; रोमी १५:४; २ तिमोथी ३:१५-१७; रोमी १०:१३-१७; रोमी १:१६ ।

## प्रश्न ९०. वचन मुक्तिको लागि प्रभावशाली हुन हामीले कसरी पढ्नु र सुन्नुपर्छ ?

**उत्तर:** मुक्तिको लागि वचन प्रभावशाली हुन हामी आफैँ तयार भई ध्यान लगाएर सुन्नुपर्छ, राम्ररी बुझ्न पार्थना गर्नुपर्छ । त्यसलाई विश्वास र प्रेमसाथ ग्रहण गरेर हृदयमा राखी व्यवहारमा ल्याउनुपर्छ ।

हितोपदेश ८:३४; १ पत्रुस २:१-२; भजनसंग्रह ११९:१८; हिब्रू ४:२; २ थेसलोनिकी २:१०; भजनसंग्रह ११९:११; लुका ८:१५; याकुब १:२५ ।

## प्रश्न ९१. पवित्र – विधिहरू कसरी उद्धारका प्रभावशाली माध्यम हुन्छन् ?

**उत्तर:** पवित्र - विधिहरूमा अथवा विधिहरू परिचालनमा विशेष शक्ति भएकोले उद्धारको माध्यम प्रभावशाली भएको होइन तर जसले ती विधिहरू विश्वाससहित अपनाउँछन्, तिनीहरूमा ख्रीष्टको आशिष् र पवित्र आत्माको सामर्थ्य हुने भएकोले पवित्र – विधिहरू उद्धारको प्रभावशाली माध्यम हुन्छन् ।

१ पत्रुस ३:२१; मत्ती ३:११; १ कोरिन्थी ३:६-७; १ कोरिन्थी १२:१३ ।

## प्रश्न ९२. पवित्र - विधिहरू के हो ?

**उत्तर:** पवित्र - विधिहरू ख्रीष्टले स्थापित गर्नुभएको पवित्र व्यवस्था हो । यसले ख्रीष्ट र नयाँ करारका फाइदाहरूको प्रतिनिधित्व गर्दछ, छाप लगाउँछ र भौतिक क्रियाद्वारा विश्वासीहरूले ख्रीष्टको व्यवस्था उपयोग गर्न दिन्छ ।

उत्पत्ति १७:७, उत्पत्ति १७:१०; प्रस्थान १२; १ कोरिन्थी ११:२३, १ कोरिन्थी ११:२६ ।

## प्रश्न ९३. नयाँ करार पवित्र - विधिहरू कुन कुन हुन् ?

**उत्तर:** नयाँ करारका पवित्र - विधिहरू बप्तिस्मा र प्रभुभोज हुन् ।

मत्ती २८:१९; मत्ती २६:२६-२८ ।

## प्रश्न ९४. बप्तिस्मा भनेको के हो ?

**उत्तर:** बप्तिस्मा पिता, पुत्र र पवित्र आत्माको नाउँमा पानीले धुने विधि हो । यो हामी ख्रीष्टसँग जोडिएको छाप र प्रतीक हो । यसबाट हामीले अनुग्रहको करारको फाइदाहरू पाउँछौँ र हामी ख्रीष्टसँग जोडिन्छौँ ।

मत्ती २८:१९; रोमी ६:४; गलाती ३:२७ ।

## प्रश्न ९५ बप्तिस्मा कसलाई दिइन्छ ?

**उत्तर:** जब कसैले खुल्लमखुला प्रभु खीष्ट र उहाँका आज्ञामा विश्वास राख्छ र उहाँको आज्ञा पालन गर्छु भनी स्वीकार गरेर मण्डलीको सदस्य बन्न तत्पर हुन्छ, तब मात्र बप्तिस्मा दिन सकिन्छ, तर मण्डलीको विश्वासीको बालबालिकाहरूलाई उनीहरूका ख्रीष्टीय मातापिता वा अभिभावकले ख्रीष्टको आज्ञाबमोजिम शिक्षा दिने, हुर्काउने बाचा गरेमा बप्तिस्मा दिन सकिन्छ ।

प्रेरित ८:३६-३७; प्रेरित २:३८-३९; उत्पत्ति १७:१०, कलस्सी २:११-१२; १ कोरिन्थी ७:१४ ।

## प्रश्न ९६. प्रभुभोज के हो ?

**उत्तर:** प्रभुभोज ख्रीष्टको आदेश अनुसार उहाँको मृत्युको घोषणा गर्न रोटी र

दाखरस दिइने र लिइने पवित्र विधि हो । जसले उचित ढंगमा प्रभुभोज लिन्छ, शरीरमा होइन तर विश्वासद्वारा उहाँको देह र रगतको सबै फाइदाहरूमा सहभागी हुन्छ र अनुग्रहमा आत्मिक रूपले बलियो हुँदै र बढ्दै जान्छ ।

१ कोरिन्थी ११:२३-२६; १ कोरिन्थी १०:१६ ।

## प्रश्न ९७. प्रभुभोज कसरी उचित ढंगमा लिन सकिन्छ ?

**उत्तर:** प्रभुभोज उचित अर्थमा लिन प्रभुको शरीरलाई चिनेको छ कि छैन, हामीमा येशू खीष्टप्रति विश्वास, उहाँको मृत्यु हाम्रो कारणले भएकोमा पश्चाताप, परमेश्वरप्रति प्रेम र परमेश्वरको आज्ञा पालन भएको छ कि छैन, आफैँलाई जाँच्नुपर्छ । अन्यथा हामीले अनुचित रूपमा रोटी खानु र दाखरस पिउनुले आफैँमाथि दण्ड ल्याउँछ ।

१ कोरिन्थी ११:२८-२९; २ कोरिन्थी १३:५; १ कोरिन्थी ११:३१ १ कोरिन्थी १०:१६-१७; १ कोरिन्थी ५:७-८ ।

## प्रश्न ९८. प्रार्थना भनेको के हो ?

**उत्तर:** प्रार्थना भनेको आफ्नो पापलाई स्वीकार्दै उहाँको अनुग्रहको लागि धन्यवाद चढाउँदै ख्रीष्टको नाउँमा उहाँको इच्छाअनुसार आफ्ना बिन्तीहरू प्रस्तुत गर्नु हो ।

भजनसंग्रह ६२:८; १ युहन्ना ५:१४; युहन्ना १६:२३; भजनसंग्रह ३२:५-६; दानिएल ९:४; फिलिप्पी ४:६ ।

## प्रश्न ९९. परमेश्वरको कसरी प्रार्थना गर्ने निर्देशन दिनुहुन्छ ?

**उत्तर:** सम्पूर्णरूपमा परमेश्वरको वचनद्वारा तर विशेष गरि ख्रीष्टले आफ्ना चेलाहरूलाई सिकाउनुभएको "प्रभुको प्रार्थना" द्वारा परमेश्वरले प्रार्थना गर्ने निर्देशन दिनुहुन्छ । आफ्ना बिन्तीहरू प्रस्तुत गर्नु हो ।

१ युहन्ना ५:१४; मत्ती ६:९-१३, लुका ११:२-४ ।

## प्रश्न १००. प्रभुको प्रार्थनाको थालनीले हामीलाई के सिकाउँछ ?

**उत्तर:** प्रभुको प्रार्थनाको थालनीले (हे हाम्रा स्वर्गमा हुनुहुने पिता ...) बालकहरू आफ्ना योग्य र सहायता गर्न उत्सुक पिताकहाँ गए पूर्ण विश्वास र पवित्र भक्तिसाथ परमेश्वरको नजिक जानु र हामीले अरूसँग मिलेर साथै अरूको लागि पनि प्रार्थना गर्न सिकाउँछ ।

मत्ती ६:९; रोमी ८:१५; लुका ११:१३; प्रेरित १२:५; १ तिमोथी २:१-२ ।

## प्रश्न १०१. प्रार्थनाको पहिलो बिन्ती के छ ?

**उत्तर:** पहिलो बिन्ती (तपाईंको नाउँ पवित्र गरियोस् ) मा परमेश्वर सबै कुरामा स्वयं प्रकट हुनुभइ सबै थोक उहाँकै महिमाकै निम्ति काम गर्नुहुन्छ। ती सबमा हामी र अरूहरूलाई उहाँलाई नै महिमा दिन सहायता गरून् भन्ने प्रार्थना छ ।

मत्ती ६:९; भजनसंग्रह ६७:२-३; भजनसंग्रह ८३ ।

## प्रश्न १०२. दोस्रो बिन्तीमा हामी के को लागि प्रार्थना गर्छौं ?

**उत्तर:** दोस्रो बिन्ती (तपाईंको राज्य आओस ) मा शैतानको राज्य नष्ट होस्, अनुग्रहको राज्य फैलिँदै जाओस् र हामी र अरू त्यसभित्र रहेर उहाँको महिमाको राज्य चाँडै आओस् भनी प्रार्थना गर्छौं ।

मत्ती ६:१०; भजनसंग्रह ६८:१, भजनसंग्रह ६८:१८; प्रकाश १२:१०-११; २ थेसलोनिकी ३:१; रोमी १०:१; युहन्ना १७:९, युहन्ना १७:२०; प्रकाश २२:२० ।

## प्रश्न १०३. तेस्रो बिन्तीमा हामी के को लागि प्रार्थना गर्छौं ?

**उत्तर:** तेस्रो बिन्ती (तपाईंको इच्छा स्वर्गमा झैँ यस पृथ्वीमा पूरा होस्) मा हामीले परमेश्वरको अनुग्रहमा उहाँले हामीलाई उहाँको इच्छामा योग्य भई उहाँको इच्छा बुझ्ने इच्छुक, आज्ञाकारी र समर्पित हो भनी प्रार्थना गर्छौँ । स्वर्गदूतहरूले पनि त्यसरी नै प्रार्थना गर्दछन् ।

मत्ती ६:१०; भजनसंग्रह ६७; भजनसंग्रह ११९:३६; मत्ती २६:३९; २ शमुएल १५:२५; अय्युब १:२१; भजनसंग्रह १०३:२०-२१ ।

## प्रश्न १०४, चौथो बिन्तीमा हामी के का लागि प्रार्थना गर्छौं?

**उत्तर:** चौथो बिन्ती (हामीहरूको दिनभरिको रोटी आज हामीलाई दिनुहोस्) मा हामीले यो जीवनमा परमेश्वरको अमूल्य उपहारको रूपमा असल आत्मिक कुराहरू पर्याप्त मात्रामा पाऊँ र हामी उहाँको आशिष् उपभोग गर्न पाऊँ भनी प्रार्थना गर्छौं ।

मत्ती ६:११; हितोपदेश ३०:८-९; उत्पत्ति २८:२०; १ तिमोथी ४:४-५ ।

## प्रश्न १०५. पाँचौँ बिन्तीमा हामी के को लागि प्रार्थना गर्छौं?

**उत्तर:** पाँचौँ बिन्ती (हामीहरूका अपराध क्षमा गर्नुहोस् जसरी हामीहरूले पनि आफ्ना अपराधीहरूलाई क्षमा गरेका छौँ) ले परमेश्वरको अनुग्रहले प्रोत्साहित गराएर हामीले अरूलाई साँचो क्षमा गर्न सम्भव पार्छ । ख्रीष्टको कारण परमेश्वरले हाम्रा सबै पाप क्षमा गरिदिनुहोस् भनी प्रार्थना गर्छौं । यसको साथै हामी विरुद्ध अपराध गर्नेलाई हामीले क्षमा गरिसकेको आश्वासन दोहोर्‍याउँछौँ ।

मत्ती ६:१२; भजनसंग्रह ५१:१-२; भजनसंग्रह ५१:७, भजनसंग्रह ५१:९; दानिएल ९:१७-१९; लुका ११:४; मत्ती १८:३५ ।

## प्रश्न १०६. छैँठौँ बिन्तीमा हामी के का लागि प्रार्थना गर्छौं?

**उत्तर:** छैठौँ बिन्ती (हामीहरूलाई परीक्षामा नल्याउनुहोस् ; तर हामीहरूलाई दुष्टदेखि बचाउनुहोस्) मा पाप गर्न लगाउने परिस्थितिबाट हामीहरूलाई अलग राख्न र यस्तो परिस्थितिमा परमेश्वरले सहायता गर्नुभएको होस् र बचाउनुभएको होस् भनी प्रार्थना गर्छौं।

मत्ती ६:१२; मत्ती २६:४१; २ कोरिन्थी १२:७-८ ।

## प्रश्न १०७. प्रभुको प्रार्थनाको अन्तिम भागले हामीलाई के सिकाउँछ ?

**उत्तर:** प्रभुको प्रार्थनाको अन्तिम भाग (राज्य, पराक्रम र महिमा सधैँ तपाईंकै हुन्) ले परमेश्वर हाम्रो प्रार्थनामा सहभागी हुनुहुन्छ भनी प्रोत्साहित हुन र राज्य, पराक्रम र महिमा उहाँकै हो भनी प्रशंसा गर्न सिकाउँछ । हाम्रो बिन्ती सुनुवाइ भइरहेको निश्चयता देखाउन हामी 'आमेन्' भन्छौँ ।

मत्ती ६:१३; दानिएल ९:४-९, दानिएल ९:१६-१९; १ इतिहास २९:१०-१३; १ कोरिन्थी १४:१६; प्रकाश २२:२०-२१ ।

जब सम्पूर्ण सभालाई आआफ्नो जिम्मेवारीको कामको लागि तीन वटा बराबर संख्याका समितिमा विभाजन गरियो अनि तिनीहरूले त्यही काम जिम्मा लिए जुन पहिलो पटक उनीहरूलाई संसद्को जिम्मा दिइएको थियो अर्थात् ३९ धाराहरूको संशोधन, इंग्लिस मण्डलीको विद्यमान विश्वासको सार । समितिले सुरुमा विश्वासको स्वीकारोक्ति र प्रश्नोत्तरमाला एकैसाथ तयार गर्ने काम गऱ्यो । 'दुवै काममा केही प्रगति भएपछि सभाले पहिले विश्वासको स्वीकारोक्ति पूरा गर्ने त्यसपछि त्यसको ढाँचामा प्रश्नोत्तरमाला रचना गर्ने निर्णय गऱ्यो ।" तिनीहरूले पूरा भएको विश्वासको स्वीकारोक्ति डिसेम्बर ३, १६४६ मा संसद्मा प्रस्तुत गरे जहाँ "त्यो स्वीकारोक्तिको प्रत्येक भाग पवित्रशास्त्रबाट प्रमाणित गर्नका लागि त्यो सभाले सीमान्त टिप्पणी संलग्न गर्नुपर्छ" भनी सभालाई फेरि जिम्मा दिइयो । अन्ततः तिनीहरूले प्रत्येक अलग कथनको लागि पवित्रशास्त्रबाट प्रमाणसहित पूरा गरेरअप्रिल २९, १६४७ मा प्रस्तुत गरे । छोटो प्रश्नोत्तरमाला पूरा भयो र नोभेम्बर ५, १६४७ मा संसद्मा प्रस्तुत गरियो अनि लामो प्रश्नोत्तरमाला अप्रिल १४, १६४८ मा पूरा भयो ।

हालसालै प्रेस्बिटेरियन मण्डली परिवारहरूका साझा मापदण्डहरूप्रति ठूलो कदर देखाइएको छ । हामी यसलाई खुशीसाथ स्वागत गर्छौं अनि हरेक पक्षबाट यी मापदण्डप्रति बढ्दो चासो र अध्ययनको कृतज्ञतापूर्वक अपेक्षा गर्दछौँ ।

**www.rtf-usa.com**
**rtfdirector@gmail.com**